# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०२



पाउलो फ्रेरेको नयाँ प्रकारको पार्टी सत्तामा कसरी पुग्यो ?

यस अंकको विशेष मूल्य रु. 30/-, भारतमा भा.रु. २०/-

# के माओवादीहरू चन्द सरकारसित वार्तामा आउँदैछन् ?



सांस्कृतिक अंक विशेष

**हाम्रो सांस्कृतिक यात्रा**
- डा चैतन्य मिश्र

**सांस्कृतिक संस्थाहरूको भूमिका**
- पदम गौतम

**नेपाली रंगकर्मको त्रासदी**
- सुनील पोखरेल

**नेपाली संगीतले सांस्कृतिक रूपमा राष्ट्र बनाउन सकेको छैन**
- नारायण अमृत

**ने.टि.भी.मा टेलिफिल्म**
- केदार शर्मा

**नेपाली चित्रकलामा सांस्कृतिक प्रतिविम्वन**
- मनुजवावु मिश्र

**समानान्तर कविताको पीठिका**
- डा तारकान्त पाण्डेय

***कथा :***
**रमेश विकल, खगेन्द्र संग्रौला, राजव, नारायण ढकाल**

***कविता :***
**हरि अधिकारी, शैलेन्द्र साकार, विमल निभा, अशेष मल्ल, रमेश श्रेष्ठ, पूर्ण विराम, अमर गिरी, राजकुमार के.सी.**


पालो... अब नया पीढीको
विश्वप्रसिद्ध थाईल्याण्डको नं. १ चाउचाउ उत्पादक कम्पनी थाई प्रेसिडेण्ट फुड्स् पी.एल.सी.को प्राविधिक सुपरीवेक्षणमा उत्पादित मायोज तैयारी चाउचाउ गुणस्तरीयताप्रति सदैव प्रतिवद्ध छ ।
mayos
Instant Noodles
Mayos... Instant Satisfaction

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २०, पूर्णाङ्क- १०२
कार्तिक- २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np




## के माओवादीहरू चन्द सरकारसित वार्तामा आउँदैछन् ?

## संविधान सभाको औचित्य
- दमननाथ ढुंगाना

## के संविधानसभा बाहेक अर्को विकल्प छ ?
- विश्वनाथ उपाध्याय

## संविधान सभासँग केको डर ?
- पीताम्वर शर्मा

## सांस्कृतिक अंक विशेष

**हाम्रो सांस्कृतिक यात्रा** - *डा. चैतन्य मिश्र*
सांस्कृतिक संस्थाहरूको भूमिका - *पदम गौतम*
**नेपाली रंगकर्मको त्रासदी** - *सुनील पोखरेल*
नेपाली संगीतले सांस्कृतिक रूपमा राष्ट्र बनाउन सकेको छैन - *नारायण अमृत*
**बाटो बिराएको एउटा यात्रा** - *केदार शर्मा*
नेपाली चित्रकलामा सांस्कृतिक प्रतिविम्बन - *मनुजवावु मिश्र*
**समानान्तर कविताको पीठिका** - *डा. ताराकान्त पाण्डेय*

**कथा** : *रमेश विकल, खगेन्द्र संग्रौला, राजव, नारायण ढकाल*
**कविता** : *हरि अधिकारी, शैलेन्द्र साकार, विमल निभा, अशेष मल्ल, रमेश श्रेष्ठ, पूर्ण विराम, अमर गिरी, राजकुमार के.सी.*

## पाउलो फ्रेरेको नयाँ प्रकारको पार्टी सत्ताको नजिक कसरी पुग्यो ?



यस अंकको विशेष मूल्य : रू. ३०/-

**हाम्रो मूल्यांकन :**

● अवको विकल्पः संविधान सभा नै हो ३

**घटना र प्रवृत्ति :**

● गिरिजाले ग्रायण्ड डिजाइनको कुरा गरे ५
● श्रीषा आत्महत्या प्रकरण ५

**आवरण कथा :**

● के माओवादीहरु चन्द सरकारसित वार्तामा आउँदैछन् ? - *श्याम श्रेष्ठ* ६
● संविधान सभाको औचित्य - *दमननाथ ढुंगाना* ९
● के संविधानसभा बाहेक अर्को विकल्प छ ? - *विश्वनाथ उपाध्याय* १२
● संविधान सभासँग केको डर ? - *पीताम्बर शर्मा* १४

**कथा :**

● जङ्गलदेखि जङ्गलतिरै - *रमेश विकल* २५
● स्वीकारोक्ति - *खगेन्द्र संग्रौला* ३०
● मुल्तानपुरको बयरको झ्याङ - *राजव* ४६
● सुनाखरी टोल - *नारायण ढकाल* ४८

**विशेष लेख :**

● हाम्रो सांस्कृतिक यात्रा - *डा. चैतन्य मिश्र* १६
● सांस्कृतिक संस्थाहरुको भूमिका - *पदम गौतम* २२
● नेपाली रंगकर्मको त्रासदी - *सुनील पोखरेल* ३४
● नेपाली संगीतले सांस्कृतिक रुपमा राष्ट्र बनाउन सकेको छैन - *नारायण अमृत* ३८
● बाटो बिराएको एउटा यात्रा - *केदार शर्मा* ४१
● नेपाली चित्रकलामा सांस्कृतिक प्रतिविम्बन - *मनुजवावु मिश्र* ४४
● समानान्तर कविताको पीठिका - *डा. ताराकान्त पाण्डेय* ५१

**कविता :**

● म र मेरो अन्धकार - *हरि अधिकारी* २९
● सम्झ ती, जो मरेर गए... - *शैलेन्द्र साकार* ३३
● बाघ - *रमेश श्रेष्ठ* ३६
● ठीक छ हरिभजन ! - *पूर्ण विराम* ३७
● रगतको नदीको किनाराबाट - *अमर गिरी* ४०
● खवरदार ! कोही छ ? - *राजकुमार के.सी.* ४३
● जुत्ता - *विमल निभा* ४५
● चार मुक्तक - *अशेष मल्ल* ५०

**किताब :**

● संस्कृतिसम्बन्धी उल्लेखनीय कृति - *हरिगोविन्द लुइँटेल* ५६

**कम्युनिष्ट विश्व :**

● पाउलो फ्रेरेको नयाँ प्रकारको पार्टी सत्ताको नजिक कसरी पुग्यो ? - *राजेन्द्र महर्जन* ५७
पाठकको कुरो ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

# अबको विकल्प- संविधान सभा नै हो

२०४७ सालमा निर्मित संविधान असोज १८ को शाही घोषणाबाट प्राणविहीन भइसकेको छ । २०४७ सालको संविधानको आधारभूत विशेषता थिए- जनतामा सार्वभौमसत्ता निहित छ भन्ने अवधारणा, राज्यसत्ताको स्रोत जनता हो भन्ने अवधारणा, संविधानको सर्वोच्चता, संसदप्रति उत्तरदायी मन्त्रिपरिषद्, देशको कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहने व्यवस्था, नागरिकहरूका निम्ति अकुण्ठित मौलिक अधिकार, आवधिक आम-निर्वाचन, स्वतन्त्र न्यायालय र कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका बीचमा चेक एण्ड ब्यालेन्स प्रणाली । यीमध्ये पनि सबैभन्दा प्रमुख तत्व हो- जनतामा राजकीय सत्ता र सार्वभौम सत्ता निहीत हुने प्रणाली । घोषणाले यीमध्ये अधिकांश प्रमुख विशेषताहरूलाई ध्वस्त र निस्क्रीय पार्ने जमर्को गरेको छ । मुख्य कुरो, शाही घोषणाले संविधानको मूलभूत मर्म- अब उप्रान्त जनतामा निहीत छ भनेर संविधानले स्थापित गरेको राजकीय सत्ता र सार्वभौम सत्तालाई राजामा निहीत छ भन्ने धृष्टता गरेको छ । त्यसमाथि थप, देशको कार्यकारिणी अधिकार मन्त्रीपरिषद्बाट राजामा सरेको घोषणा गरिएको छ र यी सब कुरा भइसकेपछि संविधानमा बाँकी रह्यो नै के त ? २०४७ सालको संविधान यसरी प्राणविहीन शवमा परिणत भएको छ ।



शाही घोषणाका विरुद्ध प्रजातन्त्रका लागि नागरिक समाजले काठमाण्डौमा गरेको विरोध प्रदर्शन

दरबारलाई कांग्रेस-वाममोर्चा र दरबार- यी तीनपक्ष मिलेर बनाएको संविधान एक्लै भत्काउने कुनै हक थिएन । संविधानले पनि यस्तो हक राजालाई कहींकतै प्रदान गरेको छैन । परन्तु सशस्त्र बलको आडमा जवर्जस्ती यो भत्काइयो । यसरी २०४६ सालमा दरवार-कांग्रेस र वाममोर्चाबीच सम्पन्न त्रिपक्षीय सम्झौता एक्लै दरवारबाट भंग भएको छ । दरवारबाट एउटा सिद्धान्त स्थापित भएको छ- आखिर सशस्त्र बल हातमा छ भने बलपूर्वक संविधानलाई भत्काएर र संविधानमा नै नभएको नयाँ राज्य-व्यवस्थामा प्रवेश गर्नु संभव र उचित छ ।

देशमा प्रतिगमन भइसकेको छ । देश अब पुनः सम्वैधानिक राजतन्त्रबाट निरंकुश राजतन्त्रकै युगमा फर्केको छ । बहुदलीय संसदीय व्यवस्था सारमा अब अधिनायकवादी पंचायती सारको बहुदलमा रूपान्तरित भएको छ । वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका कारणले ०१७ सालमा झैं बहुदलीयता र संसदीयतालाई नै तत्काल अन्त्य त गरिएको छैन, परन्तु अब बहुदलीयता र संसदीयता एउटा त्यस्तो सुन्दर खोलमा बदलिएको छ, जसले भित्र रहेको निरंकुशतन्त्रको चकलेटलाई चिटिक्क पारेर ढाक्नेछ ।

प्रजातन्त्रप्रेमी कुनै नेपालीले यो प्रतिगामी शाही कदमलाई स्वीकार्न संभव छैन । प्रजातन्त्र जोगाउने हो भने बाटो सिर्फ दुईवटा छन् : एउटा, राजा स्वयंले यो शाही घोषणा रद्द गर्नु र संसद पुनर्स्थापना गरेर २०४७ सालमा निर्मित संविधानलाई क्रियाशील पार्नु । यसो गरियो भने २०४६ सालको सम्झौता पुनः कायम रहनेछ र देश शान्तिपूर्ण ढंगले जेठ ८ र असोज १८ गते अघिको स्थितिमा फर्कनेछ । अर्को, राजाबाट यो कार्य हुन्न भने- विगतका त्रुटी सच्चिएको नयाँ संविधान निर्माणतर्फ देश अगाडि बढ्नु र नयाँ लोकतान्त्रिक संविधान निर्माणका लागि संविधान सभाको आयोजना गर्नु । स्वस्थ र पूर्ण प्रजातन्त्रको निम्ति यी दुईबाहेक अर्को तेस्रो उचित बाटो देशमा विद्यमान छैन । राजालाई २०४६ सालको त्रिपक्षीय सम्झौता र २०४७ सालको संविधान मञ्जुर छ भने त्यही सम्झौता र संविधानको बाटो भएर लोकतन्त्रलाई अरू पूर्ण बनाउनतिर, विगतका गल्ती सच्याएर जनतालाई अरू ज्यादा अधिकार सम्पन्न र प्रगति र परिवर्तनको अनुभूति सम्पन्न बनाउनतिर फेरि एकचोटि जान सकिन्छ । होइन, राजालाई यो कुरा पटक्कै मञ्जुर हुन्न भने बाँकी अरूले मात्र त्यो सम्झौता र संविधानमा कायम रहिराख्नु कसरी न्यायोचित हुन्छ र, यस परिप्रेक्ष्यमा देशका लोकतन्त्रप्रेमी राजीतिक दल र नागरिक समाजले बारम्बार राजालाई असोज १८ को शाही घोषणा रद्द गर्न, शाही घोषणामा निहीत त्रूटी सच्याउन, विघटित संसदको पुनर्स्थापना गर्न र सर्वदलीय सहमतिमा आधारित अधिकार सम्पन्न जनउत्तरदायी सर्वदलीय अन्तरिम सरकार गठन गर्नको लागि गरेको अपील अत्यन्त जायज र सान्दर्भिक छ । यो अपीललाई स्वीकार्नुमा नै राजतन्त्रको दीर्घकालीन कल्याण छ । परन्तु दरबारबाट त्यसलाई स्वीकार्ने कुनै छाँटकाँट देखाइएको छैन । देशको राजनीति यही कारणले डेडलकको स्थितिमा पुगेको छ, जुन बिन्दुमा देश धेरै दिन रूमल्लिरहन सक्दैन । यो डेडलक फुकाउनका निम्ति लोकतन्त्रप्रेमी राजनीतिक दलहरू र नागरिक समाज नै अग्रसर हुनुपर्छ । हाम्रो ठम्याइमा यसका निम्ति उनीहरूले निम्न चारवटा पाइलाहरू अविलम्ब चाल्नु जरूरी छ :

एक, दरबारले यति चाँडै, यति सजिलै २०४६ सालका उपलब्धिहरूलाई स्वाहा पार्नसक्नुमा प्रमुख सत्तारूढ र प्रतिपक्षी दलका नेताहरूको अन्ध सत्तालिप्सा, चारित्रिक भ्रष्टता र दिशाहीनता र यो कारणले आम-जनतामा उनीहरूको नेतृत्वप्रति पैदाभएको वितृष्णा र अविश्वास मुख्य प्रेरक तत्वका रूपमा देखिएका छन् । यो वितृष्णा र अविश्वास अझै पनि जनतामा बाँकी छ र साफ नहुञ्जेल प्रतिगमनविरोधी संघर्ष जनसंघर्षमा बदलिन धेरै गाह्रो छ । तसर्थ, सर्वप्रथम यी प्रमुख दलका अगुवाहरूले विगतका गल्ती कमजोरीका निम्ति जनतासमक्ष सार्वजनिक आत्मालोचना र क्षमायाचनासहित प्रस्तुत हुनुपर्दछ ।

दुई, संसदभित्र र बाहिका सबै लोकतन्त्रप्रेमी दलहरूको र नागरिक समाजको विनापूर्वाग्रह एकतापूर्ण संघर्षका निम्ति संयोजन संयन्त्रको निर्माण र संयुक्त जनआन्दोलनको घोषणा नै यतिखेरको लोकतन्त्र पुनर्स्थापनाको निम्ति एकमात्र बाटो हो ।

तीन, अब दरवारलाई १५ दिनको अल्टीमेटम दिएर भनिनुपर्छ कि- २०४६ सालको सम्झौता र २०४७ सालको संविधान पालना गर्न अझै मञ्जुर भए असोज १८ को घोषणा रद्द गरियोस्, विघटित संसदको पुनर्स्थापना होस् र सर्वाधिकार सम्पन्न राष्ट्रिय सहमतिको अन्तरिम सरकार गठन गरियोस् । निश्चित समयभित्र त्यो हुन्न भने त्यसको भोलिपल्टदेखि लोकतन्त्र स्थापनाका निम्ति जनआन्दोलको शुरूआत हुनेछ ।

चार, राजाबाट वर्तमान संविधान भताभुङ्ग बनाइसकिएको परिस्थितिमा देश बाध्य भएर पहिलेका गल्तीविहीन नयाँ संविधान निर्माणतर्फ नै उन्मुख हुनुपर्छ, नयाँ पूर्ण प्रजातान्त्रिक संविधान निर्माण गर्ने सबैभन्दा लोकतान्त्रिक बाटो संविधान सभाको चुनाव हो ।

अब अनुनय विनयले देशमा लोकतन्त्र बहाली हुन संभव छैन/राज्य बलको विरूद्धमा जनबलको सृजना अर्थात् जनआन्दोलनको सृजना नै एकमात्र विकल्प हो । ❑

# संस्कृति अंक विशेष

हाम्रो देशमा २०४६ पछि अधूरै सही, जे जति राजनीतिक परिवर्तन भयो त्यो परिवर्तन आर्थिक क्षेत्रमा त्यत्तिकै अनुपातमा अनुवाद हुन सकेन । सांस्कृतिक परिवर्तनका सन्दर्भमा त यो अवधिमा व्यवस्थित रूपमा छलफल-चिन्तनसम्म पनि हुन सकेन । आफ्नै गतिमा समाजमा जे जति वस्तुगत परिवर्तनहरू भए, तिनले सांस्कृतिक क्षेत्रमा ल्याउने अनिवार्य परिवर्तनबाहेक यस अवधिमा सचेत मानवीय प्रयास वा हस्तक्षेपका कारण कुनै पनि उल्लेखनीय सांस्कृतिक परिवर्तनहरू भएनन् । बरू यो अवधिमा [illegible]तः नेतृत्व तहमा आत्मकेन्द्रित भोगवाद [illegible]ी भैरह्यो भने जनस्तरमा विविध ढंगका नयाँ, पुराना अन्धविश्वास र भाग्यवाद छाइरह्यो ।

विगतमा समाजवादी खेमाले खप्नु परेको चोटको एउटा प्रमुख कारण वैचारिक-सांस्कृतिक कामका क्षेत्रमा निरन्तर आएको ह्रास र भुत्तेपना थियो भन्ने कुरा प्रायः स्थापित र सर्वस्वीकार्य भैसकेको कुराबाट सबैले पाठ सिक्नुपर्ने थियो । विश्व-समाजवादी शिविरको यो महँगो पाठलाई नेपालका वामपन्थी एवं प्रजातन्त्रवादी दुवैथरि शक्तिले आत्मसात गर्नु जरूरी थियो । तर यी दुवैथरि शक्तिहरूले विगतको निरंकुश पंचायती संस्कृतिको विश्लेषण गरी त्यसको विकल्पमा वृहद लोकतान्त्रिक संस्कृतिको जग बसाल्नेतर्फ ठोस पहल गरेनन् । त्यसैको समेत परिणामका रूपमा देशले [illegible]को जस्तो प्रतिगमनकारी परिस्थिति [illegible]नु परिरहेको छ ।

यसैबीच 'मूल्यांकन'ले आफ्नो बुताले भ्याएसम्म सांस्कृतिक पक्षलाई विशेष महत्व दिने कोशिस गर्दै आएको हो । यसै सन्दर्भमा संस्कृतिसँग सम्बन्धित सैद्धान्तिक, व्यवहारिक र सिर्जनागत आयमहरूलाई संगेटेर विशेषांक नै निकाल्न हामीले गत केही महिना अघिदेखि नै योजना गरेर थियौं । विविध कारणवश पछि सर्दै गएर सो विशेषांक यस पटक प्रस्तुत गरिएको छ । यो क्षेत्रमा हाम्रो यो शुरूवाती पाइला हो । यसमा पाठकलाई जरूरी र हामीले सोचेका पनि थुप्रै चिन्तन, चिन्तक र सिर्जनाहरू छुटेका छन् । आगामी अंकहरूमा तिनलाई क्रमशः संगेट्दै जाने प्रयत्न हामी गर्ने छौं । हाम्रो यस प्रयत्नमा पाठकहरूको आलोचनात्मक सहभागिताको आशा हामीले लिएका छौं । ❑

# गिरिजाले 'ग्र्याण्ड डिजाइन'को कुरा गरे

कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले विगतको दरबार हत्याकाण्ड र गत असोज १८ को शाही घोषणा दुवै प्रजातन्त्र समाप्त पार्ने 'ग्र्याण्ड डिजाइन'अन्तरगत भएको दावी गरेका हुन् । गत कार्तिक ९ र १० गते सार्वजनिक रुपमा बोल्ने क्रममा उनले यो दावी दोहोऱ्याएर उल्लेख गरेका छन् । 'कान्तिपुर'लगायतका राष्ट्रिय दैनिकहरुमा प्रकाशित यो समाचारको सत्यताबारे दरबार सूत्रले विशेष चासोसहित बुझ्न थालेको समाचार प्राप्त भएको छ । गिरिजाप्रसादले यो समाचारको खण्डन गर्ने आशा सो सूत्रले गरेतापनि गिरिजाले भने आफ्नो भनाइलाई पुन दोहोऱ्याएर थप भनेका छन्- "मैले बोलेको हो । म बोल्छु । मलाई केही लिनुदिनु छैन । को रिसाउँछ र खुसाउँछ मलाई मतलब छैन ।" कार्तिक १० गते काठमाण्डौमा तरुण दलको एक गोष्ठीमा उनले थप भने- "मलाई प्रजातन्त्रबाहेक अरु केही चाहिएको छैन ।"

उनले सो 'ग्याण्ड डिजाइन'को 'डिजाइनर' को हो, त्यो चाहिँ आफूलाई थाहा छैन भन्दै 'डिजाइनर' पत्ता लगाउन सके वर्तमान समस्याको समाधान खोज्न सकिने विश्वास पनि व्यक्त गरे ।

नारायणहिटी हत्याकाण्डको समयमा प्रधानमन्त्रीसमेत रहेका गिरिजाप्रसाद कोइरालाले यो जुन 'ग्र्याण्ड डिजाइन'को कुरा उठाएका छन्, त्यो एकदमै रहस्यमय र सोचनीय रहेको छ । उनले भनेजस्तै स्थिति मुलुकमा विद्यमान रहेको हो भने त्यो अत्यन्त गम्भीर कुरा हो । जनताले र नेताहरुले दुःखकष्ट खपेर प्रजातान्त्रिक अधिकार प्राप्त गर्न आन्दोलन गर्ने र जेल-नेल खप्ने, तर अर्कै कसैले सो आन्दोलनका उपलब्धीहरु खोस्ने भित्री करतूत गरिरहने हो भने योभन्दा ठूलो धोका अरु के हुनसक्छ ? त्यो 'ग्र्याण्ड डिजाइन' के हो ? अनि त्यो डिजाइनमा के के कुराहरु छन् ? त्यसलाई कसरी प्रतिकार गर्ने ? -यी सबै कुराको जवाफ गिरिजाप्रसाद र अन्य नेताहरुले खोज्नुपर्छ र अविलम्ब जनतालाई सुसूचित गर्नुपर्छ । ❑



# समाचार पढेर कसैले आत्महत्या गऱ्यो भने को जिम्मेवार हुने ?

गत असोजको अन्तमा चलचित्र अभिनेत्री श्रीषा कार्कीले आत्महत्या गरिन् । केही दिनअघि 'जनआस्था' साप्ताहिकमा उनको एउटा नांगो फोटोसहित यौन चरित्रसँग सम्बन्धित समाचार छापिएको कारण, त्यही समाचारले पुऱ्याएको मानसिक चोटका कारण उनले यसरी आत्महत्या गर्न बाध्य हुनु परेको अरोप उनका आफन्तहरू र संघर्षरत कलाकारहरूले लगाइरहेका छन् ।

डेढ वर्षअघि एकजना प्रहरी अधिकृत समेतले उनलाई नांगो फोटो खिच्न बाध्य गराएको र उक्त फोटोहरूमार्फत् उनलाई ब्ल्याकमेलिङ्ग गरिँदै आएकोमा हाल उनको विवाह कोही सैनिक मेजरसँग हुने टुङ्गो भएपछि सोही फोटोहरूमध्येको एउटा नांगो फोटो सो पत्रिकामा छापिएको आरोप श्रीषा कार्की आत्महत्याका अपाराधीहरूलाई कडा कारवाही गर्न माग गरिरहेका चलचित्र कलाकारहरूको संघर्ष समितिले जनाएको छ । 'जनआस्था'का संपादक किशोर श्रेष्ठले पनि श्रीषालाई ब्ल्याकमेलिङ्ग गरी आर्थिक र यौन शोषण गरेको आरोप लगाइएको छ ।

पुलिससँग मिलेर श्रीषालाई नांगो तस्वीर खिच्न बाध्य पार्नेमध्येकी भनिएकी चलचित्र निर्माता सुनिता खड्कालाई सरकारले पक्राउ गरेको र हाल बेलायतमा रहेका अभियुक्त प्रहरीलाई नेपाल झिकाउने तयारी गरिरहेको र सम्पादक किशोर श्रेष्ठको पनि खोजी भैरहेको बुझिएको छ । सम्पादक किशोर श्रेष्ठको घर र अफिसलाई प्रहरीले खानतलासी गरेको छ ।

यसैबीच सम्पादक किशोर श्रेष्ठले चरित्र सुधार्न बल पुगोस् भनी समाचार छापेको तर यस्तो दुःखद् नतीजा निम्त्याउने अनुमान गर्न सकेको भए आफूले सो समाचारै छाप्ने थिइँन भनी दुःख व्यक्त गरेका छन् । उनले आफू र आफ्ना परिवारलाई यातनाको धम्की दिइएको र कार्यालय तोडफोड गरिएकोमा विरोध गर्दै अन्य विषयमा विगतमा गल्ती गर्नेहरूले यो निहुमा कलाकारहरूलाई आफूविरुद्ध उत्तेजित बनाइरहेकोतर्फ ध्यान दिन पनि आग्रह गरेका छन् ।

श्रीषा कार्कीको यो आत्महत्याको घटनालाई सरकारले छानवीन गरी दोषीमाथि कडा कारवाही गर्ने घोषणा गरेको छ । प्रेस काउन्सील र पत्रकार महासंघले 'जन-आस्था'ले त्यसरी नांगो फोटो छापेर पत्रकारिताको आचारसंहिता उल्लंघन गरेको ठहर गरेको छ ।

वास्तवमा, श्रीषा कार्कीको दुःखद् आत्महत्याका सन्दर्भमा यतिखेर हामी देखिरहेका छौं- यो आत्महत्याको कारण पत्रिकाको फोटो र समाचार मात्र नहुन पनि सक्छ । 'जन-आस्था'ले आचारसंहिता उल्लंघन गरेकोमा प्रेस काउन्सिलले भनेझैं सार्वजनिक आत्मालोचना गर्नुपर्छ । र, यो घटनाबाट 'जनआस्था' र समग्र पत्रकारिता क्षेत्रले नै समाचार संप्रेषणको गम्भीरतालाई ख्याल गरी गंभीर पाठ सिक्नुपर्छ । सरकारले एउटा छानवीन आयोग नै बनाएर केसलाई केलाउनु पनि यस सन्दर्भमा उचित हुन्छ भन्ने हामीलाई लाग्छ । अहिले अमूर्त रूपमा पत्रिका, पत्रकार र समग्र पत्रकारितामाथि नै विभिन्न कोणबाट यो निहुँमा प्रहारहरू भैरहेका छन् । धम्की, दवाव र तोडफोडको तरिकामा रूमल्लिएको यो केसलाई न्यायिक छानवीनको सौम्य प्रकृयातर्फ मोड्नु जरूरी छ । श्रीषामाथि ब्ल्याकमेलिङ्ग भएको थियो कि थिएन, उनको नांगो फोटो कसले, किन खिच्यो, उनले किन खिच्न दिइन्, फोटो छापिँदैमा आत्महत्या गर्न बाध्य पार्नमा उनको कमजोर मानसिक र भौतिक परिवेश कति जिम्मेवार थियो र कानूनले कसलाई के दण्ड गर्न मिल्छ ? नांगा फोटाहरू छापिरहेका अरू पत्रिकाहरूलाई पनि कसरी नियन्त्रण गर्ने ? यी पक्षहरूलाई विस्तृतमा केलाउनु जरूरी छ ।

यसबाहेक श्रीषा आत्महत्या काण्डले पत्रकारिताका बारेमा एउटा थप प्रश्न पनि पैदा गरेको छ । त्यो हो- कसैले अखवारको समाचार पढेर आत्महत्या गऱ्यो भने पत्रकार जिम्मेवार हुन्छ कि हुन्न ? चरित्रको दोष वा भ्रष्टाचारको दोष, ठगी-चोरीको दोष लगाएर अखवारले समाचार छाप्यो, त्यसको सत्यता वा असत्यताबाट उत्तेजित भएर व्यक्तिले आत्महत्या गऱ्यो भने त्यसको जिम्मेवारी अखवारलाई बोकाउनु मिल्छ कि मिल्दैन ? प्रवुद्ध क्षेत्रले यो प्रश्नको जवाफ खोज्नु जरूरी छ, जसले पत्रकारिताको प्रभाव बढ्दै गएको हाम्रो समाजमा भविष्यका लागि पनि उपयोगी भूमिका खेल्नसक्छ । ❑



प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द



गृहमन्त्री धर्मबहादुर थापा

# के माओवादीहरू चन्द सरकारसित वार्तामा आउँदैछन् ?

■ श्याम श्रेष्ठ

दशैंको छेको पारेर असोजको १८ गते नेपालमा रक्तपातविहीन कू सम्पन्न भएको छ । १७ सालको तुलनामा यो कू केमा भिन्न छ भने दलहरू अझै प्रतिबन्धित भइसकेका छैनन्, बहुदलीय व्यवस्थालाई रद्द गरिसकिएको छैन, नेताहरूलाई गिरफ्तार गरिएको छैन, वाक् र प्रकाशन स्वतन्त्रता केही मात्रामा अझै बाँकी छ, यद्यपि त्यो प्रमुख शहरी केन्द्रहरूमा मात्र सीमित किन नहोस्, दरबार अझै भन्दैछ कि म संसदको चुनाव चाँडै गराउँछु र बहुदलीय प्रजातन्त्र र सम्वैधानिक राजतन्त्रमा कायम रहन्छु । परन्तु २०४७ सालको संविधानका मूलभूत प्रस्थापनाहरू भने कुल्चिइसकेका छन् । संविधानको सार, भावना र अक्षर विपरीत जनतामा निहित भनिएको राजकीय सत्ता र सार्वभौम सत्ता राजाले अब आफूमा निहित भएको सार्वजनिक ऐलान गरिसकेका छन् । मन्त्री परिषद्मा संविधानतः निहित रहेको कार्यकारी अधिकार राजाले अब आफूमा सरेको घोषणा गरेका छन् र नयाँ गठित चन्द मन्त्रीपरिषद्लाई अत्यन्त सीमित कार्यभार सुम्पेर केवल पाँचवटा कामहरूमात्र गर्नसक्ने गरी र मातहतका मन्त्रीहरूसमेत प्रधानमन्त्रीले तोक्न, छान्न नपाउने गरी कठपुतली सरकारका रूपमा उभ्याइएको छ । मन्त्रीपरिषद्लाई राजाप्रति उत्तरदायी बनाइएको छ, किनकि निर्वाचित संसदलाई पहिले नै देउवा सरकारमार्फत् भंग गराइसकिएको छ । निर्वाचित प्रधानमन्त्रीलाई संसदले मात्र पदमुक्त गर्नसक्ने सम्वैधानिक व्यवस्थालाई ठाडै कुल्चेर प्र.मं. शेरबहादुर देउवालाई राजाबाट पदमुक्त गर्ने काम भएको छ । मुलकको शासनभार अब राजाबाट ग्रहण भएको घोषणा गरिएको छ ।

यो कू कुनै अप्रत्याशित घटना भने थिएन । प्रमुख संसदीय पार्टीहरूले विगत १२ वर्षमा देशमा प्रगति र परिवर्तनको थोरै पनि अनुभूति दिन असमर्थ भएको, उनीहरू अत्यन्त सत्तास्वार्थ केन्द्रित, यथास्थितिको पक्षपोषक र भ्रष्ट भएको र यही कारणले उनीहरूले जनविश्वास र आफ्नो सान्दर्भिकता गुमाएको पृष्ठभूमिमा देशमा जुन नेतृत्वको रिक्तता पैदा भएको थियो, त्यही रिक्तताको स्वाभाविक परिणाम राजाको असोज १८ को शान्तिपूर्ण कू थियो । राजाले इच्छाएबमोजिम निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाले एकपछि अर्को गर्दै जननिर्वाचित संसद र स्थानीय निकायजस्ता प्रजातान्त्रिक संस्थाहरूलाई मृत बनाउँदै जाने, संकटकाल थपेर जन-अधिकार निलम्बित गर्दै जाने, प्रमुख प्रतिपक्षले कुर्सीको लोभमा ती सबै निर्णयमा या त सहमति जनाउँदै जाने या सशक्त प्रतिकार नगरेर मनतातो विरोधमात्र गर्दै जाने गरेपछि हुने घटना भनेको असोज १८ को शाही घोषणा नै हो । प्र.मं. शेरबहादुर देउवाबाट प्रतिगमनको निम्ति हुनुपर्ने सबै पृष्ठभूमिजन्य कामहरू तमाम भएपछि अब उता उनको उपयोगिता, सान्दर्भिकता र लोकप्रियता बाँकी नरहेपछि उनलाई प्र.मं.को



माओवादी नेता प्रचण्ड



माओवादी नेता डा. बाबुराम भट्टराई

कुर्सी र केही उनका विश्वासप्राप्त भ्रष्ट मन्त्रीहरूको कुर्सी आफूखुशी रिक्त गर्न राजाबाट पटक पटक, थाहा पाइएअनुसार कम्तीमा तीनपटक, भनियो । कुर्सी रिक्त गर्ने यो कुराचाहिँ सत्तान्ध देउवाले मानेनन्, चुनाव सार्ने निहुँमा बाधा अड्काउ फुकाएर थप एक वर्ष प्र.मं. बनिरहने उनको मनसुवा भएपछि अबको बाधा चाहिँ तैं होस् भनेर उनलाई पदमुक्त गरिएको हो ।

सारमा यो लडाई सामन्ती राजतन्त्र र पूँजीवादी संसदीय लोकतन्त्रबीचको लडाईं थियो । पूँजीवादी संसदीय नेतृत्व दिशाविहीन, यथास्थितिवादी र भ्रष्ट भएकाले, नेतृत्वकै अयोग्यतावश यो लडाईंमा फेरि दोस्रोपटक पूँजीवादी संसदीय लोकतन्त्र हारेको छ ।

एकथरि मानिसहरू अहिले संसदीय नेतृत्वको अयोग्यता र भ्रष्टतालाई नै मुख्य कुरो ठहऱ्याएर राजतन्त्रको कदमलाई जायज ठहऱ्याउने प्रयत्न गर्दैछन् । नेपालको सात सालदेखिकै अहिलेसम्मको ५२ वर्षको ऐतिहासिक घटनालाई नियालेर हेर्ने हो भने नेपालमा संसदीय लोकतन्त्र र राजतन्त्रबीच लगातार सत्ताशक्तिका लागि द्वन्द भइरहेको देखिन्छ । नेतृत्व अयोग्य र भ्रष्ट नहुँदा पनि २०१७ सालमा राजातन्त्रबाट राज्यशक्तिकै निम्ति सत्ता विप्लव भएको इतिहास साक्षी छ । २००७ सालमा संविधान सभाको निर्वाचनको प्रतिज्ञा गर्ने, तर त्यो कार्यान्वियन नगर्ने, अधिकार संसदमा सुम्पेको घोषणा २०१५ सालमा गर्ने तर त्यो फेरि खोसेर लिने, यस्तो कार्य बारम्बार नेपालमा राजतन्त्रबाट २००७ सालदेखि २०१७ सालका बीचमा भएको जगजाहेर छ । आधारभूत प्रश्न के हो भने के संसदीय नेतृत्व भ्रष्ट र अयोग्य नभएको भए- राजतन्त्रमा संसदमा विद्यमान सत्ता शक्ति पुनः हासिल गर्न फेरि मरिहत्ते गर्ने प्रवृत्ति हुँदैनथ्यो ? विश्व र नेपालको इतिहासले बताउँछ- यो प्रवृत्ति राजतन्त्रमा स्वभावतः हुन्थ्यो नै । संसदीय नेतृत्व प्रगतिशील, योग्य र अभ्रष्ट भएको भए पनि चाँडै यति सजिलै र यसरी बहुदलीय नेताहरूलाई नै प्रतिगमनको भरेङ बनाएर सत्ता विप्लव गर्न गाह्रो र लामो समय लिने हुन्थ्यो । कुरो यत्तिमात्र हो ।

## बदलिएको शक्ति सन्तुलन

नेपालको राजनीतिको शक्ति-सन्तुलन अहिले आनका-तान बदलिएको छ । हिजो शक्ति केन्द्रका रूपमा मुख्यतया तीनवटा राजनीतिक शक्तिहरू राष्ट्रिय राजनीतिमा हावी थिए- दरवार, एमाले र नेपाली कांग्रेस । आजको शक्ति सन्तुलन नितान्त भिन्न भएको छ । आज दरबार, माओवादी र बाँकी सबै संसदीय शक्तिहरू राष्ट्रिय राजनीतिमा सबभन्दा ज्यादा हावी भएका छन् । स्थिति कस्तो छ भने संसदीय शक्तिहरू आफ्नो साख आफैं गुमाउँदै सबैभन्दा अलोकप्रिय र कमजोर बनेका छन्, माओवादीहरू संसदीय शक्तिको नोक्सानीको मूल्यमा सबैभन्दा निर्णायक बनेका छन् । राष्ट्रिय राजनीति माओवादीको नीति र गतिविधि वरिपरि फन्को मारिरहेछ । अब आएर दरवार राष्ट्रिय राजनीतिमा सबैभन्दा शक्तिशाली र निर्णायक बन्न प्रयत्न गर्दैछ । सम्वैधानिक राजतन्त्रबाट निरंकुश राजतन्त्रमा फेरिने उसको हालैको प्रयास त्यही नियतको अभिव्यक्ति हो । ऊ पनि संसदीय शक्तिको नोक्सानीको मूल्यमा शक्तिशाली र निर्णायक बन्न खोज्दैछ ।

नेपालको अहिलेको शक्ति सन्तुलनको विशिष्टता के हो भने तीन शक्तिकेन्द्रमध्ये जो जो दुईथरि मिल्छन्, राष्ट्रिय राजनीतिमा त्यही सर्वशक्तिमान भएर हावी हुन्छ । दरवार अहिले माओवादीसित आफैं वार्ता गरेर, देशमा माओवादी समस्या हल गरेको र शान्ति कायम गरेको जस आफूले लिएर संसदीय शक्तिलाई राष्ट्रिय राजनीतिमै सबैभन्दा कमजोर, असक्षम र असान्दर्भिक बनाउन प्रयत्नशील देखिएको छ । ऊ अब देशमा या त माओवादी छ, या दरवार छ, अरूको खास अस्तित्व र सान्दर्भिकता छैन भनेर सावित गर्ने प्रयासमा देखिएको छ ।

यही प्रयासको क्रममा लोकेन्द्रबहादुर चन्दको सरकारले माओवादीलाई आतंकवादी भन्न छोडेको छ, उसलाई सार्वजनिक रूपमा वार्ताको लागि आह्वान गरेको छ, उसले वार्ताको निम्ति सरकारी स्तरमा एउटा 'सेल' नै गठन गर्ने घोषणासमेत गरिसकेको छ । माओवादीले अलिकता पनि सकारात्मक प्रत्युत्तरको हरियो बत्ती बालेको संकेत दिएमा ऊ कुनै बेला युद्धविराम घोषणा गर्नसमेत तयार भएको छ । विश्वस्तसूत्रबाट ज्ञात भएअनुसार, संवैधानिक राजतन्त्र यथावत् राख्न माओवादीले स्वीकार गरेमा अन्तरिम सरकार, नयाँ संविधान र संविधान सभाको चुनावसम्म पनि सम्पन्न गर्न दरवार तयार रहेको सन्देश माओवादीसमक्ष पुऱ्याइएको छ । दरवारले भित्रभित्रै राखेको सम्वैधानिक राजतन्त्र कायम राख्ने माग माओवादीले स्वीकार गरेमा संविधान सभाको चुनाव पनि गराइदिने सवालमा माओवादीले सहमति जनाउने कुनै संभावना देखिँदैन । माओवादीहरू निःशर्त संविधान सभाको पक्षमा देखिन्छन् ।

अब सिंगो देशको आँखा माओवादीतिर छ । के माओवादी नेतृत्व चन्द सरकारसित वार्ता गरेर यसलाई वैधता प्रदान गर्न तयार होला ? के दरवार र माओवादीबीच सहमति र सम्झौता तत्काल सम्भव छ ? के माओवादी पनि संसदीय शक्तिसितको सहकार्यको तुलनामा दरवारसितको सहकार्यको निम्ति ज्यादा उत्सुक छ ? यी प्रश्नहरू नेपाली राजनीतिमा गम्भीरता साथ उठिरहेका छन् ।

यी कुराहरू मुख्य रूपमा संसदीय शक्तिहरूको पछिल्लो रबैया, दृष्टिकोण र प्रवृत्तिमा निर्भर देखिन्छन् । संसदीय शक्तिमध्ये सबैभन्दा प्रमुख शक्तिहरू कांग्रेस र एमाले हुन् । कांग्रेस यतिखेर शाही घोषणा, चन्द मन्त्रीपरिषद् र प्रतिगमनका विरूद्ध दरोसित खडा भएको छ । शाही घोषणा फिर्ता लिएर, विघटित संसद पुनर्स्थापना गरेर, घोषणामा निहीत गल्तीहरू सच्याएर सर्वदलीय सहमतिको अधिकार सम्पन्न अन्तरिम सरकार गठन नगरिएमा ऊ सरकारमा सामेल नहुने तथा जन-आन्दोलनमा उत्रने चेतावनी उसले दिइसकेको छ । कांग्रेस यतिबेला अस्तित्वको



*यी सबै नेताहरू अब प्रतिपक्षी भए : गिरिजा प्र. कोइराला, माधवकुमार नेपाल र शेरबहादुर देउवा*

**एमाले यतिबेला कम्युनिष्ट नामधारी पार्टी भए पनि ऊ प्रतिगमनविरोधी प्रत्येक पाइलामा नेपाली कांग्रेसभन्दा पनि दक्षिणपन्थी, असंघर्षशील र सत्तान्ध शक्तिका रूपमा प्रस्तुत भइरहेछ ।**

लडाई लड्दैछ । प्रतिगमनका विरूद्ध सम्वैधानिक सुधारका निम्ति बाँकी सबै शक्तिसित मिलेर ऊ दरवारसित टक्कर लिने पक्षमा देखिएको छ । ऊ यसका निम्ति माओवादीसित समेत सहकार्य गर्न तत्पर देखिएको छ । कांग्रेसको सबैभन्दा ठूलो कमजोरी के देखिएको छ भने- विगत १२ वर्षमा सबैभन्दा ज्यादा पथ भ्रष्टता, यथास्थितिवाद र प्रतिक्रियावादको पक्षधर भएर देश बिगार्ने नेपाली कांग्रेस र यसको नेतृत्व नै हो, परन्तु यसमा आत्मसमीक्षा गरेर आत्मालोचना र क्षमायाचनासहित ऊ देशवासीसमक्ष प्रस्तुत हुन अझै हिच्किचाइरहेछ । ऊ एमालेलाई यो कुरामा भरपर्दो ढंगले आश्वस्त पार्न सकिरहेको छैन

कि प्रतिनिधि सभा पुनर्स्थापना भएमा उसले कदापि आफू एक्लैको सरकार बनाउने छैन, उसले एमालेसहितको सर्वदलीय सरकार नै बनाउने छ । यी दुई कमजोरी कांग्रेसले अविलम्ब हटाउनु आवश्यक देखिएको छ । अन्यथा न आम जनताको नै उसमाथि विश्वास पल्हाउनसक्छ, न एमालेले नै उसमाथि भरोसा गर्नसक्छ ।

अर्को प्रमुख संसदीय शक्ति एमाले यतिबेला किंकर्तव्यविमूढ र अत्यन्त दोधारमा देखिन्छ । ऊ यतिबेलासम्म प्रतिगमनविरोधी क्याम्पमै रहेर शाही घोषणा र प्रतिगमनको विरूद्ध खडा भएको छ, जुन प्रशंसनीय छ । परन्तु कम्युनिष्ट नामधारी पार्टी भए पनि ऊ प्रतिगमनविरोधी प्रत्येक पाइलामा नेपाली कांग्रेसभन्दा पनि दक्षिणपन्थी, असंघर्षशील र सत्तान्ध शक्तिका रूपमा प्रस्तुत भइरहेछ । संसदीय राष्ट्रिय राजनीतिमा एमाले निर्णायक स्थानमा छ । अहिले केवल कांग्रेस जत्तिकै अडानमात्र एमालेले लिने हो भने प्रतिगमनका प्रत्येक प्रयत्न विफल हुने सुनिश्चित छ । परन्तु एमाले नेतृत्व त्यत्ति पनि गर्न तत्पर देखिंदैन । छैन भनुँ भने एमाले प्रतिगमनविरोधी खेमामै खडा देखिन्छ, छ भनुँ भने एमाले नेतृत्वको समर्थन वा मनतातो विरोध, दोधारेपन र असंघर्षशीलताले गर्दा नै दरवारको प्रतिगमनको प्रत्येक कदम सफल र प्रभावी हुँदै गएको देखिन्छ, चाहे त्यो संकटकाल थप्ने सवाल होस् वा प्रतिनिधि सभा विघटनको सवाल, चाहे त्यो असोज १८ को शाही घोषणा होस् वा चन्द मन्त्रीपरिषद् गठनको घोषणा । मूलतः जनबल र व्यापक जनसमर्थनमा आधारित जनमुखी राजनीतिले होइन, कांग्रेस र माओवादीप्रतिको गहिरो अविश्वासमा आधारित सत्तान्ध विदेशी दाता र दरवार-राजनीतिले एमालेका काम-कारवाहीहरू निर्देशित भएका देखिन्छन् । मुख्य कुरो, एमाले नेतृत्व कांग्रेस र माओवादीको नोक्सानीको मूल्यमा मात्र आफ्नो उन्नति संभव देखिरहेछ । त्यसैले, ऊ नाक जोगाउने सम्मानजनक बाटो पाए लोकेन्द्रबहादुरको कठपुतली सरकारमा समेत सामेल हुन तत्पर देखिएको छ । एमाले नेतृत्वमा एउटा भयानक बच्कना भ्रम पनि जरो गाडेर बसेको प्रतीत हुन्छ- दाता र दरवारले अब उसलाई नै सत्ताका लागि पत्याउनेवाला छन् भनेर । शेरबहादुर देउवाजस्तो प्र.मं.को एउटा कुर्सीमात्र सुरक्षित भए उनीहरूको निम्ति जे पनि गरिदिने इमान्दार सेवकलाई त काम तमाम भएपछि दूधबाट झिंगा फालेझैं फाल्ने यी शक्ति केन्द्रहरूले 'कम्युनिष्ट' विशेषणधारी एमालेलाई के कारणले माया गरेर सत्तामा राख्छन् भनेर एमाले नेतृत्वले पत्याएको हो ? बुझिनसक्नुको कुरो भएको छ ।

फलस्वरूप, अधिकांश एमाले कार्यकर्ताहरू प्रतिगमनको विरूद्ध फलदायी सडक-संघर्षको पक्षमा भए पनि, नेतृत्व भने संघर्ष गरेजस्तो पनि गर्ने, तर फलदायी र प्रभावकारी संघर्ष भने नगर्ने, प्रतिगमनको शब्दमा विरोध गर्ने, तर प्रतिगमनको प्रयत्न विफल हुनेगरी कुनै पनि संयुक्त जनआन्दोलन र दवाव दिने काम नगर्ने नीति अख्तियार गरिरहेछ ।

संघर्षभन्दा दरवारसित अनुनय, विनय र सहमतिद्वारा समस्या हल गर्ने उसको रवैया देखिएको छ ।

हिजोको संसदभित्रका एकताकेन्द्र, मसाल र ने.म.कि.पा.जस्ता शक्तिहरू र संसदबाहिरका संयुक्त वाममोर्चा जस्ता शक्तिहरू प्रतिगमनका विरूद्ध सशक्त संयुक्त जनआन्दोलनका पक्षमा देखिएका छन् ।

माओवादी नेतृत्व शाही घोषणा र प्रतिगमनविरूद्ध दरोसित खडा भएको छ । उसले असोज १८ गतेको शाही घोषणालाई '२०४६ सालको ऐतिहासिक जन-आन्दानेलनका उपलब्धिहरूमाथि 'अन्तिम प्रहार' गर्ने 'सामन्ती प्रतिगमन'को संज्ञा दिएको छ । 'यो प्रतिगामी घोषणाका विरूद्ध सशक्त र संयुक्त आन्दोनल सृष्टि गरी सामन्ती निरंकुशतालाई सदाका लागि बढारेर फाल्नुबाहेक नेपाली जनताका अगाडि अर्को विल्कप छैन' भन्ने उसको पछिल्लो निष्कर्ष रहेको छ । (हेर्नुहोस्- १९ असोज, २०५९ को अध्यक्ष प्रचण्डको वक्तव्य) माओवादी नेतृत्वले यो 'प्रतिगमनकारी कदमका विरूद्ध संसदभित्र र बाहिरका सबै प्रजातन्त्रवादी शक्तिहरूले सशक्त जनप्रतिरोध अभियान संचालन गर्नु जरूरी भएको' धारणा सार्वजनिक गरेको छ । यो क्रममा उनीहरूले कार्तिक १० गते मधेश र थारूवान् बन्दको आयोजना गरेका छन् भने कार्तिक २५-२७ गते पहिले नै घोषित नेपाल-बन्दलाई यही उद्देश्यका लागि कायमै राख्ने घोषणा गरेका छन् । असोज १८ गतेको प्रतिगमनकारी शाही घोषणालाई रद्द गर्ने, सम्पूर्ण प्रजातन्त्रवादी तथा देशभक्त शक्तिहरूको गोलमेच सम्मेलन गर्ने, त्यस सम्मेलनबाट अन्तरिम सरकार गठन गर्ने र त्यही सरकारको मातहतमा संविधान सभाको निर्वाचन गर्ने ताजा माग नयाँ परिवर्तित परिस्थितिमा उनीहरूले अघि सारेका छन् ।

**सम्पूर्ण देश अरू सारा पूर्वाग्रह छोडेर एकढिका हुनुपर्ने निर्णायक समयमा सुराकी भएको निहुँमा एमालेका र कांग्रेसका कार्यकर्ताहरू र कतिपय सर्वसाधारण जनताहरू मार्ने र अपहरण गर्ने कार्यमा माओवादीले अहिले जुन तीव्रता ल्याएको छ, त्यो माओवादीको महाभूल हो**

यो परिप्रेक्ष्यमा अधिकारविहीन चन्द सरकारलाई मान्यता दिएर ऊसित माओवादीले निर्णायक वार्ता गर्ने संभावना तत्कालको लागि देखिंदैन । माओवादीले अहिले चाहेको वार्ताको स्वरूप सबै राजनीतिक दल, राजा र बौद्धिक समुदायका प्रतिनिधिसहितको गोलमेच वार्ता वा गोलमेच सम्मेलन हो । ७ कार्तिकमा जारी भएको अध्यक्ष प्रचण्डको ताजा वक्तव्यले त्यो सम्बन्धमा स्पष्ट पारेको छ । वार्ता नै गर्नु छ भने किन राजाको कठपुतली सरकारसित गर्ने, राजासितै गर्ने नि, र राजासितको वार्ता पनि एक्लै राजासित नगर्ने, सबै राजनीतिक दल र बौद्धिक समुदायका प्रतिनिधिसहित भएर गर्ने माओवादी नेतृत्वको पछिल्लो सोचाइ देखिन्छ । यसबारे राजाको धारणा के छ ? - 'विना छलछाम स्थिति स्पष्ट गर्न' कार्तिक ७ को वक्तव्यले माग गरेको छ । त्यो वक्तव्यले राजासहितको सर्वपक्षीय गोलमेच वैठकमा 'संविधान सभाको निर्वाचनद्वारा नयाँ संविधान निर्माण गर्ने प्रश्न महत्वपूर्ण हुने' कुरोमा जोड दिएको छ । यदि 'जनतालाई वास्तविक अर्थमा सार्वभौम' तुल्याउने यो कुरो राजालाई मञ्जुर छैन भने 'निर्णायक र ऐतिहासिक संघर्षमा अगाडि' बढ्ने चेतावनी वक्तव्यमा दिइएको छ । राजालाई यो मंजुर छ भने त्यसैअनुसार वार्ताको वातावरण बनाउन आह्वान गरिएको छ ।

प्रतिगमनका विरूद्ध माओवादीले संसदभित्र र बाहिरका शक्तिसित एकतावद्ध भएर लड्न जुन तत्परता देखाएको छ, त्यो सर्वथा सराहनीय कुरो हो । परन्तु यो तत्परतासित सिधै बाझिने अन्तरविरोधी कार्यहरू पनि माओवादीबाट यतिखेर एकसाथ भइरहेछ । सम्पूर्ण देश अरू सारा पूर्वाग्रह छोडेर एकढिका हुनुपर्ने निर्णायक समयमा सुराकी भएको निहुँमा एमालेका र कांग्रेसका कार्यकर्ताहरू र कतिपय सर्वसाधारण जनताहरू मार्ने र अपहरण गर्ने कार्यमा माओवादीले अहिले जुन तीव्रता ल्याएको छ, त्यो माओवादीको महाभूल हो । यी र यस्ता सम्पूर्ण कार्य माओवादीले सार्वजनिक आत्मालोचनासहित अविलम्ब रोकेको घोषणा देशवासी समक्ष गर्नु जरूरी छ । यतिखेर त माओवादीले व्यक्ति हत्याका तमाम कारवाही रोकेर संसदीय शक्तिहरूसित समझदारी र संयोजन संयन्त्र बनाएर साझा संघर्ष उठान गर्नुपर्ने बेला हो । एमालेमा माओवादीप्रति गहीरो अविश्वास पल्हाउनु र दरवारतिर यो ज्यादा लहसिनुमा माओवादीको तर्फबाट भएका यस्ता अन्धाधुन्ध कारवाहीहरू केही मात्रामा जिम्मेवार छन् । माओवादीले ध्वंसात्मक कार्य गर्नुको बदलामा लोकप्रिय सुधारका कामहरू गरेमा नै ऊप्रतिको जनमत र जनसमर्थन व्यापक हुनसक्दछ । राजनीति संविधान सभाको बोक्ने, काम जनमतमा र जनसमर्थनमा ह्रास आउने र जन समुदायमा त्रास फैलने मात्र गर्ने हो भने- संविधान सभाको राजनीति कदापि सफल हुनसक्ने छैन ।

यतिबेला प्रमुख संसदीय दलहरू र माओवादी दुवै जनसमक्ष विगतका गल्ती र कमजोरीहरूका लागि सार्वजनिक आत्मालोचनासहित प्रस्तुत हुन सकेमा आम जनसमुदायमा उनीहरूप्रति पुनः समर्थन र विश्वास पल्हाउने संभावना रहेको छ । ❑



# संविधान सभाको औचित्य

- दमननाथ ढुंगाना

खासगरी माओवादी जनयुद्धले तीव्र गति लिन थालेपछि र सरकार तथा माओवादी पक्षका बीचमा हत्या र हिंसाका घटनाहरू झन्झन् पीडादायी हुन थालेपछि द्वन्दको निकास कसरी हुन्छ भनेर सोच्न थाल्दा संविधान सभा नै अहिलेको द्वन्दको निकास हुनेछ भन्ने निष्कर्षमा म पुगेको हुँ । यो मेरो निष्कर्षमात्र नभएर ऐतिहासिक निष्कर्ष पनि हो । यसको विज्ञानसँग पनि सम्बन्ध छ । वैज्ञानिक सोचाइले पनि हामीलाई त्यही निष्कर्षमा पुऱ्याउँछ । देशले धेरै दुर्भाग्य भोगिसकेको र धेरै धनजनको नोक्सानी बेहोरिसकेर भए पनि जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेझैं त्यस्तो चाँदीको घेरा मैले संविधान सभामा देखेको छु । म अहिले देखिरहेछु- दिन प्रतिदिन क्षण क्षणमा हामी संविधान सभातर्फ उन्मुख भइरहेका छौं । समयले हामीलाई त्यही दिशातर्फ लग्दैछ ।

सबैले आत्मबोध गरेर यो विषय मबाट सिर्जित प्रतिफल हो भन्ने आत्मीय भावनासहित संविधानसभा यदि सहमतिबाट भएछ भने राम्रो होला । होइन भने समयले कसको अधिकार खोस्ला, कसलाई कहाँ राख्ला भन्न सकिँदैन । तसर्थ पनि संविधान सभाको गठन सहमतिबाटै गर्नु बेस हुनेछ । राइटिङ अन द वाल अर्थात् भित्तामा लेखिएको कुरो राजादेखि जनता सबैले पढ्नुपर्दछ । जसले पढ्न सक्दैन उसलाई समयले छोडेर हिंड्छ ।

माओवादीहरूले युद्धको प्रारम्भ गरेपछि मुठभेडको अवस्था शुरू भयो । त्यसलाई प्रतिकार गर्न भनेर सरकार अघि बढ्यो । खासगरी संकटकाल लागू भएपछि, माओवादीहरूलाई आतंककारी घोषणा गरेर सेना परिचालन गरेपछि राज्य पनि एउटा प्रतिरक्षात्मक युद्धका निम्ति तयार भएर राज्य नै युद्धमा हिंड्यो । त्यसैले अहिले देशमा मुठभेडकै अवस्था छ । यही अवस्थाको बीचमा पनि शान्त चित्तले एउटा सहमतिमा पुग्न सकियो भने मलाई लाग्छ- दिगो स्वरूपको संविधान सभाको गठन हुनसक्छ । मुठभेडबाट आउने संविधान सभाभन्दा सहमतिबाट आउने संविधान सभालाई धेरै दिगो, अर्थपूर्ण र लक्ष्योन्मुख बनाउन सजिलो हुन्छ ।

संविधान सभाबाट बन्ने संविधान अहिलेको संविधानभन्दा बढी प्रगतिशील हुन्छ र हुनैपर्छ । यदि त्यस्तो भएन भने संविधान सभाको अर्थै हुँदैन । हिजोको ऐतिहासिक कालमा यो राज्यको निर्माण र एकीकरण राजा, बडामहाराजाहरूले गरेका होलान्, त्यसमा जनताको पनि सहभागिता रहेको छ । राजाले आफैंमात्र लडेका छैनन्; जनता लिएरै इतिहासका त्यस्ता लडाईंहरू लडिएका छन् । जनतालाई त्यसरी परिचालित गर्ने क्षमताले नै राजालाई बडामहाराजा बनाउँछ । महाराजा आफैंमात्र लडेर कहीं पनि युद्ध भएको र जितिएको छैन । यो राष्ट्रको एकीकरण त्यसै भएको होइन । जनतालाई परिचालित गरेरै भएको हो । यही क्षमताले नै नेतृत्वको स्वीकृति दिन्छ । राज्य भनेको जनताको हो । त्यसैले आफ्नो राज्य कसरी चलाउने भन्ने नियम जनता स्वयंले नै बनाउनुपर्दछ । भएका गल्तीहरू जनता आफैंले सच्याउनुपर्छ र आवश्यक सुधारहरू जनता आफैंले गर्नुपर्दछ । राजतन्त्र भएको मुलुकमा राजालाई कहाँ राख्ने भन्ने कुरा जनताले नै निर्णय गर्नुपर्दछ । तर नेपाली जनताले सही अर्थमा संविधान बनाउने शक्तिको प्रयोग अहिलेसम्म गरेकै छैन । २००४ सालको संविधानदेखि २००७ सालको अन्तरिम शासन विधान, २०१५ सालको नेपाल अधिराज्यको संविधान, जसअनुसार पहिलो निर्वाचित संसद गठन भयो र बी.पी. कोइराला प्रधानमन्त्री हुनुभयो, त्यसपछि ०१९ सालको पंचायती संविधान र अहिले २०४७ सालको संविधान गरी ००४ सालको संविधानलाई छोड्ने हो भने पनि हामी चारवटा संवैधानिक चरणबाट गुज्रिएर आएका छौं । ती कुनै पनि संविधान निर्माणमा नेपाली जनताको प्रत्यक्ष संलग्नता छैन ।

एकचोटि २००७ सालमा राजा त्रिभुवनले अब उप्रान्त जनताले निर्वाचित गरेका जनप्रतिनिधिबाट संविधान बनाएर यो राज्य संचालन होस् भन्ने सदाशय व्यक्त गरेका थिए । त्यो २००७ सालको क्रान्तिको जनादेश पनि थियो । त्यतिबेला जनता र राजा मिलेर एउटा परिवर्तन गरेको भएर जनताको चाहना राजाको पनि चाहनाको रूपमा संविधान सभाको कुरा मुखरित भएको थियो । तर त्यो राष्ट्र-वाणीको रूपमा आएको चाहना कहिल्यै पनि कार्यान्वियन भएन । त्यसरी संविधान बनाउने जनताको शक्ति र हकलाई हामीले कहिल्यै पनि स्थापित गरेनौं । २०४७ सालमा म आफैं संविधान निर्माणको प्रक्रियामा सहभागी थिएँ । एउटा आन्दोलनको म्याण्डेटबाट त्यसबेला संविधान बन्यो । वर्तमान संविधानको प्रस्तावनामा पनि जनआन्दोलन श्रोत भएको लेखिएको छ । जन आन्दोलनका प्रतिनिधि भएकाले त्यो संविधानमा जनप्रतिनिधित्व त छ, म आफैंलाई पनि जनप्रतिनिधि भन्छु, तर त्यसमा प्रतिनिधित्व गर्ने आधार, पृष्ठभूमि अर्कै किसिमको रह्यो, जननिर्वाचित प्रतिनिधिहरू त्यसमा रहने अवस्था भएन ।

अबको संविधान सभा गठन गर्दाखेरि त्यसको संरचना कस्तो हुने, अधिकारको बाँडफाँड कसरी गर्ने, कुन बूँदाहरूमा हामीले छलफल गर्ने, त्यसको कार्यसूची के हो भन्ने विषय आफ्नो ठाउँमा छ । ती विषयहरूमा हामीले विस्तृत रूपले काम गर्नैपर्छ । तर त्यसभन्दा अगाडिको महत्वपूर्ण प्रश्न छ- संविधान सभाको गठन कसरी गर्ने ? कार्यसूची र अधिकारको बाँडफाँड तेस्रो, चौथो अथवा पाँचौं प्रश्न हुँदै जाला । संविधान सभाको

**अब संविधान सभाको बारेमा माछो माछो भ्यागुतो गर्ने कुरै छैन**

**नेपाली कांग्रेस किन संविधान सभाको समर्थन वा विरोधमा छ ? एमाले किन समर्थन वा विरोधमा छ ? यी प्रश्नहरुको प्रष्ट जवाफ सार्वजनिक हुनुपर्‍यो ।**

गठन कस्तो हुने भन्ने विषय दोस्रो प्रश्न होला । तर पहिलो प्रश्न चाहिँ संविधान सभाको प्रारम्भ, थालनी वा स्वीकृति कुन विन्दुबाट हुने हो ? यो प्रश्न संविधान सभा गठन गर्ने विन्दुमा सिद्धान्ततः कसरी पुग्ने भन्ने प्रश्नसँग गाँसिएको छ ।

त्यसैले भीडन्त र रक्तपातको अवस्था समाप्त पार्नका निम्ति पनि हामीले संविधान सभा र त्यससँग गाँसिएका प्रश्नहरूलाई सर्वप्राथमिकता दिनु आवश्यक भैसकेको छ । कतिजना माओवादी मारेपछि वार्ता हुन्छ, सहमति हुन्छ, माओवादी सकिन्छ, आतंकवाद सकिन्छ अथवा आफ्नै किसिमले राज्य संचालन गर्न खोज्नेहरूका निम्ति आइलागेका अवरोधहरू हट्छन् भन्ने कुरा सरकार र सम्बद्ध पक्षले खुलस्त रूपले भन्नुपर्‍यो । तर सरकारले त्यसरी भन्न सक्ने स्थिति छैन । त्यसकारण पनि हामी दिन प्रतिदिन संविधान सभातर्फ उन्मुख भइरहेका छौं । हामीले मोही माग्ने ढुङ्ग्रो लुकाउने गर्नुहुँदैन । नेपालका राजनीतिक दल र नेताहरूले दुई जिब्रे कुरा पनि गर्नु भएन । अब खसोखास कुरा गर्नुपर्ने भैसकेको छ । आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा कसैले त्रसित हुनु जरूरी छैन । राजनीतिक पार्टीले सत्ता वा आन्तरिक कमजोरीको कारण नै दुई जिब्रे हुन बाध्य भएका हुन् भने पनि उनीहरूले त्यो कुरा खुलस्त भन्नु पर्‍यो । नेपाली कांग्रेस किन संविधान सभाको समर्थन वा विरोधमा छ ? एमाले किन समर्थन वा विरोधमा छ ? अरू पार्टीहरू पनि किन समर्थन वा विरोधमा छन् ? यी प्रश्नहरूको प्रष्ट जवाफ सार्वजनिक हुनुपर्‍यो । संविधान सभाको एजेण्डामा सबै राजनीतिक दलहरूले आ-आफ्नो दलगत धारणा प्रष्ट पार्नुपर्‍यो । अब संविधान सभाको बारेमा माछो माछो भ्यागुतो गर्ने कुरै छैन ।

संविधान सभाका निम्ति थुप्रै औचित्य होलान् । तर मैले अहिले मुख्यतः पाँचवटा औचित्य देखेको छु । एउटा, आश्विन १८ गते अघि र पछि राजा र राजनीतिक दलहरूले जे गरे त्यसले संविधान सभाको औचित्यलाई झन् पुष्टि गरेको छ । हामीले अग्रगामी यात्रा गर्नुपर्छ । तर आश्विन १८ गतेको राजाको शाही घोषणाबाट प्रष्ट अभिव्यक्त भएको प्रामाणिक कुरा के हो भने त्यो अग्रगमनको प्रस्थानविन्दु होइन । आश्विन १८ गते अघि र पछिका क्रियाकलापहरूलाई आश्विन १८ गतेको शाही घोषणाको परिप्रेक्ष्यमा हेर्नुपर्दछ । आश्विन १८ गतेको शाही घोषणापछि नेपालका राजनीतिक दल वा शक्तिहरूको मानसिक अवस्था पनि झन् छर्लङ्ग भएको छ । त्यसले ती शक्तिहरूको क्षमता, परिपक्वता, सामर्थ्य, कमजोरी, सामान्य विषयमा पनि मतैक्यता होइन, अनेकताद्वारा सिर्जित त्रुटीहरू सबै प्रष्ट पारेको छ । समग्रमा यिनै सबै कारणबाट आश्विन १८ गतेको शाही घोषणाले २०४६/४७ को जनआन्दोलनको बडापत्रलाई भंग गर्न पुगेको छ । बडापत्र भंग भएको कुरा १८ गतेको शाही घोषणा र त्यस अघि पछिका सत्तारूढ दल, प्रतिपक्ष र अन्य दलहरूको क्रियाकलापबाट अझ राम्ररी व्यक्त भएको छ ।

०४६ साल चैत्र २६ गते श्री ५ वीरेन्द्रको टेबुलमा गणेशमानजी र अरू आन्दोलनकारी नेताहरू बसेर एउटा सहमतिमा पुगेका थिए । त्यही सहमतिको आधारविन्दुको परिधिभित्र संविधान निर्माण भएर ०४७ कार्तिक २३ गते घोषणा भएथ्यो । त्यसलाई मैले ०४६/४७ को बडापत्र भनेको हुँ । त्यो बडापत्र राजाबाटै जारी भएको संविधान हो । आश्विन १८ गतेको शाही घोषणाबाट त्यो बडापत्र भंग भयो । आश्विन १८ गते बडापत्र भंग हुने श्रृङ्खलाको चरमोत्कर्षको दिन हो ।

तेस्रो कुरा के हो भने कुनै पनि देशमा द्वन्दहरू हुन्छन्, वाद-विवादहरू हुन्छन् । सहमति असहमतिहरू हुन्छन् । जीवन्त राष्ट्रमा त्यस्तो हुन्छ । तर तिनले रक्तपात र गृहयुद्धको रूप लिन्छन् र एउटा नागरिकले अर्कोलाई मार्ने क्रम चलिरहन्छ भने गम्भीरता साथ लिनै पर्दछ । एउटा परिपक्वताको अवस्थामा पुगेको राज्यले आन्तरिक कारणले पारस्पारिक काटमार र हिंसा गर्दैगर्दैन, बाह्य कारणले पनि आन्तरिक कमजोरी नभई राज्यहरूमाथि हिंसा थोपरिंदैन । तर हामीले नेपालमा त यहाँको हिंसात्मक अवस्था कति आन्तरिक र कति बाह्य कारणले भएको हो भनेर छुट्याउनै सकेका छैनौं । तैपनि चरम हिंसात्मक अवस्थाचाहिँ विद्यमान भएकै छ । हामीले एउटा सभ्य, शिष्ट र आधुनिक राज्यको नाताले अहिलेको हिंसा प्रतिहिंसालाई बन्दूककै भरमा मानिस मारेरै समाप्त गर्ने त ? यो प्रश्न बलियोसँग उपस्थित छ । त्यसको निम्ति समयमै द्वन्दको मनासिव निदान गर्नु आवश्यक छ । त्यसको निदानको निम्ति नै संविधान सभामा केन्द्रित हुनु परेको छ । आफ्ना सबै सवाल जनताले आफैं बसेर आफ्नो संविधान सभामार्फत् निक्यौंल गरून् । द्वन्द र हिंसा बन्द गर्ने योभन्दा उपयुक्त तथा जनतान्त्रिक माध्यम के होला ? अर्को छैन ।

चौथो कुरा, संविधान सभाप्रति हाम्रो ऐतिहासिक प्रतिवद्धता पनि छ । २००७ सालमा श्री ५ त्रिभुवनले संविधान सभाको निम्ति गरेको सहमति र घोषणा जेठो बडापत्र हो । त्यसको कार्यान्वियन कहिल्यै भएन । त्यो ऐतिहासिक प्रतिवद्धता हामीले पूरा नगरेरै बस्यौं । त्यसरी इतिहासको एउटा ऋण हामीले बोकेर आएका छौं । त्यसकै कारण आज ५० वर्ष नाघ्दा पनि हाम्रो नेपालमा अधिकारको नयाँ नयाँभन्दा पनि पुरानै लडाई चलिरहेको छ । राजाले २०५९ सालमा आएर पनि 'मलाई अधिकार पुगेन, मै अधिकार प्रयोग गर्छु' भन्न सकेका छन् । राजा र जनताबीच अधिकारको खोसाखोस जारी छ । राजाले गल्ती गर्नु हुन्न भनिन्छ तर गल्ती नै भए पनि म आफैं अधिकार प्रयोग गर्छु भन्ने आशय प्रकट गरी आश्विन १८ गते ०४७ सालको संविधानले नदिएको अधिकार लिने काम भएको छ । मलाई लाग्छ- हाम्रो राष्ट्रले आफ्नो गन्तव्य निर्धारण गर्न नसक्नुका मुख्य कारण यहाँ अधिकारको निम्ति नयाँभन्दा सत्ता लिप्साद्वारा प्रेरित पुरानो खालको लडाईं चलिरहेरै हो । ००७ सालदेखि अहिले ०५९ सालसम्म पनि निरन्तर जनता र राजाबीचको अधिकार दुवैथरिलाई चित्तबुझ्ने किसिमले अन्तिम रूपमा निर्धारण भएनछ । हामीले ०४७ सालमा त्यस्तो अधिकार निर्धारण भएको छ भन्ने सोच्यौं, तर भएको रहेनछ । त्यस्तो भएको भए आश्विन १८ गतेको जस्तो शाही घोषणा हुनै पर्ने थिएन ।

पाँचौं कुरा, संविधान सभाले आधारभूत बूँदाहरू तय गर्ने हुनाले पनि त्यसको व्यवस्था हुनु जरूरी छ । संविधान सभाले मूल रूपमा तीनवटा बूँदाहरू तय गर्ला भन्ने

**संविधान सभाका निम्ति थुप्रै औचित्य होलान् । तर मैले अहिले मुख्यतः पाँचवटा औचित्य देखेको छु ।**

मैले विश्वास गरेको छु । एउटा, राजाको स्थान र भूमिका त्यसले निरूपण गर्नु पर्नेछ । दोस्रो, त्यसले जनताको अधिकारको अधिकाधिक बन्दोबस्त गर्नु पर्नेछ । तेस्रो कुरा, नेपालको विदेश सम्बन्धबारे निश्चित कुराहरू तय गर्नु पर्नेछ ।

नेपालको भूराजनीतिक अवस्थाले गर्दा यसको विदेशसँगको सम्बन्ध बडो जटिल तथा जवाफदेहीपूर्ण छ । हामीले माने पनि नमाने पनि त्यसको प्रभाव हामीमाथि धेरै परिरहेको छ । राष्ट्रका रूपमा हाम्रो विकास र लोकतन्त्रमाथि पनि पार्नुसम्म प्रभाव पारिरहेको छ । संविधान निर्माणको बेला पर्याप्त छलफल हुनुपर्ने विषयमध्ये एउटा यो विषय पनि हो । खासगरी छरछिमेकीहरूसँगको र त्यसमा पनि भारतसँगको सम्बन्धबारे छलफल हुन जरूरी छ । संविधान सभाले कमसेकम मैले माथि उल्लेख गरेका यी तीनवटा बूँदाहरू छिनोफानो गर्ला भन्ने विश्वास गर्न सकिन्छ ।

त्यसैले अब संविधान सभा किन चाहिएको छ भन्ने प्रश्नबारे सबैले आ-आफ्नो तहबाट बहसका लागि विचार सार्वजनिक गर्नु अपिरिहार्य छ । सार्वभौमसत्ता जनतामा छ भनेर हामीले भन्यौं, तर त्यो ममा छ भनेर राजाले द्वन्दको स्थिति ल्याइदिए । मुलुकमा एउटा द्वन्द माओवादीले गर्दा आएको थियो भने अहिले अर्को द्वन्द राजाले ल्याइदिए । दुवै प्रकारले आएका द्वन्दहरूको निदानको निम्ति पनि संविधान सभा नै आवश्यक छ । द्वन्दको शान्तिपूर्ण निवारण र मतमतान्तरको निरूपणको अर्को केही उपाय छैन । तसर्थ संविधान सभामात्र आजका संकटहरूको सर्वोत्तम निकास हो । नेपाल र आफ्नो राम्रो भविष्यको कामना गर्ने सबैले संविधान सभाको पक्षमा छिटोभन्दा छिटो जनमत बनाएर यतिञ्जेलसम्मको अधिकार र भूमिकाको लडाईंलाई निर्क्योलमा पुऱ्याउन सकेमात्र आजको जीवन मरणको धरापबाट हामी मुक्त हुन सक्नेछौं । हाम्रो मुक्तिको एकमात्र बाटो यही हो । ❑

गोविन्द वर्तमानसँगको वार्तामा आधारित


विजया दशमी २०५९ तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त ग्राहकवर्ग तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल आयल निगम लि.

विजया दशमी तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय

एन.आई.सी. बिल्डीङ्ग, कमलादी, काठमाण्डौ

पो.ब.नं. ३६२३, फोन नं. २४५५६५, २४५५६८, २२१३५३, २२८६९० फ्याक्स नं ९७७-१-२२५४४६

इमेल : nic@wlink.com.np

वेभ पेज : http://www.yomari.com/nico

विजया दशमी तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त उद्योग व्यवसायी तथा ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्दुशंकर चिनी उद्योग परिवार



# के संविधानसभा बाहेक अर्को विकल्प छ ?

■ विश्वनाथ उपाध्याय (पूर्व प्रधान न्यायाधीश)

**संविधान भत्काउने काम विगतमा दरवार र नेताहरू दुवैबाट भए । यस कुरामा दरवार र नेताहरूले 'तैं चूप, मै चुप' को नीति अपनाए ।**

**+ तपाई वर्तमान संविधानको निर्माता हुनुहुन्छ, जुन ढंगले असोज १८ गते शाही घोषणा भयो र नयाँ मन्त्रीपरिषद्को गठन भयो, त्यसलाई तपाईले कसरी हेरिरहनुभएको छ ?**

- अहिलेको यो परिस्थिति आउनुमा राजनैतिक दलहरू तथा नेताहरूको ठूलो भूमिका छ भन्ने कुरा मैले पटक पटक भनिरहेको छु । उनीहरूको व्यक्तिगत महत्वाकांक्षा, उनीहरूमा व्याप्त सत्तालिप्सा र पैसा कमाउने चाहना आदिले गर्दा राजनीति सारै उदेकलाग्दो र घृणित हुँदै गयो । यसले गर्दा जनतामा ठूलो वितृष्णा आएको छ । जनताको यो वितृष्णाले गर्दा हिजोका प्रतिगामी शक्तिहरूमा ०४६ सालको उपलब्धिलाई नष्ट गर्न सक्छौं भन्ने कुरामा हौसला बढेको छ । त्यसको लागि उनीहरूले राजालाई गुहार गर्ने काम पनि गरे । तर हामीलाई यसरी यति चाँडै देश प्रतिगमनतिर जान्छजस्तो लागेको थिएन । यसरी देश प्रतिगमनतिर जाँदा यो देश र जनताको हितमा त छैन नै, तर यो राजाको हितमा पनि छैन भन्ने मलाई लाग्छ । किनभने संविधान बमोजिमको व्यवस्था चलाउन मात्र सजिलो हुन्छ । त्यसमा केही विशेष प्रयत्न गर्नुपर्दैन, त्यो आफै चल्दै जान्छ । संविधानलाई भत्काएर कुनै व्यवस्था चलाउन खोजियो भने त्यस व्यवस्थालाई टिकाइराख्न र जायज ठहऱ्याउनको लागि ठूलो शक्ति र स्रोत खर्च गर्नुपर्ने हुन्छ । विकृत, प्रतिगामी व्यवस्थालाई सुचारू ढंगले चलाउन सकिंदैन ।

अहिले जुन घोषणा आएको छ, त्यो पूर्ण रूपले संविधान विपरीत छ । संविधानको धारा २७ (३) कै कुरा गर्ने हो भने त्यसले श्री ५ महाराजाधिराजबाट संविधानको पालना र संरक्षण गरिने व्यवस्था गरेको छ । तर संरक्षणको नाममा राजा आफैंले सबै अधिकार ग्रहण गर्नसक्ने हक पनि राजा स्वयंमा निहीत छ भन्ने गलत अर्थ लगाइयो । त्यो होइन, राजाले गर्ने संरक्षण भनेको संविधान बमोजिम कार्य गर्नु र त्यसको पालन गर्नु हो । जस्तो, राजाले मन्त्रिपरिषद्को सिफारिसअनुसार कार्य गरिबक्स्यो भने त्यही नै राजाले गरेको संरक्षण हुन्छ ।

अरू संसदीय व्यवस्था भएका भारत, जर्मनीजस्ता देशहरूमा प्रधान न्यायाधीशले राष्ट्रपतिलाई सपथग्रहण गराउँछ- म संविधानको संरक्षण र पालना गर्छु भन्ने व्यहोराको । हाम्रोजस्तो राजतन्त्रात्मक मुलुकमा उत्तराधिकारको क्रमले जाने भएकोले त्यस्तो शपथग्रहण गराउने कुरा हुँदैन । त्यसैको सट्टामा संविधानमा २७ (३) धारा राखिएको हो । वास्तवमा राजाले पनि संविधान पालना गर्नुपर्छ र संविधान नै सर्वोपरि हो भन्ने कुरा स्थापित गर्नको लागि नै यो धारा राखिएको हो । यो दफाको प्रयोग गरेर संविधानकै थिचोमिचो गर्नका लागि यो दफा राखिएको कदापि होइन ।

त्यस्तै गरेर संविधानको धारा १२७ को प्रयोगको उद्देश्य हो- तत्कालै आएको बाधा अड्काउ फुकाउनु र संविधानलाई फेरि सुचारू रूपमा संचालन गराउनु । अहिले आएको बाधा अड्काउ भनेको प्रधानमन्त्री शेरबहादुर देउवाले निर्धारित मितिमा निर्वाचन गराउन सक्दिंन भन्नु हो । त्यो बाधा अड्काउ साँच्चै नै आएको हो भने त्यो बाधा अड्काउ फुकाउने दुईवटा उपाय छन् : एउटा- निर्वाचनको मितिलाई २/४ महिना पछि सार्नु । अर्को- निर्वाचन नै गर्न नपर्ने गरी संसदलाई पुनर्स्थापना गर्नु । यसो गरेको भए तत्काल नै बाधा अड्काउ फुक्थ्यो । राजाको आदेश- संविधानको धारा ५३ (४) को कार्यान्वियन अर्थात् संसद विघटन भएर चुनावको तिथिको घोषणामा आएको बाधा अड्काउ फुकाउने कुरासित मात्र सम्बन्धित हुनुपर्थ्यो ।

**राजाले गर्ने संरक्षण भनेको संविधान बमोजिम कार्य गर्नु र त्यसको पालन गर्नु हो । जस्तो, राजाले मन्त्रिपरिषद्को सिफारिसअनुसार कार्य गरिबक्स्यो भने त्यही नै राजाले गरेको संरक्षण हुन्छ ।**

अहिले त धारा १२७ को नाममा नयाँ सरकार गठन भयो । तर त्यसबाट तोकिएको मितिमा निर्वाचन हुनुपर्ने धारा ५३ (४) को बाधा अड्काउ चाहिं फुकेन । त्यसैले घोषणा धारा ५३ (४) को बाधा अड्काउ फुकाउन धारा १२७ को जुन प्रयोग गरियो, ती दुईवटाको बीचमा कुनै सम्बन्ध नै छैन । यो मन्त्रीमण्डलले माओवादीसँग वार्ता गरेर चुनाव सम्पन्न गराउने भन्ने जुन कुरा छ, त्यसबाट त बाधा अड्काउ नै फुकेन नि । त्यसैले मेरो विचारमा अहिले चालिएका कदमहरू पूर्ण रूपमा असवैधानिक छन् ।

०४६ सालमा राजा र जनताको बीचको समझदारीबाट बनेको संविधानले 'अबदेखि देशको सार्वभौमसत्ता जनतामा निहीत हुन्छ र त्यो सार्वभौमसत्ताको प्रयोग यही संविधान बमोजिम मात्र हुनेछ' भन्ने कुरा जोड दिएको छ । तर घोषणामा सार्वभौमसत्ता आफूमा निहीत भएको दावी गरिएको छ । यसो गर्नु त संवैधानिक भएन नि ?

**+ 'प्रधानमन्त्रीले गैरसम्वैधानिक सिफारिस गरेकोले दरवारले यस्तो गर्नु परेको' भन्ने कुरा अहिले व्यापक रूपमा आएको छ, यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ?**

- प्रधानमन्त्रीको सिफारिस गैर-सम्वैधानिक

भन्न मलाई त गाह्रो छ । संकटकाल भएको बेलामा संसद विघटन गरेर चुनाव गराउने सिफारिस प्रधानमन्त्रीले गरेका थिए । त्यो सिफारिस उपयुक्त थियो कि थिएन भनेर त्यही बेलामा राजाले विचार गर्नुपर्थ्यो । संसद विघटनसम्बन्धी प्रधानमन्त्रीको सिफारिस उपयुक्त भएन भने राजालाई अस्वीकार गर्ने अधिकार संविधानमा छ । त्यसैले यो सवालमा संविधानमा- 'गर्न सकिबक्सेछ' भन्ने भाषा प्रयोग भएको छ । अरूमा गरिबक्सने छ भन्ने भाषाको प्रयोग छ । यो भाषा जानी बुझिकन राखिएको हो । त्यसैले राजाले यस कुरामा चुनाव हुनसक्ने स्थिति छ कि छैन ? चुनाव हुन सक्दैन भने कसरी संसद विघटन गर्ने भन्ने कुराको विचार गर्नपर्थ्यो । किनकि, संकटकालमा म्याद सकिए पनि एक वर्ष संसदलाई लम्ब्याउन सक्नेसमेत प्रावधान छ । यी सबै कुराको विचार गरेर राजाले प्रधानमन्त्रीको संसद विघटन गर्ने सिफारिसलाई स्वीकृत गर्नुपर्थ्यो । तर विनासोचविचार रिफारिस गरेकै राती १०/११ बजे कसैलाई थाहा नदिइकन नै एक्कासी राजाले संसद विघटनको घोषणा गरे ।

संसद विघटनको स्वाभाविक परिणति आम निर्वाचन हो । यदि परिणति घटित हुन संभव छैन भने संसद विघटन गर्न पाइदैन । यहाँ त कस्तो भयो भने, प्रधानमन्त्रीले विचारै नगरिकन संसद विघटनको सिफारिस गरे । राजाले पनि विचारै नपुऱ्याइकन त्यसलाई स्वीकृत गरे । त्यसलाई सर्वोच्च अदालतले करेक्सन गर्न सक्थ्यो । अहिले निर्वाचन हुने अवस्था छैन, जनताको ज्यूज्यानको सुरक्षा छैन, यस्तो अवस्थामा निर्विघ्न रूपमा निर्वाचन हुन सक्दैन भनेर भन्न सक्थ्यो । तर अदालतले त्यसको उल्टो संकटकालमा पनि निर्वाचन हुनसक्छ भनेर भनिदियो ।

त्यसैले यी सबै परिप्रेक्ष्यमा शेरबहादुरले चुनाव पछि सार्ने जुन सिफारिस गरे, त्यो मलाई असंवैधानिक चाहिँ लाग्दैन । चुनाव एक वर्षपछि सार्नु अनुपयुक्त भने अवश्य थियो । निर्वाचन एक वर्षको लागि पछि सार्ने जुन सिफारिस प्रधानमन्त्रीले गरे, त्यो सान्दर्भिक थियो कि थिएन, त्यो राजाले विचार गर्नुपर्थ्यो । विचार गर्न सकिन्थ्यो पनि । तर सिफारिस नै असंवैधानिक हो भनेर म भन्न सक्दिँन । राजालाई शेरबहादुरको सिफारिस असम्वैधानिक लागेको भए संविधानबमोजिम हुनुपर्ने चुनाव हुनुपर्छ भनेर त्यसलाई रिजेक्ट गर्न सकिन्थ्यो । अथवा त्यो सिफारिस तर्कसम्मत भएन फेरि विचार गर भनेर फिर्ता पठाइएको भए पनि हुन्थ्यो । त्यसैले, प्रधानमन्त्री शेरबहादुरको चुनावको मिति १ वर्ष बढाउने सिफारिस अनुचित छ र उपयुक्त पनि छैन, तर त्यो असवैधानिक चाहिँ होइन ।

**+ अहिले जुन किसिमले देश प्रतिकूल स्थितिमा पुगेको छ, अझै पनि ०४६ सालको उपलब्धि संविधानलाई बचाउने कुनै सम्वैधानिक निकास छ ?**

- संविधानलाई बचाउने हो भने त राजाले जति कदम उठाउनु भएको छ, त्यसबाट उहाँ पछि हट्नु पऱ्यो । त्यो हट्ने कुरा हामीले भनेर मात्र हुँदैन । मौसूफ आफैंले विचार गर्नुपऱ्यो । अहिले पनि संविधानको धारा १२७ को प्रयोग गरेर राजाले फेरि संसद पुनर्स्थापना गरिबक्स्यो भने संविधान स्वतः आफैं संचालित हुन्छ । बरू संसद पुनर्स्थापना भए पनि निर्वाचन गराउनसक्ने स्थिति आएमा पार्टीहरू मिलेर निर्वाचन गराउन सकिन्छ । संसद पुनर्स्थापना भयो भने पनि निर्वाचन गराउन कुनै बाधा अड्काउ हुँदैन । त्यसैले देशमा नर्मल स्थिति आएपछि संसदको अवधि बाँकी भए पनि हामी निर्वाचनमा जाने, त्यो बेलासम्म सबै दल मिलेर सरकार गठन गर्ने भन्ने सहमति कायम गरेर संसद पुनर्स्थापना गऱ्यो भने कसैलाई कुनै आपत्ति होलाजस्तो मलाई लाग्दैन ।

**+ तर अहिले जति कुराहरू राजाबाट घोषणा भइसकेको छ, त्यसलाई फिर्ता गरेर संसद पुनर्स्थापना गर्न संभव होला त ?**

- होइन, ती घोषणाहरू सबै फिर्ता गरें भनेर राजाले घोषणा गर्नु पर्दैन । खालि 'संविधानको धारा १२७ प्रयोग गरेर मैले संसद फेरि पुनर्स्थापना गरिदिएँ' भनेर घोषणा गरिदिइबक्से पुग्छ । अरू कुनै कुरा भनिबक्सनै पर्दैन । अरू कुरा स्वतः क्रियाशील हुँदैजान्छ । संसद पुनर्स्थापना भएपछि स्वतः त्यसैले प्रधानमन्त्री छान्छ । लोकेन्द्रबहादुर चन्द सांसद भए उहाँ आफै पनि प्रधानमन्त्री छानिन सक्नुहुन्छ ।

**+ अहिले एकजना पदासीन मन्त्रीबाटै यो संविधान कागजको खोस्टो भइसक्यो भनेर सार्वजनिक रूपमा भनिएको छ । त्यस सन्दर्भमा यदि यस्तो हो भने संविधान सभाको बाटोबाहेक अरू कुनै बाटो छैन भनी तपाइँले भन्नुभएको कुरा पत्रिकाहरूमा आएका छन् । वास्तवमा के भन्न खोज्नुभएको हो, स्पष्ट पारिदिनु हुन्छ कि ?**

- मन्त्रीले त संविधान कागजको खोस्टो हो भनेर प्रष्टै भनिसके । मलाई के लाग्छ भने, यथार्थमा अहिलेको मन्त्रीपरिषद् भनेकै वास्तवमा संविधानलाई कागजको खोस्टो बनाउनको लागि आएको एउटा शिखण्डी मन्त्रीपरिषद हो । त्यसैले यस मन्त्रीपरिषदका मन्त्रीहरूले यो कुरा भन्नु ठूलो कुरा होइन । मुख्य कुरो यो शाही घोषणाले 'सार्वभौमसत्ता ममा निहित छ' भनेपछि त संविधान त बाँकी नै रहेन । संविधान भनेको एउटा सर्वोच्च कानून हो । त्यसको सर्वोच्चता कायम नभएपछि त बाँकी रहँदैन ।

**+ देशमा १२ वर्षमै अहिलेको स्थिति आउनुमा भएको त्रुटी र गल्तीको जरो कारण के ठान्नुहुन्छ तपाई ?**

- जरो कारण खोज्दै जाँदा घुमिफिरी पार्टीहरूमै आइपुगिन्छ । पार्टीका नेताहरूले आफ्नो स्वार्थपूर्तिको लागि आफूलाई सत्तामा टिकाइराख्न संविधानको मूल्यलाई नै तोडमरोड गरे । त्यसो गरेको बेलामा दरवारले नेताहरूलाई चेतावनी दिएर संविधानको मूल्यलाई कायम राख्न सक्थ्यो । तर दरवारले त्यस्तो दृष्टिकोण अप्नाएन । बरू उल्टो, दरवार आफैंले बेला मौकामा विस्तारै शक्ति हासिल गर्ने काम गर्न थाल्यो । जस्तो, राष्ट्रिय सभाका सदस्यहरू आफैं मनोनित गर्ने, राजपरिषद्का सदस्यहरूको मनोनय पनि आफैं गर्ने, राजदूतको नियुक्ति आफैं गर्ने, तक्मा आफैं बाँड्ने । यी सबै कामहरू मन्त्रीपरिषद्को सिफारिसबाट मात्र राजाले गर्नुपर्थ्यो । तर राजाले यी कामहरू मन्त्रीपरिषद्को सिफारिसविना नै गर्न थाले र संविधानको धारा ३५ (२) जुन एकमात्र धारा हो, जसले राजालाई संविधानभित्र राख्ने प्रावधान बोकेको छ, त्यसलाई निस्क्रिय पार्दै लगियो । त्यसमा नेताहरूले पनि वास्ता गरेनन् । किनभने, नेताहरू आफैं पनि संविधानलाई भत्काएर आफूहरू सत्तामा टिकिरहनु परेको थियो । यसरी संविधान भत्काउने काम विगतमा दरवार र नेताहरू दुवैबाट भए । यस कुरामा दरवार र नेताहरूले 'तैं चूप, मैं चुप' को नीति अपनाए । यसरी विस्तार विस्तारै पहिले संविधानको हात काटियो, फेरि खुट्टा काटियो र शरीरलाई बुच्चो बनाइयो । अहिले आएर त्यही बुच्चो भएको शरीरको पनि घाँटी नै छिनालियो । □

**प्रधानमन्त्री शेरबहादुरको चुनावको मिति १ वर्ष बढाउने सिफारिस अनुचित छ र उपयुक्त पनि छैन, तर त्यो असंवैधानिक चाहिँ होइन ।**

संविधान गइगयो नि ।

अब पनि हामीले यस्तै भन्दै जाने हो, यस्तै क्रियाकलाप गर्दै जाने हो भने यो संविधानको प्रभावकारिता र क्रियाशीलता हराउँछ । यो मृत हुन्छ । त्यो स्थितिमा देशमा एउटा संविधान त चाहिन्छ नै अनि कसले संविधान बनाउने त ? अहिलेको जमानामा संविधान बनाउने भनेको त व्यक्तिले होइन, कुनै संस्थाले बनाउनुपऱ्यो । त्यो संस्था भनेको स्वाभाविक रूपमा संविधान सभा हो । त्यस हिसावमा मैले संविधान सभाको कुरा उठाएको हुँ । किनभने, यसरी विद्यमान संविधानलाई तिरस्कृत गर्दै जाने हो, भत्काउँदै जाने हो र कागजको खोस्टो बनाउँदै जाने हो भने नयाँ संविधान निर्माणका निम्ति संविधान सभा बाहेक अर्को विकल्प पनि त

# संविधान सभासँग केको डर ?

पीताम्बर शर्मा

## आश्विन १८ : प्रतिक्रिया र संभावना



### आश्विन १८

आश्विन १८, २०५९ मा 'असक्षम प्रधानमन्त्री' शेरबहादुर देउवाको राजाबाट गरिएको बर्खास्तगी र आश्विन २५ मा राजाप्रति उत्तरदायी पंचायत शैलीको मन्त्रिमण्डलको निर्माणले २०४७ को नेपालको सम्विधान र त्यसले थालेको सम्वैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको अभ्यासमाथि पूर्णविराम लगाइदियो । सम्वैधानिक राजतन्त्र रातारात सक्रिय राजतन्त्रमा रूपान्तरित भयो । देशको शासन संचालनमा राजनैतिक दलहरू असान्दर्भिक भए । प्रतिगमनको सम्भावना यथार्थमा बदलियो । कतिले २०१७ साल सम्झे, कतिले २०४६ । १८ आश्विनको घटनाका सूत्रधार, उक्स्याउने जोसुकै भए पनि, प्रमुख राजनैतिक दलहरू नै हुन्, त्यसमा कुनै शंका छैन । तर राजनैतिक दलहरू सम्वैधानिक परिधिभित्र बसेनन् भन्ने नैतिक अधिकार आफैं सो परिधिभित्र रहनेलाई मात्रै हुन्छ, सम्वैधानिक मर्यादाहरू नाघेर त्यो तर्क गर्न मिल्दैन ।"Two wrongs do not make a right" अर्थात् दुईवटा गल्तीले एउटा ठीक हुँदैन ।

### प्रतिक्रिया

आश्विन १८ पछिका घटनाक्रमले नेपालको राजनैतिक वृत्तमा तीन प्रकारका प्रतिक्रियालाई जन्म दिएको देखिन्छ ।

पहिलो प्रतिक्रिया- राजाले ठीकै गरे । राजनैतिक दलहरूबाट उत्तरदायित्वको बोध नदेखिएपछि राजाबाट 'जनताको सर्वोत्तम हित र समुन्नतिका लागि' कार्यकारी अधिकार आफूमा निहीत गराउनु स्वाभाविकै हो । यो कदम भ्रष्टाचार र कुशासनबाट राष्ट्रलाई सुधार्ने मौका हो । राजाको नियतमाथि शंका गर्नुहुन्न । झगडालु बालकबाट खोसिएको खेलौनाजस्तै कालान्तरमा प्रजातान्त्रिक अधिकार फिर्ता गरिनेछ आदि । यो प्रतिक्रिया मूलतः पूर्व पंचहरू, पंचायत राजमा उच्च ओहदामा आसिन, तर हाल आफ्नो सन्दर्भ गुमाएका, अनि सक्रिय राजतन्त्रका हिमायतीहरूको हो । बाह्र वर्षयता देखिएको सत्ता र सुविधाभोगका निम्ति दलीय हान-थाप, भ्रष्टाचार र आतंकबाट दिक्क भएका मूक दर्शकहरूको ठूलै हिस्सा पनि यो जमातमा पर्छन् । यी मूक दर्शकहरू संधै कालो बादलमा चाँदीको घेरा देख्न खोज्छन् । छोटो स्मृतिका कारण धेरैपछि मात्र यिनीहरूले बुझ्छन् कि त्यो चाँदीको घेरा उनीहरूको प्रवल चाहनाले उब्जाएको भ्रान्तिमात्र हो ।

दोस्रो प्रतिक्रियाले भन्छ : शाही कदम २०४६ सालको जन आन्दोलनका उपलब्धिहरूमाथिको सांघातिक प्रहार हो । सक्रिय राजतन्त्रले बहुदलीय प्रजातन्त्रको संरक्षण गर्ने कुरा आफैंमा एउटा विरोधाभाषपूर्ण व्यंग्य हो । ०४७ को संविधान मृतप्रायः भइसक्यो । जनतालाई अरूले स्वतन्त्र र सार्वभौम बनाउने होइन, जनता स्वयंले फेरि सो काम गर्नुपर्छ । यो प्रतिक्रियामा अर्को जन आन्दोलनको अपेक्षा लुकेको छ । राजनैतिक दलहरूले आफूलाई पुनर्शुद्धिको बाटोतिर लगाउनुपर्ने आसय लुकेको छ । यो प्रतिक्रिया उदार प्रजातन्त्रवादीदेखि लिएर उग्र-वामपन्थी तप्कासम्मको एउटा व्यापक सचेत समूहको हो । २०४७ को सम्विधानसँगै असन्तुष्ट माओवादीहरूलाई नगन्ने हो भने यो प्रतिक्रिया जनाधार कम भएका स-साना वामपन्थी दलहरूबाहेक खासै दल विशेषसँगै पनि सम्वद्ध छैन । नेपाली कांग्रेसलाई भोट खसाल्नेदेखि लिएर एमाले समर्थकसम्म व्यक्तिगत तहमा यो प्रतिक्रियामा सामेल भएको आभास मिल्छ ।

तेस्रो प्रतिक्रिया चाहिँ दलीय व्यवस्थामा स्थानीय प्रमुख राजनैतिक दल, मुख्यतः कांग्रेस र एमालेको हो । उनीहरूको बदलिँदो विचारमा शाही कदम प्रतिगामी र असम्वैधानिक त हो, तर समय अझै भिड्किसकेको छैन । राजा सम्वैधानिक प्रक्रियाभित्र आउन सक्ने बाटाहरू अझै खुला छन् । आवेशमा आएर राजासँग द्वन्द बढाउनु देशका लागि हितकर हुँदैन । 'हामी प्रतिक्षारत छौं र रहनेछौं' । राजाबाट राजनैतिक दलहरूको सान्दर्भिकताको बोध हुनुपर्छ र हुन्छ भन्ने कुरामा उनीहरू ढुक्क मात्र छैनन्, यथास्थितिमै आफ्नो सान्दर्भिकता खोज्न दिउँसै दीयो बाल्ने उपक्रमसमेत गर्दैछन् । विगत दुई हप्तामा व्यक्त उनीहरूको सापेक्षिक मौनता, धम्कीको स्वरसँग मिसिएको अनुनय, आफ्नो बदलिंदो सोचलाई युक्तिसंगत (rationalise) बनाउन खोज्ने प्रवृत्ति, सत्ताको मोह र लिप्साबाट जन्मेको एक-अर्काप्रति सशंकित मनस्थिति यो प्रतिक्रियाको परिचायक हो । सम्वैधानिक राजतन्त्रका पक्षमा क्षमायाचना गर्नसमेत उनीहरू तत्पर देखिन्छन् ।

> सम्वैधानिक राजतन्त्र रातारात सक्रिय राजतन्त्रमा रूपान्तरित भयो । देशको शासन संचालनमा राजनैतिक दलहरू असान्दर्भिक भए । प्रतिगमनको सम्भावना यथार्थमा बदलियो । कतिले २०१७ साल सम्झे, कतिले २०४६ ।

सर्वथा अनौठो र उदेकलाग्दो कुरा त के भने, जुन वस्तुगत तथ्यले गर्दा यो सब घटनाक्रम- संसद विघटन, संकटकालको विस्तार, चुनाव गर्न नसकिने स्थितिको 'बोध', धारा १२७ को 'गुहार', राजाबाट 'स्वयं प्रदत्त' कार्यकारी अधिकारको प्रयोग, देउवाको गलहत्याइँ, निर्दलीय 'स्वच्छ छवि' को मन्त्रिमण्डलको निर्माण, संविधानको चीर निद्रा- संभव भयो । त्यो वस्तुगत तथ्य राजासमेत नेपालका प्रमुख राजनैतिक शक्तिहरूका निम्ति अझै पनि अदृश्य छ । त्यो तथ्य भनेको माओवादी विद्रोह र त्यसका दुई रूप- हत्या, हिंसा र आतंकको समस्या र अन्तर्निहीत राजनैतिक, आर्थिक र सामाजिक

परिवर्तनको एजेण्डा हुन्, जसका कारण २०४७ को संविधानअन्तर्गतको आम चुनाव न हिजो संभव थियो, न भोलि होला । आश्विन १८ यता घटित घटनाक्रमका परिवेशमा माओवादी समस्यालाई कसरी सान्दर्भिक तुल्याउने, यो प्रश्न राजा र प्रमुख राजनैतिक दलहरूद्वारा अझै अनुत्तरित छ । माओवादी विद्रोहलाई २०४७ को संविधानअन्तर्गत साम्य पार्न सकिँदैन भन्ने कुराको साक्षी त विद्यमान अघोषित गृहयुद्ध र द्वैध आतंकको स्थिति हो ।

## सम्भावना

यो स्थितिमा संभावनाहरू के होलान् ?

**पहिलो संभावना** : असक्षम प्रधानमन्त्रीहरूको लाम । शान्ति सुरक्षाको कारणले चुनावको तिथि तोक्न नसकिने । माओवादीहरू वार्ताका निम्ति प्रस्तुत नहुने, प्रस्तुत हुने खण्डको निर्माण राजाबाट नहुने ।

**दोस्रो संभावना** : संसदको पुनर्स्थापना, जसको संभावना असाध्यै न्यून छ । यो क्षीण सम्भावना मूर्त भइहाल्यो भने सत्ताका लागि अंकको खेल पुनः शुरू हुनेछ । आश्विन १८ यता मुख्य राजनैतिक दलहरूबाट भएको प्रतिक्रियालाई हेर्दा विगतबाट उनीहरूले कुनै पनि पाठ सिकेका छैनन् । अथवा यसो भनौं- त्यस्तो पाठ सिक्न उनीहरूले आफूलाई असक्षम सावित गरिसकेका पो छन् कि !

**तेस्रो संभावना** : निःशर्त संविधान सभाका लागि सर्वपक्षीय सम्मेलन र कार्यकारी अधिकारसहितको अन्तरिम सरकार । यसले माओवादीको मागलाई सोझै सम्बोधन गर्छ । संविधान सभाका निम्ति यसरी चलाइने प्रक्रिया यथार्थको स्विकारोक्ति पनि हुनेछ । यो नै माओवादी विद्रोहको राजनैतिक समाधानका निम्ति सबैभन्दा स्पष्ट र मूर्त प्रयत्न हुनेछ । तर यसले राजा र राजनैतिक दलहरूबाट धेरै कुराहरूको अपेक्षासमेत गर्छ । अनिश्चयको पीर खप्न सबै राजनैतिक शक्तिहरू तयार पनि रहनुपर्छ । निःशर्त सम्बिधान सभाको अवधारणाप्रतिको समर्थन मात्रले पनि माओवादीसँग अर्थपूर्ण वार्ता गर्ने र संविधान सभाको निर्वाचनको ढाँचा (modality) सम्बन्धी सम्वादलाई अगाडि बढाउन मद्दत गर्नेछ । माओवादीलाई राजनैतिक मूल धारमा ल्याउन जनतामा जानु प्रजातान्त्रिक अभ्यास सिवाय अरू के हुनसक्छ ?

## निःशर्त संविधान सभासँग केको डर ?

स्वतन्त्र र सार्वभौम जनता नै अन्तिम र निर्णायक शक्ति हुन् भन्ने मान्यता नै प्रजातन्त्रको मूल मर्म हो । यस अर्थमा संविधान सभाको निर्वाचन जनता सार्वभौम सत्ता सम्पन्न हुनुको पूर्ण अभिव्यक्ति पनि हो । संविधान सभाको माध्यमबाट बन्ने संविधान जनताको अभिमतबाट बनेको वैध दस्तावेज हुनेछ । संविधान सभाले माओवादीहरूसँग राजनैतिक सम्वाद र सहकार्यको बाटो पनि प्रशस्त गर्छ । स्वस्थ राजनैतिक प्रतिस्पर्धामा उनीहरूलाई उतार्छ र उनीहरूको नियतलाई पनि सबैका सामु छर्लङ्ग पार्छ । संविधान सभाले थप दुई कुरा गर्नसमेत बाटो खोल्नेछ । पहिलो, बहुदलीय प्रजातन्त्रको अभ्यासका विकल्पहरूको लेखाजोखा गरी उपयुक्त मोडलको चयन गर्ने । दोस्रो, नेपालको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एकीकरणको असम्वैधानिक एजेण्डालाई पुनः सम्बोधन गर्ने अवसर पनि मिल्नेछ । साथै, राजतन्त्र, राज्यशक्तिको श्रोत र सन्चालनका सम्बन्धमा विद्यमान अस्पष्टताहरूलाई यो अभ्यासले सँधैका निम्ति अन्त्य गरिदिनेछ । जनताका प्रतिनिधि बन्ने आकांक्षा राख्ने राजनैतिक दलहरूलाई संविधान सभाको



*राजाद्वारा मनोनित वर्तमान नयाँ मन्त्रीमण्डल : जननिर्वाचित प्रधानमन्त्रीको नेतृत्वको मन्त्रीमण्डलको विकल्प ?*

निर्वाचनले आफ्ना स्पष्ट विचारहरू लिएर जनतामा जान उत्प्रेरित गर्नेछ । आफ्ना विचारहरू परिमार्जित गर्न मद्दत गर्नेछ । प्रतिगमनका विरूद्ध जनतालाई सुसूचित र सचेत तुल्याउने योभन्दा राम्रो मौका के पो होला ! अझ, यस्तो अभ्यासले त १२ वर्षयताको सत्ताको

> लोक सम्मतिको आफूलाई मिल्ने कोठे व्याख्या गर्ने परम्परालाई संविधान सभाको निर्वाचनले सधैंका निम्ति अन्त्य गरिदिनेछ । यो अन्त्य नेपालको प्रजातन्त्रका निम्ति नयाँ विहानी कसरी नहोला ?

हानथाप, भ्रष्टाचार र दिशाहीनताबाट क्षत-विक्षत राजनैतिक दलहरूको छविलाई पुनः शुद्धीकरण गर्न र खार्न आवश्यक मद्दत गर्ला । विगतमा भएका गल्ती र कमी-कमजोरीप्रति जनताका सामु नतमस्तक भएर क्षमायाचना गर्ने अवसर संविधान सभाको निर्वाचनले माओवादीसहित सबै राजनैतिक पक्षहरूलाई दिनेछ । देशको राजनीतिक, आर्थिक र सामाजिक अग्रगतिका निम्ति आवश्यक नीतिहरूलाई शासन प्रणालीसँग सान्दर्भिक तुल्याउन संविधान सभाको भूमिका अहम् हुने कुरा त छँदैछ ।

२००७ सालको अपूर्ण क्रान्तिदेखि नै उपेक्षित रहेको संविधान सभाको मागसँग 'लोक सम्मतिका' आधारमा 'जनताको सर्वोत्तम हित र समुन्नति चाहने' शक्तिहरू त झन् नतर्सिनुपर्ने हो, किनभने संविधान सभा र त्यसबाट निर्माण हुने संविधान नै लोक सम्मतिको सबैभन्दा अनुपम उदाहरण हुनेछ । लोक सम्मतिको आफूलाई मिल्ने कोठे व्याख्या गर्ने परम्परालाई संविधान सभाको निर्वाचनले सधैंका निम्ति अन्त्य गरिदिनेछ । यो अन्त्य नेपालको प्रजातन्त्रका निम्ति नयाँ विहानी कसरी नहोला ?

नत्र १८५ वर्षअघि अंग्रेजी कवि शेलीले भने जस्तै

"The trumpet of a prophesy !
O, wind,
If winter comes,
Can spring be far behind ?"

अर्थात्

**"भविष्यवाणीको एउटा विगुल,**
**ए बतास,**
**यदि शीत आउँछ भने,**
**के वसन्त टाढा होला ?"**

*- पी. वि. शेली*

# हाम्रो सांस्कृतिक यात्रा



- संस्कृति के हो ?
- संस्कृति र परिवर्तन
- सांस्कृतिक परिवर्तनका पाटाहरू
- संस्कृतिमा सामन्तवाद
- पूंजीवादी संस्कृति र सम्बद्ध पक्षहरू
- समाजवादी संस्कृति

डा. चैतन्य मिश्र

## संस्कृति के हो ?

संस्कृतिको सटीक परिभाषा गर्न सजिलो छैन । यसै कारणले अधिकांश संस्कृतिविद्हरूले संस्कृतिको परिभाषा अधिकांशतः अमूर्त, असंक्षिप्त रूपमा वा उदारहणको प्रयोगद्वारा दिने गरेका छन् । संस्कृतिको व्यापकता ठम्याउन कठिन भएर पनि होला, धेरै विज्ञहरूले संस्कृतिको साँघुरो परिभाषा अगाडि सार्ने गरेका छन् । यस परिभाषाअन्तर्गत संस्कृतिभित्र धर्म, संस्कार, चाडवाड, जात्रा आदिमात्र समावेश गरिएको पाइन्छ । यो संस्कृतिको पारम्पारिक परिभाषा हो । त्यसै गरेर अधिकांशतः पारम्पारिक मूल्य-मान्यतालाई मात्रै पनि संस्कृतिको रूपमा परिभाषा गर्ने गरेको पाइन्छ । त्यस्तै, उच्चवर्ग वा उच्च जातको भावना, आचार, विचार, आहार आदिलाई सुसंस्कृत ठान्ने र अरू वर्ग, जात आदिका विशिष्टतालाई संस्कृतिविहीन देख्ने परिपाटी पनि ज्यूँदो छ । दरबारी र अभिजात्य शैलीको "उच्च संस्कृतियुक्त" मूल्य-मान्यताका बारे बेलाबखत टिप्पणी हुने गरेको छ । त्यसै गरेर भाषालाई र जातजातीका चलन तथा रीति-रिवाजलाई संस्कृतिअन्तर्गत राख्ने गरिन्छ । साथै कला, नृत्य आदिलाई पनि संस्कृति अन्तर्गत राख्ने प्रचलन छ ।

आजकाल भने संस्कृतिको ब्यापक परिभाषा गर्ने परिपाटी सवल बन्दैछ । समाजलाई विभिन्न तरिकाले केलाउन, चिर्न सकिन्छ । समाजलाई केलाउने उपयुक्त तरिका के हो भन्ने प्रश्नसँग संस्कृतिको परिभाषा पनि सम्बन्धित छ । समाजमा व्यक्ति हुन्छ, परिवार हुन्छ, समुदाय हुन्छ, राष्ट्र हुन्छ, वर्ग हुन्छ र अन्य संगठनहरू हुन्छन्, यी सबै अंगहरूमा संस्कृति निहित हुन्छन् । समाजलाई केलाउने एउटा तरिका यो हो । त्यसपछि अर्को र खास गरेर वामपन्थी वृत्तमा बढी प्रचलित परंपरा यो हो- समाजका मुख्य पाटाहरू के के हुन् ? साधारणतया अर्थतन्त्र, राजनीति र संस्कृतिलाई समाजको मुख्य तीन पाटाहरू हुन् भनेर लिइन्छ । यो तरिकाअनुसार समाजलाई केलाउँदा राजनीति समाजको एउटा पाटो हो, अर्को पाटो अर्थतन्त्र हो र तेस्रो पाटो संस्कृति हो भनेर हेर्ने गरिन्छ । तर यसअन्तर्गत पनि संस्कृति भनेको चाहिँ के हो त भन्ने प्रश्न फेरि पनि उब्जिएर नै रहन्छ ।

हरेक समाजको हरेक इकाईमा अर्थात् व्यक्तिमा, परिवारमा, वर्ग, जात, लिङ्ग विशेषमा माथि भनिएका तीनै पाटाहरू, अर्थात्, अर्थतन्त्र, राजनीति र संस्कृतिको विशिष्ट सम्मिश्रण रहन्छ । कुनै एउटा त्यस्तो परिवार कल्पना गर्न सकिँदैन जसमा अर्थतन्त्र नभएको होस्, राजनीति नभएको होस् वा संस्कृति नभएको होस् । पारिवारिक तहको अर्थतन्त्र बुझ्न धेरै गाह्रो छैन, तर परिवारमा राजनीति कहाँ छ ? भन्ने प्रश्न बारम्बार गरिन्छ । राजनीतिको आजकालको विहङ्गम परिभाषाअन्तर्गत परिवारभित्र राजनीति कहाँ देख्ने त ? जब कि साधारणतया राजनीति भन्नेवित्तिकै देशको वा विदेशको, अन्तर्राष्ट्रिय तहको, स्थानीय सरकार वा केन्द्रीय वा दलीय प्रणालीको वृत्तभित्र मात्र राजनीति खोज्ने, देख्ने र बुझ्ने चलन छ । तर राजनीतिको बृहत परिभाषा अन्तर्गत राजनीति भनेको शक्तिसँग सम्बन्धित छ । त्यो शक्तिको चलखेलको थलो कुनै पनि सामाजिक इकाई हुनसक्छ । त्यसकारण कुनै परिवारभित्र राजनीति कहाँ छ भनेर खोज्दा त्यस परिवारभित्र शक्तिको बाँडफाँड कुन रूपले भएको छ भन्ने निक्यौंल गरिनु पर्छ । त्यहाँ बाउमा कति शक्ति छ, आमामा कति शक्ति छ, छोरामा कति र छोरीमा कति छ, दम्पतिमध्येमा शक्तिको बाँडफाँड र सन्तुलन के-कस्तो छ, र यी शक्तिहरूको समायोजक कसरी हुँदैछ र यो बीच के-कस्तो अन्तरविरोध छ, त्यसको निक्यौंल गरेपछि त्यस परिवारभित्रको राजनीतिको रेखांकन हुन्छ । परिवारका सदस्यहरूको सापेक्षिक शक्तिका क्षेत्रहरू भिन्न-भिन्न हुन सक्छन् । यसैगरी परिवारका सदस्यहरूको सापेक्षिक शक्तिका श्रोतहरू भिन्न-भिन्न हुन सक्छन् । यस्तो शक्ति परिवारभित्रबाट मात्र निःसृत नभई व्यापक आर्थिक, राजनैतिक र सांस्कृतिक संरचनाहरूमार्फत् निःसृत भएका हुन्छन् । अर्थात् परिवारभित्रको शक्ति विभाजनको जरो परिवारबाहिर र सामुदायिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय र विश्वतहको संरचनाहरूमा समेत आश्रित रहेको हुन्छ । यिनको विश्लेषणको दौरानमा नै परिवारभित्रको शक्ति संरचनाको व्याख्या र पुनर्रेखांकन गरिनुपर्ने हुन्छ ।

कुनै पनि सामाजिक इकाईलाई हामी यसरी नै चिरफार गर्न सक्छौं, चाहे त्यो बृहत्तर तहको इकाई होस् वा सानो तहको । यी हरेक तहहरूमा गरिने श्रम, सद्भाव र संघर्षको प्रणाली बन्ने सोचको खाका, संगठनको चरित्र आदिमा समेत संस्कृति निहित रहेको हुन्छ । हामी सोच्छौं, संगठित हुन्छौं, संघर्ष गर्छौं, सदभाव राख्छौं, काम गर्छौं, भन्नेमा संस्कृति झल्किन्छ । त्यसै गरेर कल्पना गर्ने र सपना देख्ने प्रक्रियाहरूमा समेत संस्कृति निहित छ । संस्कृतिविहिन तवरले सपनाको निर्माण हुँदैन । त्यस्तै, संस्कृतिविना कल्पना पनि हुँदैन, अर्थतन्त्र पनि हुँदैन । अर्थतन्त्र पनि एउटा खास सांस्कृतिक परिपाटी अन्तर्गत संचालित हुन्छ । र, अर्थतन्त्रमा आउने परिवर्तनले संस्कृतिको पुनर्निमार्ण गर्छ । संस्कृति र राजनीतिको सम्बन्ध पनि यसै किसिमले अन्योन्याश्रित हुन्छ ।

त्यसैगरी हामी एकआपसमा कुनै किसिमको र कसरी सम्बन्ध राख्छौं, कसरी संगठित हुन्छौं, घरभित्र र घर बाहिरका, आफ्नो जातभित्रका, लिङ्गभित्रका, वर्गभित्रका र त्यसभन्दा बाहिरका अन्य जात, भाषाभाषी, लिंङ्ग र वर्गका व्यक्ति, समूह र संगठनहरूसँग कस्तो किसिमको सम्बन्ध राख्छौं भन्ने कुरामा पनि संस्कृतिको झलक देखिन्छ । त्यस्तै, भाषा पनि संस्कृतियुक्त हुन्छ । उदाहरणको लागि, सर्वनामको प्रयोगमा नेपालीमा तँ, तिमी, तपाईं, हजूर भन्ने शब्दावलीले हाम्रो समाजमा रहेको सघन असमानतायुक्त संस्कृतिलाई व्यक्त गर्छ ।

संस्कृतिभित्र आस्था, आदर्श, मूल्यमान्यता र कार्यप्रक्रिया सबै निहित हुन्छन् । आस्था, आदर्श, आदि वैचारिक वा भावनाको कुरामात्र होइनन्, यिनले स्थूल र भौतिक रूपमा गरिने कर्मलाई निर्देशित पनि गर्छन् । संस्कृति कर्म पनि हो र आस्था पनि हो ।

## संस्कृति र परिवर्तन

संस्कृतिको बारेमा एउटा अर्को बलियो तर गलत धारणा के रह्यो भने संस्कृति इतिहाससँग, परंपरासँग र पुराना आस्था र व्यवहारहरूसँग सम्बन्धित छ । हामी कसरी पनि बिचार गर्छौं भने संस्कृति भनेको यस्तो चीज हो जुन परिवर्तन हुँदैन वा दीर्घकालमा मात्र परिवर्तन हुन्छ । संस्कृतिअन्तर्गत रितिरिवाज, संस्कार, धर्म अन्धविश्वास आदि परंपरागत मूल्यमान्यताहरू मात्र निहित हुने ठानिएको हुँदा र यी साँघुरा पाटाहरूभित्र नै संस्कृतिको सार्वभौम पक्षहरू समेटिएको देख्दा, संस्कृतिलाई झण्डै स्थायी प्रकृतिको र अपरिवर्तनशील चरित्रको हो भनेर बुझ्न पुगिएको हो । यथास्थितिवादी र प्रतिक्रियावादी राजनैतिक सोच र अभ्यासअन्तर्गत यी पाटाहरूको व्यापक र सघन प्रयोजन र महत्व रहने हुँदा संस्कृतिलाई अपरिवर्तनशीलताको खोल ओढाई राखिएको हो । मूल्यमान्यतालाई प्रधानता दिने, व्यवहारलाई गौण ठान्ने गैरप्रगतिशील सोचअन्तर्गत पनि संस्कृति 'अपरिवर्तनशील' ठानिन पुगेको हो ।

तर वास्तवमा समाजका अन्य क्षेत्रझैं संस्कृति पनि परिवर्तनशील हुन्छ । कुनै पनि ऐतिहासिक खण्डको र कुनै पनि समाजको संस्कृति स्थूल र निखर रूपले एकत्रित र एकछत्रीय हुन सक्दैन । समाजमा रहेका विभिन्नता र असमानता, यी बीच हुने अन्तर्क्रिया र द्वन्दहरूले सांस्कृतिक अन्तरविरोध सिर्जना गर्दै सांस्कृतिक परिवर्तनको ढोका निरन्तर खुला राखेका हुन्छन् । 'बाहिरी' संस्कृतिसँग पनि यस्तो अन्तरविरोध रहन्छ र यसले पनि 'आन्तरिक' संस्कृतिलाई परिवर्तित तुल्याउँछ । साथै अर्थतन्त्र र राज्यसत्ता/राज्यव्यवस्थामा भइरहेका परिवर्तनहरूले संस्कृतिलाई परिवर्तन गर्छ ।

भौतिकवादी दृष्टिकोण लिनेमध्ये केहीले अर्थतन्त्र र राजनीति जग हो र संस्कृति त्यस जगमाथि बनाइएको उपरीसंरचना हो भन्ने व्याख्या गरेको पनि पाइन्छ । त्यसैगरी अर्थतन्त्र र राजनीति एउटा निश्चित प्रक्रियाद्वारा तुलनात्मक रूपमा छिटो फेरिन्छ तर संस्कृति चाहिं त्यति छिटो फेरिंदैन भन्ने पनि गरिन्छ । तर यो निचोड सही हुन सक्दैन । राजनीति पनि परिवर्तन भएर गइरहेको हुन्छ, अर्थतन्त्र पनि परिवर्तन भइरहेको हुन्छ । कुनै ऐतिहासिक काल र क्षेत्र वा मुलुकमा छिटो र कुनै मुलुकमा कुनै बेलामा त्यो परिवर्तनको प्रक्रिया ढिलो हुन्छ । परिवर्तनको गति भिन्न भिन्न हुन्छ । राजनीति र अर्थतन्त्र परिवर्तन गर्न लागिपर्ने समूहहरू बढी संगठित भएर संघर्षमा अगाडि आएका देखिन्छन् । संगठित शक्तिले ल्याएको परिवर्तन झट्ट अनायास सफल वा विफल भएको देखिन्छ, तर यथार्थतः त्यो संगठनको धरातल र त्यो परिवर्तन रातारात भएको हुँदैन । लामो समयदेखि त्यस्तो सांगठनिक धरातल बन्दै गएको हुन्छ र, कार्ल मार्क्सकै भाषामा, सो परिवर्तनको विजारोपण लामै समय अघिदेखि नै भइसकेको र गर्भगृहभित्र विकास भइरहेको हुन्छ । परिवर्तनको लागि ऐतिहासिक रूपले श्रृजित वस्तुगत अवस्थाको विश्लेषण गर्नुपर्ने कारण त्यही हो । बेलाबेलामा हामी तत्कालमा खास किसिमको परिवर्तनको लागि वस्तुगत अवस्था उपयुक्त छैन भन्ने निष्कर्षमा पुग्छौं । अनि परिवर्तन पनि हठात् गर्न खोज्दैनौं । त्यसको अर्थ के लाग्छ भने राजनीतिक स्थिति र अर्थतन्त्र परिवर्तनको विन्दुमा पुगेको हुँदैन । केही अन्तरविरोध त सँधै भइरहेको हुन्छ, तर सो अन्तरविरोधको हल हुने अवस्था सँधै हुँदैन । त्यसैगरी सांस्कृतिक क्षेत्रमा पनि अन्तरविरोध सँधै भई नै रहेको हुन्छ, तर अन्तरविरोधले निकास पाउने स्थिति सँधै बनिरहेको हुँदैन ।

नेपालमा १३ वर्षअघि भएको परिवर्तन अधिकांशतः राजनीतिको उपरी संरचनामात्र परिवर्तन भएको रहेछ । यो परिवर्तन गहिरो हुन सकेनछ । यो परिवर्तनले आर्थिक र सांस्कृतिक क्षेत्रलाई समस्तरमा उकाल्न सकेनछ, र यी बीच निकै अन्तरविरोध रहेछ भन्ने तथ्य अहिले स्पष्ट हुँदैछ । संस्कृति परिवर्तन नभएको वा कम भएको मात्र होइन कि वास्तविक अर्थ-राजनीतिक परिवर्तन नै भएको रहेनछ ।

दलीय व्यवस्थाकै कुरा गरौं । हालै गरिएको बहुदलीय संवैधानिक व्यवस्थाको घातक र अक्षम्य क्षयीकरण बाहेक पनि दलीय व्यवस्था केही हदमा सिंहदरबारमा थियो । चुनावमा थियो, केही हदमा बजेट भाषण र संसदमा त्यसमाथि हुने छलफलमा थियो । बाँकी विशाल क्षेत्रमा बहुदलीयता देखिँदैनथ्यो वा न्यून देखिन्थ्यो । जब कि राजनीति गर्नेहरूले दलीय व्यवस्थाअन्तर्गत र दलीय प्रकृतिअनुरूपको अर्थ-राजनीति-संस्कृतिको पालना र पोषण गरेको हुनुपर्ने हो । स्थानीय तहमा दलीय आधारमा चुनावमा बाहेक जनजीवनमा सघन पार्ने काम कारवाही साह्रै थोरै भइरहेको थियो । पार्टी र सरकारका स्थानीय तहमा दलीय सिद्धान्तका आधारमा बनेका कार्यक्रमहरू ज्यादै कम थिए । दलीय आधारको एउटा परिसूचक प्रतिस्पर्धा हो भने त्यस्तो प्रतिस्पर्धा अधिकांश चुनावकै ताकामात्र देखिन्थ्यो । जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्ने सबै विषय र समस्याहरूलाई बहुदलीय प्रतिस्पर्धात्मक रूपले सँगसँगै लिएर अघि बढ्नुपर्ने र हल गर्नुपर्ने हो । तर अधिकांशतः त्यस्तो स्थिति बनेन । जनजीवनलाई राजनीतिकरण र राजनैतिक आन्दोलनमार्फत् अहिलेभन्दा माथि उठाऔं भन्ने आधारमा दलीय प्रतिद्वन्दिता भएको बिरलैमात्र देखिन्थ्यो । दलीयकरण हुँदैमा राजनीतिकरण हुँदैन । राजनीतिकरण नहुने स्थितिमा बहुदलीयताको राजनैतिक, आर्थिक र सांस्कृतिक सार भङ्ग हुन्छ । यसरी हेर्दा बहुदलको रूप पक्ष सबल रह्यो, राजनैतिक सार अत्यन्त कमजोर रह्यो । कमजोर राजनैतिक सार बोकेको बहुदलीयताले सांस्कृतिक बहुलवादलाई प्रश्रय दिन सक्ने कुरा आएन ।

> **हामी कसरी पनि बिचार गर्छौं भने संस्कृति भनेको यस्तो चीज हो जुन परिवर्तन हुँदैन वा दीर्घकालमा मात्र परिवर्तन हुन्छ**

## सांस्कृतिक परिवर्तनका पाटाहरू

माथि इंगित गरिएको व्यापक परिभाषाअन्तर्गतको सांस्कृतिक परिवर्तनका केही पाटाहरूको बारेमा केही चर्चा गरौं । पक्कै पनि र सापेक्षिक तहमा हाल साक्षर, शिक्षित र सूचनामूलक छलफल र निर्णयको संस्कृति अघि बढ्दैछ । सुसुचित राजनीतिक संस्कृतिको विकास भइरहेको छ । पहिलेको भन्दा धेरै व्यक्ति, परिवार र समुदायहरू साक्षर छन् र बढ्दो अवागमन, किताब, अखबार, रेडियो, टेलिभिजन वा टेलिफोनमार्फत् बढी सूचना प्राप्त गर्छन् । 'यसो भयो रे !' भन्ने हल्लाको आधारमा मात्र लामै अवधिको लागि अब विश्वास आर्जन हुने स्थिति छैन । आलोचनात्मक संस्कृति तिखारिदै छ । राजनीतिक पार्टी र अन्य राजनैतिक शक्तिहरूप्रति नागरिकहरूको वितृष्णाको पछाडि सूचनाको बाहुल्य पनि एउटा कारण बनेको छ । सापेक्षिक तहमा

एकआपसी सम्वाद र किताब वा अखबार पढेर सही सूचना र निक्यौँलको नजिक पुग्न सक्ने स्थिति बन्दैछ । स्थितिको बोध गर्ने र समष्टिगत मूल्यांकन गर्न सक्ने संस्कृतिको विकास हुँदै गरेको छ । सरसफाई र स्वास्थ्यसम्वन्धी सूचना, ज्ञान, व्यवहार र यी पक्षहरू समेतको संस्कृतिमा सकारात्मक परिवर्तन देखा पर्दैगएका छन् । शहरी क्षेत्रहरूमा महिलाहरूलाई आँकलन गर्ने पुरानो असमानतावादी संस्कृतिमा केही सकारात्मक परिवर्तन देखिन थालेको छ । संस्कृतिको सकारात्मक रूपले परिवर्तन हुँदै गरेका पाटाहरूमध्ये यी पनि पर्छन् । त्यसै गरेर सार्वजनिक क्षेत्रको विस्तार भएको छ । व्यक्तिगत, पारिवारिक, सामुदायिक आदि तहका समस्या र पीडा दैवी वा प्राकृतिक क्षेत्रबाट उद्भव नभएर सार्वजनिक र राजकीय क्षेत्रबाट उब्जन्छन् र यिनको हल पनि यसै क्षेत्रबाट निकालिनु पर्छ भन्ने धारणा पलाउँदैछ । अत्यन्त धिमा गतिले भएपनि सघन राजनैतिक संस्कृतिको जरा यही नै हो ।

एकातिर यस्तो परिवर्तन देखिन्छ भने अर्कातिर छुट्टै नयाँ अन्धविश्वासहरू श्रृष्टि भएका छन् । साईबाबादेखि थुप्रै नयाँ देउताहरूको सिर्जना भइरहेको छ ।

त्यस्तै, अचेल पहिलाको भन्दा बढी मात्रामा व्यक्ति र समुदायहरूहरू बीचमा संस्कृतिको लेनदेन पनि भइरहेको छ । भौगोलिक लगायत आर्थिक, सामाजिक, क्षेत्रहरूबीच एक ठाउँबाट अर्को ठाउँमा सर्ने प्रक्रिया पहिलेभन्दा बढेको छ । यो सराई मानिसहरूको साथै आर्थिक, राजनैतिक, सांस्कृतिक पाटाहरूको सराई पनि हो । एकथरिले अर्कोथरिबारे थाहा पाउने र सिक्ने प्रक्रिया पनि पहिलाको भन्दा अगाडि बढिरहेको छ । यी सबैलाई सांस्कृतिक परिवर्तनको पनि सकारात्मक पाटोको रूपमा लिन सकिन्छ ।

परिवारहरूको सांगठनिक संस्कृतिमा पनि निकै परिवर्तन हुँदैछ । परिवर्तनशील संस्कृतिको एउटा पाटो यो पनि हो । छोराछोरी कतिवटा पाउने, छोराछोरीबाट के आश गर्ने, बाउआमाबाट के अपेक्षा गर्ने आदि क्षेत्रहरूमा व्यापक परिवर्तनहरू भैरहेका छन् । यस्ता परिवर्तनहरू खासगरी शहरी क्षेत्रमा भइरहेका छन् । नेपालमा एउटी आमाले सरदर जति बच्चा पाउने हो, काठमाण्डौमा त्यसको आधीमात्र पाउँछन् । अर्थात् अहिले नेपालमा एउटी आमाले सरदर ५ वटा बच्चा पाउँछिन् भने शहरी क्षेत्रमा त्यसमा पनि विशेषतः काठमाण्डौमा तीनवटाभन्दा कम पाउँछिन् । यो संख्यात्मक कुरामात्र होइन । यो त प्रजनन् कार्य दैवी वा प्राकृतिक कार्य हो भन्ने अन्धविश्वासबाट उन्मुक्ति पनि हो । प्रजनन् कार्य मानव निर्मित, संस्कृति निर्मित कार्य हो भन्ने संस्कृतिको पनि उद्घोष हो । घटी र बढीको प्रजनन् र सामाजिक परिवेश अन्योनयाश्रित छन् भन्ने संस्कृतिको उद्घोष पनि हो । यो परिवर्तित विश्वास एउटा खास किसिमको गैरभाग्यवादी, गैरसामन्ती संस्कृतिमाथि निर्माण हुँदै गरेको छ । बच्चा थोरै पाउने र पाएको बच्चाको पढाई र स्वास्थ्यमा उचित लगानी गर्ने संस्कृति निर्माण हुँदैछ । यो व्यापक महत्वको परिवर्तन हो र स्वाभाविक रूपले यसका निश्चित सांस्कृतिक पाटाहरू छन् । साथै, यसका आर्थिक र राजनीतिक पाटाहरू पनि छन् ।

ग्रामीण जनजीवनमा बच्चा आठ/दश वर्ष पुगेपछि काम गर्न थाल्छ । ऊ त्यसबेलादेखि परिवारको उत्पादनशील सदस्य हुन्छ । उता शहरबजारतिर बच्चाहरूको उत्पादनशील भूमिका एकदमै थोरै हुन्छ, बरू युवावस्थामा होउञ्जेल स्कूल, कलेजको शिक्षामा पनि बच्चाहरूमाथि बाउआमाले लगानी गर्नुपर्ने संस्कृति बन्दैगएको छ । त्यसपछि शहरबजारमा बच्चाले पढाई सिध्याएर काम गरेपछि वा विहा गरेपछि ऊ बाउआमासँग छुट्टिने संस्कृति व्यापक बन्दैछ । उसले पारिवारिक सगोलको पेशा होइन, व्यक्तिगत आर्जनको लागि छुट्टै अर्कै पेशा समात्छ । र, बसेको मूल परिवारसहितको, साविकको ठाउँबाट अर्को ठाउँमा काम गर्न जानसक्छ । केही काल अगाडिको संस्कृति भनेको अधिकांश मान्छे जन्मिने, हुर्किने र मर्ने एकै ठाउँमा हो । परिवारको सेरोफेरोभित्रै हो । तर अब त्यस्तो संस्कृतिमा निकै परिवर्तन आएको छ । उमेर पुगिसकेका छोराछोरीहरूसँग पनि बाउआमाको जस्तो प्रकृतिको सम्बन्ध हुन्थ्यो, अहिले यो स्थिति छिटोछिटो परिवर्तित हुँदैछ ।

त्यसैगरी विहाको संस्कृतिमा पनि खास गरेर शहरबजारमा निकै परिवर्तन देखा पर्दैछ । अहिले हामीकहाँ व्यापक स्तरमा प्रेमविवाहको संस्कृति हावि भएको त छैन, तर पहिला केटा र केटीले आपसमा हेराहेर समेत गर्दैनथे भने अहिले विवाहपूर्व केटा र केटीले एकअर्कालाई 'हेर्नुपर्ने' र एक आपसमा चिनाजानी गर्नुपर्ने संस्कृति शहरी क्षेत्रमा आम बनेको छ । विहा गर्ने त उनीहरूले हो, त्यसैले कमसेकम उनीहरूको स्वीकृति त लिनु नै पर्छ भन्ने संस्कृति आम बन्ने क्रममा छ । कानूनी विवाहको संस्कृति पनि हुर्कँदैछ । केही नयाँ अन्धविश्वासहरू सिर्जना पनि भएका छन् भने कतिपय अन्धविश्वासहरू खस्कने अवस्थामा छन् । धामी-झाँक्रीको वैधता घटेको छ । जातसम्वन्धी जातीय, लैंगिक आदि अन्धविश्वास केही अंशमा घटेको छ । 'उच्चजात'ले दलितलाई, रजस्वाला भएकी महिलालाई छुनु नहुने अन्धविश्वासयुक्त धारणा, व्यवहार र समष्टिगत संस्कृति मनोवैज्ञानिक भावना मात्र नभएर संरचनात्मक तथ्य पनि हो । घरायसी र निजी क्षेत्र खुम्चने क्रममा र सार्वजनिक क्षेत्रको व्यापकता बढ्ने क्रममा रेष्टुरेण्ट, यातायातका साधन, स्कूल आदि ठाउँमा छुवाछूतको संस्कृति दूर्बल भएर जानु अनिवार्य बन्छ । अझै केही स्कूलहरूमा दलितहरूका लागि बस्ने अलग्ग ठाउँ राख्ने चलन छ, तर समग्रमा यो चलन दूर्बल भएर गएको छ । एकातिर यस्तो परिवर्तन देखिन्छ भने अर्कातिर छुट्टै नयाँ अन्धविश्वासहरू श्रृष्टि भएका छन् । साईबाबादेखि थुप्रै नयाँ देउताहरूको सिर्जना भइरहेको छ । यसको छुट्टै पाटो पनि छ । कतिपय चाडवाडहरू अहिले जसलाई विकसित पूँजीवादी मुलुक भनिन्छ, तिनमा पनि मानिन्छन् । बलियैसँग मानिन्छन्, त्यहाँ पनि गैरपरंपरागत चाडवाडहरूको सिर्जना भइरहेका छन् । जस्तो : संगीत महोत्सवलाई लिन सकिन्छ । त्यस्तै, खेलकूद महोत्सवलाई लिन सकिन्छ । खेलाडीहरूले कौशल देखाउनेभन्दा पनि खेल हेर्न आउनेहरूको चाड हो- खेलकूद महोत्सव । रंगशालामा एकत्रीत जमातको लागि संगीत वा खेलकूद चाडवाडजस्तै हुन्छ । यहीं नै भनौं न, दशरथ रंगशालामा ३०/४० हजार मानिसहरू आउँछन्, त्यहाँ खेलकूद हेर्न जानेहरूको निम्ति त्यो जमघट एउटा चाडसरह नै हुन्छ । विश्वकप फूटबल, विश्वकप क्रिकेट र ओलम्पिक खेलहरूको प्रसारणले यस्ता नव-सिर्जित चाडहरूलाई अझ धेरै व्यापक र विश्वब्यापी बनाइदिएका छन् । नयाँ संस्कृतिको सिर्जना यसरी पनि हुँदैछ ।

चाडपर्व र धर्मबारेका धारणाहरूमा हामीकहाँ केही अन्यौलहरू कायम छन् । धर्ममा कतिपय अन्धविश्वासयुक्त पक्षहरू छन् । साथै धर्ममा कतिपय नैतिक पक्षहरू पनि छन्, समाजलाई बाँध्ने, सामुदायिक, सम्बन्धहरूलाई प्रगाढता दिने पक्षहरू छन् । नातागोता, इष्टमित्र, कुल कुटुम्बहरूलाई एकत्रित गर्ने पक्षहरू छन् । यी पछिल्ला पक्षहरूभित्र 'सामन्तवादी' पाटाहरूमात्रै होइन, सामाजिकता बढाउने, एकअर्काका समस्याहरू बुझ्ने र बुझाउने, मद्दत लिने र दिने पक्षहरू पनि छन् । त्यसकारण अन्धविश्वासमा आधारित, ईश्वरीय अधिभौतिक पक्षहरूमा मात्रै आधारित पाटाहरू गैरऐतिहासिक र विस्मयकारी चरित्रका हुन्, तर जुन हदमा धर्म वा यसअन्तर्गतको कुनै चाडपर्वले सामाजिकता बढाउँछ, व्यक्ति, कुटुम्व, समुदाय र सिंगो समाजलाई नजिकै ल्याउँछ, त्यसलाई निख्खर सामन्तवादी' ठहर गर्नु कोरा

भौतिवादमात्र हुनपुग्छ ।

राजनीति लोकतान्त्रिक र अग्रगामी होला, अर्थतन्त्र जसरी समतामूलक होला र उँभो लाग्ला, र जसरी कम अन्धविश्वासी संस्कृतिको सिर्जना होला भनेर ठानिएको थियो, ०४६ सालपछि त्यस्तो भएन । तर माथि भनिएका उदारहणहरूबाट समेत संस्कृति स्थिर र 'अपरिवर्तनीय' हुँदैन, संस्कृति परिवर्तनशील हुन्छ, संस्कृति संरचनात्मक र ऐतिहासिक रूपले भेउ पाउन नसकिने र अपरिभाषित 'परंपरा' मात्र होइन, संस्कृति वर्तमानमा निर्माण र पुनर्निर्माण हुँदैछ र यो प्रक्रिया राजनीति र अर्थतन्त्रको निर्माण र पुनर्निर्माणसँग गाँसिएको छ भन्ने प्रष्ट हुन्छ ।

आर्थिक, राजनीतिक, सामाजिक अवस्था पूरै स्थिर भयो भनेमात्रै संस्कृति पनि स्थिर रहन्छ । तर वास्तविक संसारमा यीमध्ये कुनै पनि स्थिर हुँदैनन् । अघि नै भनियो, अर्थतन्त्र, राजनीति र संस्कृति अन्योन्याश्रित छन् । एउटामा आएको अन्तरविरोध र परिवर्तनले स्वभाविक रूपमा नै अर्कोमा अन्तरविरोध र परिवर्तन ल्याउँछ । छोराहरू पैत्रिक स्वामित्वका उत्पादनका साधनबाट विमुख हुँदै स्वतन्त्र र वैयक्तिक रूपमा आफैं कमाउने भैसके, आफ्नो जग्गामा काम गर्ने होइन, भिन्नै पेशा गर्छन् भने बुहारीको चयनमा सासु ससुराको बोलवाला रहने संस्कृति अवैधानिक बन्दै जान्छ । पैतृक स्वामित्वको श्रोतसाधन अन्तर्गत रहँदा बाबुआमाप्रति छोरा आर्थिक र राजनीतिक रूपले आश्रित थियो । त्यो आश्रितपनामा ह्रास आएपछि उसले बाउआमाले संगालेको जग्गा वा अन्य स्रोतबाटै जीवनयापन नगरेर अर्कै बाटो लिएपछि बाउआमामाथिको निर्भरता त घट्ने नै भयो । यो घटेको निर्भरता व्यक्त हुने एउटा ठाउँ दुलहीको छनौटमा हो । तर यस्ता धेरै पाटाहरू छन्, जुन आश्रितपनाको ह्रासको साथसाथै परिवर्तित हुन्छन् ।

## संस्कृतिमा सामन्तवाद

सामन्तवादी संस्कृतिका विभिन्न पाटाहरू छन् । तीमध्ये एउटा प्रमुख पाटो जन्मैदेखि व्यक्ति, परिवार, समूह र समुदाय विशेषको राजनैतिक, आर्थिक र सांस्कृतिक स्तर निर्धारित हुने, तहीकृत हुने, अर्थात् जन्मँदा नै कोही ठूलो वा सानो हुने अवधारणा हो । राजनीतिक क्षेत्रमा कोही ठालू हुन्छन् भने कोही उनीहरूका रैति । सामन्तको आर्थिक हैसियत पनि ठूलो हुन्छ, किनभने उत्पादनका साधनहरू उसको नियन्त्रणमा हुर्न्छन् । अरू व्यक्ति र श्रमिकहरू उसका हली, कमैया र आउरे बाउरे हुने गर्छन् । ठालू वा सामन्तहरूले उत्पादनका स्रोतहरू आफ्नो नियन्त्रणमा लिनका लागि अधिकांशतः कुनै संघर्ष गर्नु पर्दैन । अधिकांशतः उनीहरूले पुर्ख्यौली रूपमा नै त्यो प्राप्त गरेका हुन्छन् । उत्पादनका साधनहरू र अरूको श्रममाथि धेरै थोरै मात्राको नियन्त्रण राख्नु उसको जन्मसिद्ध अधिकार मानिन्छ । श्रोत र श्रममाथिको अधिकार परम्परागत चलनअनुसार नै स्थापित भएको हुन्छ, जसलाई कतिपय स्थितिमा त्यस बेलाको प्रचलित कानूनले पनि साथ दिएको हुन्छ । 'दैवी' र 'प्राकृतिक' न्यायको खोल पनि ओढाइएको हुन्छ । त्यस्तो संस्कृति स्थापित भएको समाजमा तल्लो तहका कृषक, श्रमिक, दलित आदि बीचको वा माथिल्लो तहमा पुग्ने वा एउटा तहबाट अर्को तहमा चलायमान हुने संभावना एकदमै कम हुन्छ । उत्पादनका साधनहरू सामन्त कूल र परिवारले जन्मिदै ओगटेर बसेको हुनाले रैती र अन्य समूहको स्थिति झण्डै पूर्व निर्धारित रहन्छ । सांस्कृतिक रूपले सामन्त समूह तल ओर्लिदैन, उसले परम्परागत रूपमा पाइरहेको आदर पूवर्वत् खोजी नै रहन्छ । आर्थिक रूपले खस्कँदा पनि केही हदमा र केही कालसम्म सांस्कृतिक रूपले उसको गणना सामन्त समूहमै पर्छ ।

सामन्तवादले समाजलाई विभाजित तुल्याउँछ । त्यो विभाजनको मूल व्याख्या दैवी, प्राकृतिक धार्मिक परंपरा वा कूलको तहमा हुने गर्छ । ब्रम्हाको मुखबाट, हातबाट वा खुट्टाबाट निस्केको मानिसको रूपमा व्याख्या गरेर समाजमा जातीय विभाजनलाई सामन्तवादले औचित्यपूर्ण ठहऱ्याउँछ । पूर्वजन्म, 'कर्म', भाग्य आदि सामाजिक विभाजन र विभेदका कारकको रूपमा प्रस्तुत हुन्छन् । लिंग, जात, वंश, कूलघरानी आदि स्थिरवत् विभाजन र विभेदका आधार बन्छन् । सामन्तवाद अन्तर्गत जात परिवर्तन, धर्म, लैङ्गिक संस्कृति आदि परिवर्तनीय हुँदैनन् ।

सामन्तवादी आर्थिक संस्कृतिको अर्को पक्ष हो : जे वस्तु वा सेवाको उत्पादन गरिन्छ, त्यो आफैंले वा आफ्नो कुटुम्बले वा आफ्नो आश्रित श्रमिकले उपभोग गर्ने । अर्थात् बेचविखन नगर्ने वा अत्यन्त न्यूनमात्रामा मुनाफालाई पुनर्लगालीमा परिणत नहुने गरी गरिने बेचविखन गर्ने संस्कृति । यस्तो लेनदेन नहुने वा अत्यन्त न्यून हुने अर्थतन्त्रले आन्तरिक रूपमा सघन, तर बाह्य रूपले टुक्रा-टुक्राको, विभाजित र खण्डित संस्कृतिको सिर्जना गर्छ । वस्तु र सेवाको लेनदेन कम हुने वित्तिकै सांस्कृतिक लेनदेन स्वतः न्यून बन्छ । त्यसो हुँदा एउटाको भाषा अर्कोले सिक्दैन । एउटाले अर्कोलाई आफूभन्दा फरक ठान्दछ, एउटाले अर्कोलाई होच्याउँछ । सामन्ती समाज आन्तरिक रूपले जेलिएको तर बाह्य रूपले विस्तारित हुनै नसक्ने, खण्डित र टुक्रिएको समाज हुनजान्छ ।

बाइसे चौबिसे राज्यहरू छुट्टाछुट्टै, टुक्रिएर, खण्डित भएर रहनुको कारण सामन्तवादको उपयुक्त चरित्रले गर्दा नै हो । सामन्ती संस्कृतिले लेनदेनलाई कुन्ठित गर्छ, व्यापकता अंगाल्दैन । त्यसैकारण सामन्ती संस्कृति विश्वव्यापी संस्कृति हुन सक्दैन ।

नेपालमा यतिबेला सामन्ती संस्कृति क्षीण हुँदै गएको छ, तर अझ पनि यसका केही पाटाहरू सबल छन् । क्रय-विक्रयको प्रक्रिया र अरू किसिमका लेनदेनहरू एकदमै छिटो अगाडि बढिरहेका छन् । कूल राष्ट्रिय उत्पादनको करीब चालीस प्रतिशतजस्तो मात्रै कृषिबाट उपलब्ध हुन्छ । यहाँनेर कृषिको कुरा किन गर्नु परेको हो भने कृषि नै त्यस्तो क्षेत्र हो जहाँ आफ्नो उत्पादन आफैं खपत गर्ने काम बढी हुन्छ । तर कृषि क्षेत्रभित्र पनि फसलको, श्रमको र कृषि सामाग्रीको क्रय-विक्रयको मात्रा छिटोछिटो बढ्दैछ । सामन्ती संस्कृति क्षीण हुँदै जानुमा सामन्ती अर्थतन्त्र दूर्वल हुनुलाई प्रमुख कारण मान्न सकिन्छ ।

> **सामन्ती संस्कृतिले लेनदेनलाई कुन्ठित गर्छ, व्यापकता अंगाल्दैन । त्यसैकारण सामन्ती संस्कृति विश्वव्यापी संस्कृति हुन सक्दैन ।**

## पूँजीवादी संस्कृति र सम्बद्ध पक्षहरू

नेपाल सामन्तवादी स्थितिबाट पूँजीवादी संस्कृति, अर्थतन्त्र र राजनीतिको दिशामा निकै अगाडि बढिसकेको छ । यहाँ पूँजीवादी अर्थतन्त्र र संस्कृति भन्नेवित्तिकै हालको पाश्चात्य जगतकै स्वरूपको संस्कृति र अर्थतन्त्र यहाँ पनि छ भन्न खोजिएको होइन । पूँजीवादी संक्रमण विभिन्न स्वरूप र विभिन्न गतिमा अघि बढ्छ । निखरर पूँजीवाद कहीं पनि छैन । हामी भने पूँजीवादको निक्कै तल्लो र विशिष्ट अवस्थामा छौं । नेपाल जस्तै स्थितिमा अन्य कतिपय मुलुकहरू पनि छन् । यद्यपि पूँजीवादी प्रक्रिया हालभन्दा निकै द्रूत गतिमा अघि बढ्न सक्ने स्थिति पनि छ । किनभने आन्तरिक कारणहरूका अलावा विश्वअर्थतन्त्रको स्वरूप फरक ढंगले निर्माण हुँदैछ । पहिला नेपालको अर्थतन्त्र यो, भारतको यो, बेलायतको यो, अमेरिकाको यो भनेर छुट्टाछुट्टै विश्लेषण गर्न र समस्याहरूको निदान खोज्न सकिन्थ्यो । अर्थात् पूँजीवादलाई राज्यको परिधि अन्तर्गत राखेर विश्लेषण गरिन्थ्यो र त्यसो गर्नु निकै हदमा उपयुक्त पनि थियो । तर अब कुनै अर्थतन्त्रको विश्लेषण गर्दा अर्थतन्त्रको समष्टिगत, विश्वगत स्वरूपलाई पनि साथसाथै राखेर

विश्लेषण र कार्यान्वियन गर्नु अत्यावश्यक भैसकेको छ । अर्थात् मुलुक विशेषको अर्थतन्त्रको विश्लेषण र कार्यान्वियन विश्वअर्थतन्त्रको विश्लेषण र कार्यान्वियन साथसाथै निर्क्यौल गर्नुपर्ने र अघि बढाउनु पर्ने आवश्यकता गत बीस-तीस वर्षमा टड्कारो बनिसकेको छ । यसको अर्थ विश्वअर्थतन्त्रको मूलधारसँग मुलुक विशेषको अर्थतन्त्रको अन्तरविरोध छैन वा सबै मुलुकहरूले पूँजीवादी-साम्राज्यवादी मूलधार समक्ष आत्मसमर्पण गर्नुपर्छ भन्ने लाग्दैन । तर यस्तो अर्थतन्त्रको मूल चरित्र के हो, त्यसअन्तर्गत राष्ट्र विशेषको अर्थतन्त्रको स्थिति के छ, र मुलुक-विशेष लगायत विश्वतहको अर्थतन्त्रलाई बढी प्रजातान्त्रिक, समतामुखी र न्यायपूर्ण तुल्याउन मुलुक र विश्वतहमा कस्तो संघर्ष गर्नुपर्छ आदि पक्षहरू अभूतपूर्व रूपले महत्वपूर्ण बनेर गएका छन् ।

**हाल विश्वब्यापी र मुलुक स्तरमा निश्चित संस्कृतिहरू निर्माण भइरहेका छन् र निश्चित संस्कृतिको दवाब कायम भइरहेको छ ।**

त्यसैगरी र सामानान्तर रूपमा, हाल विश्वव्यापी र मुलुक स्तरमा निश्चित संस्कृतिहरू निर्माण भइरहेका छन् र निश्चित संस्कृतिको दवाब कायम भइरहेको छ । यो तथ्य हामी समाचार जगतबाट पनि देख्न सक्छौं । समाचार निर्माण र संकलन गर्ने मुख्य संस्थाहरू, अखवारको उत्पादन र वितरण र समाचार मूलतः कुन कुन मुलुक र अर्थतन्त्रहरूबाट निःश्रृत हुन्छ भनेर विश्लेषण गर्ने हो भने सूचना र ज्ञानको साथसाथै योजनाबद्ध रूपले तयार र प्रेषित गरिएको मिथ्याङ्क, मिथ्या सूचना र मिथ्या ज्ञानको विश्व राजनीतिको आँकलन गर्न सकिन्छ । संस्कृतिको निर्माण र विकासमा कुन- कुन मुलुक, अर्थतन्त्र र संरचनाको दवाव बढ्दो छ भन्ने पनि थाहा पाउन सकिन्छ ।

मूलतः अहिले विश्वव्यापी संचार माध्यममा साम्राज्यवादको र यसअन्तर्गत निश्चित राष्ट्र, वर्ग र समूहहरूको कब्जा द्रुत गतिले बढ्दै गएको छ । आम सञ्चारका माध्यमद्वारा कूल प्रवाहित समाचार र विचारहरूमध्ये ८०-९० प्रतिशत १०-१५ वटा मात्र संचार एजेन्सीहरूबाट निःश्रृत हुने स्थिति बनेको छ । त्यस अन्तर्गत सीमान्त मुलुकका र स्थानीय संस्कृतिहरू दूर्वल हुँदैछन् । विश्वतहमा मात्र यस्तो भएको छैन, त्यो हर तहमा हुँदैछ । नेपालभित्रैको एउटा उदाहरण लिउँ । रेडियो नेपाल नबजाई वा अन्य आम संचारले प्रकाशित नगरिकन अब लोकगीतले आम वैधता प्राप्त गर्न सक्दैन । अर्थात् लोकगीतले बैधता प्राप्त गर्न अब केन्द्रीय आम संचारबाट प्रसारित हुनुपर्ने स्थिति बनेको छ । आर्थिक र राजनीतिक केन्द्रीकरण अन्तर्गत संस्कृतिको केन्द्रिकरण अनिवार्य बन्दै गएको छ ।

पूँजीवादी संस्कृतिमा सामन्तवादी संस्कृतिमा भन्दा समानता र न्याय निरपेक्ष तवरले अगाडि बढ्छ भन्ने दावी सत्य होइन । तर केही निश्चित आयामहरूमा आमूल परिवर्तन भने हुन्छ । पूँजीवादी संस्कृतिमा, सामन्तवादी संस्कृतिमा हुने 'जन्मजात हैसियत'को नाश हुन्छ । हैसियत व्यक्तिगत रूपले निर्माण गर्नुपर्ने वस्तु बन्दै जान्छ । जन्मजात हैसियतभन्दा आर्जित ल्याकतको स्थान ठूलो बन्छ । 'निर्वाह खेती' वस्तुको क्रय-विक्रयको घेरोभित्र फँस्दै जान्छ । आफैंले उमार्ने र आफैंले खाने हुँदा नाफा हुने ठाउँ रहँदैन । नाफाको संस्कृतिको निर्माण पूँजीवादको मुटु हो । कुन श्रम र के वस्तु जैविक र सामाजिक रूपले उपयोगी छ भन्ने आधारमा होइन कुन श्रम र के वस्तु बेच्न सकिन्छ भन्ने आधारमा श्रम र वस्तुको उपयोगिताको निर्क्यौल हुन्छ । बढीभन्दा बढी चीज बढी भन्दा बढी मान्छेलाई किन्न लगाउने र त्यसबाट बढी नाफा लिने संस्कृतिको निर्माण नै पूँजीवादको केन्द्रीय सांस्कृतिक प्रवृत्ति हो । यसको संस्कृतिको स्वरूप उपभोगवादी हुन्छ । जैविक र सामाजिक आवश्यकता परिपूर्ति गर्न उपभोग त गर्नैपर्छ, तर पूँजीवादले आवश्यकता होइन, बढीसेबढी उपभोग गर्ने सांस्कृतिक संरचना र मनोवैज्ञानिकताको रचना गर्छ । उपभोगको मात्रा र स्तरलाई सांस्कृतिक श्रेष्ठतासँग जोड्छ ।

पूँजीवादमा एकातिर परिवार, समुदाय, राज्य आदिको शक्तिमा ह्रास आउने र नाफा आर्जन गर्ने संरचनाहरूतर्फ शक्ति केन्द्रित हुने हुन्छ भने अर्कोतिर, कमसे कम मतदान गर्न पाउने तहमा लोकतान्त्रिक व्यवस्था कायम हुन्छ । सामन्तवादमा भने नागरिक नभएर रैती हुने हुँदा प्रतिनिधिमूलक शासन व्यवस्था हुँदैन र वालिगमताधिकारको आधारमा आवधिक चुनाव हुँदैन । सामन्तवादमा परम्पराले नै शासक र शासनयन्त्र स्थापित गरिदिएको हुन्छ । ऐतिहासिक रूपले नागरिकता, कानूनी राज्य, कमसेकम कानूनी समानता र बुर्जुवा प्रजातन्त्र पूँजीवादअन्तर्गत स्थापित भएका छन् । सत्रौं शताब्दीदेखि नै यस्तो परिपाटी क्रमशः स्थापित हुँदै आएको हो । यद्यपि मतदाताहरूमा कहिले दासहरू परेनन्, कहिले महिलाहरू परेनन् । तर क्रमशः जनप्रतिनिधि चुन्ने मौलिक अधिकार र विधिको शासन पूँजीवाद अन्तर्गत नै स्थापना हुँदै आएको हो । त्यो विधि कतापट्टि ढल्केको छ, कुन संरचनाबाट निर्देशित छ, भन्ने छुट्टै विश्लेषणको विषय हो ।

पूँजीवादी बुर्जुवा लोकतन्त्रिक संस्कृति सामन्तवादी संस्कृतिभन्दा बढी समतामूलक र बढी न्यायपूर्ण संस्कृति हो । शासन व्यवस्था विधिसम्मत, उत्तरदायी र पारदर्शी हुनुपर्ने संस्कृति पूँजीवादले केही हदसम्म स्थापित गऱ्यो । तर यसले नितान्त प्रणालीगत र स्वाभाविक रूपले, आफूले नाघ्नै नसक्ने लोकतन्त्रविरोधी पर्खाल पनि स्थापित गऱ्यो । त्यस्तो पर्खाल मुख्यतया आर्थिक रूपले स्थापित भयो । सामन्तवादमा जन्मजात असमानता र अन्यायको अवस्था रह्यो, पूँजीवादमा चाहिं नाफा, पूँजीको आर्जन र लागानी, र श्रमको विस्तारित र गहिरो शोषणमार्फत् आर्थिक लगायत राजनैतिक र सांस्कृतिक असमानता पहिलाको भन्दा पनि चुलीमा पुग्न सक्ने भयो । त्यो असमानता व्यक्ति-व्यक्तिको बीचमा, क्षेत्र र जातिहरूको बीचमा, समुदायहरूको बीचमा, वर्गहरूको बीचमा, राष्ट्र-राष्ट्रको बीचमा पनि विस्तारित र गहिरो हुँदै गएको छ । यस्तो असमानता दिगो तुल्याउन आर्थिक, राजनैतिक र सांस्कृतिक केन्द्रीकरण, विश्व र स्थानीय तहको सैनिकीकरण, साम्राज्यवादी पूँजीवाद आदिले जनतन्त्र, समानता र न्यायलाई झन्झन् संकुचित तुल्याउँदै लगेको छ ।

## समाजवादी संस्कृति

माथि भनियो, सामन्तवादविरोधी संघर्ष चर्काउने र आफूलाई स्थापित तुल्याउने दौरानमा पूँजीवादको नारा स्वतन्त्रता, समानता र बन्धुत्व रहेको थियो । यी आदर्शहरूको प्राप्तिमा पूँजीवाद शुरूका अवधिहरूमा उल्लेख्य हदमा सफल पनि रह्यो । तर क्रमशः यिनै आदर्शहरूलाई कुठाराघात गर्न पूँजीवाद आफैं अघि सऱ्यो । वास्तवमा प्रणालीगत हिसावले पूँजीवाद यस्तो कुठाराघात गर्न बाध्य थियो : पूँजीवाद चुलिने क्रममा र खासगरी पूँजीवादले, प्रणालीगत रूपले नै, खासगरी साम्राज्यवादी स्वरूप बोकिसकेपछि, स्वतन्त्रता हनन् नगर्ने, असमानता नबढाउने र बन्धुत्व नतोड्ने काम अन्ततोगत्वा पूँजीवादमार्फत् हुनै सक्दैनथ्यो । नाफा र पुनर्लगानीको चक्रमा आधारित यस प्रणालीअन्तर्गत आर्थिक असमानता फैलनु र गहिरिनु स्वाभाविक रह्यो । पक्कै पनि मात्रात्मक हिसावले जनसंघर्षको निरन्तरताद्वारा पूँजीवाद र साम्राज्यवादबाट प्रणालीगत रूपमा निःसृत हुने यी उत्पीडनहरू केही हदमा मत्थर पार्न सकिन्छ । पूँजीवादको केन्द्र थलो लगायत 'मध्यवर्ती' र सीमान्त मुलुक, अर्थतन्त्र र क्षेत्रहरूमा केही हदमा यस्तो मत्थर पार्ने काम भएको पनि छ । खासगरी समाजवादी र लोकतान्त्रिक समाजवादी मुलुक र

अर्थतन्त्रहरूले राजनैतिक र सांस्कृतिक परिचालनद्वारा पूँजीवादी प्रकोप केही हदमा मत्थर पार्न सफल भएका छन् ।

तर पनि सिंगो पूँजीवाद र साम्राज्यवाद विश्वस्तरमा नै झन् व्यापक, गहिरो र आक्रामक बन्दैछ । अर्थात् स्वतन्त्रता, समानता र बन्धुत्वतर्फको मूल तगारो पूँजीवाद र साम्राज्यवाद नै बनेको छ । अत्यन्त केन्द्रिकृत, गैरजनतान्त्रिक, सैनिकीकृत, विभिन्न किसिमका र मजबूत असमानताका पर्खालहरूले युक्त विखण्डन, शत्रुता तथा साना ठूला कलह र युद्धसहितको संस्कृति निर्माण र विकासको जगमा पूँजीवाद र साम्राज्यवाद रहेको छ । व्यक्तिवादी, उपभोगवादी, नेपाल र अन्य अविकसित मुलुकहरूको हकमा पराश्रयीवादी, दलाल पूँजीपतिवादी र नोकरशाहीवादी संस्कृतिको विकासमा समेत पूँजीवाद र साम्राज्यवादको उल्लेख्य भूमिका रहेको छ । यो परिप्रेक्ष्यमा समाजवादी संस्कृतिको निर्माणको मुद्दा दुई अन्योन्याश्रित पाटाहरूसहतिको मुद्दा हो भन्ने बुझिनु पर्छ : पुरानो पूँजीवाद आफैले स्थापित गरेको आदर्शको वास्तविक प्राप्ति र पूँजीवाद र साम्राज्यवादले गएको ५०० वर्षको दौरानमा रचना र विकास गरेका माथि उल्लिखित संरचना र प्रकृयाहरूको ध्वंश । बुर्जुवा लोकतन्त्रको विस्तार, बढ्दो विश्वव्यापीकृत र साम्राज्यवादी स्थितिभित्र पनि राष्ट्रिय चरित्रको अर्थतन्त्रको निर्माण, लोककल्याणकारी हुँदै जनवादी राज्य व्यवस्थाको स्थापना, जातीय, लैंगिक, धार्मिक, प्रादेशिक भेदभावको न्यूनीकरण र समाप्ति आदिको क्रमिकता र सेरोफेरो हुँदै समाजवादी अर्थतन्त्र, राजनीति र संस्कृतितर्फको बाटो खोल्नुपर्ने हुन्छ ।

वर्तमान स्थितिबाट उपरोक्त स्थिति र क्रमतर्फ अघि बढ्दा विभिन्न चरित्र बोकेका संक्रमणकालीन स्थिति र संघर्षका मोर्चाहरू हुँदै गुज्रनुपर्ने हुन्छ । बुर्जुवा लोकतन्त्रको विस्तार जन्मजात "आर्जित" हुने कुल र वंशसँग जोडिएको जातीय, लैंगिक आदि असमानता र भेदभावविरोधी संघर्षको क्रममा, गरीवीबाट र आश्रित श्रमबाट मुक्तिको क्रममा, अवसरहरूमाथिको पहुँचको समानतातर्फको क्रममा, निरंकुश राजतन्त्रबाट पूर्ण सँवैधानिक राजतन्त्र वा गणतन्त्र स्थापित हुने क्रममा, राजकीय, नागरिक र सार्वजनिक राजनैतिक र सांस्कृतिक क्षेत्रको विस्तारको क्रम आदिमा हासिल हुने हुन्छ । सिंगो मुलुकको अर्थतन्त्रलाई पारस्परिक सम्बन्ध र लेनदेनको आधारमा एकिकृत तुल्याउने, उद्यमशीलतालाई जगेर्ना गर्ने र बढावा दिने, अर्थतन्त्रमाथि नागरिक हक अधिकारको विस्तार गर्ने, रोजगारी बृद्धि गर्ने र न्यूनतम जीवन निर्वाहको व्यवस्था स्थापित गर्ने क्रममा यो स्थापित हुन्छ ।

नयाँ जनवादी व्यवस्था संक्रमणकालीन संरचना र काल हो । यो व्यवस्थाअन्तर्गत उत्पादनका साधन र उत्पादनका सामाजिक सम्बन्धहरू बीचमा रहेका अन्तविरोधहरूको हल खोज्ने काममा व्यापक राजनैतिक सम्मति निर्माण गर्ने, प्रतिक्रियावादको पृष्ठभागको ध्वंश गर्ने, राष्ट्रिय पूँजीपति वर्गलाई उन्नत तुल्याउने काम हुन्छ । नयाँ जनवादले समानता, न्याय, जनतन्त्र, स्थानीय स्वायत्तता, राष्ट्रिय अर्थतन्त्र, नागरिक अधिकार आदिको पक्षपोषण गर्छ । तर यी उद्देश्यहरू समाजवादमा नै पूरा गर्न सकिन्छ । किनभने अन्ततोगत्वा निजी सम्पत्ति, नाफा, पुनर्लगानी र पूँजी संकलनको चक्रमा आधारित राजनैतिक, आर्थिक र सांस्कृतिक पर्खाल ढलेपछि नै यी उद्देश्यहरू हासिल गर्न वास्तविक रूपमा संभव हुन्छ । नयाँ जनवादको संक्रमणकाल पार गर्दै जाँदा र समाजवादमा उक्लने क्रममा उत्पादनका साधनहरूलाई राष्ट्रियकरण, सार्वजनिकीकरण र सामूहिकीकरण गर्दै समतामूलक, न्यायपूर्ण र जनतान्त्रिक समाज स्थापना गर्न सकिन्छ । यसै क्रममा नै घनीभूत सांस्कृतिक भेदभावहरूलाई हटाउन सकिन्छ । श्रमको उचित सम्मान गर्न सकिन्छ ।

एकातिर आर्थिक र राजनैतिक परिवर्तनविना सांस्कृतिक परिवर्तन हुन सक्दैन, वा छिपछिपे हुन्छ र दीगो हुनै सक्दैन भने, अर्कोतिर सांस्कृतिक आन्दोलनविना आर्थिक र राजनैतिक निकास पनि खुल्न सक्दैन । धर्मान्धिता, धर्माधिकारी र कट्टर धार्मिक संस्थापनाहरूको विरूद्ध पश्चिम यूरोपमा इसाको १३ औं देखि १८ औं शताब्दीसम्मको लामो जनसांस्कृतिक आन्दोलन नभएको भए, त्यहाँ र सायद विश्वमै सामन्तवाद बलियो रहेको हुनसक्थ्यो । जन्मजात असमानता र हुकुमी शासनको बोलवाला रहेको हुन्थ्यो । वैज्ञानिक र द्वन्दात्मक भौतिकवादी सांस्कृतिक दृष्टिकोण र पहल अत्यन्त कमजोर रहन सक्थ्यो । तर पुराना, सामन्तवादी र अवैज्ञानिक संस्कृतिका गूढ पक्षहरू कति गहिरोसँग सामाजिक र मनोवैज्ञानिक संरचना र प्रक्रियाहरूमा कब्जा जमाएर बसेका हुन्छन् भन्ने तथ्य संयुक्त राज्य अमेरिकाका केही राज्यहरूमा हालसालै मात्र डार्विनको विकासवादको सिद्धान्त स्कूलहरूको पाठ्यक्रममा राख्न कानूनी बन्देज हटेको तथ्यबाट प्रमाणित हुन्छ ।

मानवजातीको उत्पत्तिबारे डार्विनले बाइबलले भन्दा अर्कै खालको व्याख्या गरेका छन् । बाइबलको व्याख्या र डार्विनको सिद्धान्तबीचको अन्तरविरोध दुईसय वर्षमा यति चर्केर गयो कि बाइबलको ब्याख्या बल्ल अहिले आएर हार्ने स्थितिमा पुग्यो । हुन त वैज्ञानिक भनिएका सत्यहरूमध्ये कतिपय यस्ता हुन्छन् कि ती सँधै वैज्ञानिक भइराख्दैनन् । किनभने वैज्ञानिक खोजको दौरानमा पुरानो सत्य अवैज्ञानिक हुनपुग्छ । वैज्ञानिक भनिएको पुरानो सत्य अन्धविश्वासमा परिणत हुनसक्छ । तर सामन्तवादी, पुनर्जन्मवादी, भाग्यवादी, जातवादी, इश्वरीय शक्तिमा विश्वास गर्ने प्रवृत्तिबाट हामी टाढा जाँदैछौं । यो अर्थमा कि विश्वासहरू निर्माण गर्ने इतिहास, समाज र मान्छेले नै हो र त्यसलाई इतिहास, समाज र मान्छेले नै हटाउन सक्छ भन्ने विश्वास गर्ने कुरा सामन्तवादविरोधी दृष्टिकोण नै हो । अलौकिक शक्तिबाट लौकिक शक्तिमा र आदर्शवादबाट द्वन्दात्मक भौतिकवादमा आस्था परिवर्तन गर्नु वैज्ञानिक संस्कृतिको विजय हो ।

नेपालको वर्तमान सांस्कृतिक यात्रा अनेकौं अन्तरविरोध र अनेकौं संघर्षहरूसहितको पूँजीवादतर्फको यात्रा हो । यो पूँजीवाद आश्रित नोकरशाही र दलाल पूँजीवादले नेतृत्व गरेको पूँजीवाद हो । यो स्वायत्त र स्वाधीन पूँजीवाद होइन । साम्राज्यवादको वर्तमान विश्व स्थितिमा पूर्णतया राष्ट्रिय चरित्रको पूँजीवाद लागु हुन सक्ने स्थिति तत्कालमा रहेन । तर दीर्घकालीन जनआन्दोलनमा आधारित राजकीय सत्ता र नीति अन्तर्गत रहेर साम्राज्यवादको प्रकोप मत्थर तुल्याउन र समानता, लोकतन्त्र र न्यायको पक्षपोषण गर्न सकिने बाटो अझै बन्द भैसकेको छैन ।

> **यो स्वायत्त र स्वाधीन पूँजीवाद होइन । साम्राज्यवादको वर्तमान विश्व स्थितिमा पूर्णतया राष्ट्रिय चरित्रको पूँजीवाद लागु हुन सक्ने स्थिति तत्कालमा रहेन**

यस स्थितिमा जन्मजात आर्जित भएका मूल्य मान्यताहरूलाई कसरी पराजित गर्दै जाने, लोकतन्त्रलाई कसरी विस्तारित र गहिरो तुल्याउँदै जाने र लोकतन्त्रलाई पूँजीवादले अहिलेको बेलामा आएर जुन किसिमले घेरेको छ, त्यस घेराईलाई कसरी भत्काउँदै जाने भन्नेतर्फ नै प्रगतिशील संस्कृतिकर्मीहरू उन्मुख रहनुपर्छ । अमूक "जनता'लाई कसरी राजनैतिक, आर्थिक र सांस्कृतिक पहिचानयुक्त नागरिकमा रूपान्तरण गर्ने, जनजीवनका निजी समस्याहरूलाई कसरी राजनीतिकरण गर्दै सार्वजनिक मुद्दामा रूपान्तरण गर्ने र यी समस्याहरूको राजनैतिक हल कसरी, कुन राजनैतिक, आर्थिक र सांस्कृतिक प्रणालीमार्फत् हल गर्ने र गर्न बाध्य पार्ने आदि क्षेत्रहरूमा प्रगतिशील संस्कृतिकर्मीहरू लागि पर्नु आवश्यक छ । ❑



# सांस्कृतिक संस्थाहरुको भूमिका

■ पदम गौतम

आफूलाई वामपन्थीमात्र नभएर कम्युनिष्टसमेत भन्न रूचाउने एकजना संस्कृतिकर्मीले काठमाण्डौको स्वयंभूनजिक घर बनाएपछिको विवाद, वहस र चर्चा सेलाएको आठ वर्ष भयो । पूर्व मन्त्रीसमेत रहेका ती संस्कृतिकर्मीले समय समयमा राजनीतिक र सांस्कृतिक नेतृत्वमात्र गरेका थिएनन्, नाटक र उपन्यासमार्फत् हजारौं किशोर र युवाहरूलाई समाज परिवर्तनको निम्ति रातो किताव बोक्नसमेत सिकाएका थिए । उनको विचार र व्यवहारबीचको अन्तर सार्वजनिक हुने क्रमसँगसँगै राजनीतिक र सामाजिक आन्दोलनमा होम्मिँदै समाज परिवर्तन गर्ने उद्देश्यले हिंडेका युवा जमातको उत्साह सेलायो । यस सँगसँगै नयाँ पुस्ताले यस क्षेत्रमा रूची र विश्वास देखाउन छाड्यो ।

यहाँ उल्लेखित संस्कृतिकर्मीको व्यवहार आफ्नै साथीभाइहरूबाट समेत आलोचित छ । अझ, उनलाई समय समयमा राजनीतिक ऊर्जा दिएर संरक्षकको भूमिका निर्वाह गर्ने अर्का एकजना नेताको छोराले एक दिनमा एक हजार रूपैयाँ 'पटेक खर्च' गर्छ । कुनै समय भूमिगत पार्टीको महासचिवसमेत भइसकेका ती नेताको माध्यमिक स्तरमा अध्ययनरत छोराले गरेको खर्चका कारण एकजना सम्पन्न बुद्धिजीवीले भनेका थिए- "नेताले छोरालाई बढी 'पकेट खर्च' दिएको कारणले मेरो छोराको बानीसमेत बिग्रियो ।"

यी दुईवटा सामान्य जस्ता लाग्ने तर अति नै गम्भीर घटनाले मुलुकलाई राजनीतिक एवं सांस्कृतिक माध्यमबाट परिवर्तन गर्ने उद्देश्यमा होम्मिएका सुधारवादी वामपन्थी नेताहरूको चरित्र अध्ययनको सानो झझल्को, दिन सक्छन् । यसका साथै हाम्रो मुलुकमा सांस्कृतिक फाँटको नेतृत्व कति गलत व्यक्तिको हातमा परेको रहेछ र यसले कस्तो दुर्दशा भोगिरहेको रहेछ भन्ने कुरा बुझ्न हामी टाढा गइरहनु पर्दैन । यहाँ उल्लेखित विकृति त सांस्कृतिक आन्दोलनमा लाग्नेहरूका बारे अध्ययनको एउटा पाटोमात्र हो । गीत-संगीतको माध्यमबाट असंगठित रूपमा समाज परिवर्तनको उद्देश्य बोकेर हिंड्नेहरूको इतिहास खोतल्दा हामी पाँच दशक पूर्वको स्थितिमा पुग्छौं । तर यस अवधिमा जनवादी भनिएका गीतहरूको फैलावट एवं संस्कृतिकर्मीहरूको लगनको तुलनामा मुलुकको सांस्कृतिक परिवर्तन गर्दै चीरकालीन महत्व राख्ने कामहरू भने हुन सकेको देखिँदैन । यसबाट प्रष्ट हुन्छ- समाज परिवर्तन गर्दै उन्नत समाजको निर्माणार्थ जुटेका संस्कृतिकर्मीहरू र तिनलाई संरक्षण गर्ने कम्युनिष्ट पार्टीहरूले यस क्षेत्रमा सार्थक योगदान दिन सकेका छैनन् । अझ स्टेज कार्यक्रम, क्यासेट प्रकाशन, चुनाव वा अन्य कार्यक्रममा गीत प्रस्तुतिमात्रै संस्कृतिकर्मीहरूको काम भएको छ । यस उपलब्धिहीन सक्रियताले समग्र सांस्कृतिक आन्दोलनको विषयमा चिन्ता गर्नेहरूलाई समेत गम्भीर बन्नुपर्ने अवस्थाको सिर्जना भएको छ ।

## स्वस्फूर्त सांस्कृतिक आन्दोलन

राणाकालको अन्त्यतिर तत्कालीन शासनसत्ताविरूद्ध लेखनमार्फत् युद्धघोष भए पनि गायनलाई त्यस समयमा प्रयोग गरिएको प्रष्ट र गौरवपूर्ण इतिहास हामी पाउँदैनौं । बहुदलीय व्यवस्थाको स्थापना भएको भनिएतापनि र प्रजातन्त्रको संस्थागत विकासको प्रयास भए पनि २००७ देखि २०१७ को बीच समाज विभाजित भयो । राजा र कांग्रेस दुईवटै शक्तिले आमूल परिवर्तनतर्फ समाजलाई हाँक्न सकिरहेका थिएनन् । यस अवधिमा वामपन्थी पार्टीमाथिको प्रतिवन्ध, भारतीय शासकहरूको हेपाहा चरित्र, सामाजिक शोषण, अन्याय, अत्याचारजस्ता कुराहरू गीतमार्फत् अभिव्यक्त हुनथाले । कलानाथ अधिकारी, धर्मराज थापाजस्ता गायकहरूले सामाजिक पीडा दर्शाउँदै जातीय गौरवका गीतहरू गाउन थाले । त्यस क्रममै युद्धप्रसाद मिश्र, गोकुल जोशी, केवलपुरे किसानजस्ता सर्जकहरू लेख्दै गाउन थाले । प्रगतिशील कवि किसानको सम्झना छ- 'त्यस समयमा हामी लेख्यौं । धर्मराज र गोकुलचाहिँ गाउँथे पनि ।' तर यस अवधिमा गीत-संगीतले समाजलाई छुने क्रमको आरम्भमात्र भयो, त्यसले अग्रगति लिन पाएन । जीवनका कुनै कालखण्डमा डा. के.आइ.सिंहको विद्रोहबाट प्रभावित भएका र टंकप्रसाद आचार्यको जीवनशैलीबाट प्रभावित भएर प्रगतिशील संगीतमा लागेका विद्रोही कवि तथा सर्जकहरूलाई वामपन्थी पार्टीहरूले सामिप्यता जनाउन सकेको पाइँदैन ।

पंचायती व्यवस्थाको आरम्भ सँगसँगै कुनै प्रतिभाहरू नयाँ व्यवस्थाका समर्थक बनेर निस्किए भने केहीले सामान्य गतिमा आफ्ना गतिविधिहरू जारिराखे । यसपछि हालसमेत सक्रिय अवस्थामा रहेको तत्कालीन किशोर पुस्ता यस क्षेत्रमा आकस्मिक रूपमा देखापर्‍यो । हाल एमालेसँग निकट रहेका कलाकार जेवी टुहुरेका अनुसार, उनले वि.सं. २०२६ देखि नै प्रगतिशील गीतहरू गाउन थालेका थिए । तर यसले वैचारिक आडभरोसा भने आवश्यक मात्रामा पाएको थिएन । त्यस अवधिमा वामपन्थी भनेर आफूलाई चिनाउन नचाहने युवाहरूले वि.सं. २०२४ सालमा गठन गरेको राल्फा समूहले चरम चर्चा पाएको थियो । वि. सं. २०२६ सालदेखि पछि यस समूहले राष्ट्रव्यापी रूपमा गरेका कार्यक्रमहरूले समाजलाई जागरूक बनाउने क्रममा ठूलो मद्दत गरेको देखिन्छ । हालको वामपन्थी आन्दोलनका सयौं सक्रिय युवाहरूको व्यक्तित्व निर्माणमा राल्फाको प्रभाव धेरथोर देखिन्छ । यद्यपि राल्फाको घोषित उद्देश्य वामपन्थभित्र थिएन, निकटमात्र थियो । पारिजातको वैचारिक नेतृत्व रहेको सो समूहमा रामेश, रायन, मञ्जुल, निनु, नोरेम, अरिम आदि थिए । व्यक्तिगत कुण्ठा, आक्रोश र आवेगबाट सामाजिक कर्ममा होम्मिएका युवाहरूको प्रतिभा र यथास्थितिवादप्रतिको विद्रोह दुवै थियो राल्फामा । तर वैचारिक स्पष्टता र समाज विकास क्रमको गम्भीर अध्ययनविनाको लक्ष्यहीन सिर्जनशीलता थियो राल्फा । यद्यपि राल्फाका बुझिने गीतहरू सबै नै प्रगतिवादी थिए भन्न कुनै लोभ गर्नु पर्दैन । राल्फाको यसभन्दा ठूलो योगदान के पनि हो भने सांस्कृतिक आन्दोलनलाई समाज परिवर्तनको एउटा माध्यम बनाउन सकिने स्वदेशी अनुभव यसले हामीलाई सिकाएको छ ।

उन्नत र सभ्य समाजमा जस्तै राल्फालाई मायाँ गर्ने र बचाउनेहरू थप एक दशकसम्म भइदिएको भए संभवतः आजको नेपाली समाज निक्कै नै परिस्कृत हुने थियो सांस्कृतिक रूपमा ।

## वामपन्थी पार्टी र संस्कृतिकर्मी

वि.सं. को ३० को दशकमा राल्फा विघटन भए पनि मुलुकको राजनीति भित्रभित्रै भूसको आगोजस्तो भएको थियो । २०२८ सालको झापा विद्रोहले मुलुकवासीहरूले परिवर्तनको ढोका घच्घच्याएको महशूस गरेका थिए ।

> **ती नेताको माध्यमिक स्तरमा अध्ययनरत छोराले गरेको खर्चका कारण एकजना सम्पन्न बुद्धिजीवीले भनेका थिए- "नेताले छोरालाई बढी 'पकेट खर्च' दिएको कारणले मेरो छोराको बानीसमेत बिग्रियो ।"**

अर्कोतिर, त्यस विद्रोहले प्रगतिशील शक्तिहरूको तत्कालनि अवस्थालाई उलटपुलट पारिदियो । अन्य वामपन्थी पार्टीहरू क्रमशः जुझारू कार्यकर्ताहीन अनुभवी नेताका क्लवजस्तै बन्न पुगे । त्यस समयको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी *चौथो महाधिवेशन* बन्यो । तर तीसको दशकको अन्ततिर त्यसको शक्ति क्षयीकृत हुन पुग्यो । अर्कोतर्फ झापा विद्रोहकै पृष्ठभूमिबाट विभिन्न उतार चढावहरू भोग्दै नेकपा (माले) बन्यो । यी दुईवटा पार्टीहरूले विद्यार्थी, युवा र मजदूरहरूको जमातलाई आफूतिर आकर्षितमात्र गरेनन्, पार्टीको प्रचार-प्रसार र सिंगै सांस्कृतिक क्षेत्रमा हस्तक्षेप गर्ने योजना बनाएर संस्कृतिकर्मीहरूलाई संगठितसमेत गरे । प्रगतिशील लेखक संघका अध्यक्ष एवं तत्कालीन 'बेदना' परिवारका संयोजक निनु चापागाईंका अनुसार, माले र चौथो महाधिवेशनका संस्कृतिकर्मीहरूबीच पार्टीमा जस्तै चरम द्वन्द र प्रतिस्पर्धा हुने गर्थ्यो । वामपन्थी पार्टीका द्वन्दहरूमाथि संस्कृतिकर्मीहरूका वैयक्तिक आग्रहहरू समेत थपिएका कारणले गर्दा यो दुःखद् स्थिति देखा परेको देखिन्छ । गायक रामेश आफूहरूबीच एकअर्कालाई प्रतिक्रियावादी भन्ने आरोप लगाइने गरेको स्मरण गर्दै भन्छन्- "हामीलाई त व्यर्थै आफूहरू नेता हुन पो लडाइएको रहेछ ।"

यो घटना वि.सं. २०३५ देखि २०३७ बीचको अवधिको हो । यस समयमा विघटित राल्फा समूहका पारिजात, निनु, रायन आदिले 'बेदना' परिवार चलाएका थिए । यस परिवारलाई चौथो महाधिवेशनले चलाएको थियो । त्यस्तै रामेश, मञ्जुल अहिले 'संकल्प' परिवार चलाएर उदीयमान माले पार्टीको संगठन विस्तार गर्दै जनतालाई संगठित बनाउने काम गर्न थाले । तर संस्कृतिकर्मीहरूको मूल लक्ष्य नै पार्टीलाई सघाउने र समाजमा असल कुराको छाप छोड्नेभन्दा चाँडै तताउनेजस्तो देखिनगयो । वर्तमानको असांस्कृतिक संस्कृतिको बीजारोपण त्यसै समयमा भएको थियो ।

## उत्कर्षको समय र जन-आन्दोलन

वि.सं. २०३६ सालको जन-आन्दोलन ल्याउन जन संस्कृतिकर्मीहरूको योगदान धेरथोर रहेको देखिन्छ । गीतले मानिसलाई तानेर नै किन नहोस्, वामपन्थी पार्टीका कार्यकर्ता उत्पादनमा प्रगतिशील संस्कृतिकर्मीहरू सफल भए । यस अवस्थापश्चात् मुलुकको राजनीतिक वातावरण केही खुकुलो भएको देखिन्छ । तर, यसै अवधिमा वामपन्थी भुकाव भएका संस्कृतिकर्मीहरू देशभरि नै देखापरे । चौथो महाधिवशेनजस्तो ठूलो र स्पष्ट सोच भएको वामपन्थी पार्टी विभाजित भयो भने वारम्वार बचनकना गल्ती दोहोर्‍याउने माले पार्टीलाई यस्ता घटनाक्रमले समेत शक्ति आर्जनमा मद्दत पुर्‍यायो । चौथो महाधिवेशनका अलग अलग घटकले अलग अलग सांस्कृतिक समूहहरू निर्माण गरे । त्यस्तै, मालेले पनि २०३८ सालसम्म मात्रै 'संकल्प'को साथ पायो । वि.सं. २०३९ सालमा नेपालको वामपन्थी आन्दोलनकै गम्भीर विवादका रूपमा देखिएको मालेभित्रको विवादले संस्कृतिकर्मीहरूलाई पार्टीबाट अलग बनायो । पार्टीका कार्यकर्ताहरू टंक कार्की, रघु पन्त आदिका साथसाथै रामेश, मञ्जुल आदि संस्कृतिकर्मीहरूलाई समेत अल्पमतको आरोपमा कारवाही गरियो । यस घटनाले केन्द्रीय स्तरमा लहर नदेखिए पनि गाउँ गाउँमा, मूलतः विद्यार्थीहरूमार्फ 'संकल्प'का गीत गाउने, मोदनाथ प्रश्रित र अन्य साहित्यकारका नाटक प्रर्दशन गर्ने, आफैं नाटक र गीत लेख्दै समाजमा पस्किने काम भए । यस उत्कर्षको समयले २०४६ सालको जन आन्दोलनको लागि तयारी मानसिकता निर्माण गर्न योगदान दियो होला । तर त्यसभन्दा बढी धर्म, जाति, रीति-रिवाज, चाडपर्व एवं स्थानीयताका विषयमा केही सिकाएन । राजनीतिक स्वतन्त्रता एउटा प्रमुख आवश्यकता थियो तर जन संस्कृतिकर्मीहरूको लागि त्यो नै सम्पूर्णता थिएन भन्ने कुरा सिकाउन जान्ने व्यक्तिहरू न त पार्टीमा नै थिए, न त संस्कृतिकर्मीहरूमा नै । जन संस्कृतिकर्मीहरूको प्रचूर ऊर्जा राजनीतिक अभिष्टका निम्तिमात्रै प्रयोग गर्ने कुराको साक्षी यस कालले सांस्कृतिक आन्दोलनका धेरै पाटाहरूलाई हालसम्म मारेको छ । गायक चेतनारायण राई भन्छन्- "यो दुःखद् स्थिति आउनुमा हामी संस्कृतिकर्मीहरू, पार्टी नेताहरू र हाम्रा महत्वाकांक्षाहरू सबै कुरा जिम्मेवार छन् ।"

## गन्तव्यहीन गन्तव्य भएको वर्तमान

मुलुकमा उग्र वामपन्थीको रूपमा कार्यरत माओवादी पार्टीदेखि उग्र दक्षिणपन्थीको आरोप लागेको एमालेसम्मका बीचमा चारवटा वामपन्थी पार्टीका सांस्कृतिक संगठनहरू क्रियाशील छन् । माओवादीसंग निकट रहेको 'अखिल नेपाल जन संस्कृतिक संघ' पार्टीजस्तै भूमिगत र हाल अवैधानिक छ । सो संघ र संघसँग आवद्ध विभिन्न परिवारले पार्टीका कार्यक्रममा गीत गाउने काम गर्दछन् । दुई वर्ष अघिसम्म संघसँग आवद्ध व्यक्तिहरूको स्वरमा रेकर्ड गरिएका गीतहरू बजारमा सहजै पाइन्थे । तर हाल बिक्रीमा प्रतिवन्धजस्तै छ । यस समूहका कलाकारहरूले सरकारनियन्त्रित क्षेत्रमा कार्यक्रम देखाउन नपाउने र माओवादी प्रभावित क्षेत्रमा अन्य व्यक्तिहरू हेर्न जान नसक्ने अवस्था हाल रहेको छ ।

एमालेको जनवर्गीय संगठनकै रूपमा कार्यरत 'राष्ट्रिय जन सांस्कृतिक मञ्च'ले वि.सं. २०५५ मा पारित आफ्नो विधानमा परम्परागत सामन्ती, अवैज्ञानिक र अन्धविश्वासी संस्कृति तथा आयातीत विकृत पूँजीवादी संस्कृतिका विरूद्ध क्रियाशील रहने, राष्ट्रको स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको पक्षमा रहँदै सबै प्रकारका असमान सन्धि तथा राष्ट्रियताविरोधी स्वदेशी र विदेशी प्रयत्न एवं क्रियाकलापको विरोधमा दृढतापूर्वक उभिने कुरा उद्देश्यमा समेटेको छ । तर यो मञ्चको निकट विगतमात्रै हेर्दा पनि एमालेका लागि चुनावी गीत गाउनुको अलावा मुलुक, समाज र सिंगो संस्कृतिका लागि सबैले ताली पिट्ने एउटा काम पनि गर्न सकेको देखिंदैन । 'हाल आफ्नो र संगठनको भूमिकालाई म स्वाभाविक हो कि भन्छु' -एक प्रसंगमा मञ्चका प्रमुख जेवी टुहुरेले प्रतिक्रिया दिए ।

यस्ता संगठनहरूमध्ये इन्द्रेणी सांस्कृतिक समाज (दुईवटा) र रक्तिम सांस्कृतिक अभियान केही फरक देखिन्छन् । यी तीनवटा संगठनहरूले लोकप्रिय गीति क्यासेट प्रकाशन गर्नुको अतिरिक्त धेर-थोर अन्य गतिविधिसमेत गर्दै आएका छन् । तर 'इन्द्रेणी सांस्कृतिक समाज' (इसास) का दुईवटा समूहमध्ये एउटा स्वतन्त्र 'इसास' छ भने अर्को 'इसास' एकताकेन्द्रको भातृसंगठनका रूपमा कार्यरत छ । स्वतन्त्र 'इसास'लाई संरक्षणको जरूरत देखिन्छ भने पार्टी नियन्त्रित 'इसास'लाई स्वतन्त्रताको । त्यस्तै, 'रक्तिम'समेत इसासको वर्तमान अवस्था पार गरेर पुनः पार्टी निकट र एकीकृत भएको हो । *(हाल 'इसास' र 'रक्तिम'का बीच एकीकरण भएको छ- सं.)* कलाकार रायनका शब्दमा टिप्पणी गर्ने हो भने 'पार्टीले सांस्कृतिक फाँटका कलाकारलाई दमै टोलीसरह बनाएका कारणले गर्दा' संस्कृतिकर्मीहरू छातामुनि बस्न नसकेका हुन् । उनी भन्छन्- "पार्टीलाई पैसा चाहिँदा हामीले कार्यक्रम गरेर पैसा बटुल्थ्यौं । चुनावमा गीत गाइदिथ्यौं । तर उनीहरूले सांस्कृतिक विभागको महत्व र मर्म नै बुझेनन् ।" रायनको यो भनाइमा वर्तमान रामेशको पनि आवाज पाइन्छ र पार्टीबाट एक

> **गायक रामेश आफूहरूबीच एकअर्कालाई प्रतिक्रियावादी भन्ने आरोप लगाइने गरेको स्मरण गर्दै भन्छन्- "हामीलाई त व्यर्थै आफूहरू नेता हुन पो लडाइएको रहेछ"**

पटक विद्रोह गरेर स्वतन्त्र रूपमा गायनको निरन्तरता दिइरहने २०५४ देखि केही पछिसम्मका जीवन शर्माको लय पनि पाइन्छ । तर रामेशले भनेझैं कलाकारलाई पेट पाल्न पार्टीको गीत गाउनैपर्ने भएकोले आफ्नो सोचभन्दा पार्टीको निर्देशनमा मात्रै हिंड्नुपर्ने बाध्यता छ । त्यहाँबाट विद्रोह गर्दा बाँचिदैन भनेर सम्झौता गर्नेहरू नै बढी छन् कि !?

## अब के गर्ने ?

'प्रगतिशील लेखक कलाकार संघ'बाट कलाकारहरूलाई गलहत्याइएपछि प्रगतिशील कलाकार रायनले सम्पूर्ण वामपन्थीहरूको साझा 'प्रगतिशील कलाकार संघ'को साझा मञ्चका रूपमा छुट्टै एकीकृत संगठन

निर्माण गर्ने प्रयास गर्नुभयो । उहाँकै शब्दमा भन्नुपर्दा 'पार्टीगत संकीर्णताको कारणले यो अभियान सफल हुनसकेन ।' रायनले संकीर्णताको आरोप लगाउनुभएका एकताकेन्द्र निकट 'इन्द्रेणी सांस्कृतिक समाज'का प्रमुख निनु चापागाईं सिद्धान्ततः एकीकृत संगठनलाई स्वीकार गर्नुहुन्छ । तर, त्यसको अवधारणा आउनुको पछाडि रायन र उहाँ निकट रहेको पार्टीबीचको दूरी बढेकोले हो भन्नुहुन्छ । यद्यपि रायन भने अझै आफ्नो उद्देश्यमा सफल हुने कुरामा विश्वस्त भएको बताउनुहुन्छ ।

सक्रिय रूपले सांस्कृतिक फाँटमा लागेका संगठनहरू रक्तिम, इसास, राजसामञ्च वा कुनै पनि संगठनहरूको विधानमा कुनै निश्चित पार्टीको गुलामी गर्ने वा उनीहरूको पक्षमा मात्रै काम गर्ने भन्ने कुरा उल्लेख गरिएको छैन । सबै समूहका विधानमा प्रगतिशील संस्कृतिकर्मीलाई सदस्यता दिन सकिने कुरा उल्लेख छ । यद्यपि व्यवहारमा भने सुन्दर र उन्नत संस्कृतिको निर्माणको लागि हिंडेका संस्कृतिकर्मीहरूको व्यवहार नै सबैभन्दा बढी असांस्कृतिक देखिने गरेको छ । किन मोहनविक्रम सिंहसँग मतभेद हुनेबित्तिकै जीवन शर्माले 'अर्को' रक्तिम चलाउनुपर्ने बाध्यता आउँछ ? महाकाली सन्धि र कालापानी अतिक्रमणमा राष्ट्रियता नदुख्ने राजसामञ्चका माधव प्रधान र चेतनारायण राईहरूलाई एमाले विभाजनकै भोलिपल्ट सांस्कृतिक जागरण ल्याउन अर्कै संगठन 'राष्ट्रिय जनवादी सांस्कृतिक संघ' खोल्नुपर्छ ? राजनीतिक मुद्दाभन्दा भित्र र बाजीभन्दा माथि हामी हाम्रा संस्कार र संस्कृतिका जरासम्म कुनै कलाकार समूह जाँदैन ? यस्ता दर्जनौं प्रश्नको घेरावन्दीमा संस्कृतिकर्मीहरू स्वयं असांस्कृतिक बन्दै गइरहेका छन् ।

कुनै समय जीवन शर्माले भनेझैं पार्टीले सहयोगमात्र गर्नुपर्थ्यो तर हस्तक्षेप गरिरहेको छ । यी विषयका अलावा जनसंस्कृतिको स्वत्वलाई समेत स्वीकार गर्दै आज सांस्कृतिकर्मीहरू अघि बढ्नुपर्ने देखिन्छ । तर व्यवहारमा भने हालसम्म आइपुग्दा नपुग्दा 'बाह्र वर्ष कुकुरको पुच्छर ढुंग्रोमा राख्यो ढुंग्रै बाँगो' भनेझैं भएको छ । ❑


विजया दशमी २०५९ तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त ग्राहकवर्गमा मंगलमय शुभकामना व्यक्त गर्दछौं

नेपाल विद्युत प्राधिकरण

विजया दशमी २०५९ तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिमालयन बैंक लि.

एड्स विरुद्ध एकता नेपाल

"नेपालमा पनि करिब ६० हजार मानिसहरू एच.आइ.भी./एड्सबाट संक्रमित भैसकेको अनुमान छ"

त्यसैले

एच.आइ.भी./एड्सबारे जानी, बुझी यसबाट सुरक्षित हुनका लागि एच.आइ.भी./एड्सबारे आजैदेखि कुरा गरौ ।

स्वास्थ्य मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

विजया दशमी २०५९ तथा शुभ दीपावलीको उपलक्ष्यमा समस्त ग्राहकवर्गमा तथा देशवाशीहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

KMM

काठमाण्डौ मैदा मिल्स प्रा. लि.

बालाजु औद्योगिक क्षेत्र, काठमाण्डौ
फोन नं. : ३५०२२१, ३५०३८५

# जङ्गलदेखि जङ्गलतिरै



■ रमेश विकल

उसले त्यस साँझको हमलामा खलङ्गा प्रहरी चौकी बमले उडाएको थियो । त्यसै उपलक्ष्यमा उसको छापामार गोप्य छाउनीमा धुमधाम उत्सव मनाइएको थियो । त्यतिखेर त्यहाँ उसको ठूलो प्रशंसा भएको थियो । किनभने यो अभियान उसकै नेतृत्वमा उसकै युद्धकौशलद्वारा सफल भएको थियो ।

त्यो ध्वस्त पारिएको चौकी भरखरै सैनिक र प्रहरीको संयुक्त प्रयासमा खडा भएको थियो । यसभन्दा अगाडि त्यहाँ कुनै चौकी थिएन । त्यसैले त्यहाँ क्रान्तिकारी छापामार फौजको प्रभाव थियो । उनीहरूकै डरले त्यहाँ सामाजिक विकृति- जाँड, जूवा, वेश्यावृत्ति, लागूपदार्थ, तस्करी, बलात्कार अनि जालसाजी गरेर गरीब निमुखाहरूको घरबास उठ्ती गराउने ठूला ठालू जालीफटाहाहरूको शोषण र अत्याचारजस्ता अपराधहरू प्रायः बन्द भएका थिए । किनभने यस्ता अपराधकर्मीहरूलाई छापामारहरूले अपराधको प्रकृति र मात्रा हेरेर जन-अदालतमा कठोर दण्ड-सजायँ दिन थालेका थिए र जनता प्रभावित हुँदै गएको थियो । तर उनीहरूको यो अभियानलाई जिल्ला, गाउँ, अञ्चलका जालीफटाहा, शोषक, अपराधकर्मी र भ्रष्ट प्रशासनका भ्रष्ट अधिकारीहरूले छापामारहरूको हत्या-हिंसाका रूपमा उल्टो र एकोहोरो प्रचार गरेर बदनाम तुल्याएका थिए । अनि त्यसैको परिणाममा त्यहाँ राज्यले प्रहरी र सेनाको संयुक्त सुरक्षा टोलीको चौकी खडा गरेको थियो । यसैको आडमा त्यहाँ फेरि अपराधकर्मीहरूको मनोबल बढ्न थालेको थियो । र, अपराधकर्मीहरूले फेरि आफ्ना हातगोडा चलाउन थालेका थिए ।

चौकी खडा भएपछि त्यहाँका सुरक्षाकर्मीहरू गाउँका फटाहा, बदमास र हुल्याहाको पोलका भरमा गाउँ-गाउँमा, घर-घरमा घुसेर बलियाबाङ्गा युवा, तन्नेरी पुरूषहरूलाई मात्र होइन, बूढाखाडा, आइमाई केटाकेटीहरूलाई समेत 'तिमीहरू आतंककारी छापामारका हिमाइते हौ, लौ कहाँ लुकाएर राखेका छौ ? कहाँ छ उनीहरूको अड्डा ? भन' भन्दै यात्तना दिन थालेका थिए । पोलिएका मानिसहरू साँच्चै आतंककारी थिए वा रीसइवीको कारण पोलिएका थिए, यति कुराको खोजखबर गर्ने र पत्ता लगाउनेसम्म पनि उनीहरूलाई चासो र फुर्सत थिएन । उनीहरूलाई त निर्दोष होस् कि दोषी, जति आतंककारीको सफाई गर्‍यो, उति आतंककारीलाई एउटै चिहान तुल्यायौं भनेर उद्घोष गर्दै सत्ताको स्याबासी, इनाम, पुरस्कार र बढुवा हात पार्नुसँग मात्र सरोकार थियो । त्यसैले उनीहरू अन्धो हात्तीले झैं जथाभावी मान्छेको बस्ती फाँड्दै, कुल्चँदै, मिल्चिंदै, नास्दै हिंड्न थालेका थिए । यसै सिलसिलामा एक साँझ गाउँभरिमा अत्यन्त सोझो र निमुखा भनेर कहलिएको सम्मानित परिवारका सम्मानित व्यक्ति दिलाराम मुखियाको साह्रै सोझो छोरो युवक बालाराम मुखियालाई जबरजस्ती घरभित्र पसेर घिसार्दै चौकीमा लगेर निर्मम यातना दिएपछि नक्कली मूठभेडको स्थिति सृजना गरेर गोली हानी सेतीको खोंचमा फालिदिएका थिए । अनि दिलारामको परिवारका सबैलाई भ्याँइकुटी पार्दै चौकीमा लगेर अमानुषिक ताडना दिएका थिए । शिवरामकी तरूनी बहिनीलाई त भोका गिद्धले झैं लुछाचुँडी गरेर विचेत भएपछि बगरमा लगेर फालिदिएका थिए ।

शान्ति सुरक्षा र आतंक निर्मूलनका नाउँमा यसरी निरंकुश राज्य-आतंक फैलिन थालेपछि त्यहाँको स्थानीय छापामार समूहले एक साँझ उसको नेतृत्वमा चौकीमा बम हानी ध्वस्त तुल्याएको थियो । त्यसमा केही निर्दोष (सुतिरहेका) प्रहरी जवान पनि हताहत भएका थिए । यस घटनालाई सत्ताको एकलौटी संचार माध्यमले 'सुरक्षा अभियानको सिलसिलामा आतंककारीहरूसँगको दोहोरो भिडन्तमा केही आतंककारी छापामारहरू मारिएका र साँझ आतंककारीहरूको एक जत्थाले खलङ्गा चौकीमा हमला गरी चौकी ध्वस्त तुल्याई केही सुरक्षाकर्मीहरूको नृशंस हत्या गरेका' भनेर खूब कोलाहल मच्चाएको मात्र होइन,



"बधाई छ कमरेड विद्युत ! धेरै धेरै बधाई ! आजको यस अभियानमा प्राप्त सफलताको सम्पूर्ण श्रेय तपाईंको कुशल नेतृत्वलाई जान्छ । त्यसैले तपाईंलाई बधाई छ !"

आतंककारीद्वारा हत्या गरिएका निर्दोष जनताका परिवारका सदस्यलाई खडा गराएर रेडियो वक्तव्य, टेलिभिजन अन्तरवार्ता दिलाएर छापामारहरूको नृशंस हत्याको छवि प्रस्तुत गर्न पनि ठूलो कसरत गरेका थिए । यस अभियानमा त्यहाँको प्रहरी सैनिक संयुक्त चौकीमा राखिएका खजाना, हात-हतियार, गोला बारूदको ठूलै भण्डार छापामार फौजको हात लागेको थियो । यस दृष्टिबाट पनि उनीहरूको यो अभियानले ठूलै सफलता पाएको ठहर गरिएको थियो र त्यस उपलक्ष्यमा छापामारहरूको गुप्त अड्डामा उत्सवको आयोजना गरिएको थियो । यस उत्सवमा अभियानको नेतृत्व गर्ने ऊ अर्थात् कमाण्डर 'विद्युत'लाई चारैतिरबाट स्याबासी वैरिइरहेको थियो- "बधाई छ कमरेड विद्युत ! धेरै धेरै बधाई ! आजको यस अभियानमा प्राप्त सफलताको

> **कमरेड ! यस्तै प्रकारको प्रश्न महाभारतको कुरुक्षेत्र मैदानमा उभिएर अर्जुनले कृष्णसँग सोधेथे । ...युद्धमा हाम्रोसामु हतियार बोकेर जो खडा हुनआउँछ, त्यो नै हाम्रो जनयुद्धको दुश्मन हो, त्यो भाइ पनि हुनसक्छ । दाजु, काका, साथी जो पनि ।**

सम्पूर्ण श्रेय तपाईंको कुशल नेतृत्वलाई जान्छ । त्यसैले तपाईंलाई बधाई छ !"

तर त्यस अभियानको प्रमुख नायक, सफलताको मुख्य कारणी कमाण्डर 'विद्युत' (वास्तवमा नाउँ अर्जुन शर्मा) भने त्यो बधाई ग्रहण गरेर त्यति प्रसन्न भएको देखिएन । साधुवाद र प्रशंसाका पुष्पहार पाएर उसका ओठमा किञ्चित मुस्कान त प्रकट हुन्थ्यो, तर त्यस मुस्कानमा सन्तुष्टि र प्रसन्नताको चमक हुँदैनथ्यो, त्यो त केवल सेरिएको बोकाको डिच्चिएका दाह्रीको बीचमा झल्कने निर्जीव अभिव्यक्तिमात्र लाग्दथ्यो- मलीन, सुख्खा र निरस ।

त्यस छाउनीका सबै छापामार कार्यकर्ताले त उसमा आएको यस परिवर्तनतिर त्यति ध्यान दिए दिएनन् र त्यसलाई चिने चिनेनन् कुन्नि, तर उसको एक जना अति अभिन्न साथी कमाण्डर सुदर्शन चक्र ( वास्तविक नाउँ जनार्दन शर्मा)ले भने त्यसलाई बडो गहिरोसँग अनुभूत गरिरहेको थियो । किन ?... किन अर्जुन आफ्नो त्यत्रो सफलतादेखि त्यति खुशी र सन्तुष्ट देखिन्न ? ... किन उसको मुस्कानमा प्रसन्नता, उमङ्ग र आत्मसन्तुष्टि देखिँदैन ?

धेरै गम खाएपछि आखिर उसले सोध्यो- "किन अर्जुन ! (यी दुई साथीबीच सामूहिक भेला र औपचारिक जमघटमा त उनीहरू औपचारिक सम्बोधन नै गर्ने गर्थे, तर अन्तरङ्ग क्षणमा भने पूरै अनौपचारिक नै बन्न पुग्थे र परस्परमा आफ्नै आत्मीय नाउँबाट सम्बोधित हुन्थे) तँ अभियानबाट फर्केदेखि नै त्यति खुशी देखिन्नस्, मलीन र उदास देखिन्छस् किन ? ... सञ्चो भएन कि कसो ? ..."

"केही होइन, केही पनि त भएको छैन । कहिलेकाहीं त त्यसै पनि यस्तो हुन्छ नि, हुँदैन र ?" -अर्जुनले टार्न खोज्यो, तर जनार्दनले त्यसलाई हल्का रूपले लिन सकेन । उसले धेरै नै उत्सुकता प्रदर्शन गरेर सोध्यो- "होइन भाइ मलाई नढाँट् । तेरो मनमा पक्कै केही कुरा खेलिरहेको छ । ...भन् मलाई ! ...सम्भव भए म तेरो पीडा बाँड्न प्रयत्न गर्नेछु ।"

जनार्दनको ज्यादै आत्मीय आग्रहपछि अर्जुनले कुरा लुकाइराख्न सकेन, उसले बडो व्यथायुक्त स्वरमा भन्यो- "भाइ, मलाई त्यो खलङ्गा चौकी ध्वस्त पारेपछि, त्यहाँ मर्ने जवानहरूको लाश देखेपछि मनमा कस्तो कस्तो नरमाइलो लागिरहेछ । मर्नेमध्ये एउटा त मेरो आफ्नै भाइ हो कि त भन्ने झझल्को मात्र आइरहन्छ । त्यसैले मनै उज्यालो हुन सकेको छैन ।"

-"त्यसो त एउटामात्र किन, सम्झिल्याए त त्यहाँ र अरू त्यस्तै अभियानमा मर्नेहरू सबै नै त आफ्नै भाइ भतिजै हुन् । एक दुईजनालाई मात्र लिएर किन चिन्ता गर्ने ?" जनार्दनले गम्भीर हुँदै भन्यो- "तर चिन्ता तैंले मैलेमात्र लिएर के हुन्छ ? उनीहरूले पनि त लिनुपर्‍यो, उनीहरूले पनि हामीलाई पाएका भए छोड्ने थिएनन्, होइन र ?"

-"हो, हुन त !" अर्जुनले लामो निश्वास फालेर भन्यो- "तर उनीहरू र हामीमा फरक छैन र ? उनीहरू भनेका सत्ताले किनेका भाडाका सिपाही हुन् । उनीहरूसँग सोच्ने विवेक र अनुभव गर्ने सम्वेदनशीलता सबै बन्धक परेका छन् !... उनीहरू त सत्ताले जसतिर बन्दूक सोझ्याउन भन्छ, उतै सोझ्याउँछन्, जसतिर संकेत गर्छ, आँखा चिम्लिएर हान्छन् !... तर...तर हामी त स्वेच्छाले भविष्यमा एउटा सुन्दर समाजको सुन्दर संसार निर्माण गर्ने सुनौला सपना बोकेर जनयुद्धको मैदानमा कुदेका सिपाही हौं । हामीसँग त विवेक र मानवीय सम्वेदनशीलताको अपेक्षा गर्छ जनताले !... तर आज हाम्रै निहुँले कुशासनका संचालकहरू जनतामा आतंक फैलाउने र हाम्रै नाउँमा जनतालाई उत्पीडन गर्ने मौका छोपिरहेछन् । ...रात दिनको यो दोहोरो मारकाट, रातदिनको यो विनाश दृश्य !... मलाई त यसबाट वितृष्णा हुन थालेको छ ।"

-"कमरेड !!" अब जनार्दन अन्तरंग आकाशबाट औपचारिक धर्तिमा उत्रियो- "युद्ध मैदानमा मारकाट र लास, रगत त भैहाल्छ, यो त सामान्य घटना हो !... युद्ध मैदानमा उत्रिएको सिपाहीले यस्तोतिर सोच्न थाल्यो भने लक्ष्य कसरी प्राप्त हुन्छ ? यस्तो दुर्वल, बुर्जुवा भावुकतामा उत्रियौं भने कसरी आफूले देखेको सुन्दर सपना, जनताको मुक्ति, उनीहरूको उज्ज्वल भोलिको सपना कसरी साकार पार्न सक्छौं ?... यो युद्ध मैदान हो । हाम्रो कर्तव्य, 'हन्त्रे च हनियशे च' हो, हतियार बोकेर हाम्रासामु अवरोध बन्न आउने दुश्मनहरूलाई छट्नी गर्दै अगाडि बढेर लक्ष्य प्राप्ति गर्नु !... युद्ध मैदानमा हात-गोडा गलाएर भावुकताको भाषमा भास्सिनु आत्महत्या गर्नु हो ।"

- "हो, यो युद्ध मैदान हो, युद्ध मैदानमा लासलाई कुल्चँदै र रगतको अहाल पार गर्दै जानु अनिवार्य हुन्छ, यो पनि बुझेको छु मैले ।" - अर्जुनले अत्यन्त पीडित स्वरमा भन्यो- "तर कसको लास ?... कसको रगत ?... हाम्रो आफ्नै लास, आफ्नै रगत ! हाम्रो अगाडि बन्दूक बोकेर उभिन आउने कुनै विजातीय, अर्को मुलुकको दुश्मन पनि त छैन !... जसको सुन्दर भोलिको सपना उतार्ने अठोट बोकेर हामी जनयुद्धमा उत्रिएका छौं, तिनै त छन् हाम्रोसामु उभिन आउने ?... म त कुनै अर्को दुश्मन देख्तिनँ ।"

-"कमरेड ! यस्तै प्रकारको प्रश्न महाभारतको कुरूक्षेत्र मैदानमा उभिएर अर्जुनले कृष्णसँग सोधेथे । आज तपाईं महाभारतको त्यही अर्जुन बनेर त्यही प्रश्न गर्दै हुनुहुन्छ । अनि त्यसको उत्तर महाभारतको कृष्णले दिएको थियो, त्यही म तपाईंलाई दिँदैछु । युद्धमा हाम्रोसामु हतियार बोकेर जो खडा हुनआउँछ, त्यो नै हाम्रो जनयुद्धको दुश्मन हो, त्यो भाइ पनि हुनसक्छ । दाजु, काका, साथी जो पनि । किनभने उसले पनि त मौका परे हाम्रो रगतले आफ्नो पदक उजिल्याउने र हाम्रो लासको भर्‍याङ्ग चढेर आफ्नो उन्नतिको आकाश छुने प्रयत्न गर्छ !... यो कुरालाई किन तपाईं बिर्सनुहुन्छ ?... ऊ हाम्रो रगत देखेर पग्लँदैन, हाम्रो लास देखेर रूँदैन भने हामीमात्र उसको लास देखेर किन रूने ?... उसको रगत देखर किन विचलित हुने ? यो तपाईंको क्षणिक भावुकता हो ।"

तर उसले भनेजस्तो त्यो अर्जुनको क्षणिक भावुकतामात्र थिएन । ऊ यस जनयुद्धको शाश्वत उद्देश्य एउटा मानव प्रगतिको लक्ष्यद्वारा प्रभावित भएर यस मैदानमा कुदेको थियो । ऊ मात्र होइन, ऊजस्ता अनेकले शुरूमा त यही मानव कल्याण अथवा भनौं, शोषित-पीडित जनसमाजको शोषण र उत्पीडन मुक्तिको लक्ष्य प्राप्तिको लागि शस्त्र उठाएका थिए । र, शुरूमा त प्रजातन्त्रको नाऊँमा लूट र वितण्डा खडा गरेर देशको सम्पूर्ण अस्मिता नै लोप गर्न प्रवृत्त वर्तमान शासन प्रवृत्ति र यसका राजनेताका उत्पीडनबाट प्रतिपल दुर्दशा भोगिरहेका निमुखा जनताले पनि क्रमशः उनीहरूको विकृतिविरोधी कार्यशैलीबाट निक्कै प्रभावित भएका थिए । उनीहरूको लक्ष्य र उद्देश्यको जन-कल्याणकारी पक्षलाई बुझ्न थालेका थिए । किनभने त्यतिखेर उनीहरूको शस्त्रको लक्ष्य जनअदालतको लक्ष्य, समाजमा महारोगझैं फैलिएका विकृति, लूट, शोषण र उत्पीडन, भ्रष्टाचार अनि यिनका पोषकतत्व जाँड, जूवा र वेश्यावृत्ति हुनेगर्थे । र, जनयोद्धाका न्यायदण्डदेखि यस्ता भ्रष्टहरू डराउन थालेका थिए र उनीहरूका कुकृत्यहरू समाजबाट प्रायः लोप हुँदै गएका अनुभव हुन थालेको थियो ।

तर जनयुद्धका नाउँमा त्यस्ता

असामाजिक तत्वहरूका हातमा शस्त्र अस्त्र पर्न पुगे, जसमा राजनीतिक संस्कार थिएन, वर्ग संघर्षको सही रूपको ज्ञान थिएन, जनयुद्धलाई एउटा जातीय र समूहगत द्वेष, इर्ष्याजनित प्रतिहिंसाको भावनाद्वारा संचालन गर्ने र लूटलाई र हिंसालाई पेशा बनाउने उनीहरूको प्रवृत्ति बन्न पुग्यो । बाढीमा हिलो-मैलो भैं परेका संस्कारहीनहरूका हातमा विना उचित दीक्षा र विना युद्ध आदर्शको शिक्षा, विना आचारसंहिता बन्दूक र बारूद थमाइयो । अनि त्यस्ता कुसंस्कारी दीक्षाहीन, आदर्शहीन नक्कली जनयोद्धाहरूको प्रभुत्व विस्तार हुँदा जनयुद्धको आदर्श भत्किन थाल्यो, शुद्धता र जनकल्याणकारी मार्ग च्यूत हुनथाल्यो । एउटा लक्ष्य, एउटा आदर्शबाट च्यूत भएका नामधारी जनयोद्धाहरू हिंसा, मात्र हिंसा र लूटमा उभिएका र अराजनीतिक अन्धा हात्तीभैं कहाँ हान्नुपर्छ र कहाँ हान्नुहुन्न भन्ने युद्धसंहितालाई लत्याएर जथाभावी हिर्काउन थाले । जनयुद्ध जनयुद्ध नरहेर एउटा अनियन्त्रित मारकाटमा साद्रिन पुग्यो, सांप्रदायिकता जुर्मुरायो, जनयुद्धका सबै मर्यादा कुल्चिएर जनआस्था र जनताको शाश्वत जीवनशैलीलाई नै तारो बनाइन थाल्यो । जनताको आस्थाबाट पाएको शस्त्र जनताकै छातीतिर सोभिन थाल्यो । शस्त्र-अस्त्रसहित सामु उभिएका विपक्षी योद्धाभन्दा बढी निहत्था जनताको संहार हुनथाल्यो ।

यसरी जनआस्थाको दुरूपयोग हुनथालेपछि कुनै राजनीतिक लक्ष्य (मिशन)का लागि नभएर सम्प्रदायगत, वर्णगत विद्रोहजनित हिंसा, लूट र हत्याका लागि होड हुन थालेपछि जनता दोहोरो मारमा पर्न थाल्यो । यस दोहोरो हिंसामा छट्टुहरू, परंपरागत शोषण र लूट गर्दै आएका फटाहाहरू उछिट्टिए, निर्धा निमुखा, असक्त, बाल-वृद्ध बनिता नै बढी हिंसाका शिकार हुन थाले । अनि जनयुद्ध र जनयोद्धाप्रतिको जनआस्था पनि क्रमशः भत्कन थाल्यो । जुन जनवर्गको उन्नति, प्रगति र कल्याणका खातिर जनयुद्धको आह्वान गरिएको थियो, जुन नेतृत्वको अदूरदर्शिता र जनयोद्धा भनिनेहरूका उच्छृङ्खल क्रियाकलापको परिणाम तिनै जनताले उनीहरूलाई रक्षक होइन भक्षकका रूपमा, त्राता होइन, पीडकको रूपमा हेर्न थाल्यो ।

-"जनयुद्धको आदर्श कहाँ बाँकी रह्यो आज ?" -अर्जुनले आफैंसँग प्रश्न गऱ्यो । -यो त अब हत्या, हिंसा र आत्महत्याको निरूद्देश्य ताण्डवमात्र रह्यो । नेतृत्वको अदूरदर्शिताद्वारा असंस्कृत र अयोद्धाहरूका हातमा शस्त्र-अस्त्र पक्डाउनुको कु-परिणाम थियो ।

यस्तै सोच र भावनाद्वारा मनमा एउटा ठूलो आँधी बोकेको अर्जुन अत्यन्त विचलित भयो । निक्कै दिनको मानस मन्थनपछि ऊ अब यो लक्ष्य हराएको, दिग्भ्रमित, पदच्युत, अनुशासनहीन जनयुद्धको अन्धो दौडको मोह त्यागेर आफ्नै स्वजनहरूका बीच, शान्त सुरम्य धर्तिको आफ्नै गाउँको काखमा फर्कने अठोटमा पुग्यो । अनि आफ्नो अत्यन्त आत्मीय साथी जनार्दन (सुदर्शन चक्र)का सामु आफ्नो विचार राख्यो- "जनार्दन ! हुन त तिम्रो आँखामा यो मेरो पलायन ठहर्ला, तर यो लक्ष्य भुलेर दिशा हराइसकेको, नाउँ मात्रमा बाँचेको 'जनयुद्ध'को औचित्य कहाँ बाँकी रह्यो र ? त्यसैले मैले त आफ्नै गाउँ र समाजमा गएर त्यहींबाट सच्चा 'जनयुद्ध'को शुरूबाटै शुरू गर्ने विचार गरें ।"

- "तर के तिमीले सजिलै त्यो गर्न पाउलाउ ?... के तिमीलाई उनीहरूले सुखसँग त्यसो गर्न देलान् ? ...नत्र तिम्रो यो पाइला साँच्चै 'पलायन' नै बन्न जाला ।" -जनार्दनले सम्भाउन खोज्यो । तर अर्जुनले बडो ग्लानीको स्वरमा भन्यो- "तर जब मेरो युद्ध स्वयंमा लक्ष्यच्यूत दिशाहीन भैसकेको छ भने मेरो पलायन र नपलायनले के फरक पार्छ र ? 'जनयुद्ध' नै आफ्नो निष्ठा मार्गबाट पलायन भैसकेको छ, आफ्नो चरित्रबाट विमुख भैसकेको छ भने ...!"

- "ठीक छ, तिम्रो त्यस्तै सोचाई छ भने म तिमीलाई रोक्तिन र अवरोधक पनि बन्दिन ।" जनार्दनले भन्यो- "तर मलाई लाग्छ, हाम्रा पछाडि शिकारी कुकुरभैं छाडिएका सत्ताका फौजले तिमीलाई सजिलै बाँच्न दिने छैनन् । जेहोस्, मेरो शुभकामना छ तिमीलाई ! तिमी आफ्नो लक्ष्य पुनः प्राप्त गर्न सफल बन र लक्ष्यच्यूत भएको जनयुद्धलाई पुनः सही मार्गमा ल्याउन सफल बन्यौ भने यो देश र यहाँका निमुखा जनताको ठूलो उपकार हुनेछ ।"

अनि यसरी एक दिन 'जनयुद्ध'मा समर्पित भएर जङ्गल पसेको सिपाही अर्जुन शर्मा, जनयुद्धले बाटो बिराएपछि हिंसाका लागि हिंसाको जीवनलाई र आफ्नो छद्म परिचयलाई जंगलमै छोडेर आफूले छोडेर गएको सानो गाउँमा पस्यो । त्यतिखेर उसको मनमा यौटा नयाँ उमङ्ग जन्मन थालेको थियो- मार्ग भ्रष्ट क्रान्ति युद्धलाई वास्तविक क्रान्तिको सही दिशामा मोड्ने उत्साह र उमङ्ग । ऊ भण्डै भण्डै दिन ढल्दा गाउँको साँध टेक्न पुगेको थियो । उसको मनमा उसलाई गाउँबाट हराएको पाँच छ वर्षपछि यसरी एक्कासी, गाउँमा भुल्किएको पाएर उसका आफ्ना प्रियजनहरूमा एउटा अपूर्व उत्साह र उमंगको लहर उठ्नेछ र त्यस लहरले आफ्ना आत्मीय हात फैलाएर उसलाई अँगालोमा बाध्नेछ भन्ने एउटा गहिरो विश्वास, एउटा सुखद् सपना बुनिन थालेको थियो । तर गाउँको सीमामा पस्नासाथ त्यो मीठो सपनामा हिउँको मुटु कठाङ्ग्रिने चिसो पानी खन्याइएभैं अनुभव भयो उसलाई । किनभने जुन गाउँका आबाल-बृद्ध बनिता पहिले पहिले उसलाई आँखाभित्र लुकाएर राख्न अत्यन्त लालायित हुने गर्थे, तिनै जनता आज उसलाई देख्नासाथ कुनै जंगली हुँडारलाई देखेर तर्सिएभैं एक्कासी लाखापाखा लागे । उनीहरूले उसलाई हेर्ने आँखा अहिले अत्यन्त चीसा र निर्जीव थिए ।

आफ्नो प्यारो गाउँका प्रियजनहरूको यस्तो चिसो र त्रसित व्यवहारले अर्जुन विचलित भयो । ऊ विचित्र अपरिचित र अनात्मीयताको पीडाबोधले रन्थनियो । किन यस्तो व्यवहार ? के गल्ती गऱ्यो उसले ?.. यही प्रश्न बोकेर ऊ तल्लो टुप्पलबाट माथिल्लो टुप्पल आफ्नो घर जाने उँभो गोरेटोतिर उक्लन थाल्यो । आफ्नो पुरानो घर छिमेकमा पुग्दा त उसको अन्तरको तारमा भन् असह्य पीडाको भन्कार फुट्यो । जुन ठाउँमा पहिले उसको घर हुने गर्थ्यो, त्यो ठाउँ त माटाको विशाल ढिस्कोमा परिणत भैसकेको थियो । त्यसै ढिस्कोले पुरिएका उसको घरका ईंट, काठ, ढुङ्गा एउटा कङ्कालको रूपमा देखिन्थे- एउटा भूतको अवशेष । त्यसका डाँडा भाटा, दलिन, निदाल, थाम, खापा, चौकोश सबै श्याल-कुकुरले लुछेर चौटा-लाम्टा तुल्याएको मुर्दाका भङ्ग अंगभैं लाग्दथे ।

र, ती चोक्टाहरूमध्ये पनि अलि गतिला गतिला चोक्टाहरू लुब्ध गिद्धहरूका उदरभित्र परिसकेका थिए ।

अर्जुनको हृदयमा एउटा अग्निज्वाला उठ्यो । उसका आँखामा आँसुका छालहरू उठ्न थाले । कसले स्मशान तुल्यायो उसको यो भरिलो गृहस्थी ?... कहाँ गए उसका समस्त परिवार ?... आमा, दाजु, भाउजू, भाइ-बहिनी, जहान ? ... कसले के गऱ्यो उनीहरूलाई ? उसको मनमा प्रश्नहरूका खातका खात लागे । ऊ यिनै प्रश्नमाथिका प्रश्न बोकेर गाउँ सिरानको चौतारो जाने गोरेटो उक्लन थाल्यो । सिरान पाटीको चौतारोमा त पक्कै कोही जवाफ दिनसक्ने भेटिएलान् । कोही नभए पनि त्यहाँ होटेल थापेर बस्ने सुनौली कान्छी र उसका पसलका रैथाने ग्राहकहरू त भेटिएलान् ।

ऊ बढ्दै गयो । ऊ सिरान चौरको

**सुनौलीको कुरा सुनेर अर्जुन गहिरो सोचमा पऱ्यो । ऊ जंगलको जीवन छोडेर फर्किएको- के त उसलाई अब समाजको जीवनमा बाँच्न दिंदैनन् त ?... ऊ त लौ समाज छोडेर जंगल पसेकोले उसका बारेमा गाउँले समाजले जे सोच्यो सोच्यो, तर उसको परिवार ?...**

सुनौलीको होटेलमा गयो । त्यहाँ तीन चार जना गाउँका तन्नेरीहरू देखिए । अर्जुनको मनमा आशाको टुसो पलायो । ऊ उनीहरूतिर बढ्यो । तर उसलाई देख्नेबित्तिकै ती तीन चार तन्नेरीहरू पनि तर्सिएका कुकुरभैं लाखापाखा लागे । अर्जुनको मनमा एउटा तीव्र पीडाबोध भयो । साथै प्रतिक्रियामा एउटा उग्र आक्रोश पनि जुर्मुरायो ।.. किन यस्तो शत्रु व्यवहार उनीहरूको ?

-"ओः अर्जुन दाइ !... धेरै वर्षपछि पो भुल्किनु भो त ।" -उसलाई नियालेर हेरेपछि सुनौलीले आँखामा एउटा नजानिदो सन्त्रास र पीडा भरेर भनी । ऊ अहिले एक्लै थिई । ऊ चञ्चल देखिन्थी र उसलाई देखेर

कता कता विचलित भएजस्ती पनि । अर्जुन केही नबोली भित्र पसेर एउटा बेन्चीमा बस्यो, एक गिलास चियाको अडर दियो । अनि एक्कासी उसको प्रश्नको जवाफ नदिई सीधा प्रतिप्रश्न गर्‍यो- "सुनौली बहिनी !... म गाउँ पसेदेखि नै यहाँका मानिसहरूको व्यवहार अनौठो देख्दैछु । किन मलाई देख्ता सबै तर्केर हिंड्छन् ?... उनीहरूले चिनेनन् कि मलाई, के हो ?"

अर्जुनको प्रश्नले सुनौलीको आँखाको सन्त्रास झन् बाक्लिएको देखियो । अनुहारमा भयको छायाँ वारपार गर्‍यो । उसले गम्भीर स्वर पारेर भनी- "किन बिर्सन्थे, चिन्छन् । तर... तर... यहाँ छ आठ महिनादेखि तपाईंका बारेमा गाउँका बडाहरूले र उनीहरूका मान्छेले डरलाग्दा, डरलाग्दा कुराहरू फैलाइदिएका छन् । तपाईंहरूले बालबच्चा, केटाकेटी, सत्तरी अस्सी वर्ष नाघिसकेका रोगी, कुँजा बूढाबूढीहरूलाई पनि हात खुट्टा भाँचेर मार्नुभो अरे, इस्कुल अस्पतालमा पनि बम हिर्काएर त्यहाँका केटाकेटी, रोगी बूढाखाडा पनि बाँकी नराखेर सोत्राम पार्नु भो अरे, बटुवा बोक्ने वसार्ने रात्री बसहरू लुटेर त्यसमा आगो लाएर केटाकेटीलाई समेत जिउँदै जलाइदिनु भो अरे, आफ्ना छोरा-छोरीलाई पैसाको थुप्रो खर्च गरेर बेलायत, अमेरिका पढाउने, अनि यहाँ जनताका छोराछोरीलाई पढ्न पनि नदिने, जाँच दिन पनि नदिने गर्नुभो रे ।... गाभिनी गाई पनि काटेर सबैलाई जबरजस्ती मासु ख्वाउनुभो रे, देउताका मन्दिर भत्काउनु भो अरे, देउताका टाउकामा दिशा पिसाब गरिदिनु भो रे, तर बदमास, लुटाहा, फटाहाहरू धेरै सम्पत्तिवाला, डांकाहरूलाई चाहिं कुस्तकुस्त चन्दा लिंदै छोडिदिनु भो अरे । देश लुट्ने, जनता लुट्ने भांडहरूलाई थुप्रो थुप्रो चन्दा लिएर रक्षे गर्नु भो रे । यस्तै यस्तै थुप्रै झूठा-साँचा कुराहरू गर्छन् तपाईंहरूका बारेमा । त्यसैले पहिले पहिले त तपाईंहरूको खुबै सराहनी गर्ने मान्छे, गाउँले जनताहरू पनि तपाईंहरूदेखि डराउन थालेका छन् । ...त्यसैले... ।"

सुनौलीका कुरा सुनेर अर्जुन सोचमा पर्‍यो । सुनौलीले भनेका कति कुराहरू ठीक पनि छन् । यता आएर उनीहरूले आफ्नो राजनीतिक लक्ष्य भुल्न थालेका उसलाई पनि अनुभव

**अर्जुनको प्रश्न सुनेर सुनौलीले गम्भीर स्वर पारेर भनी- "यहाँ छ आठ महिनादेखि तपाईंका बारेमा गाउँका बडाहरूले र उनीहरूका मान्छेले डरलाग्दा, डरलाग्दा कुराहरू फैलाइदिएका छन् । तपाईंहरूले बालबच्चा, केटाकेटी, सत्तरी अस्सी वर्ष नाघिसकेका रोगी, कुँजा बूढाबूढीहरूलाई पनि हात खुट्टा भाँचेर मार्नुभो अरे..."**

भएको हो । उसका साथीहरू, उसका कार्यकर्ताहरूमा कति त अब लुट्नका लागि लुट्ने र मार्नका लागि मार्ने उत्ताउलो हिंसामा उत्रिएका छन्, अब उनीहरूलाई रूख्खा सुख्खा, जो मिलेकोबाट आफ्नो प्राण रक्षा गर्दै जनयुद्ध लड्नुमा सन्तोष हुन छोडेको छ । धेरैजसो कार्यकर्ता, जनयोद्धाहरू अब सुविधाभोग गर्ने, मोजमज्जातिर लाग्न थालेको अनुभव भएको छ उसलाई पनि । गाउँ-गाउँमा पसेर जबरजस्ती खसी-बोका काट्न लाएर गृहस्थका अकिञ्चन घरहरूबाट पनि मासु भातको जबरजस्ती माग गर्न थालेका र माग पुर्‍याउन नसके हात खुट्टा भाँच्ने, काट्ने, मार्ने गर्न थालेका अनुभव उसले पनि गर्न थालेको हो र माथिको नेतृत्वको अनुशासन, राजनीतिक आचारसंहिता अब धेरै नै अङ्कुशरहित, असरहीन हुनथालेको, इमान्दार, निष्ठावान, जनयोद्धाका ठाउँ क्रमशः पेसेवर लुटेरा, बदमास, गुण्डा र बलात्कारी, हत्याराले लिन थालेको अनुभव उसलाई पनि हुँदै आएको थियो । त्यसैले त जंगल छाडेर अब गाउँकै जीवनमा फर्कने, यतैबाट चेतनाको जनयुद्ध लड्ने अठोट लिएर आएको थियो ऊ । तर ... तर...।

-"अर्जुन दाजु ! तपाईं यहाँ एक छिन पनि नबस्नोस् । तपाईंलाई यहाँ राजाका मान्छे र गाउँकै ठालूहरूका छुल्याहाहरू शिकारी कुकुरले शिकार खोजेजसरी छ्याप-छ्याप्ति खोजिरहेका छन् । कसैले छुल्याइँ गरेर कसैले देख्यो भने तपाईंलाई ठाडै कुनै सोधपुछै नगरी गोली हान्छन् । त्यसैले तपाईं यहाँ एक छिन पनि नबस्नोस् ।" सुनौलीले एकै सासमा भनी- "अस्ति भरखरै तपाईंजस्तै गरी लुक्तै गाउँ आएको शंकरे सन्नेसीलाई कुनचैं छुल्याहाले पोल लाइदिएछ र सिपाहीहरूले केही सोधपुछ नै नगरी गोली हाने । अनि भिडन्तमा आतंककारी मारियो भनेर रेडियोले फुक्यो ।"

सुनौलीको कुरा सुनेर अर्जुन गहिरो सोचमा पर्‍यो । ऊ जंगलको जीवन छोडेर फर्किएको- के त उसलाई अब समाजको जीवनमा बाँच्न दिंदैनन् त ?... सुनौलीका कुरा सुन्दा त त्यस्तै लाग्छ । तर ...ऊ त लौ समाज छोडेर जंगल पसेकोले उसका बारेमा गाउँले समाजले जे सोच्यो सोच्यो, तर उसको परिवार ?... उसका बूढा आमा बाबु, उसका दाजुभाइ, भाउजु बुहारी, दिदीबहिनी ?... उनीहरूको त केही दोष थिएन ?... उसको घरको त केही दोष थिएन ? त उसको घरलाई कसले किन विध्वंश तुल्यायो ?...



उसका आमा-बाबु र परिवारका अरू सदस्यलाई कसले, कहाँ पुऱ्यायो ?... यी सब प्रश्नको उत्तरमा सुनौलीले भनी- "तपाईं गाउँबाट हराउनु भएपछि एक फौज राजाका मान्छे, सिपाही पुलिस आएर गाउँमा छ्यापछ्याप्ति खानतलासी गरेर, घर घरमा फोरफार गरे । तपाईंका आमा-बाबु, दाजु, दिदीहरूलाई तपाईंलाई कहाँ लुकाए भनेर मारपिट गर्दै केरकार गरे । अनि लछारपछार गर्दै कहाँ लगे, अत्तोपत्तो भएन ।..."

-"अनि हाम्रो घरको त्यो गति कसले तुल्यायो ? उनीहरूले नै हो ?" -अर्जुनले सोध्यो ।

-"त्यो त अधर्म भन्नुहुन्न" सुनौलीले भनी- "तपाईंको घरचाहिँ ठूलाकाजीकै मान्छेहरूले एक दिन राती आएर आगो लगाइदिए । अनि सद्दे सद्दे काठपात, जस्ता, ईंटाचैं एक एक गर्दै उनीहरूले नै बेपत्ता तुल्याए ।"

-"अनि उनीहरूले त्यत्रो विधि गर्दा पनि गाउँका दाजु भाइहरूले केही भनेनन् ? रोक्न खोजेनन् ?.. रोक्न एक बचन बोलेनन् ?" -अर्जुनले तीतो स्वरमा सोध्यो । सुनौलीले पनि उसै गरी जवाफ दिई- "कसले रोक्ने ठूलाकाजीका भँडुवाहरूलाई । यहाँका राजै उनरू । विचरा गाउँले, के सत्ता छ उनरूसंग ?... सबै सुरालमुतुवा, पानीमरूवा भैसकेका छन्, रूभेको बिरालोलेभैं तमासो हेरेर बसे । अभ, कतिले त लुकी चोरी तपाईंको घरका सद्दे सद्दे ईंट-काठ हटाउन पनि सघाए ।... दाइ, तपाईंलाई यो गाउँमा कसैले बस्न खान दियो भने मतियार मानेर सजायँ दिइने उर्दी पिटाएका छन् ठूलाकाजीले । त्यसैले कसैले तपाईंको पक्ष लिएर बोल्ने आँट गर्दैन यहाँ । बोल्नेले उनरूको अत्तेचारको शिकार बन्नुपर्छ । बरू तपाईंलाई देख्यो भने तुरून्त चौकीमा खबर गर्नू भन्ने कडा उर्दी छ । त्यसैले तपाईं तुरून्तै यहाँबाट जानोस् । नत्र कसैले पोल लाइदेला ।"

सुनौलीका कुरा सुनेर अर्जुनभित्र एउटा वेदनाको छाल उर्ल्यो । कहाँ लगे होलान् दुष्टहरूले उसका बृद्ध आमा-बालाई ?... के गरे होलान् उसका उमेरदार बहिनी, भाउजू, बूहारीलाई ?... कुन भँड्खारामा लगेर जाकेका होलान् उसका दाजु-भाइलाई ?... उसको मुटु चिरिएजस्तो भएर आयो । त्यसबाट असैह्य वेदनाको रस निचोरिँएर आँखाबाट भर्न टल्मलायो । ऊ जंगलको पशु जीवनबाट निसास्सिएर आफ्नो थलाको चुम्बकले तानिएर आफ्ना बन्धु परिवारको माया र स्नेहको डोरीले खिचिएर आएको यहाँ, तर यहाँ त उसको सबै संसार जलेर खरानी भैसकेको थियो, केही बाँकी थिएन उसको अब यहाँ ।...

अब उसले कहाँ जाने ?.. कहाँ खोज्ने उसले आफ्ना आमा-बाबु, स्वजन परिवार ?.. उसलाई लाग्यो- साँझको त्यो धमिलो आकाशमा असंख्य असंख्य हिंस्रक हुँडारहरूका अंगारभैं सल्किएका अत्यन्त भयानकहरूले उसलाई घृणा, द्वेष र हिंसाको भावले हेरिरहेका छन् । कुनै पनि बेला तिनले उसलाई जलाएर भष्म तुल्याइदिने छन् । अनि जनता ? उसलाई माया गर्ने, उसको उद्देश्यप्रति श्रद्धा र विश्वास राख्ने जनता उसका आफ्नै योद्धा साथीहरूको गलत युद्धनीति- हिंसाका लागि हिंसा र मारकाटका लागि मारकाट, अनि लूटका लागि लूटको घृणित कृयाकलापको कारणले अब उसप्रति घृणा र प्रतिहिंसापूर्ण हुन पुगेका छन्, वितृष्णित हुन पुगेका छन् । अब उसको आफ्नै गाउँ, आफ्नी आमाको न्यानो काख, कुनैले पनि उसलाई शरण दिन समर्थ छैनन् । अब उसलाई पनि कसैले विश्वास गर्नसक्ने छैन । उसको शुद्धतामा निरूद्देश्य हिंसा, नृशंस हत्याको कालो दाग लागिसकेको छ । यसलाई पखाल्न उसले ठूलै प्रयत्न गर्नु पर्नेछ । त्यो पनि आफ्नै बलबुतामा आफैंलाई सुध्याएर । उसलाई सहयोग र मद्दत गर्ने हात अब हटिसकेका छन्, सिथिल भैसकेका छन् ।

सुनौलीसंग छुट्टिएर अर्जुन गाउँतिर ओरालो लाग्यो । अँध्यारोको पछ्यौराले धर्तिलाई छोप्दै ल्याएकोले वरिपरि मसानभैं चकमन्न र शून्य थियो । ऊ विस्तारै उसको घर भएको ठाउँ आँप पाटोमा भऱ्यो । अहिले त्यहाँ उसको घरको सट्टा कङ्कालमा साट्टिएको अवशेषस्वरूप केवल माटोको र डढेको परालको अवशेष थियो । अब उसले आफूलाई गम्लङ्ग कालो धुस्साले ढाकेर फेरि अज्ञात र अनिश्चित दिशातिर जान पाइला उठायो । ❑

# म र मेरो अन्धकार

■ हरि अधिकारी






म छु
मसँग मेरो एकान्त छ
र, छ आफूलाई मात्र थाहा हुने वेदनाको दंशले
उफारिरहेको मेरो उद्विग्न हृदय,

यो अशान्त मनको चकमन्न कोठामा
तार चुँडिएको पुरानो सारंगी छ
धूलोले छोपिएका पुराना तस्वीरहरु छन्
र, छन् अधुरो सपनाका मायालाग्दा टुक्राहरु,
आजको साँझ छ सधैंभैं उदास र निस्तेज
अचानक टक्क अडिएको छ मानौं रातको स्पन्दन
म आफूलाई छामिरहेको छु
म आफूलाई टक्टक्याइरहेको छु
स्मृतिको लामो र जीर्ण राजमार्गमा
टोल्हाएर उभिएको छु
भेटिने आशमा लुटिएको मेरो पहिलो प्रेम,

मसँग मेरो आफ्नै अन्धकार छ
र, छन् पुरानो घाउभैं प्रिय मेरा पराजयहरु
जहाँनेर उज्यालोको लाश परेको छ त्यहीं
नाङ्गो, एक्लो र हताश सिमलको रुखभैं
ठिङ्ग उभिएको छ मेरो मधुरो प्रतिविम्ब ।
❑




# स्वीकारोक्ति

■ खगेन्द्र संग्रौला

संकटकालमा अन्धकारमाभ नागरिकलाई पक्राउ गर्न सुरक्षाकर्मी पसेभैं अन्धवेगयुक्त आँधीको गतिमा बलात् ढोका उघारेर उषा भित्र पसी । उसको मनोवेगको प्रचण्ड छाल उसको विवेकको बशमा थिएन । उसको त्यो आगमन अनपेक्षित र आक्रामक थियो, त्यसैले रमा भसङ्ग हुँदै आफूजस्तै पुरानो कौचबाट जुरूक्क उठी । उसको दाहिने हातको चोर औंलो र माभी औंलोको चेपमा आधासरो सल्किएको शिखर चुरोट थियो । उसका नाकका पोराबाट चुरोटको पातलो धुवाँ पुतपुताइरहेको थियो । ए ! रमा त चुरोट खाँदी रहिछ ! उषा जिल्ल परी ।

"आँधी भएर आयौ नि, के भो ?"

"दिदी, मेरो हृदयमा आगो सल्क्यो ।"

चुरोट तान्दै रमा बसी । उसले आफ्नो अस्तब्यस्त कोठामा आँखा सरक्क घुमाई । उसलाई लाग्यो, त्यो कोठा उसको आफ्नै अन्तरको प्रत्यक्ष प्रतिबिम्बन हो, जहाँ ऊ आफूभित्र जस्तै विराट रिक्तता मात्र छ । उसका आँखा सामुन्नेको भित्तोतिर उठे, जहाँ रोजा लक्जेम्बर्ग, क्लारा जेट्किन र पारिजातका ओजस्वी तस्बीरहरू टाँगिएका थिए । ती परिचित तस्बीरका अनुहरमा टिक्न नसकेर उसका ग्लानियुक्त दृष्टि भुइँको उही निरर्थक रिक्ततामा पछारिए ।

उषा अहिलेसम्म उसको अगाडि मूर्तिवत् उभिइरहेकी थिई ।

ती दुबै महिला नेतृ थिए, रमा र उषा । संगठनको एउटै समितिमा, सँगै, नेतृत्वको एउटै तहमा तिनले काम गरेको पनि कम्तीमा एक दशक भइसकेको थियो । तर अहिले, त्यो अनपेक्षित भेटमा, उषाका नजरमा रमा एकदम अपरिचितभैं, एकदम अर्कै, एकदम बेग्लै देखिई । मानौं उसभित्रको कुनै रहस्यमय गुफाबाट एउटा नयाँ प्राणी नयाँ स्वरूपमा बाहिर प्रकट भएको हो ।

"दिदी, तिमी त लुकिछिपी चुरोट पो खाँदिरहिछ्यौ !"

"बहिनी, तिमी त धेरै कुरा चाल


लेखक संग्रौला

नपाइकन बूढी हुन लाग्यौ ।"

दुबैले कुतूहल र विस्मय भरिएका विस्फारित नेत्रले एक-अर्कालाई ट्वाँ परेर हेरे । महिना दिनपछि भएको त्यो भेटमा ती दुबैले एक-अर्कालाई वास्तविक उमेरभन्दा बूढी भएको अनुभूति गरे । रमा त्यो चकमन्न कोठामा अस्तब्यस्त नाइट गाउनमा थिई । कालो लगाएको, असरल्ल परेको उसको तरूण कपालभित्रबाट सेतो रङ्गको उसको बृद्धताले चोरी चालले यसोक्क चियाइरहेको थियो । उता उषाका गालामा चाहिं हो कि होइन जस्तो गरी चायाँ परेको थियो । रूँदारूँदा क्लान्त भएभैं लाग्ने उसका आँखा कान्तिहीन थिए । त्यो रूपमा त्यसरी एकाबिहानै उषा आउली भन्ने रमाको प्रत्याशा नै थिएन । उसले देखी, आफूभन्दा पन्ध्र वर्षजति कान्छी ऊ आज असमयमै आफूजस्तै जर्जर बूढी हुन लागिसकिछ ।

"दिदी, म तिमीसित गुहार माग्न आएकी ।" उषाले आगो सल्किएको हृदयको सन्तापको पोको फुकाई । "तिमी भुक्तभोगी हौ । उसो त हण्डर र ठक्करका अनुभवको भण्डार नै हौ तिमी । जीवनका थुप्रै भयङ्कर हूरीहरूलाई भेलेर सतिसालको रूखभैं अटल उभिएकी हाम्रो युगकी चरित्रनायिका हौ तिमी । त्यसैले....."

उषालाई चकित तुल्याउँदै रमा फस्फस् चुरोट तानिरही । भित्ताका तस्बीर हेर्दा उसलाई त्यहाँबाट कतै भागूँ तस्बीरका आँखाले नदेख्ने ठाउँमा, एकलासको अँध्यारोमा कतै लुकूँभैं लागिरह्यो ।

"तिमीलाई के गुहार चाहियो ?"

उषा बसेर आफ्नो रामकहानी सुनाउन थाली । उसको लोग्ने केशव पार्टीकी एउटी केटीसँग सल्किएको थियो । तिनको उठबस र लसपसको सुइँको पाएपछि ऊ एकदम गोप्य रूपमा पार्टी हाइकमान समक्ष रोई-कराई गर्न गएकी थिई । हाइकमानले पहिले त उसको रोई-कराई एक कानले सुनेर अर्को कानले उडाइदिन खोजेथ्यो ।

"असम्भव ! कामरेड केशवजस्तो निष्कलङ्क व्यक्तिले...."

"देख्ने साछी मेरा आँखा छन् ।" उषाले फेरि पनि रोई-कराई गरेकी थिई ।

"मनको आशङ्काको भ्रम आँखालाई वास्तविकता जस्तो लाग्यो होला ।"

"सतोसत् मैल्यै देखेकी हुँ । मेरै ओछ्यानमा ।" भक्कानिएर रूँदै उसले भनेकी थिई । "कमरेड, त्यस रण्डीले मेरो ओछ्यानमा अतिक्रमण गरी ।"

त्यो सुनेर हाइकमाण्ड अलि गम्भीर भएको थियो । उषाले गोप्य अनुसन्धानपछि न्याय पाउने आश्वासन पाई । त्यस्तै हप्ता दिनपछि हाइकमाण्डबाट उसलाई गोप्य बोलाहट भयो । वास्तवमा उसको श्रीमान् पार्टीको मध्यम स्तरको निकै चल्तापुर्जा र चतुर नेता थियो, उस्तै परे कागका पुल चोर्ला कि भनेजस्तो । त्यसैले धुर्त्याइँको कौशल प्रयोग गरी केही न केही रफ्फु भरेर अपराधको भ्वाङ टालिएला कि भन्ने आशङ्का र भयले उषालाई हप्तैभरि पिरोलेको थियो ।

**"हप्काइ दिनुस्, कमरेड । जसरी हुन्छ छुटाइदिनुस् ।" तथास्तु । हाइकमाण्डले अर्को आश्वासन दियो । तर उषाको क्षेत्राधिकारभित्र पर्ने ओछ्यानमाथिको अतिक्रमण दोहोरिइरह्यो ।**

अनुसन्धानको नतिजामाथि प्रकाश पार्दै हाइकमाण्डले भन्यो, "कमरेड, पार्टी जीवनमा एउटै कोठामा, अझ एउटै ओछ्यानमा बस्नु सामान्य कुरा हो । हेर्नुस्, कहिलेकाहीं शङ्काले लङ्का जलाउँछ । अनुसन्धान गर्दा त, कमरेड, कुरो त्यस्तो पो बुझिन आयो ।"

उषा रीसले रन्थनिई । आवेशमा क्रुद्ध मुक्का टेबुलमा बजार्दै उसले प्रतिवाद गरी, "देख्ने साछी म छु । के म अन्धी हुँ ?"

उषाको घायल हृदयबाट उठेको क्रोधको ज्वालालाई थामथाम-थुमथुम पार्न असमर्थ भएपछि हाइकमाण्डले भाका फेर्‍यो, "मानौं कि यो सत्य हो । तपाईं के चाहनुहुन्छ त ?"

"काखमा दुदीवटा चिचिला लालाबाला छन् ।"

"हैन, आखिर तपाईं के चाहनुहुन्छ ?"

"हप्काइ दिनुस्, कमरेड । जसरी हुन्छ छुटाइदिनुस् ।"

तथास्तु । हाइकमाण्डले अर्को आश्वासन दियो ।

तर उषाको क्षेत्राधिकारभित्र पर्ने ओछ्यानमाथिको अतिक्रमण दोहोरिइरह्यो । उसले एक दिन अतिक्रमणकारीको चुल्ठो समाती । उसको अनुहारमा थुकिदिई । र, सराप्दै र घँचेड्दै उसलाई पटके चोरलाई झैं घरबाट लखेटी ।

"अब तँसँग मेरो घर नहुने भो ।" तीन दिन कतै अलप भएर चौथो दिन घर फर्किएको केशवले उन्मादी मुद्रामा घोषण गर्‍यो । "तँ तेरो बाटो लाग्, म मेरो बाटो लाग्छु ।"

"तिमी त्यै छौंडीका पछि लाग, म छोराछोरी पालेर यहीं बस्छु ।" उषाले मोर्चा कसेर ओठे जवाफ दिई ।

"यो घर मेरो हो ।" निरङ्कुश सम्राटझैं लाग्ने गर्जियो । "यी छोराछोरी मेरा हुन् ।"

त्यो सुन्दा उषाको सम्पूर्ण ब्रह्माण्ड हल्लियो । उसको घर कहाँ छ ? ऊ जाने बाटो कता हो ? जीवनका अप्ठ्यारा उकाली र चिप्ला ओरालीहरूमा उसको अन्तरङ्ग सहारा को हो ?

मन भाँचिएपछि घरै भत्किए सरह भयो ।

त्यसको साता दिनपछि केशवले भन्यो, "पारपाचुके बाहेक अब अर्को उपाय छैन । मलाई मन परेकी म ल्याउँछु । मन पर्ने खोजेर तँ आफ्नो बाटो तता ।"

"म छोराछोरीकी आमा हुँ ।" उत्तेजनाले उचालिएको छाती पिट्दै उषाले अड्डी लिई । "म भन्छु – आमाको नाताले यो घर मेरो हो ।"

"इस् तेरो घर । यो त मेरा बाउको सम्पत्ति हो ।"

उषाका दाँतमा दर्शन ढुङ्गो लाग्यो । ऊ चैते डढेलोमा सल्केको उत्तिसको रूखझैं खड्रङ्ग भई । र अहिले ऊ आफ्नी नेतृ रमासमक्ष हार-गुहारको लागि हात पसार्न भनेर आएकी छे ।

"उषा," अर्को चुरोट सल्काउँदै रमाले भनी, "तिमी बेठीक कुरा लिएर बेठीक ठाउँमा आइपुग्यौ ।"

"दिदी, मेरो कुरो ठीक हो । र, मलाई विश्वास छ, यो कुरो बिसाउने ठीक ठाउँ यही नै हो ।"

"हेर उषा, फूलबारीमा पुग्छु भनेर जाँदा तिमी त मसानघाटमा पो पुग्यौ ।" यति भनेर वरिपरिको रिक्ततामा आँखा बराल्दै उसले थपी, "हो, तिमी जहाँ पुग्यौ, त्यो निस्सन्देह मसानघाट हो ।"

मसानघाटमा चुरोटको धुँवा व्याप्त भयो र उषालाई सास फेर्न सकस पर्‍यो । ख्वाक्-ख्वाक् खोक्दै उसले मनको निसास पोखी, "दिदी, म त्यसलाई पारपाचुके दिँदै दिन्नँ । त्यस विश्वासघातीलाई म रिङ्गाउँछु । उल्ले मलाई तड्पाएजस्तै गरी म उल्लाई जिन्दगीभरि तड्पाउँछु । मलाई यसमा दिदीको पाखुरो चाहियो ।"

त्यो सुनेर रमाले आफ्नो इतिहासको स्मरण गर्दै आहत सुस्केरा हाली ।

उषालाई त्यो कोठा, त्यो मसानघाट, ऊसित बोलिरहेकी त्यो चुरोटजीवी जर्जर नारी – ती सबैको योग अहिले एउटा भयावह दुःस्वप्नझैं प्रतीत भयो । सडकमा झण्डा बोकेर आँधीको चालमा अघिल्तिर हुत्तिने रमा आज के भई ? सभामा उर्लिई-उर्लिईकन आगाका ज्वाला ओकल्ने त्यो रमा अहिले कता अलप भई ? रमाभित्रबाट बोलिरहेको त्यो के हो ? को हो त्यो ?

"दिदी, आपत्कालमा म हाम्री महिलानेतृ रमा शर्माकहाँ गुहार माग्न आएकी हुँ ।"

"मलाई माफ गर, उषा । सूर्यको उज्यालोनेर पुग्ने आशाले आज तिमी औंसीको निस्पट्ट अँध्यारोमा शरण माग्न पुग्यौ ।"

उषा आश्चर्य-चकित भई । त्यस्ती जाज्वल्यमान् रमा आज कसरी यस्ती बैरागिनी हुन पुगेकी हो ?

"उषा !" मृतवत् मुद्रामा उदासीको अतल गहिराइबाट फुटेको स्वरमा रमाले भनी, "जीवनलाई रिवाइन्ड गरेर फेरि बाँच्न सकिने भए, उषा, जीवनको मोडमा तिमी जहाँनेर उभिएकी छयौ, हो त्यहींबाट म फेरि नयाँ जीवन शुरू गर्थें । र, म जीवनलाई जीवनजस्तो बनाएर जिउँथें । आह ! पछिल्तिर फर्केर हेर्दा लाग्छ, म त जिउँदो भएको स्वाङ पार्दै फगत मुर्दा भएर पो बाँचेंछु । के गर्ने र उषा ! जीवनको नियति नै यस्तै छ । गयो कि सधैंका लागि त्यो सकियो ।"

रमाका आँखामा विषादका आँसु भरिए । ती आँखामा टिक्न नसकेर उषाका आँखा भूमिसात् भए ।

"दिदी, तिमी त हाम्री अगुई । तिमीले यो...."

कतै भित्ताका तस्बीरहरूले सुनिरहेका पो होलान् कि भनेर आतङ्कित हुँदै रमाले नाङ्गिएर भनी, "उषा, मैले आफूलाई छक्याएँ, र अरू धेरैलाई छक्याएँ । तर जीवनको




"सतोसत् मैल्यै देखेकी हुँ । मेरै ओछ्यानमा ।" भक्कानिएर रुँदै उसले भनेकी थिई । "कमरेड, त्यस रण्डीले मेरो ओछ्यानमा अतिक्रमण गरी ।"

यो पाखण्डपूर्ण खेलदेखि अब म वाक्क भएँ । म थाकें । म आज आफ्नो अन्तरमा लुकेको कटु वास्तविकताको पुस्तक तिम्रा अगाडि खोलिदिन चाहन्छु । तिमी पढ्न सक्छ्यौ ?"

उषाले सकारसूचक पाराले मुन्टो हल्लाई ।

"तिमीलाई थाहा छ, उषा, त्यो फिल्मी अभिनय नै सही, रमेशसँग मेरो प्रेम विवाह भएको थियो । एघार वर्ष हामी सँगै बस्यौं । छोरी दश वर्षकी भई । त्यो बेला ऊ त्यो तिम्रोजस्तै अर्कीसँग सल्क्यो । उसले छोडपत्र माग्यो, मैले दिइनँ । एक किसिमले उसले त्यसलाई घरमा भित्र्याए सरह भयो । म बाबुको घरबाट लोग्नेको घरमा गएकी थिएँ, अहिले लोग्नेको घरबाट उनै बाबुको घरमा फालिएँ । आपत्‌को त्यो घडीमा मलाई पनि तिम्रोजस्तै विचार आयो । मलाई गिजोलेर छाड्ने त्यसलाई म छोडपत्र दिंदैदिन्नँ । मलाई चुसेर मिल्काउनेलाई म पनि जिन्दगीभरि सताउँछु । तर उषा ! मनको भित्री पत्रमा, कतै गोप्य कुनामा मेरो आशा अर्कै थियो । बाटामा आइलागेकी त्यो दुष्ट बाटामा कुनै दिन त्यसैगरी अर्काका पछि लाग्ली । अथवा कुनै दिन उसको मन मतिर कसो नफर्केला ! अनि बाटामा भेटेकीलाई बाटामै छाडेर ऊ मनेर आउला । मान्छेको मन न हो, उसलाई हाम्रो प्रणयका ती रङ्गीन, भावुक र रूमानी क्षणहरूको सम्झना होला । अनि उसलाई मेरो न्यास्रो लाग्ला । अनि कुनै दिन.....। उषा, तिमी सन्दै त छ्यौ ?"

'हो' भन्ने भाकाले उषाले मुन्टो हल्लाई ।

चुरोटको धुवाँमा मडारिंदै उसलाई रित्तो लागेको जिन्दगीको त्यो रित्तो कथा कोठाको रित्ततामा प्रवाहित भयो, "म माथि झ्यालबाट हेर्थें । तल गल्लीमा ऊ त्यससँग नारिएर किच्चकरिंदै हिंड्थ्यो । मलाई सेरोफेरो चिरा पर्ने गरी रोऊँ, चिच्याऊँ, उसका खुट्टैनेर खस्ने गरी झ्यालबाट तल हाम्फालूँ जस्तो लाग्थ्यो । ऊ उसँग उता ओझेल पर्थ्यो, म यता एकान्तमा, एक्लै धेरैबेरसम्म रोइरहन्थें । आखिर मान्छेको मन न हो, कुनै दिन त्यो मन कसो नफर्केला ? म यसरी कल्पिन्थें र फेरि रून्थें । अनि....."

"पुग्यो दिदी," उषाले बीचैमा भनी, "म यस्तो विरहव्यथा सुन्न भनेर यहाँ आएकी थिइनँ ।"

"सुन, यो विरहव्यथा तिम्रो नियति नबनोस् भनेर म सुनाउँदै छु । आफ्नो हुँदोका लागि तिमीमा यो सुन्ने धैर्य छैन त ?"

न सकार न नकारको भावमा उषाले सुस्तरी मुन्टो हल्लाई ।

"सुन ! मेरो अन्तरमा गुम्सिएर उकुच पल्टेको यो गुप्त कथा सुन्ने पहिलो र शायद अन्तिम मानिस तिमी नै हौ । आँट गरेर यो सुन ! हो, दिन बिते, हप्ता बिते, महिना बिते र वर्ष बिते । बगेर उँधो गएको खोलो फर्केर उँभो के आउँथ्यो ? तैपनि मिथ्या सपनामा तड्पिंदै म कल्पिरहें – आउला, कुनै दिन त्यो अवश्य आउला ! उषा ! हेर्दाहेर्दै छोरी तरूनी भई । रोजी बिहा गरेर ऊ ज्वाइँको पछि लागी । तर मेरो त्यो आएन । म बाटो हेर्दाहेर्दै, रूँदारूँदै, भित्रभित्रै धमिरा लागेर बूढी भएँ । त्यसैले मैले भनेकी हुँ, उषा, तिमी सूर्यको उज्यालो सम्झेर आँसीको अन्धकारमा आइपुग्यौ । तिमी आफै भन त, उषा, उज्यालोले दिने सहारा र आशा अँध्यारोले कसरी दिन सकोस् र ?"

"तर दिदी, तपाईं हाम्री सर्वमान्य नेतृ । महिला मुक्ति आन्दोलनकी तपाईं अटल, अथक, अनुकरणीय योद्धा । तपाईं हाम्रो प्रकाशस्तम्भ । तपाईंको पछि लागेर आफू उज्यालिन मन गर्नेहरू कति छन् कति !"

"त्यो सब भ्रम हो ।"

"म भन्छु – त्यो सत्य हो ।"

"हो, म पनि सत्य ठान्थें । तर अब म थाकें । मेरो झुठो अभिनय नै मेरालागि सबभन्दा ठूलो अभिशाप भयो ।" यसो भन्दा उसका आँखा भित्ताका तस्वीरमा ठोक्किएर अताल्लिंदै तल झर्दैथिए ।

"तर दिदी, तपाईं त बीस वर्षदेखि महिला आन्दोलनकी नेतृ हुनुहुन्छ नि ।"

**"तर दिदी, तपाईं त बीस वर्षदेखि महिला आन्दोलनकी नेतृ हुनुहुन्छ नि ।"**
**"हो, म आफ्नै जीवनको डबलीमा एउटा मिथ्या नाटकको अभिनय गर्दैथिएँ ।"**

"हो, म आफ्नै जीवनको डबलीमा एउटा मिथ्या नाटकको अभिनय गर्दैथिएँ ।" उसले लामो सास फेरेर अर्को चुरोट सल्काई । अनि कौचमा ढलेझैं गरी ढल्किएर सिलिङमा आँखा टाड्दै ऊ भन्दै गई, "उत्पीडनबाट त्राण खोज्न म आन्दोलनमा लागें । एक्लोपना, असुरक्षा र विरहलाई छल्न फुर्सदको बेला यसो केही बसिबियाँलो वा के हो मलाई थाहा छैन – हो, त्यसले मलाई तान्दै आन्दोलनमा पुऱ्यायो । चार अक्षर पढेकी थिएँ । जसोतसो जिब्रो चलेको थियो । त्यत्तिकै भरमा पार्टीले मलाई नेतृ बनाइदियो ।" अहिले उसका आँखा तस्वीरतिर उठे । अनि तस्वीरका आँखा छल्दै उसले अगाडि भनी, "केही कोटेशनहरू कण्ठ गरें । कुरा गर्दा वा भाषण गर्दा कुरा र भाषणलाई तेजस्वी र ओजस्वी बनाउन कोटेशन घुसाउन सिकें । अनि म आफूलाई र अरूहरूलाई पनि लाग्यो – म ब्युँझेकी छु । अज्ञानबाट, त्रासबाट, पराश्रयबाट म ब्युँझेकी छु । हो, यही भ्रमले मलाई बोल्न, चल्न, कुद्न, भाषण गर्न प्रेरित गरिरह्यो । अरूमा त्यति मात्र योग्यता पनि थिएन । त्यसैले म एक नम्बर भइरहें । सधै, एक नम्बर । निर्विकल्प एक नम्बर । छोरीलाई हुर्काउन, बढाउन र पढाउन अनेक गरें । कहिले स्वीटर बुन्ने मिसिनको धन्दा, कहिले खुद्रा पसल, कहिले मास्टर्नी – मैले के मात्र गरिनँ र ? त्यो देख्नेहरूले भने – यो जण्ड आइमाई हो । आफ्नै दिमागले सोच्छे, आफ्नै पाखुरा बजारेर खान्छे । फेरि म पीडित हुँ भनेर सबै मप्रति सहानुभूति राख्थे । मलाई 'बिचरी' भनेर चुकचुक गर्थे । त्यो 'चुकचुक' पनि एक नम्बर हुने मेरो योग्यतामा जोडिएको थियो । अनि म त पार्टीको लोकसेवा पास गरेकी आजन्म एक नम्बर नेतृमा दरिएँ । 'हामी आधा आकाश हौं' – दुई पाखुरी हावामा हल्लाउँदै म भन्थें । 'हामी पुरूषका भिखारी र दासी हैनौं' – छाती फुलाउँदै म गर्जिन्थें । तर, उषा, त्यो त मुखको बोली मात्र थियो । मनको अन्तरमा के थियो तिमीलाई भनूँ ?"

"के ?"

"उसले उसलाई छाडोस् । ऊ फेरि मनेर आओस् । पहिलेको प्रणयकालमा झैं उसले मेरा कानमा केही भावुक कुरा भनोस् । पोथीले चल्लालाई छोपेझैं उसले मलाई गम्लङ्ग अङ्कमाल गरोस् । न्यानोको अङ्कमाल, सुरक्षाको अङ्कमाल, रोमान्सको अङ्कमाल । उफ् उषा ! यसरी भित्र-भित्र म सीता थिएँ, बाहिर-बाहिर मैले द्रौपदीको अभिनय गरिरहें । भो, अब सक्दिनँ, म थाकें ।"

उषा अघोर बेचैनीको सुस्केरा हाल्दै उठी ।

"मेरो अन्तरकथा सुनेर तिमी निराश भयौ ?"

"दिदी, यस्तो सुन्नुपर्ला भनेर म आएकै थिइनँ । म त..."

"तिमी भ्रम सुन्न आएकी थियौ, सत्य सुनेर तिमी डरायौ ।"

उषाले दुई हत्केलाले आँखा छोपी । रमाले पनि उसैगरी दुई हत्केलाले आँखा छोपी ।

"रूनलाई आँसु पनि बाँकी रहेनन् ।" रमाले भनी । तर हत्केला आँखाबाट पन्छाउँदा उसका आँखाबाट बलिन्द्र धारा आँसु बगिरहेका थिए ।

"दिदी, तपाईंको यो रामकहानी कसैले पनि पत्याउने छैन ।"

"ठीक भन्यौ, उषा । मेरो जीवनको सबभन्दा ठूलो दुःख नै यही हो । मैले र पार्टीले मिलेर भ्रमको एउटा विशाल चक्रव्यूह बनायौं । र, कहिल्यै बाहिर निस्कन नसक्ने गरी, अझ निस्कनै नपाउने गरी म त्यसमा कैदी भएँ । अहा ! म आफ्नै पाखण्डको जन्जालभित्रकी अभागी कैदी !"

"तर म दिदीसँग सहारा माग्न आएकी....."

"कुरा बुझ, मैले त तिमीलाई भरपर्दो सहारा दिइनै सकें ।"

उषा ओठ टोकेर निकैबेर उभिरही ।

अस्पटलाग्दो मौन भङ्ग गर्दै रमाले भनी, "मैले तिमीलाई दिनुपर्ने सबभन्दा राम्रो गुहार दिइसकें ।"

आँखाको भाकाले उषाले सोधी – खै, के दियौ ?

"के भने मेरा पाइला पछ्याएर तिमी मजस्तै समानघाटमा नपुग ।"

उषा भारी पाइला चाल्दै बाहिर निस्किई ।

पछिपछि आएकी रमाले उसको कुममा हात राखेर सोधी, "तिमी दिक्क भयौ ?"

उषाका सजल नेत्र रमाका सजल नेत्रतिर उठे ।

"उसोभए म के गरूँ त, दिदी ?"

"छोडपत्र गर र त्यस साँढेलाई गलहत्याउँदै घरबाट निकाल । अनि शुरू गर नयाँ जीवन ।"

"तर दिदी, मुक्का उजाउँदै ऊ भन्छ – यो मेरो घर हो । तँ निस्केर जा ।"

"उसोभए जुलुस लिएर पार्टीमा जाऊ ।"

"तर दिदी, ऊ बाठो छ । ऊ पुरूष, ऊ पहुँचवाल – पार्टीमा उसैको मात्र कुरो बिक्यो भने..."

"सकेजति दलबल बटुल र पार्टीको झण्डा खोसेर चिच्याउँदै सडकमा ओर्ल ।"

"दिदी, त्यो बेला तपाईं मेरो अघि लाग्नुहुन्छ त ?"

रमा सुस्केरा हाल्दै पछि हटेर पिंडीको डिलमा थुचुक्क बसी ।

तिनले निकैबेर एक-अर्कालाई अपलक हेरिरहे ।

सन्ताप भरिएको सुस्केराको भाकामा रमाले कहिल्यै कसैलाई भन्न नसकेको बाँकी कुरा उषालाई भनी, "उषा, मेरा पनि इच्छा थिए । कसैको न्यानो अँगालो, कसैको मिठो मुस्कान, कसैको मायालु वचन – सुखमा, दुःखमा । उषा ! आफ्नो फोहोर लागेको नाक छोप्न 'बेश्या' भनेर मलाई बद्नाम गर्दै ऊ हिंडिरहेको थियो । यता मचाहिं एक न एक दिन त्यो मन फर्केला भनेर कहिल्यै नआउने दुष्टको निरर्थक, निस्सार प्रतिक्षामा बसेकी थिएँ । उसो त छेवैमा उभिएर मलाई हेर्ने भावुक र मायालु आँखा नभएका होइनन्, उषा । कसैले देख्ला कि, कतै उसैले पो देख्ला कि भनेर ती आँखालाई पन्छाउँदै म भागिरहें । भाग्दा-भाग्दै, तिमीले देखिहाल्यौ, म जीवनको यो मसानघाटमा आइपुगें ।"

"म जाऊँ त, दिदी ?"

"अलिबेर पख ।" यसो भनेर रमा हान्निंदै भित्र पसी । बाहिर निस्कँदा उसका हातमा फ्रेममा हालेको एउटा तस्बीर थियो । विवाहको त्यो तस्बीरमा ऊ आँखा मात्र देखिने गरी घुम्टो ओडेर सीताको स्वरूपमा बसेकी थिई । उसलाई लत्याएर जाने त्योचाहिं महासम्राटझैं शिर उठाएर हाँसिरहेको थियो । हठात् रमाका हात काम्न थाले । आवेगको चापले उसका कलेंटी परेका ओठ थर्थराए । क्रोधले, विषादले, ग्लानिले उसको सर्वाङ्ग उद्वेलित भयो । र, जोडको झड्कासाथ पिंडीमा बज्रिंदा तस्बीरको शीशा चूरचूर भयो ।

"हो, तिमी यसरी नै जीवन शुरू गर ।"

"दिदी ! तपाईं मेरो अघि लाग्नुहुन्छ त ?"

"लाटी ! मसानघाटलाई अघि लाएर तिम्रो कहाँ पुग्ने इच्छा छ ?"

उषा ट्वाल्ल परी ।

"सुन ! आफ्नो विवेकको अवाज सुन र तिमी आफै आफ्नो अघि लाग ।" गम्भीर भाव-मुद्रामा रमा बोली । "तर सुन ! म मरेपछि मेरो जीवनको सत्यकथा तिमीले दुनियाँलाई सुनाउनुपर्ने छ ।"

रमा भाउन्न भएर भुइँमा पछारिई ।

उषा भित्रबाट पानी ल्याएर आदर र स्नेहका साथ उसका तालुमा छ्याप्-छ्याप् पानी छ्याप्न थाली । ❑

# सम्झ ती, जो मरेर गए...

■ शैलेन्द्र साकार



सम्झ तिनीहरुलाई
जो मरेर गए –
मूर्तिको विरोधमा
उभिएको थियो जुलुस
र त्यही जुलुसको लासमाथि
उभिएको छ सत्ता-चेत
ड्रइङ रुम, पजेरो र चेक ।
ती दुःखित् मरेका युवाहरु
जसका कुनै पनि इच्छा पूरा भएनन्
ती के पागल थिए ?
एउटा सिङ्गो चेतना
के बौलाहाहरुको सपनामात्र थियो ?
होइन, होइन, होइन
त्यो भयावह र क्रूर चिसो दुःख
अझै पनि डुलिरहन्छ
अदृश्य रुखहरुमाथि
अँध्यारो कालो घामहरुका चोक्टामाथि
कुवाहरुभित्र
यतै कतै हामीसँगै
जब हामी हिंडिरहेका हुन्छौं
कुनै देशाटनमा
देख्ने छौं
एकान्तमा टोल्हाइरहेको
जङ्गली सुनगाभा, तित्रा
गुँडहरु भत्काइएको, झीँझाहरुभित्र
छटपटाइरहेका कलिला भ्रूणहरुमा
मान्छेको तन्किरहेको छायाँमा
शायद कवितामा बाँचिरहेका छन्
ती मरेका युवाहरु ।
सम्झ ती जो मरेर गए ....

❑





# नेपाली रंगकर्मको त्रासदी

■ सुनील पोखरेल



### एकालाप

वरिपरि डर र क्रूरताहरू छन् । देखिने र नदेखिने दुवैखालका । यिनका बीचमा बसेर म नेपाली रङ्गमञ्चका बारेमा केही लेख्ने प्रयत्न गर्दैछु । ठीक यतिखेर लागिरहेको छ- म आफैसँग एकालाप गरिरहेको छु । किनभने रङ्गकर्मसँग सम्बन्धित व्यक्तिहरूले रङ्गमञ्चका बारेमा सोच्नु, बोल्नु वा लेख्नु स्वाभाविक कुरा हो । तर दर्शकहरू वा यी पंक्ति पढिरहनुभएका पाठकहरू नेपाली रङ्गमञ्चका बारेमा के सोच्नुहुन्छ- हामी कहिल्यै थाहा पाउँदैनौं । तपाई र हामी बीचमा संवाद हुन सकिरहेको छैन । संवादको तरिका नजानेर हो वा नचाहेर हो हामी नेपाली रङ्गमञ्चका बारेमा एकोहोरो एकालाप गरिरहेका छौं र तपाई सुनिरहनुभएको छ कि छैन, त्यो पनि थाहा छैन । संभवतः नेपाली रङ्गमञ्चको एउटा ठूलो विडम्बना यही हो ।

यतिखेर मनमा थुप्रै प्रश्नहरू सलबलाइरहेका छन् । रङ्गकर्म निरपेक्ष हुनुपर्छ कि सापेक्ष ? कति निरपेक्ष ? के को सापेक्ष ? रङ्गकर्म राजनीतिभन्दा टाढा हुनसक्छ कि सक्दैन ? कति टाढा ? कुनखाले राजनीति ? रङ्गकर्म प्रजातान्त्रिक हतियार हुनुपर्छ वा निरोको बाँसुरी ? अहिलेको नेपालमा यसको ठाउँ कहाँ छ ? के भूमिका हुनुपर्छ ? ? थुप्रै प्रश्नहरू छन् । मसँग यी प्रश्नका उत्तर छैनन् र कोसँग उत्तर सोध्ने, छलफल गर्ने थाहा छैन । डर र क्रूरताहरूबाट घेरिएर अरू कस्तो एकालाप गर्न सकिन्छ ? (नाटकमा होइन, जिन्दगीमा)

### समस्याहरू : पुरानै राग दोहोरिन्छन्

रङ्गमञ्च सेलायो, नेपाली रङ्गमञ्चका दर्शक छैनन्, विद्युतीय माध्यमहरूले रङ्गमञ्चलाई ओझेलमा पारे, रङ्गमञ्चका कलाकारहरू सिनेमा/टेलिभिजनतिर दौडिए, नेपाली रङ्गमञ्चमा अभाव छ- पैसाको, प्रतिबद्धताको, सोचको, सुरूचीको, गंभीरताको, नयाँपनको नाटकको । यी सबै समस्याहरू पुरानै राग हुन् । यी कुराहरूमा एक हदसम्मको सत्य पनि छ । तर यी नयाँ समस्या होइनन् । र नेपाली रङ्गमञ्चले यी समस्याहरूको सामना गर्न तयार हुनुपर्छ ।

गंभीरतापूर्वक रङ्गकर्म गर्नेहरूलाई बाँच्न गाह्रो छ । रङ्गकर्म नियमित हुन सकेको छैन । वर्षभरिमा थोरै नाट्य प्रस्तुतिमात्र हुन्छन् । संगीत-नाट्य एकेडेमीको कुरो उठेको थियो, हरायो । स्तरीय नाट्य प्रशिक्षण वा नाटकसम्बन्धी जनशक्ति तयार गर्ने नाट्य विद्यालय छैन । साहित्य तथा ललितकलाका अरू विधाहरूसँग नेपाली रङ्गमञ्चले त्यति धेरै अन्तर्क्रिया गर्ने गरेको छैन, जुन प्रशस्त र कहिलेकाँही सिर्जनात्मक विध्वंसका हदसम्म हुनुपर्ने हो । माध्यमका रूपमा रङ्गमञ्च सिनेमा र टेलिभिजनभन्दा फरक हो र हुनुपर्छ भन्ने सोच टड्कारो रूपमा आउन सकेको छैन । बजार व्यवस्थापनमा नेपाली रङ्गमञ्च साँच्चिकै गरीब छ । नाट्य प्रस्तुतिको समालोचना भन्ने विषय नेपालमा कहिले प्रवेश गर्छ- प्रतिक्षा जारी छ । सस्ताखाले हिन्दी र नेपाली सिनेमाले दर्शकहरूलाई दिएको कुरूची त छँदैछ । रङ्गकर्मीहरूमा पनि अनुशासन, अध्ययन र सौन्दर्यबोधको अभाव छ । भूमण्डलीकरण र उपभोक्तावादका कारणले रङ्गकर्म पनि कुनै व्यापारिक विज्ञापन जत्तिकै आकर्षक (वा अश्लील ?) हुनुपर्ने दबाव बढ्दो छ । विकासे सडक नाटकहरूको समस्या आफ्नो ठाउँमा छ । नेपालको विकास उद्योगमा लागेका प्रायः रोगहरू त्यहाँ पनि छिरेका छन् ।

नेपाली रङ्गमञ्चका समस्याहरूको कुरा गर्दा यो सूची धेरै लामो हुनसक्छ । यी समस्याहरू थिए र अहिले पनि छन् । यी पुरानै राग हुन्, दोहोरिन्छन् । नेपाली रङ्गकर्मीहरू यी समस्यासँग जुधिरहेका छन् र अरूलाई यी कुरामा चासो छैन । चासो भएको भए यी समस्यामाथि छलफल हुन्थ्यो होला । समाधानको बाटो पनि खोजिन्थ्यो होला । तर त्यसो भएको छैन । त्यसैले त्यही पुरानो राग किन गाइरहने ? ( स्मरण रहोस्, यो एकालाप हो र देशलाई यतिखेर इमर्जेन्सी लागेको छ)

पहिले रङ्गकर्मको स्वरूप सामुदायिक थियो । राणाकालतिर आएर नेपाली रङ्गमञ्चलाई दुई भागमा बाँडियो । कुलीनवर्गका निम्ति देखाउने नाटक र जनताका निम्ति देखाउने नाटक । एक प्रकारले हेर्दा अहिले पनि नेपाली रङ्गमञ्चको स्थिति

त्यस्तै छ । फरक यत्ति छ, जनतालाई देखाउने नाटकको टाउँ राजनैतिक पार्टीका भातृ संगठनहरूले देखाउने नाटक र विकासे सडक नाटकहरूले लिएका छन् । खोतलेर हेर्दा नेपालको प्रजातान्त्रिक आन्दोलनमा रङ्गमञ्चको पनि केही भूमिका रहेको पाइएला, तर प्रजातन्त्रको आगमनपछि नेपाली रङ्गमञ्चले प्रजातन्त्रको पक्षमा आफूलाई दह्रो रूपले प्रस्तुत गर्न सकेन कि ! हामीकहाँ कुनै पनि प्रजातान्त्रिक पार्टीहरू सशक्त सामाजिक आन्दोलनका संवाहक बन्न सकेनन् । रङ्गमञ्चले यस क्षेत्रतिर आफ्नो भूमिका खोज्नु पर्थ्यो कि ! सडक नाटकले यो प्रयास थालेको हो, तर सडक नाटकमा विकासे संस्थाहरूको प्रवेशपछि यो विधा एक प्रकारको प्रोपोगाण्डा वा कर्मकाण्डकै रूपमा अल्भिएको देख्न थालिएको छ । प्रश्न तेर्सिन्छ- त्यसो भए अहिलेको नेपालमा रङ्गमञ्चको भूमिका के हुनुपर्ला ?

## एउटा संभावना

२०५८ साल असारतिरको कुरा हो । बनेपामा एउटा नयाँ किसिमको अन्तर्क्रियात्मक नाटक पद्धतिको तालीम चलिरहेको थियो । देशका विभिन्न ठाउँबाट आएका २६ जना युवाहरू यस तालीममा संलग्न थिए । १० दिनको तालीममा ७ दिन बितेपछि उनीहरूले सल्लाह गरे- यस किसिमको नाटक पद्धतिले काम गर्छ कि गर्दैन भन्ने प्रयोग आफैं बसेको होटलमा गर्ने । उनीहरूले आफू बसेको सानो होटलमा घोषणा गरे- 'भरे हामी यहाँ नाटक देखाउँछौं' नाटकको यस पद्धतिअनुसार जहाँ नाटक देखाउने हो, त्यहींको समस्या बुझेर त्यसै समस्यामाथि नाटक देखाउनु पर्थ्यो । त्यसैले कलाकारहरूको एउटा समूह आफू बसेको होटलको समस्या बुझ्नतर्फ लाग्यो ।

होटल मालिक भलादमी र सहयोगी थियो । उसले होटलका बारेमा सबै जानकारी दियो । कलाकारहरूले काम गर्ने भाइहरूसँग कुरा गर्न चाहे । मालिकले उनीहरूलाई बोलाइदियो, तर कुरा गर्दा आफू पनि त्यहीं बस्यो । मालिकका अगाडि काम गर्ने भाइहरूले राम्रोसँग कुरा गर्न सकेनन् । उनीहरूले भने- कुनै समस्या छैन । कलाकारहरूले निकै खोतले, तर समस्या भेटिएन । बाहिर कुराकानी चल्दै थियो, एउटी महिला कलाकार भान्साभित्र छिरिन् । उनले देखिन्- भान्सामा एउटा १०-११ वर्षको केटा जुठा भाँडाहरूको थुप्रो नजिक बसेर भाँडा माझ्दैछ । अचम्म ! यो केटा ७ दिनसम्म होटलमा देखिएको थिएन । अर्थात् ऊ बिहानदेखि रातिसम्म त्यही अँध्यारो भान्छामा भाँडा माझ्दोरहेछ । कलाकारले ऊसित कुरा गरिन् । थाहा भयो- ऊ ११ वर्षको रहेछ । धेरै परिवार भएको घरमा बाबुले जुवा खेलेर सम्पत्ति सकेपछि उसको पढाई रोकिएछ । खानसमेत गाह्रो हुन थालेपछि ऊ बनेपा आएर खाते काम गर्न थालेछ । यस्तैमा एकदिन होटल मालिकले भेटेर होटलमा भाँडा माझ्न ल्याएको रहेछ । होटलमा अलि ठूला केटाहरू रिसेप्सनमा वा ग्राहकहरूसँग अर्डर लिने तथा खाना बाँड्ने काम गर्थे र सबभन्दा सानो मान्छे दिनभरि कोठाभित्र भाँडा माझ्ने काम गर्थ्यो, जसको अनुहार बाहिर कहिल्यै देखिँदैनथ्यो । कलाकारले सोधिन्- तिमीलाई पढ्न मन लाग्दैन बाबु ? केटोले भन्यो- लाग्छ नि, तर कसरी पढ्ने ? तालीमका प्रशिक्षक र कलाकारहरूले सल्लाह गरे- दिउँसो भएको कुरालाई जस्ताको तस्तै नाटकमा देखाउने । राती त्यही होटलमा नाटक देखाउने तयारी भयो । होटलको मालिक, काम गर्ने ठूला केटाहरू, भाँडा माझ्ने सानो केटा र केही ग्राहकहरू दर्शकका रूपमा बसे । नाटक देखाइयो । नाटकमा दिउँसो जे भएको हो, त्यही देखाइयो । मालिकको, सानो केटाको सबै भूमिका कलाकारहरूले खेले । नाटकको अन्तिम दृश्यमा कलाकारहरू होटलबाट तालीम कक्षमा गए र प्रशिक्षकलाई भने- "हामीले त्यस होटलमा कुनै समस्या भेटेनौं ।" नाटक यहीं रोकियो ।

अब प्रशिक्षक उठ्यो र भन्यो- 'साथी हो, हामीले यो होटलका बारेमा नाटक देखाउन चाहेका थियौं, तर नाटक पूरा तयार गर्न सकिएन । किनभने नाटकका लागि हामीलाई कुनै न कुनै समस्या चाहिन्छ । यो होटलमा कुनै समस्या भेटिएन । तपाईंहरू सबै यही होटलसँग सम्बिन्धित हुनुहुन्छ । हामीलाई यो होटलमा भएको कुनै समस्या भन्नोस्, हामी तुरुन्तै नाटक गरेर देखाउँछौं ।'

मालिक र काम गर्ने केटाहरू मुखामुख गरे । ग्राहकहरूमध्ये एकजनाले भन्यो किन छैन समस्या ? तपाईंहरू समस्या देख्नुहुन्न ? त्यो भाँडा माझ्ने फुच्चेको समस्या छैन ? प्रशिक्षक अर्थात् सूत्रधारले भन्यो- 'ए ! अँ त ! त्यसो भए अब यो फुच्चेले के गर्नुपर्ला ? तपाईंहरू जे भन्नुहुन्छ, हामी त्यही गरेर देखाउँछौं ।'

त्यसपछि होटल मालिक, काम गर्नेहरू र ग्राहकबीचमा छलफल शुरू भयो । सबैले आ-आफ्ना कुराहरू भने । भाँडा माझ्ने फुच्चेको समस्या समाधानका लागि दर्शकबाट थुप्रै समाधानहरू आए र कलाकारहरूले ती समाधानलाई मंचमा अभिनय गरेर देखाए । कसैले भने- भाँडा माझ्ने फुच्चेले मालिकसँग 'म पढ्न पाउँ' भन्नुपर्छ ।' मालिकले भन्यो- 'पैले त्यसले राम्रोसँग काम गर्नुपर्छ । मालिकको विश्वास जित्नुपर्छ । त्यसपछि मात्र पढाईको कुरा आउँछ ।' धेरै सल्लाहहरू आए र कलाकारहरूले तुरुन्तै नाटकका रूपमा देखाए । धेरै छलफल, सल्लाह र नाटकपछि एउटा कुरामा सबैको सहमति भयो- ठूला केटाहरूले फुच्चेलाई काम सघाइदिने र मालिकले उसलाई स्कूलमा पढ्न नपठाए पनि ट्यूसन पढ्ने व्यवस्था गरिदिने ।

नाटक सकियो, तर समस्या समाधानका संभावना बारेको छलफल चलिरह्यो । एउटा परिवर्तन देखियो- भोलिपल्टदेखि त्यो सानो केटो भान्सा बाहिरको काममा पनि देखिनथाल्यो । अर्थात् ठूला केटाहरूले उसलाई काममा सघाउन थालेछन् । पछि थाहा भयो- नाटक सकिएको केही दिनपछि नाटकमा जस्तै यथार्थको फुच्चेले पनि मालिकलाई 'म पढ्न पाउँ' भनेछ र मालिकले उसलाई दिनको दुई घण्टा ट्यूसन पढ्ने व्यवस्था मिलाइदिएछ । कलाकारहरूले के बुझे भने, नाटकको यो तरिकाले काम गर्दोरहेछ । यसमा दर्शकहरू दर्शकमात्र रहँदा रहेनछन् । आफूलाई लागेका विचार उनीहरूले नाटकमार्फत् अभ्यास गर्दा रहेछन् र जीवनमा त्यसलाई प्रयोग गर्न सकिन्छ कि सकिँदैन भन्ने निर्णय गर्दा रहेछन् । अर्थात्, एक किसिमले यो तरिका 'जीवनका लागि पूर्वाभ्यास' रहेछ । कलाकारहरूले नाटकको यो तरिकालाई 'कचहरी नाटक'को नाम दिए ।

> **गंभीरतापूर्वक रङ्कर्म गर्नेहरूलाई बाँच्न गाह्रो छ । रङ्कर्म नियमित हुन सकेको छैन । वर्षभरिमा थोरै नाट्य प्रस्तुतिमात्र हुन्छन् । संगीत-नाट्य एकेडेमीको कुरो उठेको थियो, हरायो ।**

## के हो कचहरी नाटक ?

कचहरी नाटक एक किसिमको अन्तर्क्रियात्मक नाटक हो । यसमा दर्शक आफैंले उनीहरूकै समस्याका बारेमा देखाइएको नाटकलाई निर्देशन गर्दछन् । नाटकको यो तरिकाले नाटकका माध्यमबाट दर्शकहरू बीचमा सोच्ने, छलफल गर्ने र समस्या समाधानको बाटो पहिल्याउने एउटा ठाउँ (Forum) बनाउने प्रयत्न गर्दछ ।

नाटकको यो पद्धति सन् १९७० को दशकमा ब्राजिलियन नाटककार, निर्देशक अगस्टो बोएलले बनाएका हुन् । यस किसिमको अन्तर्क्रियात्मक नाटकका विभिन्न तरिकाहरू उनले बनाएका छन् जसलाई उनी थिचिएकाहरूको रङ्गमञ्च (Theatre of Oppressed) भन्दछन् । यसै अन्तर्गतको एउटा तरिका कचहरी नाटक (Forum Theatre) हो ।

यस किसिमको नाटकमा समस्यासँग सम्बन्धित एउटा छोटो नाटक कलाकारहरूले देखाउँछन् र समस्यामा नै रोक्छन् । त्यसपछि सूत्रधारले दर्शकलाई यो समस्याका बारेमा सोच्न र समाधानका तरिकाहरू खोज्न आग्रह गर्छ । अब दर्शकबाट समाधानका जे-जे तरिकाहरू आउँछन्, कलाकारले संभावित परिणामसहित तुरुन्तै नाटक तयार गरेर देखाउनुपर्छ । अगस्टो बोएल भन्छन्- "रङ्गमञ्च जीवनका निम्ति पूर्वाभ्यास हुनसक्छ । थिचिएका मान्छेहरू नाटकलाई यस्तो मञ्चका रूपमा उपयोग गर्न सक्छन्, जहाँ उनीहरू आफ्नो जीवनका बारेमा छलफल गर्न, रणनीति बनाउन र भविष्यको योजना बनाउन सक्छन् ।" अर्थात् एउटा अवस्थापछि नाटक कलाकारहरूका हातबाट दर्शकका हातमा पुग्छ । हरेक दर्शक नाटकको र त्यसका माध्यमबाट आफ्नो जीवनको निर्देशक हुनसक्छ ।

बनेपामा जम्मा भएका कलाकारहरू कोही लिम्बु समुदायका थिए, कोही थारू समुदायका थिए र कोही दलित समुदायका थिए । उनीहरूले आ-आफ्नो समुदायका समस्या र द्वन्दहरूका बारेमा आ-आफ्नो समुदायमा गएर कचहरी नाटक देखाए । हरेक प्रदर्शनमा भएको दर्शक सहभागिता र छलफलबाट उनीहरू उत्साहित भएका छन् । उनीहरूले यही किसिमको नाटक भारत र डेनमार्कमा पनि प्रदर्शन गरे र त्यहाँ पनि दर्शकहरूको सक्रिय सहभागिता रहेको पाइयो । कलाकारहरूको विश्वास थियो- हरेक समुदायमा विभिन्न प्रकारका द्वन्दहरू छन् । कुनै देखिन्छन्, कुनै गहिरोमा दबेका छन् । द्वन्दलाई लुकाएर राख्यो भने त्यसले विष्फोटक रूप लिनसक्छ । त्यसैले ती द्वन्दहरूका बारेमा छलफल हुनु, सोच्नु र बहस गर्नु जरूरी छ । यसरीमात्र त्यस्ता द्वन्दहरूले प्रजातान्त्रिक तरिकाले शान्तिपूर्ण निकास पाउन सक्छन् । उनीहरूले कचहरी नाटकको उपयोग आ-आफ्नो समुदायमा भएका द्वन्दहरू खोतल्न र तिनलाई छलफलमा ल्याउने मञ्च बनाउने काममा गरे ।

*अन्त्यमा...*

धेरै अलमलहरू छन् । मञ्चमा राम्रा र कलात्मक सौन्दर्य भएका नाटकहरू मञ्चन हुनुपर्छ जस्तो लाग्दछ । त्यस्ता नाटकहरूको फरक स्वाद हुन्छ । सँगै, रङ्गमञ्च सामाजिक आन्दोलनको एउटा अंग हुनुपर्छ भन्ने पनि लाग्दछ । यसरी रङ्गकर्मले नयाँ शक्ति, नयाँ ऊर्जा र बाटो पाउनसक्छ जस्तो लाग्दछ । तर कसरी ?

मनमा थुप्रै प्रश्नहरू छन् । नेपालजस्तो गरीब देशमा रङ्गमञ्चको ठाउँ कहाँनिर छ ? रङ्गमञ्च आवश्यक छ कि बाटो ? वा खानेपानी ? रङ्गकर्म हाम्रो आत्मरतिमात्र हो वा यसको सार्थकता हाम्रो समाजका निम्ति छ ? के कचहरी नाटक एउटा संभावना हुनसक्छ ? को तयार छ यसका निम्ति ?

यो एकालाप हो । एकालापको यो स्थिति भत्काउने कि नभत्काउने ? तपाईंका हातमा छ । आउनुहोस्, संवाद गरौं ! अहिले तपाईं यी शब्दहरू पढ्दै हुनुहुन्छ र म यतिखेर तपाईंका सल्लाह, सुझाव, टिप्पणी र असहमति पर्खेर बसेको छु । संवादको प्रतीक्षामा छु । ❑



# बाघ

रमेश श्रेष्ठ



बाघको ठूलो हल्ला चल्यो शहरमा
बाघको भन्दा बढी
शहरकै हल्ला चल्यो शहरमा,

शहर ठूलो कि बाघ ठूलो ?
त्यत्रो ठूलो शहरमा
एउटा बाघ पस्दा
भूइँचालोको मन कामिरहेछ शहर,
शहरमा पनि ठूला ठूला बाघहरु छन्
उनका महलका रेष्टरुम
र शो-केशहरुमा
जंगलका बाघ मार्ने बन्दूकहरु
सजाइएका छन्
कोलमा घोडाहरु बाँधिएका छन्
तर पनि कामिरहन्छ शहर
बाघ पसेको हल्ला छ शहरमा,

मनको बाघ कि कागजको बाघ ?
शहरको अल्छी विद्यार्थीलाई
सर, मिस अनि होमओर्कको
बाघले तर्साइरहन्छ
व्यापारीहरुलाई ठूला साहूहरुको
बाघले तर्साइरहन्छ
आम जनताहरुलाई
सरकार र महँगीको बाघले
तर्साइरहन्छ/लखेटिरहन्छ

संसदमा पनि बाघ मारेर आएका
बाघहरु छन्
सरकारमा पनि बाघ मारेर उन्मुक्त बाघहरु छन्
उनीहरुका मुस्कान र दृष्टिकोणमाथि
सत्ता बाघको आँखाको उज्यालो छ,
नेपथ्यबाट चिहाइरहन्छन्
इतिहासका जराहरु टेकेर
ढल्नै नचाहने बाघका ठूला ठूला आँखाहरु
र खुट्टामा बिच्छाइएको छ
दासहरुका रगत र मासु

मनोरंजनका लागि लुछाएर, खुवाएर
झोंक चलेको बेला गोली ठोकिएको
बाघको छाला,

शहरमा
झनै हेर्नै नसकिने बाघहरु बस्छन्
अरु निदाउँदा उनीहरु व्यूँझन्छन्
अरु व्यूँझदा उनीहरु निदाउँछन्

बाघको ठूलो हल्ला चल्यो शहरमा
बाघको भन्दा बढी
शहरकै हल्ला चल्यो शहरमा । ❑

*- पोखरा*



# ठीक छ हरिभजन !

पूर्ण विराम

ठीक छ हरिभजन, कराहीबाट भुङ्ग्रोमा पर्नका निम्ति
मालिकले असला मार्दा हिले माछो मारेको कल्पना गरिराख
चाना पखालेर अजिङ्गरकै हातमा चुपी दिनका निम्ति
मालिकले भिङ्गै माछो मार्दा डल्फिन मारेको सपना देखिराख
बोक्सी निस्किने निश्चित भएको बाकसकै कुरा गरिराख
सर्पहरु सलबलाउने तिथिको प्रचार गर्न
मालिकले दिएको भोकासिल चपाउँदै यत्र तत्र हल्लिराख
जाडोमा बरफ बनाउने कारखानाको कामदार भएर हिँडिराख
सिक्रीमा बाँधिदा पनि स्वतन्त्र छु भन्ने स्वर भुकिराख
कुकुरहरु बहुलाउने योगफल निस्किरहेको समयमा
ठीक छ हरिभजन, आफू पनि बहुलाउने जुक्तिकै अभ्यास गरिराख ।

○




ठीक छ हरिभजन, आफ्नै टाउकोमा टुटिलो उमार्नका निम्ति
मालिकको इशारामा चउर चउरमा तेक्वान्दोको प्रशिक्षण लिँदै गर
एरिनीको कपाललाई स्नान गराउने हेतुमा
कहाँ कुखुरीले फुल उत्पादन गरिरहेछ
निगरानीकर्ताको भूमिका निर्वाह गर्ने काम गर्दै गर
कुखुरीले नाकलाई ठुङ्दा हुने पीडाको समेत अभ्यास गर्दै गर
कहाँको कुन गोठमा जर्सी गाई कराइरहेछ
गोठमा गवुवा लिएर सुटुक्क जाने काम गर्दै गर
एरिनीको कपाललाई सुहाउने सेम्पो बनाउने चेष्टा गर्दै गर
गाईको सिङ नाकको प्वालमा पस्दा
कस्तो किसिमको घाउ हुने रहेछ, घाउको प्रत्याभूतिसमेत गर्दै गर
बज्र खस्ने वातावरण दौडिरहेको पलामा
ठीक छ हरिभजन, बज्र थाप्ने आँटको जर्गेर्ना गर्दै गर ।

○

ठीक छ हरिभजन, मालिकले दिएको कचौरो लिएर
पारितोषिक एकत्रित पारेर घाँटीमा सुनको सिक्री झुण्ड्याउने
लालसामा मानसरोवर उल्भेर सुकाउँछु भन्ने कल्पना गर्दै गर
घुँयेत्रोले ताराहरु खसाल्छु भन्ने छटाहाहरु हुर्किरहेको बखतमा
ठीक छ हरिभजन, आफ्नो नाम पनि छटाहामै दर्ता गर्दै गर
बनिसकेको पिरामिडलाई सियोले घोच्नेहरु
अहिले टुप्पा भाँचिएका सियाहरु लिएर
अपस्मारका रोगीझैं सडक-सडकमा लडिरहेका छन्
हेरौं क्यालिफोर्नियाका महाजनहरुले
तिनीहरुलाई कुन कम्पनीको जुत्ता सुघाउँछन्
ठीक छ हरिभजन, तिमीलाई वासिङटनकै महाजनको
जुत्ता सुँघ्ने मन छ भने
मालिकले दिएको खाप्सियो लिएर
तिमी पनि बनिसकेको पिरामिडलाई घोच्ने काम गर्दै गर ।

○

ठीक छ हरिभजन, तिमी मालिकको बगैंचामा रहेको स्याउ खाँदै
फलाहार भएर चन्द्रमाको दीर्घायुको निम्ति ब्रत बस्ने काम गर्दै गर
म जलाहारै भएर चन्द्रमा खाने लामो उपवास बस्दै गर्छु
हेरौं चन्द्रमाले मानिसलाई खान्छ
या मानिसले चन्द्रमालाई खान्छ
ठीक छ हरिभजन, ऐनामा प्रष्ट देखापर्नु ठीक छ ।

○○



# नेपाली संगीतले सांस्कृतिक रूपमा राष्ट्र बनाउन सकेको छैन

■ नारायण अमृत

संगीत आफैंमा संस्कृति निर्माणको एउटा पहलु हो । सामाजिक परिवर्तनसँगै संगीतमा पनि भिन्न भिन्न खाले सोच र शैलीहरू देखिने गर्दछन् । अझ वरिष्ठ विद्वान होफ्सटेडेको भनाइलाई आधार बनाउने हो भने- संस्कृति एउटा संग्रहित प्रक्रियाभित्र पर्दछ । संस्कृति र मानव जातिबीचको सेतुभित्र संगीतले अत्यन्तै सुन्दर कलाको रूपमा मूल्य पाएको छ ।

नेपाली संगीतले धेरै आरोह-अवरोहहरू छिचोल्दै वर्तमानसम्म आइपुग्दा शैलीगत र सोचगत रूपमा वैविध्यताहरूलाई प्रकट गरेको छ । जसले जसरी विश्लेषण गरे पनि नेपाली गीत-संगीतको पछिल्लो छिमल सांस्कृतिक अन्तरसम्बन्धका रूपमा त्यति गहनतम बन्न सकिरहेको छैन । यहाँ पछिल्लो छिमल भनेर प्रजातन्त्र पुनर्प्राप्तीपछिको कालखण्डलाई समेट्न खोजिएको हो ।

वि. सं. २०२० को दशकदेखि झण्डै चालिसको दशकान्तसम्म नेपाली गीत-संगीतको अवस्था सृजनशीलता र रचनाधर्मिताको हकमा धेरै आशालाग्दो अवस्था थियो । २०४६ सालमा प्रजातन्त्रको पुर्नवहाली भएपछि सोचिएको थियो- अब नेपाली गीत-संगीतको क्षेत्रमा पनि अझै आयामिक अभ्यासहरू देखिने छन् र गीत-संगीतको विकासक्रम सांस्कृतिक रूपमा अझै वजनदार हुनेछ । विभिन्न जनजाति, भाषाभाषी र धर्म सम्प्रदायका आ-आफ्नै सांस्कृतिक मूल्य र मान्यताहरूले नेपाली गीत-संगीतको मूलधारलाई प्रभावित गर्नेछन् । तर प्रजातन्त्रले सांस्कृतिक चेतनाको अभिवृद्धिसंगै संगीतसँगको यसको अन्तरसम्बन्धलाई परिष्कृत बनाउला भन्ने आशा अहिले त्यत्तिकै न्यून प्रत्याभूत भइरहेको छ ।

गीत-संगीतलाई कलाको नरम प्रस्तुतिका रूपमा स्विकार्ने गरिएको छ । यसलाई गीत-संगीतको स्वभाव भन्दछन्- यसका विश्लेषकहरू । त्यसैले पनि गीत-संगीतले मान्छेको मानसिकतालाई हरेक बखत प्रभावित गरिरहेको हुन्छ । त्यसकारण गीत-संगीत मानव जीवनसँग अत्यन्तै नजिक रहेको कला हो । अहिले हाम्रो गीत-संगीतको मूलधार हामी र हाम्रो सांस्कृतिक मूल्यसँग कत्तिको नजिक छ भनेर किटान गर्न अत्यन्तै अप्ठ्यारो छ । सिंगो संस्कृतिभित्र नेपाली गीत-संगीतको मूलधारलाई जोडेर विश्लेषण गर्ने जमर्काहरू पनि अत्यन्तै कम देखिन्छन् । कुनै एउटा राष्ट्रिय भाषामा सार्वजनिक भएको गीतले मूलधारलाई कुन रूपमा प्रभावित गऱ्यो भन्ने तहमा विचार विमर्श हुने कुरा त परै जाओस्, मात्र त्यो रचनाको मूल्यमाथि सांस्कृतिक दृष्टिकोणको समीक्षा पनि पढ्न पाइँदैन हामीकहाँ । यो तहका संगीत समिक्षकहरू पनि हामीले जन्माउन सकेनौं या समीक्षा गर्नसक्नेहरूले पनि चासो देखाएनन् । यो गीत-संगीतका लागि दुर्भाग्य पनि हो ।

नेपाली संगीतको विकासक्रमका बारेमा छर्लङ्ग भयो भने यसले सामाजिक, सांस्कृतिक र सृजनशीलताका पक्षहरूमा प्रस्तुत गरेको तस्वीर या अर्को अर्थमा प्रभावलाई बुझ्न धेरै हदसम्म सहयोग पुग्दछ ।

२००७ सालमा रेडियो नेपालको स्थापना भएपछि नेपाली गीत-संगीतमा माथि उल्लेखित भएझैं शैलीगत र सोचगत विविधताहरू देखिन शुरू गरेका हुन् । तत्कालीन सांगीतिक रंगमा विद्यमान भारतीय संगीतको प्रभाव र केही पुराना मान्यताहरूलाई आशिंक विखण्डन गर्दै केही जागरूक युवाहरूले वि.सं. २०२० को दशकतिरबाट देखाएको जाँगर साँच्चीकै नेपाली गीत-संगीतको विकासक्रमका लागि सकारात्मक कुरा थियो । यो पुस्ताले पूर्वको 'मेलोडी' परम्परामात्र होइन, पश्चिमको 'हार्मोनी' रंगलाई पनि बुझ्ने प्रयास गरेको थियो ।

कसरी सृजनशील संगीतलाई शैलीगत आयाम जुटाउन सकिन्छ भन्ने सोच थियो यो पुस्तासँग । अझ नलुकाइकनै भन्ने हो भने बेलायती साम्राज्यकालमा दार्जिलिङ्गले संगीत सिकाएका अम्बर गुरूङ्ग र गोपाल योञ्जनहरूको सक्रियताले नेपाली गीत-संगीतलाई एक चरम फड्को मार्न लगायो । त्यसो त शिवशंकर, नातिकाजी, नारायण गोपाल, मानिकरत्नजस्ता नामहरू पनि गीत-संगीतको चरणवद्ध विकासका लागि स्मरणीय हस्तीहरू हुन् । यही चरणमै संगीतकार अम्बर गुरूङ्गले पश्चिमा संगीतका क्यान्टेटा, कोयर, ज्याज र सिम्फोनी शैलीलाई नेपालीमा लेखेका थिए । संगीतकार गुरूङ्गको यो अभ्यासलाई यहाँ किन पनि उल्लेख गरिएको हो भने सैद्धान्तिक अध्ययन र प्रयोगबाट नेपाली गीत-संगीतमा कसरी सृजनशील उदारता देखाउन सकिन्छ भन्ने सवालमा पनि यो पुस्ता अलिक जागरूक र संयमशील देखिएको थियो । आखिर सिक्ने उत्सुकता र प्रक्रियाको सम्बन्ध हामीसँगै रहेका मौलिक र परम्परागत सांस्कृतिक पक्षहरूमा पनि लागु हुन्छ । त्यसैले पनि यो कालखण्डमा गीत-संगीतमा रचनात्मक वजन थियो । सक्रिय हुँदाहुँदै पनि कुनै पनि यो पुस्ताका संगीतकर्मीहरूले नेपाली भनेर गर्व गर्ने र मौलिकताको पहिचान राख्ने 'सिम्फोनी' सृजना नगरेका हुनाले जसरी वि.सं. २०२० देखि २०४० सम्मको कालखण्डलाई संगीतको 'सुनौलो युग' भनिन्छ, त्यसरी नै विश्लेषण गर्न अलिक मिल्दैन कि ?

उता २०२४ सालतिर नै रामेश, रायन, अरिम र मञ्जुलले रेडियो नेपाल बहिष्कार गरेर राजनैतिक सचेतताका निम्ति चलाएको 'राल्फा' अभियानले गीत-संगीतमा वैकल्पिक ध्रुवको नेतृत्व गऱ्यो । 'राल्फा' पछि उस्तैखाले सोचका निम्ति संकल्प, वेदना हुँदै इसाससम्मका सांगीतिक पहलहरू पनि देखिए ।

विशेष गरेर राजनैतिक पार्टीहरूका लागिमात्र सांगीतिक अभियानमा जुट्ने र पार्टीका निश्चित उद्देश्यहरूलाई रचनामा मुखरित गर्नाले नेपालको वैकल्पिक संगीत पनि सृजनात्मक रूपमा त्यत्ति उदार र आयामिक हुन सकेन । तर मूलधारको गीत-संगीतभन्दा जनचेतना र सांस्कृतिक रूपमा यस्ता खाले गीत-संगीतहरू अलिक भिन्न प्रकारका र मूल्यका हिसावले उपल्लो तहका छन् । कलाकारहरूलाई 'केवल' राजनैतिक प्रचारक सम्झने राजनैतिक पार्टी सोचाइका कारण वैकल्पिक गीत-संगीतले उकालो चढ्न सकेन, मात्र अवरोहमा देखा परिरह्यो ।

समाजमा रहेको वर्गीय अवस्थालाई पनि सांस्कृतिक परिदृश्यभित्र समाहित गरेर भन्ने हो भने वैकल्पिक गीत-संगीतले नेपाली



*रायन*



*रामेश*

**'राल्फा' पछि उस्तैखाले सोचका निम्ति संकल्प, वेदना हुँदै इसाससम्मका सांगीतिक पहलहरु पनि देखिए**

संगीतलाई वैगुन होइन गुन नै लगाएको छ ।

यसरी विभिन्न सोच र शैलीको प्रविष्ठिका साथ नेपाली गीत-संगीतले आधुनिक कालको अर्को चरणमा प्रवेश गऱ्यो । अर्को चरण भनेको २०४६ पछिको समय हो । यो मोडमा आएर गीत-संगीतको व्यावसायिकतामा देखिएको एक किसिमको कायापलटले धेरै प्रतिभाहरूलाई समेट्ने गरेको छ । २०४५ सालसम्मको मात्रै ४ वटा रेकर्डिङ्ग स्टुडियोहरूको संख्या २०५८ सालमा आएर झण्डै ४० वटाको हाराहारीमा पुगेको छ । व्यापारिक सम्भावनालाई बुझेर निजी क्षेत्रले पनि यो क्षेत्रमा चासो बढाउँदै लगेको देखिन्छ । रेकर्डिङ्ग प्रविधिको सुविधाले गर्दा रेडियो नेपाल धाएर 'स्वर परीक्षा' पास गर्नुपर्ने बाध्यताको पनि अन्त्य भइसकेको छ । दर्जनौं सांगीतिक समूह अथवा भनौं 'ब्याण्ड'हरूको उपस्थितिले गीत-संगीतमा ज्ञान भएका वा अल्पज्ञान भएका सबैलाई संचारमा स्थान पाउने वातावरण पनि तयार हुँदै आयो । यता एफ.एम. रेडियो स्टेशनहरूको जन्मले त झन् सबै खाले प्रतिभाहरूलाई सहज 'चान्स' पाउने वातावरण तयार गराइदिएको छ । अहिले एफ.एम. रेडियोहरूले संगीतको नयाँ पुस्ताले तयार गरेको 'पप गीत' नामको सुगम गीत-संगीतलाई वडो उदारता देखाएर स्थान दिइरहेका छन् । आर्थिक रूपमा हेर्ने हो भने गीत-संगीतको व्यवसायमा अहिले वार्षिक रूपमा १५ करोड रूपैयाँभन्दा बढीको कारोवार हुने गर्दछ । क्यासेटको संख्यामात्रै वार्षिक रूपमा ३ सयभन्दा बढी उत्पादन हुन थालेका छन् ।

व्यावसायिक रूपमा ह्वात्तै बढेको प्रभाव हुँदाहुँदै पनि नेपाली गीत-संगीतको पछिल्लो अवस्था 'नक्कलवादी' सोचमा अल्झेको छ । रचनामा हुनुपर्ने सौन्दर्य, कला, रचनाधर्मिता, परम्परागत अनि सांस्कृतिक प्रभाव र मौलिकताजस्ता पक्षहरूमा जुन विशिष्टता देखिनुपर्ने थियो, त्यो गुणात्मकता झण्डै झण्डै छैन भन्दा पनि हुन्छ- गीत-संगीतको अधिकांश हिस्सामा । पूर्वीय संगीतको धरातल भनिने 'मेलोडी' परम्परामा आज पश्चिमाहरू पनि आकर्षित भइरहेको अवस्थामा स्वयं हामीहरू पश्चिमाहरूको 'हार्मोनी' परम्पराको ठाडो नक्कलमा उत्रनाले हाम्रो संगीतको साख 'न निल्नु न ओकल्नु' जस्तो बनेको छ । साधक एक्लैले संगीत कलामाथि साधना र प्रस्तुतिकरण गर्ने परम्परा 'मेलोडी' परम्परा हो । यसमा सृजनात्मक सम्भावना र सांगीतिक मिठासका लागि आवश्यक पर्ने (इम्प्रोभाइजेसन) विस्तृतीकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तर ध्वनिहरूलाई सामुहिक रूपमा प्रस्तुत गर्ने पश्चिमाहरूको सांगीतिक प्रणालीलाई 'हार्मोनी' परम्परा भनिन्छ । हार्मोनी परम्पराले विकास गरेको सबैभन्दा सकारात्मक पक्ष भने संगीतको (डक्युमेन्टेशन) लिपीवद्धता हो । हाम्रा लोकगीतहरूलाई समेत यो प्रक्रियाबाट लिपीवद्ध गरेर प्रस्तुत गर्न सकिन्छ ।

सांस्कृतिक दृष्टिकोणले पनि हामीले अपनाएको सांगीतिक शैली गलत छ भनेर भन्न सकिन्छ । जाति विशेषले अवलम्बन गर्ने जीवन शैली, सांस्कृतिक ऋचाहरू, मुन्धुमहरू र मूल्यसँग जोडिएर आउने सांस्कृतिक केन्द्रिभूत तत्वहरू एक संस्कृतिबाट अर्को संस्कृतिमा रूपान्तरण हुन नसक्ने कुराहरू हुन् । कलामा पनि ठ्याम्मै यही तथ्य लागू हुनेगर्दछ । उदाहरणका लागि एम.टि.भि. मार्काको संगीत हाम्रा लागि किन पनि उपयुक्त छैन भने, यसमा यस्तै खाले अन्तरविरोध विद्यमान रहेको छ । कुनै नेपालीले अंग्रेजी भाषा अत्यन्तै सहज रूपमा बोले पनि उसले मूल्य र मान्यताका हिसावले अंग्रेजजस्तो सांस्कृतिक रंग निःसृत गर्न सक्दैन । यो चेतनाको विकाससँग गाँसिएको कुरा पनि हो । बाल्यकालदेखि नै सांस्कृतिक प्रभावलाई परिपक्व बनाउनका लागि परिवेश महत्वपूर्ण कडीका रूपमा उपस्थित हुनुपर्दछ । त्यसकारण पनि कुनै अंग्रेजी गीत र भारतीय गीतलाई नै नेपालीहरूले नक्कल गर्दा सांस्कृतिक रूपमा सृजनात्मक पतनको संकेत हो यो ।

अहिले हाम्रो सांगीतिक वातावरणमा जन्मेको 'पप'शैली यही सांस्कृतिक विचलनको परिणाम हो । केही ब्याण्ड वा समूहहरूले भने लोक रंगको सहायतामा पप शैली भनेर गीत-संगीतको रचना नगरेका होइनन् । बजारका दृष्टिकोणले पनि 'लोक-पप' भनिने गीतहरू अलिक बढी चल्ने गरेका छन् । जस्तो, बितेको वर्षमात्रै गायक खेमराज गुरूङ्गले हाक्पारे शैलीमा गाएको 'वारी जमुना पारी जमुना...' बोलको गीत अत्यन्तै चर्चामा रहेको थियो । यो गीतको चर्चाले अर्को के सांगीतिक नजीर बनाएको छ भने नेपाली समाजमा लोकगीतको रंगको प्रभाव छिटो-छरितो र लोकप्रिय रूपमा स्वीकृत हुन्छ । तर अहिले 'लोकगीत' भनेर नै गाइएका गीतहरूको सार्थकता भने अलिक धुमैंलो खालको बन्दै गएको छ । भाषा र शैलीमा झल्कने स्थानीयपन, सरलता, मौलिकता र योसँग जोडिएर आउने उपमा, उपमेय, प्रतीक र अलङ्कार नितान्त आफ्नै प्रकृतिको हुनाले लोकगीतलाई संगीतको प्रक्रियागत जननीका रूपमा स्वीकार गरिएको छ । अहिलेका अधिकांश लोकगीत गायक वा गायिकाहरूले सांस्कृतिक पक्षको गहिराइमा पुगेर भाका वा लय संकलन गर्ने र त्यसलाई मूल संगीतमा जोड्ने उपक्रममा जुट्न छाडेका छन् । लोकगीतका नाममा भएका 'कोठे सृजना'हरूमा लोकपनको आभाष त पाउन सकिएला तर त्यसमा सांस्कृतिक सौन्दर्यको गहिराइ भेट्टाउन सकिँदैन । यस्तै खाले लोकगीत सुन्दा केवल कान्छा र कान्छीको सतही प्रेम, यौन आकर्षण र हल्काफूल्का वैश अभिव्यक्त भएको पाइन्छ । समाज र संस्कृतिमा यस्ता कुराहरूमात्र छैनन् । धेरै किसिमका तत्वहरूको समिश्रण पनि लोकगीतमा प्रतिबिम्बित हुन नसकेरै नै लोकगीत दिन प्रतिदिन चाउरिँदै गएको हो । रोदी, चुड्का, घाटु, संगीनी, हाक्पारे, सिलु आदिजस्तै मौलिक लोकशैलीहरूको खोजी गर्ने कर्म ओझेलमा पर्नाले पनि हाम्रो लोकगीतको सार्थता खिँइदै गइरहेको छ । सांस्कृतिक विविधताभित्र लोक बाजाहरूले संगीतिक विकासक्रमको स्वरूप निर्माणमा महत्वपूर्ण कडीको भूमिका निर्वाह गर्दै आएका छन् । तर आधुनिक संगीतमा 'सिन्थेसाइजर' प्रणालीको उपस्थिति यस्ता खाले लोक बाजाहरूका लागि सौता नै सावित भएको छ । डम्फु, मुर्चुङ्गा, ढ्याङ्ग्रो, सारङ्गी, काइलिङ्ग, फूल, जुरी, धाःबाजा, बौसी, वीनजस्ता सांस्कृतिक मूल्य बोकेका बाजाहरू लोप हुने अवस्थामा पुगेका छन् । संगीतमा वास्तविक र मौलिक ध्वनि व्युत्पन्न गराउने लोक बाजाहरूको अगाडि कृत्रिम ध्वनि प्रवाह गर्ने मेसिन सिन्थेसाइजरले संगीतकर्मीहरूलाई सहजता प्रदान गरे पनि यसको असर हाम्रो मौलिक संगीतमा देखिँदै आएको छ । यसले गर्दा संगीत कम हार्दिक र बढी प्राविधिक हो कि भन्ने भ्रम उत्पन्न हुन थालेको छ ।

**अम्बर गुरुङ्ग र गोपाल योञ्जनहरुको सक्रियताले नेपाली गीत-संगीतलाई एक चरम फड्को मार्न लगायो । त्यसो त शिवशंकर, नातिकाजी, नारायण गोपाल, मानिकरत्नजस्ता नामहरु पनि गीत-संगीतको चरणवद्ध विकासका लागि स्मरणीय हस्तीहरु हुन् ।**



*नारायण गोपाल*

रेडियो, टेलिभिजन र एफ. एम.हरूमा बज्ने गीतहरूको अवस्थालाई नियाल्ने हो भने अहिले फिल्मी गीतहरूको उपस्थिति नेपाली संगीतमा टड्कारो रूपमा देखापरेको छ । नेपाली फिल्म निर्माणको गतिसँगै बढ्दो क्रममा रचना गरिएका वर्तमान फिल्मी गीतहरू पनि सृजनात्मक इमान्दारिताभन्दा बढी हिन्दी फिल्मी संगीतबाट प्रभावित गरिएका वा नेपाली लोकगीतहरूलाई तोडमोड र जोडजाड पारिएका छन् । यसरी मौलिकताभन्दा नक्कलमा अल्झेका नेपाली फिल्मी गीतहरूको आयु पनि त्यत्तिकै छोटो रहँदैआएको छ । नातिकाजी, गोपाल योञ्जन, अम्बर गुरूङ्गले पनि कुनै बेला फिल्ममा समेत मौलिक र सृजनात्मक गीतहरू राख्ने प्रयास भने नगरेका होइनन् । तर प्रकारान्तरमा आएर फिल्म निर्माताहरूको गलत 'सेन्स' र संगीतकारहरूको असक्षमता जस्ता दुवै पक्षहरूको निर्वलताले गर्दा नेपाली फिल्मका वर्तमान गीतहरू सांगीतिक सम्पत्ति हुन् भनेर गर्व गर्न लायक ठहरिएनन् । कथानक फिल्ममा सांस्कृतिक दृष्टिकोणले सृजनशील गीत-संगीतको प्रवेश गराउन सकिने सम्भावनाचाहिँ नभएको होइन । विभिन्न जाति वा सम्प्रदायका परम्परागत पक्षहरूलाई प्रभाव पार्ने

फिल्मी संगीतमा पनि विविधताको खाँचो हिजो पनि थियो र आज पनि छ । एक वर्षमा झण्डै ४ दर्जनभन्दा बढी फिल्महरू निर्माण हुने अवस्था आइसक्दा पनि फिल्मी गीतमा सांस्कृतिक र सृजनशील अभ्यास हुन नसक्नु पक्कै पनि दुःखलाग्दो कुरा हो ।

सृजनशील गीत-संगीतलाई आजभोलि आधुनिक गीत-संगीत भनेर पनि भनिएको छ । आधुनिक गीत-संगीतमा देखिएको वर्तमान पुस्ताले प्रविधिको कोठाबाट अघिल्लो पुस्ताको भन्दा अत्यन्तै धेरै सुविधा उपयोग गरेको छ । संचारमाध्यममा श्रोताका गीत सुन्ने अभिरूचि, रेकर्डिङ्ग स्टुडियोहरू तथा छरितो बजार व्यवस्थापन जस्ता पक्षहरूमा देखिएको परिवर्तनले गर्दा अहिले नाम चलेका गायक-गायिका वा संगीतकारहरूले आर्थिक रूपमा खुट्टा टेकेको महशूस गर्न थालेका छन् । यो संगीत कर्मका लागि अत्यन्तै सुखद् कुरा हो । तर गीत-संगीत कला र सृजना भएको हुनाले यसले पनि कठिन साधनाको आग्रह राख्दछ ।

तर संगीतमा देखिएको नयाँ पुस्ताले छिट्टै नाम र दाम कमाउने मोह राखेको छ । कम लगानी, कम अध्ययन र थोरै प्रशिक्षणले गर्दा संगीतकर्मीमा नयाँ आयामको खोजी गर्ने दक्षता हासिल हुँदैन । त्यसैले अहिलेका अधिकांश आधुनिक गीतहरू पनि परम्परागत र घिसीपिटी विशेषतामा रूमल्लिएका छन् । प्रेमको आग्रह, मिलन विछोडका हल्का अनुभवहरू र सुख दुःखका एउटै खाले अभिव्यक्तिको निरन्तर पुनरावृत्तिले गीतलाई अलिक विस्तृत रूपमा उभिन अप्ठ्यारो पारेको छ । संगीत पनि कहींकतै सुनेजस्तै, कहींकतैबाट प्रभावित भएजस्तै र लोकगीतको रंगलाई सापटी लिंदा सृजनशीलताभन्दा बढी चोरी गरिएजस्तै लाग्ने हुनाले खासै नौलो गीत-संगीतको खाँचो श्रोताहरूले अझै पनि महशूस गरिरहेका छन् । तर यो मात्र चाहिं वर्तमान संगीतको अवस्था होइन । कतै-कतै उत्कृष्ट भन्न मिल्ने गीतहरू पनि नजन्मेका भने होइनन् । राम्रो गला, शास्त्रीय संगीतको छनक, लोक रंगको सृजनशील प्रयोग, यथेष्ठ अर्केष्ट्रेशन, मन छुने शब्द रचना र शब्दले आग्रह राख्ने सौन्दर्यपूर्ण संगीतले आधुनिक गीतलाई उत्कृष्टता प्रदान गर्दछन् ।

संगीतमा अर्केष्ट्रेशनलाई एउटा सामुहिक कर्मका रूपमा व्याख्या गरिएको हुन्छ । कुनै पनि संगीतको प्रारूपलाई तहगत रूपमा सुन्दर बनाउने प्रक्रियालाई अर्केष्ट्रेशन भनिन्छ । नेपाली संगीतमा अर्केष्ट्रेशनको शुरूवात अझै पनि भएको छैन र यसको सम्भावना पनि देखिएको छैन । संगीतमा सुक्ष्म ध्वनिको पनि अर्थ र महत्व हुन्छ । संगीतको संरचनाले आग्रह राख्ने बाद्यवादनको सुन्दरतम् प्रयोग अर्केष्ट्रेशनभित्र पर्दछ । विश्व संगीतमै अर्केष्ट्रेशनको महत्व दिन प्रतिदिन बढ्दै गएको छ ।

जर्मनीका ठूला सिद्धान्तकार वाल्टर वेञ्जामिनले सन् १९३० को दशकमा एउटा ऐतिहासिक पुस्तक लेखेका थिए- Art and culture in the age of Mechanical Reproduction । वाल्टरका अनुसार रेकर्ड गरिएका सबै खाले गीत-संगीतहरू पनि जनताका संस्कृति र जनताका कला हुन् । उनको भनाइमा कुनै कलाकारले मञ्चमा उभिएर गीत गाउँछ र त्यसलाई श्रोताले प्रत्यक्ष अनुभूत गर्न पाउँछन् भने त्यो संगीत सम्भ्रान्त संगीतको फेरोमा पर्दछ । त्यसैले पनि आधुनिक चरणका सबै गीत-संगीतहरूलाई सांस्कृतिक रूपमा वर्गीकरण गर्नुभन्दा पनि शैलीगत रूपमा गीत-संगीतको वर्गीकरण गर्दा उपयुक्त हुन्छ होला ।

संचारका दृष्टिकोणले पनि साँघुरो हुँदै गएको विश्वसामु हामीले हाम्रो गीत-संगीतलाई कसरी अगाडि बढाउनुपर्ने हो ? बहुभाषी र बहुसांस्कृतिक अन्तरसम्बन्धका आधारमा संगीतमा मौलिकताको खोजी र यसबारे अभ्यासको वातावरण कसरी तयार पार्नुपर्ने हो भन्नेजस्ता महत्वपूर्ण पक्षमा अहिले पनि राज्यसत्ताले चासो देखाएको छैन । रेडियो, टेलिभिजन र एफ.एम.-हरूसमेत गीत-संगीतसम्बन्धी उपयुक्त नीतिको अभावमा कुहिरोका कागजस्तै बनेका छन् । संगीतकर्मीहरूको जीवनस्तर उकास्न, उनीहरूलाई अध्ययन, अनुसन्धान र नौलो प्रयोग गर्नसक्ने क्षमता विकासका लागि गर्नुपर्ने धेरै पहलहरू अझै बाँकी छन् ।

त्यसैले होला हाम्रो सांगीतिक परिवृत्तमा हिजो जुन मुलभूत समस्याहरू, विसंगतिहरू र अभावहरू थिए आज पनि छन् ।

यही विवेचनाको आधारमा भन्नुपर्दा न हामीले सांगीतिक रूपले एउटा सिंगो राष्ट्र निर्माण गर्न सकेका छौं, न सांस्कृतिक रूपले नै । बाह्य संस्कृतिको अतिक्रमणको प्रभावले राष्ट्रिय संस्कृति नै मूल्यगत रूपमा छियाछिया भएको बेला कमसेकम संगीतको कोणबाट राष्ट्रिय संस्कृतिको एउटा पाटो विश्वसामु उभियो भने त्यतिबेला एउटा सिंगो राष्ट्रले गर्व गर्ने ठाउँ रहन्छ । ❑





# रगतको नदीको किनाराबाट

अमर गिरी



कुनैबेला सोच्थें
रगतको नदी कस्तो हुन्छ
आज आफैं खडा छु
रगतको नदीको किनारमा
र हेरिरहेछु
बाढीझैं उर्लंदै बगिरहेको ।

नदीको सङ्लो पानीमा
प्रभातमा नित्य स्नान गरेर
थोरै फूलहरु टिपेर
र सजाएर टेबिलमा
कविताको यात्रा प्रारम्भ गर्ने म
आज आफैं खडा छु
रगतको नदीको किनारमा
र निर्निमेष हेरिरहेछु
बाढीझैं उर्लंदै बगिरहेको ।

कहिल्यै सोचिँन
यति सस्तो हुन्छ मानिसको रगत
त्यो पनि मेरै धर्तीमा
नदी बनेर बग्छ रगत
खेतका फाँटहरुमा
वस्तीहरु भिज्छन् रगतले
र आकाशमा
मात्र लाग्छ रगतको बादल
कहिल्यै सोचिँन मैले
यो सबै हुन्छ मेरै धर्तीमा ।

फेरि कहिले बग्ला
नदीमा सङ्लो पानी ?
सङ्लो पानीमाथिको आकाशमा
फेरि कहिले उड्लान् सेता परेवाहरु ?
सोचिरहेछु रगतको नदीको किनारमा बसेर
सोचिरहेछु, निरन्तर
फेरि कहिले जून हाँस्ला धर्तीमा
र म फूलहरुसँग कविताको कुरा गरुँला
फेरि कहिले ? ❑



# बाटो बिराएको एउटा यात्रा

केदार शर्मा

यो एउटा मौलिक नेपाली कथामा आधारित सिरियल हो, जसले २०४२ सालपछिका धेरै व्यक्ति र प्रवृत्तिहरुको कथा भन्छ। यसको कथा त अहिले नै नभनौं, पात्रहरु चाहिँ आफूलाई श्रृजनशील, कलाकर्मी र बुद्धिजीवी ठान्ने धेरै काठमाडौंबासी र केही राजनीतिजीवीहरु हुन्। यसमा नायक-प्रतिनायकको पुरानो नाट्य शास्त्रीय शैलीलाई पछ्याइएको छैन। यसमा मूलत: तीनथरी पात्रहरु छन् जसलाई गरी खाने, गरी नखाने र नगरी खाने भन्ने नाम दिन सकिन्छ। यी तीनथरीमा पर्छन् साँच्चै नै केही गर्न खोज्ने र सकेसम्म गर्नेहरु, 'गर्ने त थिएँ नि ... के गर्नु र!' भन्ने बहानाबाजहरु र 'गर्नेको कदर भएन' भन्ने गुनासो स्थायी रुपमा बोक्नेहरु। हामी यसमा सरकार फेरिए पिच्छे पार्टी फेर्ने नकच्चरा पात्रहरु देख्छौं, पद जोगाउने, पैसा कमाउने वा मुख फेर्ने जस्ता स्वार्थका लागि स्तरहीन सामग्रीमा जनताको पैसा खर्च गने निर्लज्ज कर्मचारी पनि भेट्छौं। कुनै काम सिक्दै नसिकी पण्डित्याइँ छाँट्ने ढँटुवारेहरु र कस्तै कुरालाई पनि राम्रो भन्न नजान्ने बैगुनीहरु पनि यसका महत्वपूर्ण चरित्रहरु हुन्। यो हो- नेपाल टेलिभिजनको 'मेगा सिरियल' अर्थात् महाश्रृङ्खला- *बाटो बिराएको एउटा यात्रा*।

के रे ? हेर्नु भएको छैन रे ? होइन, तपाईले नेपाल टेलिभिजन हेर्नु भएको छ भने *बाटो बिराएको एउटा यात्रा* नहेरेको हुनै सक्दैन। नीर शाहले सुरु गरेको यो महाश्रृङ्खलाको निर्माण/निर्देशनको अभिभारा तपानाथ शुक्ल र दुर्गानाथ शर्मा हुँदै पुन: तपानाथ शुक्लमै आइपुगेको छ। थुप्रै *सिरियल, सिरिज* र एकाङ्कीहरुबाट तयार भएको यो महाश्रृङ्खलाका सबैजसो अङ्कहरुमा देख्न पाइने कुरा हो- कमजोर र उद्देश्यहीन कथा, पटकथा, प्रयोगधर्मिताशून्य निर्देशन र अपरिमार्जित अभिनय। हिन्दी सिनेमाको जस्तो काल्पनिक जीवन, मूर्खतामा आधारित हास्य, कृत्रिम संवेगहरु र प्रेममा सुरु भएर मल्लयुद्धमा सकिने द्वन्द्व यसका स्थायी सूत्रहरु हुन्। केही निर्देशकहरु कहिलेकाहीं यसको धार बिथोल्न खोज्छन् तर तत्कालै विभिन्न गौंडाबाट मोर्चा सम्हाल्न आइपुग्छन्, सामाजिक उत्तरदायित्व र सृजनशीलताको खडेरीले मस्तिष्कमा धाँजा फाटेका नौरङ्गी निर्माता निर्देशकहरु। यी सबैका बलमा नेपाल टेलिभिजनमा निर्वाध चलिरहेको छ- सुरुचि र सुसंस्कृतिकरणको दोहोलोको तथ्यकथा–*बाटो बिराएको एउटा यात्रा*।

डेढ दशकभन्दा अघि, अत्यन्त सानो प्रशारण क्षेत्र तथा दुइचारवटा घरेलु उपकरणबाट सुरु भएको नेपाल टेलिभिजन अहिले विश्वस्तरीय बेटाक्याम र डिजिटल उपकरणहरुबाट कार्यक्रम तयार गरेर भू-उपग्रहमार्फत देश विदेशमा पुऱ्याउन सक्ने भएको छ। देशभित्र विद्युत प्रशारण क्षेत्र र टेलिभिजन सेटहरुको संख्या धेरै नै थपिएको छ र नेपाल टेलिभिजनका दर्शकहरु पनि बढेका छन्। तर यी प्रगतिका सूचकहरु जति नै महत्वपूर्ण पक्ष दर्शकको बढ्दो छनौटको स्वतन्त्रताको पक्ष पनि छ। डिस एन्टेना र केबल नेटवर्कले संसारभरका राम्रा र लोकप्रिय टेलिभिजन स्टेशनहरुलाई नेपाल टेलिभिजन जत्तिकै दूरीमा स्थापना गरिदिएका छन्। उच्चस्तरीय/विविधतायुक्त सामग्रीहरुको उपलब्धताले दर्शकको *भिजुअल लिटरेसी* र अपेक्षा दुबै बढाएको छ, रुचि फेरिएको छ। अहिले त नेपाली भाषाकै अर्को च्यानल समेत हेर्न सकिने भइसकेको छ र नेपाली प्रतिष्पर्धीहरुको संख्या चाँडै नै थपिन लागेको छ। सरकारी सञ्चार माध्यमका रुपमा नेपाल टेलिभिजन जन्मिँदैदेखि यसका सामु रहेका सामाजिक र राष्ट्रिय दायित्वमा क्रमश: व्यावसायिक प्रतिष्पर्धाको चुनौति पनि थपिँदै गएको छ। यी चुनौतिहरुको सामना गर्नु नेपाल टेलिभिजनको कर्तव्य मात्र होइन, कालान्तरमा *सरभाइभल स्ट्राटेजी* पनि हुनेछ। त्यसैले यसलाई हामीले ने.टे.को चुनौति मात्र होइन, नेपाली जनताको आवश्यकता र अधिकारको कुराका रुपमा पनि लिन आवश्यक छ।

यस प्रसङ्गमा यहाँ चर्चा गर्न लागिएको छ टेलिफिल्महरुका बारेमा। राम्रा टेलिफिल्महरु आफू मात्र लोकप्रिय हुँदैनन्, तिनले टेलिभिजन च्यानललाई नै लोकप्रिय र प्रतिष्ठित बनाउन सक्छन् भन्ने कुराको एउटा राम्रो उदाहरण पाकिस्तानी टेलिभिजन *(पीटीभी)* हो। टेलिफिल्महरुका कारण *पीटीभी* देशविदेशमा सम्मानित त छ नै, अर्थोपार्जन गर्न पनि समर्थ भएको छ। भारतीय टीभी उद्योगमा पनि टेलिफिल्महरुको संख्या, आकार र महत्व दिनहूँ बढिरहेको देखिन्छ। यी टेलिफिल्महरुको लोकप्रियताको मुख्य कारण हो- लक्षित दर्शकहरुको नाडी समाउन सक्ने क्षमता। आधारभूत मानवीय मूल्य र संवेगहरुलाई स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको तथा विधागत शिल्प र सौन्दर्य भएको सामग्री लोकप्रिय मात्र होइन सार्वदेशिक, दीर्घजीवी पनि हुन्छन् भन्ने कुरा हामीले सबभन्दा धेरै हेर्ने र

*होइन, तपाईले नेपाल टेलिभिजन हेर्नु भएको छ भने बाटो बिराएको एउटा यात्रा नहेरेको हुनै सक्दैन*



मन पराउने भारतीय र पाकिस्तानी टेलिफिल्महरुले पटक पटक प्रमाणित गरिदिएका छन् ।

तर हाम्रो राष्ट्रिय टेलिभिजनले चाहिँ टेलिफिल्मको विधामा अघि बढ्ने बाटो ठम्याउन सकेको देखिँदैन । यो न लोकप्रिय हुन सकेको छ, न सार्थक नै । टेलिफिल्मका लागि अहिलेसम्ममा करोडौं रुपैयाँ खर्च भइसकेको छ तर यसको शैली, शिल्प र/वा कथा कथनका दिशामा केही प्रगति भएको छैन । अरु च्यानलको विकल्प भएका ठाउँका दर्शकको एउटा ठूलो र महत्वपूर्ण वर्गले आम नेपाली टेलिफिल्मलाई हेर्न र चर्चा गर्न लायक कुरा नै ठान्न सकेको देखिँदैन । तर नेपालीमा राम्रा सामग्री हेर्न पाए केबुलको विकल्प नभएका ठाउँका दर्शकले मात्र होइन, काठमाडौं जस्तो अरु थुप्रै विकल्प भएको ठाउँका मानिसहरु पनि नेपाल टेलिभिजन नै हेर्छन् । सन्तोष पन्तका नियमित दर्शक, कहिलेकाहीँ मात्र र दोहोरिएर आउँदा पनि मदनकृष्ण हरिवंशले पाउने दर्शक र निकै समयसम्म नयाँ टेलिफिल्म दिन नसक्दा पनि उमेशनाथ अर्यालका कृतिहरु सम्झिइराख्ने दर्शक नेपालीहरु भनेजस्ता सामग्री पाएसम्म आफ्नै टेलिभिजन हेर्छन् भन्ने कुराका सबभन्दा बलिया प्रमाण हुन् ।

लोकप्रिय टेलिफिल्म बनाउनसक्ने निर्देशकहरु हामीकहाँ धेरै छैनन् । तर यो संख्या बढाउनु मात्र हाम्रो आवश्यकता होइन । अरु त परै जाओस्, ने.टे.बाट प्रसारण हुने एकदमै लोकप्रिय टेलिफिल्महरु हेर्दा पनि यसले राष्ट्रिय ढुकुटीबाट सञ्चालित, 'विकासका लागि सञ्चार'को नारा बोकेको र हालसम्मको एकमात्र टेलिभिजन प्रशारण संस्थाका दायित्वहरु पूरा गर्न सकेको छैन भन्ने कुरा पटकपटक अनुभव हुने गर्दछ । लाग्छ, देशको आर्थिक एवं शैक्षिक दुरवस्था, सामाजिक सांस्कृतिक विविधता र राजनीतिक जटीलतालाई ध्यानमा राखेर प्रजातान्त्रिक मूल्य र सांस्कृतिक पहिचानका लागि काम गर्नका लागि चाहिने दृष्टि, प्रतिवद्धता, जोश जाँगर– सबै कुराको खडेरी परेको छ । भारतीय सिनेमा र टेलिभिजन-मार्फत् नेपाली समाजमा निर्वाध भित्रिइरहेको भाषा, शैली र संस्कृतिलाई प्रतिकार गर्नेतर्फ त ने.टे.ले काम गर्न सकेन नै, आफ्नो माध्यममा पनि मौलिक भाषा शैलीको विकास गर्ने/गर्नु पर्ने वातावरण बनाउन सकेन । रुचि परिमार्जनका लागि मरिमेट्नु पर्ने ने.टे. आफैं गाउन थाल्यो- "मेहदी लगाऊ मलाई ...."

श्रव्यदृश्य माध्यमको एउटा सशक्त विधागतका रुपमा नेपाली टेलिफिल्मको विकास हुन नसक्नुको कारण पहिल्याउने क्रममा भेटिएका मुख्य कुरा हुन्- सैद्धान्तिक अस्पष्टता र व्यावहारिक कठिनाइ । केही वर्षअघि ने.टे.का टेलिफिल्महरुको मूल्याङ्कन र गुणस्तर निर्धारण गर्ने टोलिमा रहेर काम गरेका पत्रकार हरिगोविन्द लुइँटेल ने.टे.का समस्याहरुको सैद्धान्तिक पक्षलाई केलाउँछन्- "०४६ साल पछिको नेपाल टेलिभिजनको नेतृत्वले प्रजातन्त्रको प्राथमिकता निर्धारण गर्न नै नसकेको रहेछ । प्रजातान्त्रिक परिपाटीको राज्यका प्राथमिकताहरुका बारेमा छलफल नभएका कारण ने.टे.मा पनि पञ्चायती निरङ्कुशतन्त्रले स्थापना गरेको परिपाटी नै नयाँ जामा लगाएर कृयाशील रहेछ ।" लुइँटेलले काम गरेको टोलिभन्दा अघिको टोलिका अर्का सदस्य नवीन सुब्बा यस विधामा कार्यरत व्यक्तिहरुमा सीप र क्षमता नहुनु नै यस समस्याको मूल कारण हो भन्ने मान्छन् । सुब्बाका दृष्टिमा समस्या लेखनबाट सुरु हुन्छ- "कथामा जीवनमा भेटिने पात्रहरु भेटिँदैनन्, कथनको सीप विकास हुन सकेको छैन र लेखकहरु आफ्ना रचनामा कत्ति पनि परिवर्तन नहोस् भन्ने चाहन्छन् । हिन्दी फिल्म हेरेर 'राम्रो' को परिभाषा बनाइसकेका र रहर पुऱ्याउनका लागि टेलिफिल्म बनाउन खोज्नेहरुले कमजोर लेखनमा काम गर्दा राम्रो सामग्री तयार हुन नसक्नु अनौठो होइन ।" वास्तवमा यस क्षेत्रमा काम गरिसकेका धेरै व्यक्ति कमजोर स्क्रिप्ट लेखनलाई ठूलो समस्या मान्छन् । सन्तोष पन्तको अनुभवमा नयाँ लेखकहरु *एमेच्योर* छन् र स्थापित लेखकहरु रचनालाई श्रव्यदृश्य माध्यममा लैजाँदा गर्नु पर्ने सामान्य फेरबदल पनि स्वीकार गर्दैनन् । राम्रो लेखन भए मात्र राम्रो टेलिफिल्म बन्नसक्छ भन्ने कुरा मान्दामान्दै पनि निर्देशक उमेशनाथ अर्याल भने राम्रो टेलिफिल्म नबन्नुको सम्पूर्ण दोष स्क्रिप्ट पास गर्ने ने.टे.लाई नै दिन्छन् ।

ने.टे.का संस्थापक प्रमुख नीर शाह राम्रो लेखन नै टेलिफिल्महरुको प्राण हो भनेर ध्रुवचन्द्र गौतम, अशेष मल्लहरु जस्ता स्थापित लेखकहरुलाई स्वतन्त्रतापूर्वक स्क्रिप्ट लेख्न र सामग्री तयार गर्न अनुरोध गरिएको र केही राम्रा टेलिफिल्म बनेको आफ्नो पालाका कुरा सम्झिन्छन् । टेलिफिल्मको विधागत विकासका लागि उनले त्यसबेला अमेरिकाको इथाका कलेज र साउथ इलिओनिस युनिभर्सिटीको सहयोगमा काठमाडौंमा टेलिफिल्म कार्यशाला पनि चलाएका थिए । "त्यस पछि केही निर्देशकहरुले निकै राम्रो काम गरेको पाइयो ।" तर, शाहका दृष्टिमा "अझै पनि साहित्यकारहरुमा टेलिफिल्म लेखनलाई कमसल साहित्य ठान्ने चलन छ र त्यसैकारण पनि सानो पर्दाका लागि लेख्नेहरुको ठूलो कमी छ । " नीर शाह आफू ने.टे. प्रमुख छँदा पाकिस्तानी टेलिफिल्महरुका बारेमा निकै अध्ययन अनुसन्धान गरेको बताउँछन् । "त्यहाँ टेलिफिल्मको निर्माणका लागि दीर्घकालीन कार्यशालाहरु चलिरहेका हुन्छन् । समसामयिक मानव मस्तिष्क कतातिर उन्मुख छ भन्ने कुराको अध्ययन गरेर र त्यसलाई अघि बढाउने कि रोक्ने भन्ने कुराको निर्क्योल गरेर सामग्री विकास गरिन्छ । त्यति भइकन पनि त्यहाँ लेखिए जति सबै स्क्रिप्टमा टेलिफिल्म बन्दैनन्, निर्देशकले छानेर मात्र लिन्छन् । के हामी बिना कुनै पूर्वाग्रह लेखकहरु छानेर र सम्मानजनक तलब र सुविधा दिएर यो विधाको विकासका लागि काम गर्न तयार छौं ?" उनी आफ्नो भनाइ प्रश्नबाटै टुङ्ग्याउँछन् ।

**ने.टे.का संस्थापक प्रमुख नीर शाह राम्रो लेखन नै टेलिफिल्महरुको प्राण हो भनेर ध्रुवचन्द्र गौतम, अशेष मल्लहरु जस्ता स्थापित लेखकहरुलाई स्वतन्त्रतापूर्वक स्क्रिप्ट लेख्न र सामग्री तयार गर्न अनुरोध गरिएको र केही राम्रा टेलिफिल्म बनेको आफ्नो पालाका कुरा सम्झिन्छन् ।**

मूल समस्या दृष्टिको हो र त्यसको अभावका दयनीय उदाहरणहरु नीति बनाउने ठाउँको दुरुपयोग गर्ने मन्त्री सांसदहरुबाटै सुरु हुन्छन् । त्यति मात्र होइन, उनीहरुको अवाञ्छित आचरणले संस्थागत रुप लियो र भ्रष्ट व्यक्ति दण्डित हुनु पर्ने ठाउँमा प्रजातान्त्रिक प्रणाली आलोचित हुन पुग्यो । फलतः स्वतन्त्रताका नाममा र राजनीतिक व्यङ्गचका बहानामा सरकारी टेलिभिजनबाटै प्रजातन्त्रलाई अवमूल्यन गर्ने खालका कार्यक्रम प्रशारण हुन थाले । भ्रष्टाचारको दलदलमा भासिएका नीति निर्माताहरुमा प्रजातन्त्र विरोधी प्रच्छन्न मण्डलेहरुलाई रोक्ने नैतिक साहस कहिल्यै पनि देखिएन । राष्ट्रिय सञ्चारनीति तथा आफ्नै दलका घोषित नीतिहरुका प्रतिकूल टेलिभिजन कार्यक्रमहरु प्रशारण भइरहँदा पनि कुनै पनि सांसदहरु दह्रो गरी नबोल्नु प्रतिवद्धता र नैतिक साहस दुवैको कमी हो ।

त्यसपछि सञ्चार मन्त्रालय छ, जसको ब्यूरोक्र्यासीले, ने.टे.कै एकजना अधिकारीले बताए झैं 'अप्ठ्यारो मात्र थप्छ' । त्यसको एउटा उदाहरण हो, स्वीकृत स्क्रिप्टमा टेलिफिल्म बनाउने निर्मातालाई दिइने पेश्की लिनका लागि समेत धरौटी राख्नु पर्ने हालैको व्यवस्था । यस्ता नियमहरुका कारण स्वाभिमानी मानिसहरुले काम गर्ने वातावरण बिग्रिन्छ । मन्त्रालयपछि ने.टे. स्वयं छ, जसलाई गफगाफमा त मनग्गे गाली गर्न पाइन्छ, तर त्यहाँ औपचारिक रुपमा गरिने आलोचना र टीप्पणीहरु सुन्ने र सुधार गर्ने मानसिकता नै छैन । जसले प्रतिनिधित्व गरे पनि सञ्चार सम्बन्धी गोष्ठीहरुमा ने.टे.को उपस्थिति प्राय: अन्तर्क्रियात्मक नभई प्रतिरक्षात्मक हुने गर्दछ । आफ्ना एकजना पूर्व कर्मचारीले एउटा पाक्षिकमा ने.टे.लाई ट्रलिबससित दाँज्दा रिसाएका हाकिम र कर्मचारी मण्डलका सदस्यहरुले निकै महिनापछि भए पनि त्यही पत्रिकामार्फत् माफी नमागी उनको कार्यक्रम प्रशारण गर्न नदिएको घटना

धेरै पुरानो भएको छैन । देशलाई सार्थक आधुनिकतातर्फ डोहोऱ्याउन सक्ने संस्थामा आधुनिक सोचाइ र उदारता छैन भन्ने कुराको यो एउटा सानो उदाहरण मात्र हो । बाँकी उदाहरणहरु पर्दामै देखिन्छन् ।

तर दोष सिंहदरवारमा मात्र छैन । ने.टे.का कार्यक्रमहरुलाई राष्ट्रिय हिततर्फ प्रवृत्त गर्नका लागि जुझारु समुदायहरु (यस्ता एक्टिभिस्टहरु सञ्चारसित मात्र सम्बन्धित हुन जरुरी छैन, राजनीति, महिला, मानव अधिकार, उपभोक्ता हकहित लगायतका धेरै), सञ्चारकर्मीहरु, लेखक, कलाकार सबैले आफ्नो भूमिका खोज्न पनि उत्तिकै आवश्यक भइसकेको छ । यो प्रक्रिया अप्ठ्यारो, लामो र प्रत्यक्ष प्रतिफल शून्य हुनसक्छ तर निरर्थक भने निश्चय नै हुँदैन ।

ने.टे.को स्थापनाकालका तुलनामा अहिले हामी राजनीतिक र प्राविधिक - दुवै दृष्टिवाट सशक्त भएका छौं । सस्ता उपकरणहरु बजारमा छ्यापछ्यापती भएका छन्, केबुल नेटवर्कहरुमार्फत् विविधतायुक्त सामग्री हेर्न र सिक्न पाइएको छ । इन्टरनेट, ईमेल मार्फत सम्पर्क र क्षमता बढाउने अवसर सर्वसुलभ भएकाले पनि अहिले घर घरमै स्तरीय टेलिभिजन कार्यक्रम निर्माण गर्न सम्भव भइसकेको छ । निर्माणको सुविधा मात्र होइन, अहिले बजारको सम्भावना पनि बढेको छ । बढ्दो क्रममा रहेका नयाँ च्यानलहरुका लागि चाँडै नै धेरै सामग्री चाहिने निश्चित छ ।

तर सबैले सधैं सम्झिइरहनु पर्ने कुरा चाहिँ के हो भने नेपाल टेलिभिजन जनताप्रति उत्तरदायी हुनुपर्ने सरकारले चलाएको, देशव्यापी टीभी प्रशारण गर्ने हालसम्मको एक मात्र औपचारिक निकाय र सम्पूर्ण नेपाली जनताको हक लाग्ने टीभी प्रशारण संस्था पनि हो । त्यसैले निजी प्रशारण संस्थाहरु ने.टे.का प्रतिष्पर्धी मात्र हुन सक्छन्, विकल्प हुन सक्दैनन् । तर श्रव्य दृश्य माध्यमको विकासका लागि सम्पूर्ण रुपमा ने.टे.को भर पर्नु भनेको साहित्यको विकासकालागि प्रज्ञा प्रतिष्ठानको भर पर्नु जत्तिकै निरर्थक हुनसक्छ भन्नेतर्फ पनि हामीले विचार पुऱ्याउन आवश्यक छ । अहिलेको हाम्रो समस्या यी दुइवटा कुराको द्वन्द्वबाट उब्जिएको छ । अर्थात् यस विषयमा चासो राख्ने सबैले मिलेर खोजेमा ने.टे.ले बिराएको बाटो पनि यतै कतै फेला पार्न सकिन्छ । ❑



# खवरदार ! कोही छ ?

राजकुमार के.सी.



खबरदार ! कोही छ ?
आज पनि अकस्मात टाढाबाट
कसैले फेरि खवरदारी गऱ्यो
प्रत्युत्तरमा कोही बोलेन
हामीहरु बाबासँगै चुपचाप अँगेना वरिपरि थियौं
ताप्केमा फट्किँदै गरेको एकमुठ्ठी फापरको पिठो हेर्दै
हामी कल्पना गर्थ्यौं
चामलको भात कस्तो हुन्छ होला ?
आकाशमा उड्ने मान्छेहरु कस्ता होलान् ?
अनि सोध्थ्यौं बाबा आमालाई
मोटरका कतिवटा पांग्रा हुन्छन् ?
बाबा घरिघरि हामीलाई चूप लाग्न भन्नुहुन्थ्यो
फेरि उही आवाज आयो
खवरदार ! कोही छ ?
यसपटक पनि प्रत्युत्तरमा कोही बोलेन
हामीहरु चूपचाप भयौं
तल सुसाइरहेको सेती नदी
अनि विशाल 'लामे बगर'
हामी झन् भयभीत भयौं
खवरदार ! कोही छ ?
पुनः त्यही आवाज आयो
झन् नजिक आयो
हामी झन् आत्तिन थाल्यौं

अकस्मात एक हूल मान्छेहरु
जस्केला भत्काउँदै भित्र पसे
अनि बुट बजार्दै निर्ममतापूर्वक
बन्दूकको कुन्दाले हिर्काउँदै
कालो रातमा लगे हाम्रो बाबालाई घिसार्दै
हामी डरले रुन पनि सकेनौं
केही भन्न पनि सकेनौं
अब अगेंनामा आगो निभिसकेको थियो
पुनः खवरदारको आवाजसँगै
एक्कासी बन्दूक पड्किएको आवाज आयो
त्यसपछि झन् चारैतिर
कालो रात सिवाय केही देखिएन
तल एकनास बगिरहेको सेती नदी
अनि 'लामे बगर' उस्तै भयावह थियो
बाबा भेटिन्छ कि भनेर
हामी झिसमिसेमै निस्कियौं

अलिपर खोल्सामा देख्यौं बाबाको च्यातिएको इष्टकोट
अनि अलिपर चिप्लेटी ढुङ्गामा भेट्यौं
बाबाको मृत शरीर
जसबाट अझै चुहिरहेको थियो
तप तप आलो रगत,
सेतो ढुङ्गामा बाबाको आलो रगत
अनि मृत शरीरभरि बूटका डामहरु
हामी चुपचाप टोलाइरह्यौं
बग्दै गरेको सेती नदीलाई हेर्दै
टोलाइरह्यौं
फेरि एक्कासी झस्कियौं
कतैबाट फेरि खवरदारीको आवाज आयो
अनि हामी फर्कियौं
बाबाको च्यातिएको इष्टकोट बोकेर
बगिरहने सेती नदीलाई हेर्दै घर फर्कियौं । ❑





# नेपाली चित्रकलामा सांस्कृतिक प्रतिविम्वन

■ मनुज बाबु मिश्र

**+ नेपाली चित्रकलाको शुरुवात कहिलेदेखि भयो ?**

- जहाँ मानिस हुन्छ, त्यहाँ कुनै न कुनै रूपमा उसको सिर्जनात्मक कलाकृति पनि रहन्छ । श्रुती र पुराणमा विश्वास गर्ने हो भने त हाम्रो कलाको शुरूवात, आर्य जातिको आगमन सँगसँगै वैदिककालदेखि नै विकास हुन लागेको हो । तर यसोभन्दा हाम्रो कलालाई 'नेपाली कला' भन्न चाहिँ पाईंदैन । मानव विकास विज्ञानमा विश्वास गर्ने हो भने त अझ हाम्रो कलाको शुरूवात आर्यहरूको आगमनभन्दा पनि अगाडि सिन्ध सभ्यताकालदेखि भएको हो भन्नुपर्ने हुन्छ ।

त्यसैले नेपाली कलाको शुरूवात पनि त्यहींदेखि भयो, जहाँदेखि 'नेपाल र नेपाली'को शुरूवात भयो । यसोभन्दा पनि अनगिन्ती प्रश्नले हामीलाई अल्मल्याउन थाल्दछ । सुनेका कुरामा विश्वास नगर्ने हो भने प्रामाणिकताका प्रश्न आउँछन् । प्रामाणिकताको कुरा गर्ने हो भने चाहिँ हाम्रो चित्रकलाको इतिहासले हामीलाई दशौं, एघारौं शताब्दीतिर देखिएका 'प्रज्ञापारमिता' 'पंचरक्षा'का स-साना गाताभित्र भन्दा अगाडि जाने अनुमति दिंदैन ।

**+ नेपाली चित्रकलाको प्रारम्भिक चरणका विशेषताहरु के के थिए ? सांस्कृतिक पक्ष कस्तो थियो ?**

- चित्रकलाको प्रारम्भिक चरण भन्नासाथ प्रामाणिकताको आधारमा दसौं शताब्दीभन्दा अगाडि जाने बाटो देखिंदैन । सबभन्दा पुरानो भएको हुँदा, हाम्रो लागि 'प्रज्ञा पारमिता'को गाताचित्र अत्याधिक महत्वपूर्ण छ । डेड हात लामो त्यसको गातामा स्वल्पाकारका अठारवटा देव-देवी, पञ्चबुद्ध र चार तारा इत्यादिका चित्रहरू छन् । यिनै स-साना चित्रहरूबाट पनि प्राचीन चित्रकलाका सम्बन्धमा उठ्ने अनेकौं प्रश्नका उत्तरहरू पाउन सकिन्छ ।

नेपाली चित्रकलाको प्रारम्भिक अवस्था सधैं धर्म एवं परलोकमूलक रहिआएको हुनाले कलाकारको विषयवस्तु कहिल्यै पनि लौकिक समाज एवं व्यक्तिवादी बन्न सकेन । चित्रकला सामान्यतया अति कमजोर सामग्रीमा आधारित हुने हुँदा ती प्रस्तर मूर्तिजस्तो दीर्घजीवी हुन सक्दैनन्, तर पनि मूर्तिकलाको मूल आधारचाहिँ चित्रकला नै हुने गर्दछ । तसर्थ लिच्छवीकालीन मूर्तिकलाको उत्कृष्ठतालाई हेर्दा चित्रकलाको विकास निक्कै नै भइसकेको थियो भन्न सकिन्छ । उपलब्ध हुन सकेका चित्रहरूले मात्र पनि तत्कालको सांस्कृतिक पक्ष निक्कै उच्च रहेको देखिन्छ ।

**+ नेपाली चित्रकलामा नेपाली संस्कृतिको प्रतिविम्विन कस्तो देखिन्छ ?**

- तत्कालीन नेपाली समाजका सांस्कृतिक मूल्य एवं मान्यता दुई शक्तिमा केन्द्रित थिए- आत्मा र शरीर । आत्मा संस्कृतिमा व्यक्त हुन्छ- संस्कृति कलामा, अनि शरीर व्यक्त हुन्छ- भौतिक उन्नति, अवनतिमा । हाम्रा प्रत्येक कलाकृतिमा हाम्रा संस्कृतिले सुन्दर, सरल र प्रभावकारी अभिव्यक्ति पाएका छन् । यी सिर्जनात्मक कृयाकलाप हाम्रै भौगोलिक भेगको भएको हुँदा यसलाई हामी नेपाली भन्दछौं, अन्यथा यिनलाई हामी मानव जगतकै सांस्कृतिक पहिचान भन्न सक्दथ्यौं ।




*वरिष्ट कलाकार मनुजबाबु मिश्रको एक पुस्तकको आवरण*

**+ नेपाली चित्रकलाका प्रकारहरु ...?**

- प्राचीन अथवा परम्परागत चित्रकला क्षेत्रलाई मात्र हेर्दा तिनमा आजको जस्तो माध्यम एवं विषयगत विविधताहरू देख्न पाईदैन । किनकि तत्कालीन हाम्रा कलाकारहरूले आजको जस्तो खोज-अनुसन्धान-प्रविधि-माध्यम तथा प्रयोगलाई उति धेरै महत्व दिँदैनथे । तत्कालीन मानिस-कलाकारलगायत कोही पनि आफ्ना परम्परागत आस्था र विश्वासमा संशोधन गर्न चाहँदैनथे ।

**+ नेपाली चित्रकलाले ग्रहण गरेको सौन्दर्य मूलतः कुन चरित्रको छ ?**

- पूर्वी देश हुन् कि पश्चिमी- आज पनि मानिसले कलालाई शास्त्रीय आँखाले नै हेर्ने गरेका छन् । शास्त्रीय सौन्दर्यतर्फको अनुराग अति बलियो छ । किनकि शास्त्रीय पक्ष भनेकै लालित्य पक्ष हो । आधुनिक युग भन्ने गर्दछ- "सौन्दर्य त हेर्नेको आँखामा हुन्छ ।" आज सिर्जनात्मक कलालाई हेर्ने कसी-सुख-दुःख, हाँसो-रोदन, न्याय-अन्याय आदि मानवीय भाव संप्रेषणको मात्रा बनेको छ । तर शास्त्रीय युगले भन्ने गर्दथ्यो 'सौन्दर्य हेर्नेको आँखाबाहिर प्राकृतिक सौन्दर्य र संरचनामा हुन्छ ।' तर पनि पश्चिमी शास्त्रीय कला (ग्रेको रोमन-होमरी सभ्यताको)ले लौकिक सौन्दर्य र पूर्वीय शास्त्रीय कला (वैदिक सभ्यताको)ले अलौकिक सौन्दर्यलाई महत्व बढी दिएतापनि दुवैले सौन्दर्याभिव्यक्तिलाई नै ललितकला भन्ने गरेका छन् र आ-आफ्ना सिद्धान्तको निर्देशिका तयार पारेका छन् ।

**हाम्रो बुद्धि चुलिएर विज्ञान बन्न सकेको भए, सही अर्थमा हामी आधुनिक र विकसित हुन सक्दथ्यौं**

नेपाल पूर्वीय कलाजगतको एउटा उर्वराभूमि भएको हुँदा यहाँको कलालाई पूर्वीय, खास गरी वात्स्यायनको 'काम-सूत्र' मा उल्लेखित 'षडङ्ग सिद्धान्त' ले निर्देशित गरेको छ । त्यो सूत्रले कलामा लालित्य पक्षको सिर्जना गर्न 'रूपभेद-प्रमाण-भाव-लावण्य योजना-सादृश्य र वर्णीका भङ्ग' आदि ६ पक्षलाई अत्याधिक महत्व दिएको छ ।

**+ नेपाली चित्रकलाको सौन्दर्य र प्रभावले नेपाली संस्कृतिको निर्माण र विनिर्माणमा कस्तो भूमिका खेलेको छ ?**

- संस्कृति अमूर्त हुन्छ र सभ्यता मूर्त । अमूर्त संस्कृतिको मूर्त रूप नै सभ्यता हो । त्यसैले हाम्रो मूर्त रूप सुसंस्कृत र परिमार्जित थियो । हाम्रा कलाकृतिमा ती छर्लङ्ग देखिन्थे । तर आज हामी आफ्नैपनाको अनुयायी बन्न सकेनौं । हाम्रो बुद्धि चुलिएर विज्ञान बन्न सकेको भए, सही अर्थमा हामी आधुनिक र विकसित हुन सक्दथ्यौं । हाम्रो बुद्धि ओरालो लाग्दैछ र ज्ञान उकालो चढेर विज्ञान बन्दैछ । अथवा हामी नव-संस्कृतिको निर्माण गर्ने व्यर्थ प्रयत्न गर्दैछौं । हाम्रो चित्रकला, हाम्रो राष्ट्रियता, हाम्रो संस्कृति र हाम्रो आफ्नै पहिचान थियो । वर्तमानको हाम्रो बुद्धिले हाम्रो कलाको सौन्दर्य र प्रभावबाट हामीलाई लाभान्वित हुन दिएन । बढी ज्ञानी हुँदैछौं, बढी बुद्धिमान होइन । अब विरोध गरूँ त असभ्य भनिने त्रासबाट त्रसित छौं र वर्तमानको सभ्यताको

चमकबाट विमोहित छौं । त्यसैले हाम्रो वर्तमानको कला, परम्पराको मोह र आधुनिकताको आकर्षणको बीचमा परेर मुक्ति संघर्षको रूपमा व्यक्त हुँदै आउन लागेको छ । यस स्थितिलाई विनिर्माणतर्फको अग्रसरता भन्नु नै उपयुक्त होला ।

**+ तपाईंको दृष्टिमा सांस्कृतिक उत्थान र सामाजिक रुपान्तरणमा चित्रकलाको भूमिका के हो ?**

- हाम्रो संस्कृति हाम्रो पहिचान हो । आफ्नो पहिचानलाई प्रभावकारी ढंगबाट साक्षात्कार गर्नसक्ने सर्वश्रेष्ठक विधा हो- कला । भौतिक विज्ञानले जस्तो कला साहित्यले तत्कालै देश-समाजको रूपान्तरण गर्न अथवा सांस्कृतिकतामा परिवर्तन ल्याउन, उत्थान गर्न कदापि सक्दैन । यी त भोलिको निर्माणको लागिमात्र हुन् । आजको पौष्टिक खाद्यवस्तु हो कला भनेको । फेरि कला मानिसलाई केवल सौन्दर्यानुभूति दिने माध्यममात्र पनि होइन । कला, भोलिकालाई हिजो र आजको यथारूप दर्शाउने चित्रवाहिनी पनि हो, अनि समयको सत्योद्गार पनि । बीस पच्चिस हजार वर्षअगाडिको पाषाणयुगका गुफाका भित्तामा रचना गरिएका चित्रहरू देख्न नपाएको भए तत्कालका मानिसका विषयमा हाम्रो युग अनभिज्ञ नै रहने थियो ।

**+ परम्परागत तथा आधुनिक चित्रकारिताको संसारमा नेपाली चित्रकलाको पहिचान के हो ?**

- परम्परागत चित्रकारितामा विश्वमा नै नेपालको आफ्नै उत्कृष्ट स्थान छ । परम्पराको गति पनि एउटा नदीको जस्तै हुन्छ । आफ्नो उद्गम स्थानदेखि जति अगाडि बढ्यो, उति बढी बढी बिस्तृत, बृहद र गम्भीर बन्दै त्यो निरन्तर अगाडि बढिरहन्छ । मुहानबाट जुन अवस्थामा निस्कियो त्यो अवस्थाको मूलधारमा अरू कतिपय कुलो, खहरे, खोला मिसिंदै गए पनि त्यो मूल नदीको आफ्नो परिचय हराउँदैन । हाम्रो परम्परागत ज्ञान, सिप, दक्षता आदि समयानुकूल गतिमा अगाडि बढ्न सकिरहेको देखिंदैन । भोल्गा-राईन र ह्वाङहोको पानी पस्यो भने सायद हाम्रो वागमतीको पहिचान हराउन सक्छ ।

**+ चित्रकलाको सांस्कृतिक दायित्व हुन्छ कि हुँदैन ?**

- दायित्वबोधबाट कलाको हत्या हुन्छ । समाजको सुधार गर्छु, देशको विकास गर्छु, संस्कृतिको रक्षा गर्छु भनेर रचना गरिने कलामा त्यस्तो दायित्वबोध हुन सक्दछ । तर त्यस्ता कृतिलाई कलाभन्दा बढी कौशल भन्नु उपयुक्त होला । कला त अन्तरहृदयको स्वप्रवाह हो- फूलको प्रस्फुटन हो । श्रष्टा बनाएर बन्दैन । विशुद्ध सिर्जनामा कुनै पूर्वाग्रह रहँदैन ।

**+ विश्वमा हामी चित्रकलाको क्षेत्रमा कुन स्थानमा छौं ?**

- 'कुन स्थानमा छौं' भन्ने प्रश्नले सही उत्तरको लागि सापेक्षित धरातल खोज्दछ । हामी होचाहरूभन्दा अग्ला छौं र अग्लाहरूभन्दा होचा छौं । सिर्जनात्मक कलाको क्षेत्रमा आजकल अन्तरराष्ट्रिय स्तरमा पुगेको, नपुगेको बारेमा यथेष्ट चर्चाहरू सुनिने गरेको छ । आजको युग यातायात र अझ बढी संचारको क्षेत्रमा तिव्र गतिले अगाडि बढिरहेको छ । हामी अविकसित देशको अनकन्टार कुनाको रामझुपडीमा बसी बसी लाशभेगासको क्यासिनोमा जुवाको रमझम, न्यूयोर्कको नग्न नृत्यदेखि लिएर मेक्सिकन कलाकारका चित्र हेर्न र चिलीका साहित्यकारको उपन्यास पढ्न पाउँछौं । उनीहरूको कुरा सुन्न र देखाएको हेर्न पाउँछौं । उनीहरूसँग सम्वाद गर्न होइन । यस्तो संचारको विकास नै अन्तरराष्ट्रियवादको कारण मान्नु हास्यास्पद हुनेछ । हाम्रा आँखाका अगाडि र कानका किनारासम्म आइपुग्ने संचार सन्देश तबसम्म अर्थहीन ठहर्दछन्, जबसम्म अविकसित विश्वका तमाम मानव जगत प्रत्यक्ष रूपले त्यस्ता कृयाकलापमा सहभागी बन्न पाउँदैनन् । मलाई त लाग्छ, पश्चिमी श्रव्यदृश्यको एकोहोरो बाढीमा प्रवाहित हुँदै कतै हाम्रा बौद्धिकवर्ग, प्रगतिको नाममा फर्कने बाटोको खोजी गरिरहेका त छैनन् ? आर्थिक एवं बौद्धिक क्षेत्रमा ओरालोतिर लागिरहेका हामीले, कसरी सिर्जनात्मक कलाको क्षेत्रमा मात्र शिखरतिर पुगिसक्यौं भन्नु ? यसो भनेर म आत्महत्या गर्न चाहन्न । ❑

*'हर्मिताज' बौद्धनाथ- ६*



# जुत्ता

■ विमल निभा

देशलाई बदल्छु भनेर
कसम खानेहरुले
एकाएक बदलेका छन्
आफ्नो जुत्ता

जुत्ताको रंग छ कालो
विश्वासघातको रंग पनि
कालो नै हुन्छ
र काला रातहरुमा
उत्सव मनाउँछन्
दलाल, पाखंडी, भाट,
बेइमान र जुवाडेहरु

दुष्ट जादुगरले
उचाल्यो चमत्कारिक लठ्ठी
घुमायो वायुमण्डलमा
र हामीले हेर्दाहेर्दै गायब भयो
यो देशको शरीरबाट
सबभन्दा नरम छाला
त्यसपछि सफल षडयन्त्रकारी
र त्यसका अनुचरहरुले लगाए
त्यही छालाबाट निर्मित
जुत्ता

आजभोलि जतातत्तै
काला जुत्ताहरुले कुल्चिरहेका छन्
पहाड, उपत्यका र तराइको करङ्ग
यही करङ्गलाई भऱ्याङ्ग बनाएर
पुगेका छन् जुत्ताधारीहरु
सबभन्दा माथिल्लो तलामा

एउटा विशाल कक्षमा
सजाएर राखिएको छ स्वर्णासन
जसको दुवैतिर तैनाथ छन्
हिंसक वनमानुषहरु
बन्दूक र बर्दीमा

अब दृश्य परिवर्तन हुन्छ
कृपया ध्यान दिनोस्
कविताका मेरा प्रिय पाठकहरु !

हाम्रो शिरमाथि चढेर
एकजोर कालो जुत्ता
घोषणा गर्दैछ सगर्व
- देशवासीहरु हो
हामीले कसम पूरा गरेका छौं
यो देशलाई पूरै बदलेका छौं ।
❑❑





# मुल्तानपुरको बयरको झ्याङ

■ राजव

**मुल्तानपुर** नामी मानिसहरूको गाउँ हो । तर ती सब नामी मानिस अहिले मुल्तानपुरमा छैनन् । कोही काठमाण्डौंमा छन् । कोही विराटनगरमा छन् । कोही नेपालगंजमा छन् । कोही अरब मुलुकहरूमा छन् । तर मुल्तानपुरमा कोही छैनन् । अहिले मुल्तानपुरमा तिनका सिर्फ पुराना घर, जग्गा, नातागोता र पाडापाडीहरू छन् । मुल्तानपुरमा ती मुस्किलले कुनै कुनै साल इदको बेला आउँछन् । प्रायः उतै रहन्छन्, आउँदैनन् । तथापि मुल्तानपुरलाई नामी मानिसहरूको गाउँ नै भनिन्छ । किनभने मुल्तानपुरमा जन्मिएर यहाँको मदरशा र अन्य सरकारी स्कूलमा पढेर ती देश-विदेशका विश्व-विद्यालय र क्याम्पसमा पढ्न योग्य भए र नामी मानिस बने । किनभने ती अहिले कोही मन्त्री छन् । कोही सांसद छन् । कोही डाक्टर छन् । कोही इन्जिनीयर छन् । कोही बैज्ञानिक छन् । कुनै प्राध्यापक छन् । कुनै सचिव छन् । कुनै सह-सचिव छन् । कुनै सरकारी नेता छन् । कुनै विपक्षी नेता छन् । कुनै उद्योगपति छन् । कुनै व्यापारी छन् । कुनै 'ए' क्लासका ठेकेदार छन् । तर, गाउँमा कोही छैनन् । त्यसकारण मुल्तानपुर नामी मानिस जन्माउने गाउँमात्र हो, तिनलाई बसाउने गाउँ हैन । तैपनि मुल्तानपुरलाई नामी मानिसहरूको गाउँ भनिन्छ ।

शिलाकत खाँ पनि मुल्तानपुरकै हो र त्यो गाउँको उसको घर पनि नामी मानिसहरूको नै घर हो । किनभने शिलाकत खाँ आफैं नामी मानिस हो । ऊ जिल्लाको नै युवा नेता हो । उसको बाउ पनि सातसाले नेता थियो । उसको एउटा दाजु सांसद नै छ । ऊ स्वयं पनि उत्तर प्रदेश भारतको बहराइच जिल्लाको एक क्षेत्रको प्रतिनिधित्व गर्ने एक एम.एल.ए.को ज्वाइँ हो । त्यसकारण उसको घरलाई पनि नामी मानिसको घर भनिन्छ । तर, उसको घरका नामी मानिसहरू पनि अहिले उसको घरमा छैनन् । सब काठमाण्डौंमा छन् । मुल्तानपुरमा त उसको आफ्नो परिवार र केही आइमाईमात्र छन् । त्यसकारण मुल्तानपुरको एकमात्र नामी मानिसमा अहिले ऊमात्र बचेको छ । यो कुरो मलाई अहिले उसको गाउँ पुगेपछि मात्र थाहा भयो ।

गाउँमा उसलाई सबले नेता नै भन्दा रहेछन् । त्यहीअनुरूप उसलाई मान्दा पनि रहेछन् र प्रेम पनि गर्दा रहेछन् । ऊसँग गाउँ डुल्दा कत्तिले उसलाई र उसले कत्तिलाई 'सलामालेकुम' र 'बालेकुमसलाम' भनेको सुनियो । सबले ऊसँग प्रेमपूर्वक र आदरपूर्वक बोलेको देखियो । त्यस्तै, ऊसँगै हिंडेको म उसको साथी भन्ने थाहा पाएपछि मैले झन् प्रत्येकबाट ऊभन्दा चर्को आदर पाएँ र प्रत्येकले मसँग हात पनि मिलाए । हात मिलाइसकेपछि ती आफ्ना हात छातीमा टाँसेर मात्र स्वाभाविक स्थितिमा राख्दारहेछन् । दश, आठजना मान्छेसँग हात मिलाइसकेपछिका मान्छेसँग हात मिलाउन थालेपछि मैले पनि तीसँग हात मिलाएपछि तिनले झैं छातीमा हात टाँस्न थालें । यो तरिका मलाई निक्कै आत्मीय लाग्यो ।

यहाँ मुल्तानपुरमा छ-सात ठूला-ठूला तलाउ (पोखरी) रहेछन् । ती सब प्राकृतिक रूपले चित्ताकर्षक छन् । कुनै पोखरी कुनैसँग कम छैन । सब एकसेएक मोहक र सौन्दर्यवाहक छन् । सबसँग आफ्नो इतिहास, पौराणिकता, लोकोक्ति र सामाजिक महत्व छ । त्यहीअनुरूप सबसँग आ-आफ्नो नाम पनि छ । एउटाको बाबा अमिनको तलाउ, एउटाको नुरमोहम्मद तलाउ, एउटाको जैनुल बि तलाउ, एउटाको काजी अली तलाउ नाम राखिएको रहेछ भने कुनै तलाउ चौकीदार तलाउ र मुल्तान तलाउको नामले पनि चिनिन्छन् । त्यस्तै एउटा तलाउको नाम छगडी(बाख्रा)मार तलाउ छ । किनभने कुनै समय त्यस तलाउको पानी खाएर गाउँभरका बाख्राबाख्री मरेका थिए भन्ने लोकोक्ति त्यहाँ छ । त्यसैले अहिले पनि सकभर गोठालाहरू आफ्ना पशुहरूलाई त्यस तलाउको पानी पिउँन दिँदैनन् । तिनका पशुले त्यहाँ मुख जोते कि ती धपाउन पुगिहाल्छन् । त्यसकारण गोठालाहरू त्यस तलाउको डिल-डिलमा पनि आफ्ना पशुहरूलाई चर्न दिँदैनन् । यसले गर्दा त्यस पोखरीको डिलमा बाह्रैमास हरिया झार देखिन्छन् र डिलमुन्तिर तलाउको पानी सधैं कञ्चन रहन्छ । यही पोखरीको डिलैडिल करीब आधा घण्टा डुलेपछि हामी फर्कन थाल्यौं ।

दिनको उज्यालो साठी प्रतिशत निखिसकेको छ र धानखेतका लुकुवा कीराहरू कराउन थालिसकेका छन् । चारैतिर पाहाहरूको टर्र... टर्र... पनि शुरू भइसकेको छ ।

बयरका झ्याङमा पर्नेगरी ऊ बेस्कन थुक्न लाग्यो । उसको यो कर्म देखेर म एकदम आश्चर्यमा परें । त्यसरी आश्चर्य ओकलिरहेको मेरो अनुहार हेरेर उसले भन्यो- "तँ पनि थुक् यार... यहाँ थुक्नुपर्छ...।" "किन ?" - मैले सोधें ।



हिँड्दाहिँड्दै एकाएक ऊ टक्क अडियो र दाहिनेतिर फर्कियो । ऊ फर्किएकोपट्टि थुप्रै बयरका भ्याङ छन् । त्यस भ्याङमा पर्नेगरी ऊ बेस्कन थुक्न लाग्यो । उसको यो कर्म देखेर म एकदम आश्चर्यमा परें । त्यसरी आश्चर्य ओकलिरहेको मेरो अनुहार हेरेर उसले भन्यो- "तँ पनि थुक् यार...यहाँ थुक्नुपर्छ ...।"

"किन ?" -मैले सोधें ।

"भनुँला, तँ अहिले थुक् न ....।" उसले भन्यो । र, मैले उसले भनेको मानें । उसलेझैं त्यस बयरको भ्याङमा खूब थुकें ।

बयरको भयाङबाट अगाडि बढिसकेपछि पनि उसले थु ... थु... गरिरह्यो । मैले फेरि सोधें-

"किन थुकेको यार त्यहाँ ?"

"भनुँला यार..." मात्र उसले भन्यो । तर, भनेन । चुपचाप हिँडिरह्यो ।

पुनः हामी गाउँभित्र पस्यौं । त्यसैले फेरि "वालेकुमसलाम" र "सलामालेकुम" चल्न थाल्यो ।

वास्तवमा उसको घरगाउँ सम्पन्न नै रहेछ । किनभने यहाँ एक-एक हजार मानिसले एकसाथ नमाज पढ्नसक्ने बडे बडे तीन मस्जिद रहेछन् । एक प्राइमरी स्कूल, एक हाइस्कूल र उर्दू र अरबी पढाइ हुने दुई सम्पन्न मदरशा पनि रहेछन् । हुन त यहाँ धेरैजसो फुस र खपडाका घर छन्, तर ढलान गरिएका पक्की घर पनि थुप्रै देखिए ।

उसको घरको कम्पाउण्डको फाटक नै दश फुट अग्लो र आठ फुट चौडाइको रहेछ । त्यस फाटकबाट भित्र छिर्नेबित्तिकै आँगनमै डोरीले बुनेका थुप्रै खटिया पसारिएको देखियो । एउटा खटियामा तन्ना कसेको बिछ्यौना रहेछ । त्यहीमा मलाई बसाइयो । त्यस्तै, केही खटियामा अरू बसेका छन् । र, केही खटिया खाली नै छन् ।

यसबीच एउटा दाह्रीवालाले बलेको मयन्टोल लेरायो र नजिकैको काठको मुढोमाथि राख्यो ।

मयन्टोलले फिँजिएको उज्यालोमा आँगनमै अहिलेसम्म बाँधिएका चार भैंसी एउटा केटोले लगातार दुह्यो । ती चार भैंसीबाट करीब बीस लिटर दूध उसले घरभित्र हुल्यो ।

आँगनको वरिपरि धान राखेका दशवटा ठूल्ठूला डेहरी छन् । भैंसीकै हारतिर बाँधिएका तीन जोडी बयल (गोरू) छन् । एक छेउमा दुईवटा टायरगाडा बिसाइएका छन् । एउटा

**"अगिनै तैंले बयरको भ्याङमा थुक्नुको कारण भन्छु भनेको हैन ? भन् त यार !"**

क्रिलोस्कर ट्र्याक्टर छ । आँगनको चारैतिर उसको सम्पन्नता भव्य देखिन्छ ।

अहिले आँगनमा आदरणीय हामी दुईमात्र छौं । अरू सब नोकर छन् । ती सब आँगनको भुइँमा टक्र्याकटुक्रुक बसेका छन् । तीमध्ये एउटा खैनी मल्दैछ । दुईजना बिँडीको सर्को तान्दैछन् । एउटा नाक कोट्याउँदै छ । एउटा अलिपर बयलको ढाड घुस्नोको लुँडोले रगड्दैछ ।

एउटा अर्को नोकरले टी-टेबुल मेरो खटियाअगाडि ल्याएर राखिदियो । बिँडी तानिरहेको नोकरमध्ये एउटा ठुटो बिँडी फालेर उठ्यो । एउटा ठूलो जगमा टन्न पानी लिएर आयो र यही टेबुलमा बिसायो र गयो ।

"ए ऽ ऽ साहबलाई हात-गोडा धुला..." एउटा नोकरलाई इशारा गर्दै उसले भन्यो ।

इशारा पाएको त्यो नोकर जुरूक्क उठ्यो ।

"ल यार हातखुट्टा धुऔं !" -उसले मलाई पनि भन्यो र म उसको त्यस नोकरसँग अगाडि बढें । त्यसले मलाई ट्यूबेलसम्म पुर्‍यायो र भन्यो-

"हजूर ! हातखुट्टा धुनूस् हजुर ! म कल (ट्यूबेल) चलाइदिन्छु ।"

ऊ मज्जाले ट्यूबेल चलाउन थाल्यो । म माँडीमाँडी हातखुट्टा धुन थालें ।

हातखुट्टा धोएर म फर्कंदा टेबुलमा परिकारहरू राखिसकिएको रहेछ । किनभने टेबुलमा बिरयानीले भरिएको दुई थाल वरिपरि आठ दश ठूला ठूला परिकारले भरिएका कचौरा छन् । त्यसैले म खटियामा बस्नासाथ उसले भन्यो-

"ल यार, जे-जस्तो छ खाऊँ ।"

मपट्टिको बिरयानीको थालअगाडि एउटा कचौरामा कुखुराका दुई फिला राखिएको छ । एउटा कचौरामा अडहरको बाक्लो दाल राखिएको छ । एउटा कचौरामा दूध, एउटा कचौरामा दही छ । बाँकी कचौरामा तरकारीका परिकारहरू छन् ।

मैले खान अझ शुरू गरेको छैन । त्यसैले उसले आफ्नू कचौराको कुखुराको फिलो उचाल्दै भन्यो-

"ल खाऊँ यार "

"ल त ....." भन्दै मैले पनि बिरयानीको गाँस मुखमा हुलें । बिरयानी चपाउँदै मैले अगिनको घना बयरको भ्याङ सम्झें, जसमा उसले खूब थुकेको थियो । त्यसकारण मैले भने-

"अगिनै तैंले बयरको भ्याङमा थुक्नुको कारण भन्छु भनेको हैन ? भन् त यार !"

"ए ऽऽ ठीक छ, खाना खाइसकौं अनि भनौंला ।"

"खाँदै भन् न ऽऽ मजा आउँछ ।" मैले फर्किएर भनें । र, उसले भन्यो-

"त्यो धेरै पुरानो बयरको भ्याङ हो, यस गाउँका जो पनि त्यस भ्याङमा पुगेपछि त्यहाँ थुक्छन् । जसलाई त्यस भ्याङको बारेमा थाहा छ, त्यसले त्यहाँ थुक्छ नै, किनभने त्यस भ्याङमुनि शैतानको चिहान छ । त्यो शैतान हाम्रो गाउँको एक परिवारको कामकुरो छिनिसकेको एक केटी भगाएर लाँदालाँदै बीच बाटोमै समातियो । त्यसपछि गाउँलेले त्यसलाई चुटीचुटी मारे । अनि त्यही बयरको भ्याङ भएको ठाउँमा खाडल खनेर त्यसलाई गाडेछन् । त्यसपछि त्यो ठाउँमा पुगेपिच्छे त्यहाँ थुक्ने चलन चल्न थाल्यो, त्यसलाई शैतानको चिहान पनि भन्न थालियो, अहिले त्यहाँ तिनै बयरको भ्याङ छन् र त्यो भ्याङमा थुक्नु हाम्रो कर्तव्य हो .......।"

"के अहिले पनि कसैले तिम्रो गाउँमा त्यसो गर्‍यो भने तिमीहरू त्यसैगरी त्यसलाई मार्छौ ?"

"तर त्यसपछि अहिलेसम्म यो गाउँमा कसैले त्यस्तो गर्ने आँट गरेको छैन र गर्ने पनि छैन ।" -उसले भन्यो । र, मैले सोधें-

"किन ?"

"किनभने सबलाई यो बयरको भ्याङले तर्साउँछ", उसले अझ विश्वासका साथ भन्यो ।

र, मलाई लाग्यो- अगिन मलाई उसले त्यो बयरको भ्याङमा लगेको तर्साउन नै रहेछ कि क्या हो ? तर, म उसको यो कुराले तर्सिएको छैन । किनभने भोलि सखारै लियाकत खाँ (उसको काका)की छोरी टिपेर मुल्तानपुर छोड्ने मेरो निर्णय त्यस बयरको भ्याङको कथाले बदल्न सकेको छैन । किनभने यसपटक म मुल्तानपुर त्यसैको लागि आएको हुँ ।... बरू मलाई अगिन शिलाकतको कुरो सुनेर बेकार त्यो बयरको भ्याङमा थुकें भन्ने पछुतो पो लागिरहेछ र ती थुक आफ्नै अनुहारभरि परेको भास भइरहेछ । ❑




**विजया दशमी २०५९** को

महान उपलक्ष्यमा

सम्पूर्ण नेपालीहरूको

**सुख, शान्ति एवम् समृद्धि**को निमित्त

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

परिवार

सानो ठिमी, भक्तपुर ।



# सुनाखरी टोल

■ नारायण ढकाल

एक वर्षअघि यो घटना घट्यो सुनाखरी टोलमा । कथाको प्रारम्भ यसरी भयो :

राष्ट्रिय संवाद समितिको महाप्रबन्धक पदमा राजनीतिक कारणले पुग्न सफल भएको मेरो पत्रकार साथी बलराम ढकाल अचानक मेरो बरण्डामा उभिन आइपुग्यो । त्यसबखत म भर्खरै एउटा भगडा मिलाएर घर आइपुगेको थिएँ । भदौ महिनाको विहानको ओशिलो गर्मी र थकानले मेरो त्यस दिनको राशीफल बिग्रदैछ भन्ने सोचिरहेको बेला साथी बलराम टुप्लुक्क आइपुगेको थियो ।

"मलाई एउटा मद्दत गर्नुपर्‍यो यार !" -उसले कुनै भूमिका नै नबाँधिकन भन्यो ।

शुरूमा मैले सोधिंन- के मद्दत गर्नुपर्‍यो ?। किनकि मसित यसरी मद्दत मागिने कुरा सर्वथा नयाँ र मौलिक घटना थिएन । एक दिनमा दर्जनौं घटनाहरू त्यस्ता हुन्थे, जहाँ मेरो मद्दतको अनिवार्य भूमिका हुने गर्दथ्यो । त्यसैले मैले सोधिंन । तर उसलाई हेरिरहें ।

"न्यायनिसाफ गर्नेमा तेरो नाम निक्कै चलेको छ । यो कुरा सबैलाई थाहा छ । आफ्नो ठाउँमा मात्र होइन, अर्को टोलमा पनि तलाई डाक्छन् । त्यसैले म तँकहाँ आएको ।" उसले निक्कै हतारिएर भन्यो । यसरी उसको हतार र अभिव्यक्तिको ढाँचाले बुझिन्थ्यो- उसको हृदयभित्र गएको जेठतिर आएको भयानक आँधीको प्रेत अझै बास बसेको छ ।

तर म चाहिं अचेल अरूको भन्भट र तनावमा एकदमै संवेदनहीन जस्तो भइसकेको छु । एक प्रकारले पूरै यान्त्रिक । भोट बढ्ने र घट्ने कुराको मात्र हिसाब राख्ने काम भएको छ मेरो ।

"के पर्‍यो रे तलाई त्यस्तो ?"

"के परेन भन् न ? सर्वश्वै भयो नि ।"

"के सर्वस्वै भयो ?"

"मेरी भतिजी पोइल गइछ ।"

"तेरी कति वर्षकी भतिजी पोइल गई ?"

"भर्खरै बीस वर्षकी भई । एघार किलासमा पढ्दै थिई ।"

"एघार किलासमा पढ्ने बीस वर्षकी केटी पोइल गई त के भयो ? यो उमेर नै त्यस्तो हो, जसमा अचेल धेरै केटीहरू पोइल जाने घटना बढेर गएका छन् । र, अचेल पोइल जानु पहिले-पहिलेको जस्तो नैतिक र सामाजिक कमजोरीको कुरा पनि त होइन । तैंले यत्रो वर्ष पत्रकारिता गरिसकेर पनि यो जाबो कुरा बुझिनस् ?" मैले भनें ।

"कुरा अझै बुझिनस् तैंले । त्यो दमाई केटोसित पोइल गई क्या ?"

"त्यो पनि त के नयाँ कुरा भयो त ? अबको एक्काइसौं शताब्दीमा आएर पनि जातपातको कुरा गर्ने ?"

मैले फेरि फट्कारेपछि ऊ अरू धेरै बटारियो । एकछिनसम्म उसको भनाइ स्पष्ट भएर खुल्दै खुलेन । उसको आन्तरिक संसारमा उसको आफ्नो समस्या रन्थनिएको छ भन्ने कुरा उसको भावभंगिमाबाट सजिलै बुझ्न सकिन्थ्यो ।

"तँ कुरै बुझ्न खोज्दैनस् । खाली फतरफतर गरेर मलाई मात्र जित्न खोज्छस् । न्यायनिसाफ गर्ने काममा लागेपछि तँमा गम्भीरतापूर्वक अरूको कुरा सुन्ने बानी परेको होला भनेको त, पहिले पहिले कलेजमा छँदाजस्तै हाउडे र लण्ठ पो रहिछस् अझैं ।" दिक्क मान्दै उसले भन्यो ।

"अनि किन ठाडै भन्दैनस् त आफ्नो कुरा ? एउटा सानो समस्या दर्शाउन पनि यसरी ठस्ठस्ती कनिरहनुपर्छ ?"

"ल राम्ररी सुन् । मेरी बीस वर्ष लागेकी कक्षा एघारमा पढ्ने भतिजी अर्थात् आफ्नै दाजुकी छोरी एउटा दमाई केटोसित पोइल गइछ । कम्प्यूटर सिक्न जाँदाजाँदै त्यो केटोले फुस्ल्याएर त्यसलाई भगाएछ । जातपातको त कुरै छैन यहाँ । मेरो परिवार पनि त्यो मामिलामा प्रगतिशील नै छ । तर त्यो दमाई केटोलाई एउटा कुख्यात अपराधी नै हो भन्दा पनि हुनेरहेछ । त्यसले यसअघि पनि यस्ता थुप्रै घटना घटाइसकेको पत्ता लाग्यो । लमजुङ्गको दूराडाँडामा त्यसको पुख्यौली घर रहेछ । त्यहाँ उसकी प्रथम विवाहित स्वास्नी पनि छ रे । त्यो अहिले यहीं नजिकको सुनाखरी टोलमा डेरा गरेर बसेको छ रे । मेरी भतिजीले त्योसित भागेर आउँदा नगद र गर-गहनासमेत गरी एक लाख जति घरबाट ल्याएकी छ । पैसा नसकिन्जेल उसले त्यसलाई त्यहाँ राख्छ । त्यसपछि रस चुसेको उखुको छोक्राभैं उसलाई छोडेर त्यो अन्यत्र जान्छ । यो सबै षडयन्त्रको विषयमा मेरी भतिजीलाई केही पनि थाहा छैन । तसर्थ जसरी पनि उसलाई त्यो बदमासको चङ्गुलबाट मुक्त पार्नु पर्‍यो । मलाई थाहा छ, तैंले यो मामिलामा मलाई राम्रोसित मद्दत गर्न सक्छस् । शहरका वडाअध्यक्षहरूमध्येमा तेरो नाम र इज्जत निक्कै माथि छ । यो कुरा मलाई राम्ररी थाहा छ ।"

उसले यो लामो आत्मपुराण भनिरहँदा मेरो दिमाग एक छिनसम्म त्यसै शिथिल भएर निदायो । म त्यसैत्यसै तर्कहीन भएँ ।

"कुन टोलमा बस्छ भनिस् रे त्यो केटो ?" मर्न लागेको मानिसले भैं मैले सोधें ।

"सुनाखरी टोलमा । एउटा ब्रिटिस गोर्खाको रिटायर्ड सिपाहीको घर हो रे त्यो । जब एक महिनाजति अघि भतिजी हराई, हाहाकार नै मच्चियो हाम्रो घरमा । कहाँ गई, मरी कि बाँची केही थाहा भएन । तर तीन हप्तापछि त्यही घरबाट फोन गरिछ । उसले कताबाट फोन गरिछ भने पत्ता लगाउन सकिन्छ भनेर हामीले दूरसंचारमा गएर कलर आइ. डी. जोड्न लगाएका थियौं । त्यसपछि पत्ता लागिहाल्यो ।" उसले भन्यो ।

"यदि उनीहरू बस्ने टोल सुनाखरी नै हो भने त्यहाँ अलि बेग्लै अवस्था छ ।" मैले घोरिएर भनें ।

"त्यो अवस्थाबारे पनि मलाई राम्ररी थाहा छ । त्यहाँ बेग्लै प्रकारका मानिसहरूको दबदबा छ ।"

"त्यो अहिलेदेखिको त्यस्तो ठाउँ होइन । पहिले पहिले प्रेम-विवाहको सवालमा हाम्रो समाज अत्यन्त कट्टरपन्थी हुँदा पनि केटा र केटी भागेर आउने र लुकेर केही समय गुजार्ने टोल हो त्यो । पछि जब केटाकेटीका आमा-बाबुको आक्रोश मत्थर हुन्थ्यो, त्यसपछि केटाकेटीहरू त्यहाँबाट आफ्नो घर फर्किएका थुप्रै घटना थिए, त्यो टोलमा । त्यो एक प्रकारले प्रेम-विवाह गर्ने हाम्रो इतिहासको एउटा साक्षी र संरक्षक टोल हो । एक दुई महिनाअघि पनि त्यहाँ एउटा घटना घटेको थियो । केटीपट्टिका मान्छेहरू आएर आफ्नी छोरीलाई छुटाएर लान खोजेछन्, तर टोलकाहरू घुरिएर बेस्सरी चुटेर पठाएछन् ।" मैले भनें ।

"त्यो सबै मैले बुझेर आएको हुँ । तर त्यहाँका मानिसहरू तलाई चाहिं निक्कै आदरपूर्वक व्यवहार गर्छन् रे ।" उसले भन्यो ।

म चुप लागें । त्यसपछि ऊ एकदमै हलुको देखियो । ऊ यति हलुको देखियो, मानौं उसले आफूलाई थिचेको एउटा अजङ्गको पहाडलाई हर्कुलसले भैं भर्खरै पन्छाएर हटाएको छ ।

OOO

वास्तवमा उसले भर्खरै पन्छाएको त्यो पहाडले अब मलाई किच्न थाल्यो । अचानक मेरो स्वासप्रश्वास बढ्यो । किनकि त्यो एकदमै जटिल र खतरनाक मामिला थियो । पहिलो, त्यो घटना उत्पीडित

**"कुरा अझै बुझिनस् तैंले । त्यो दमाई केटोसित पोइल गई क्या ?"**

जातिसँग जोडिएको सम्वेदनशील विषय थियो । दोस्रो, मेरो महाप्रबन्धक साथीले भनेको जस्तो सजिलो थिएन, त्यो प्रकरण । दुईजनाको प्रेम-विवाहलाई ध्वस्त गर्नु साँच्चै नै एउटा जंगली न्याय प्रणालीको विशेषता र अवशेष हुन्थ्यो ।

"यो केश मेरो निम्ति निक्कै अप्ठेरो छ ।" निधारमा पसिना उमार्दै मैले महाप्रबन्धक साथीलाई भनें ।

"यो केशमा तैले अरू केही गर्नुपर्दैन । खाली हाम्रो परिवारले उनीहरूसित भेटघाट गर्छ । उनीहरू राजीखुशीले बस्न चाहन्छन् भने हाम्रो आपत्ति पनि हुँदैन । हामी त्यस्तो जवरजस्ती गर्ने थियौं भने म तँकहाँ नै आउने थिइँन । तलाई थाहै छ- अहिले हाम्रो सरकार छ । त्यो केटाको विरूद्ध हामी जे पनि गर्न सक्छौं । त्यसलाई एकै निमेषमा 'आतंककारी' पनि बनाउन सक्छौं । तर त्यो हाम्रो मानवता होइन । तँलाई यस विषयमा काम गर्न एक दिन समय दिन्छु । भोलि साँझसम्ममा हामीले जसरी पनि उनीहरूलाई भेट्नैपर्छ । हामी उनीहरूलाई खोजिरहेका छौं भन्ने कुरा खुल्यो भने उनीहरू त्यहाँबाट पनि भाग्न सक्छन् ।"

यति भनेर महाप्रबन्धक हिंड्यो । म सोचाइको घना बादलमा हराउन थालें ।

**केटा-केटी दुवैसित अचानक जम्का भेट भएपछि एकछिन असहज वातावरण उत्पन्न भयो । केटो रनभुल्ल देखियो ।**

त्यही दिउँसो भातसात खाएपछि म सुनाखरी टोलमा गएँ । र, अवकाश प्राप्त सिपाही तथा भागेर आएका केटाकेटीको घरबेटीलाई भेटें । शेरगम्भीर थापा- उसले आफ्नो नाम बतायो । मेरो ऊसित यसअघि चिनापर्ची भएको रहेनछ, तर उसले चाहिँ भन्यो- "म तपाईंलाई राम्ररी चिन्छु ।" आफूकहाँ भाडा तिरेर बस्ने केटाको बारेमा उसले भन्यो- "केटो एकदमै सुशील, जेहन्दार र मेहनती देखिन्छ । बोलीचाली पनि एकदमै राम्रो छ । म हङकङमा तीस वर्ष बिताएर आएको मानिस । ब्रिटिसहरूको सभ्यता र शानशौकतको पनि मलाई राम्रो जानकारी छ । तसर्थ म उसको शालीनताबाटै सबै कुरा राम्ररी बुझ्छु । यदि म छुवाछुत मान्ने जमानामा हुन्थें भने पनि उसको व्यवहार देखेपछि म आफैं पनि उसलाई ज्वाइँ मानेर खुट्टामा ढोक्न हिच्किचाउने थिइँन ।"

ब्रिटिस लाहुरेको घरबाट निस्केर सडकमा आएपछि त्यो टोलको समाजसेवी राममानलाई भेट भयो । उसलाई भेटेपछि मलाई लाग्यो- ढुङ्गा खोज्दा देउता मिल्यो । मैले उसलाई यावत कथाको बेहोरा एकै सासमा भनें ।

"त्यो मान्छेको बारेमा जथाभावी कुरा गर्नु चाहिँ अपराध नै हुन्छ है वडा अध्यक्षज्यू । त्यो जुन स्कूलमा काम गर्छ, त्यो स्कूलको व्यवस्थापन समितिको सदस्य म पनि छु । ऊ कम्प्युटरको असाध्यै राम्रो शिक्षक हो । अरू, स्वास्नी मानिसहरूको मामिलामा पनि ऊ स्पष्ट छ । उसको विषयमा त्यस्तो नराम्रो कुरा कसैले भन्दैन । फेरि अब यो बाह्र सत्ताइस कुरा पनि किन चाहियो र ? केटीपट्टिकाले खाली भेटघाट गर्नमात्र चाहेका रहेछन् । यो त राम्रै कुरा हो नि । उनीहरू भेटघाट गरून् । आखिर जस्तै भए पनि एक दिन त असल कुटुम्व भएर बस्नु नै छ दुवैथरिलाई ।" राममानले भन्यो ।

यो शहरका अन्य टोलहरूजस्तै हो- यो सुनाखरी टोल पनि । संरचनाले शहर हो, तर सयौं वर्ष भइसक्दा पनि गाउँ गन्धले छोडेको छैन यो ठाउँलाई । खेती किसानी गर्ने, विहान टोलको चिया पसलमा जम्मा भएर कुराकानी गर्ने, भाषा, भेष र खानपिनमा पनि गाउँलेझैं रहने यहाँको विशेषताझैं देखिन्छ ।

हामी त्यहाँ पुग्दा साँझ पर्ने बेला भएको थियो । महाप्रबन्धक, उसको गोज्याङ्ग्रो टाइपको दाजु, उसकी चल्तापूर्जा भाउजूबाहेक हामी अरू दुईजना पनि सँगै थियौं । अर्थात् सजिलोको निम्ति मैले समाजसेवी राममानलाई पनि आफ्नो साथमा मिसाएको थिएँ ।

हामी त्यसरी त्यहाँ पुग्दा पसल वरिपरि बसेका मानिसहरूले निक्कै असजिलो किसिमले हामीलाई हेरे । हामी उनीहरूको असजिलोलाई थाहा नपाएझैं गरी शेरगम्भीर थापाको घरतिर लाग्यौं ।

केटा र केटी एकदमै सामान्य ढंगले बसेका देखिन्थे । भर्खरै शहर पसेको एउटा मजदूर अथवा गरीब विद्यार्थीको कोठाजस्तो थियो त्यो । खाटविनाको एउटा ओछ्यान र एकसरो अलमुनियमका भाडाकुँडाहरू । अर्को कुनामा रातो रंगको प्लाष्टिकको एउटा बाल्टिनी र एउटा टिनको स्टोभ । त्यस्तै थियो त्यहाँको रूप ।

केटा-केटी दुवैसित अचानक जम्का भेट भएपछि एकछिन असहज वातावरण उत्पन्न भयो । केटो रनभुल्ल देखियो । छोरीलाई देख्नासाथ केटीकी आमा झम्टेर डाको छोडेर रून थाली । केटी



पनि रून थाली । केटीको बाबुले कुनै सम्मेलनको पर्यवेक्षककैं टुलुटुलु हेरिरह्यो सबै स्थितिलाई । उसको हृदयभित्र के हुँदैछ, बाहिरबाट हेर्दा मैले चाल पाउन सकिँन । महाप्रबन्धक चाहिँ भारी विजयको मुद्रामा रूपान्तरिक भएको देखिन्थ्यो । अर्थात् उसले जितेको छ उसको युद्ध ।

"त्यस्तो केही डराउनु पर्दैन भाइ, खाली हामी यहाँ तिमीहरूको सम्बन्ध जवरजस्ती हो या राजीखुशीसित हो, त्यो बुझ्नमात्र आएका हौं ।" कोठामा सन्त्रस्त आँखाहरू बोकेर ठीङ्ग उभिएको केटोलाई सम्वोधन गर्दै मैले भनें ।

"त्यो कुरा त मैले भन्नुभन्दा हजूरहरूकै चेलीले भन्नु राम्रो हुन्छ, होइन र ?" केटोले निक्कै सन्तुलित र पाको जवाफ दियो । अब ऊ आफूलाई धेरै सामान्य तुल्याउन कोशिश गरिरहेको देखिन्थ्यो ।

"म आफ्नै मर्जीले यिनीसित आएकी हुँ । यसमा मेरो एउटै भूल भयो कि मैले ड्याडी-ममीसित यसबारे सल्लाह गर्न सकिँन । मैले जानीजानी नै सल्लाह नगरेकी हुँ । हाम्रो प्रेम बिग्रने पो हो कि भन्ने डरले ... ।" त्यसपछि ऊ पुनः रून थाली ।

"कुरा ठीकै रहेछ त । अब हामीले यसमा अरू के नै भन्न सक्छौं र ? बलराम, तैले केटाको बारेमा उठाएको शंकाको कुरा पनि हाम्रो निर्णयको बलबुताभन्दा बाहिरको भयो । केटो चरित्रहीन हो होइन भन्ने कुरा आजै टुङ्गो लाग्न सक्दैन । ल अब हामी निस्कौं ।" मैले भनें ।

**प्रेमको त्यो वियोगान्तमा व्यक्तिगत रुपमा मेरो कुनै हात थिएन । तथापि मेरो मनमा सदासर्वदा सुनाखरी टोलमा एक्लिएको त्यो दमाई केटोको बिम्वले ठाउँ बनाइरह्यो ।**

"अरू त अब केही कुरा बाँकी रहेन । खाली एक रातको निम्तिमात्र छोरीलाई यहाँबाट लान चाहन्छौं हामी ।" आँसु पुछ्दै आमाले भनी ।

"अहिले यसरी साँझमा किन जाने र ? बरू भोलि विहानै म र निरू आउँछौं हुन्न र ?" केटोले अलि त्रसित हुँदै भन्यो ।

"हुन्छ नि मामी, म भोलि विहान आउँछु हुन्न र ?" केटीले पनि भनी ।

"अब आज र भोलिमा के फरक भयो र ? ज्वाँइ र छोरी भोलि ठाँटिएर गए भैहाल्छ नि ।" हाँस्दै राममानले भन्यो ।

शुरूमा केटीले पनि नजानलाई नै धेरै बल गरी । केटो पनि निक्कै डरायो- यसरी एक्लै आफ्नी स्वास्नीलाई पठाउनमा । एक रातमा के के हुन्छ के के ? उसको निधारमा त्यस्तै भावहरू कुदेका देखिन्थे । तर आमा चाहिँको जिद्दी र रूवाइ अझै चर्किएर गयो ।

"यदि तिमी आज एक रातको निम्ति मसित जान्नौं भने म तिम्रो दैलोमा लम्पसार परेर मर्छु । भन त म तिमीलाई कति माया गर्थें ? मेरा अरू छोरा-छोरी एकातिर, तिमी एकातिर थियौ । मेरो प्राण नै तिमीमा थियो.... म तिम्रैअगाडि अब आफ्नो इहलीला समाप्त पार्छु ।"

कुरा एकदमै जटिल भएपछि छोरीले आमासामु आत्मसमर्पण गरी । "तिमी केही आत्तिनु पर्दैन सरोज । म भोलि विहानै फर्केर आउँला ।" केटीले भनी ।

त्यसपछि केटो पनि निरूत्तर भयो । जसरी किसानको बारीमा राखिएको बुख्याँचाले सम्वेदनशील ढंगले वरिपरिको वातावरणलाई हेर्छ, ऊ त्यसरी नै हेर्न थाल्यो हामीलाई ।

ooo

त्यो एक रातको घटनाले कथामा यस्तो नाटकीय मोड आउला भनेर मैले सोच्नै सकेको थिइँन । तर त्यो त्यस्तै भयो, जुन सैद्धान्तिक हिसावमा अप्रत्यासित थिएन ।

"त्यो केटी त बाबुको घरमा गएपछि फर्कँदै आइनछ नि त ?" एक हप्तापछि राममानले एक भेटमा मलाई भन्यो ।

"के उसलाई बाबु आमाले घरमा लगेपछि कोठामा कैद गरेछन् कि कसो ?" मैले सोधें । म निक्कै उत्तेजित हुन पुगेको थिएँ ।

"त्यस्तो होइन, केटी आफैंले आफ्नो निर्णय बदलिछ । मेरो विचारमा वर्ग भनेको यही हो । सस्ता सिनेमाहरूमा जस्तो कहाँ हुन्छ र जीवनमा ?" समाजसेवी राममानले भन्यो ।

"यो कुरा कसरी थाहा पाउनुभो तपाईंले ?" मैले अझै कौतुहलता प्रदर्शन गर्दै उसलाई सोधें ।

"केटीले सुनाखरी टोलमा आएर केटालाई आफ्नो नयाँ निर्णय सुनाइछ र आफ्नो सामान र गरगहनाहरू पनि लिएर गइछ ।"

"अनि त्यस्तो बेलामा टोलमा कुनै प्रतिक्रिया भएनछ त ?"

"अब केटी नै बेराजी भएपछि टोलको के लाग्छ ?" राममानले बुज्रुक पारामा भन्यो ।

ooo

राममानबाट प्राप्त सूचनाको ज्ञानपछि निक्कै महिनासम्म मेरो मनस्थिति ठीक भएन । वास्तवमा त्यो घटनापछि नै मैले आफ्नो न्यायप्रणालीमा सर्वप्रथम अविश्वासी आँखाले हेर्न थालें । प्रेमको त्यो वियोगान्तमा व्यक्तिगत रूपमा मेरो कुनै हात थिएन । तथापि मेरो मनमा सदासर्वदा सुनाखरी टोलमा एक्लिएको त्यो दमाई केटोको बिम्वले ठाउँ बनाइरह्यो । कहिलेकाहीं सपनामा समेत आएर उसले मलाई गिज्याउन थाल्यो- "के तिम्रो समाजको मूल्य र आधार अझै त्यति थोत्रो र मक्किएको छ ?"

त्यसपछि एक वर्ष भयो, म त्यो टोलतिर फर्केर जान सकेको छैन । ❑

■ कविता






# चार मुक्तक

अशेष मल्ल

**नेता १**

हाम्रो छाती नकुल्ची
कसरी पुग्थिस् तँ
सदन ।
❑

**नेता २**

तारे होटलमा
कुखुराको साँप्रो
र गिलासको चुस्की लिँदै
तँ
झुप्रोको योजना कोर्दैछस् ।
❑

**नेता ३**

भकुण्डो भएको छ देश
तेरो लागि
लात्ताले हान्दै
घरी दक्षिणको तातोमा
पुऱ्याउँछस्
र घरी
उत्तरको चिसोमा ।
❑

**नेता ४**

बल्ल बुझ्दैछु
तेरो खेल
पजेरो चढ्न पो
गएको रै'छस् जेल ।
❑

# समानान्तर कविताको पीठिका

**समकालीन नेपाली कविताभित्रको मार्क्सवादी धाराको समानान्तरमा रहेको अर्को धाराबारे एक छलफल**

■ डा. ताराकान्त पाण्डेय

## १. आमुख

समकालीन नेपाली कविताको कुरा गर्दा समकालीन कवितालाई कसरी हेर्ने भन्ने प्रश्न आधारभूत रूपमा कविताका पाठक र समीक्षकसमेतका अगाडि आउँछ । समकालीन कवितालाई विभिन्न ढंगले, विभिन्न कोणबाट हेर्न सकिन्छ । तीमध्ये धारागत रूपमा हेर्नु एउटा होराइ हो र यस सन्दर्भमा समीक्षकहरूले समकालीन कवितालाई मार्क्सवादी र गैर-मार्क्सवादी धारा (जसलाई प्रगतिवादी र गैर प्रगतिवादी धारा पनि भन्न सकिन्छ) का रूपमा पनि लिएको पाइन्छ । विश्वविद्यालयको पठनपाठनमा सिंगो समकालीन कवितालाई नवयथार्थवादी वा नवप्रगतिवादी भनी चिनाइसकेपछि पुनः त्यस 'नवयथार्थवादी/नवप्रगतिवादी' समकालीन कवितालाई मार्क्सवाद प्रतिवद्ध र मार्क्सवाद अप्रतिवद्ध गरी दुई उपधाराका समष्टिका रूपमा प्रस्तुत गरेको पनि पाइन्छ (त्रिपाठी : २०५३) । सबै उपधाराको समष्टि स्वरूपको समकालीन नेपाली कविताको समष्टि पहिचान के हो र त्यसको एउटै संज्ञा के हुनसक्छ ? भन्ने प्रश्नको उत्तर सरल छैन, तर उपर्युक्त सम्मति समेतलाई आधार बनाउँदा यसलाई मार्क्सवादी र गैरमार्क्सवादी दुई उपधारामा वर्गीकृत गर्ने प्रयासचाहिँ वस्तुगत नै ठहरिने देखिन्छ । यस लेखमा यही सिंगो समकालीन नेपाली कविताभित्रको मार्क्सवादी धाराका समानान्तरमा रहेको त्यही अर्को धारा (जसलाई गैरमार्क्सवादी धारा पनि भनिन्छ)लाई समानान्तर कविताको संज्ञा दिई त्यसबारे केही छलफल गर्न खोजिएको छ ।

यस आलेखको उद्देश्य उपर्युक्त समानान्तर कविताको पीठिकाबारे संक्षिप्त चर्चा गर्नु हो । पीठिका भन्नु पार्श्व आधार हो र यसको आयाम विस्तृत छ । कविताका वैचारिक, सांस्कृतिक, दार्शनिक, सामाजिक, ऐतिहासिक, संरचनागत अनेक पीठिका हुन सक्दछन् । ती सबैको साङ्गोपाङ्गो/सम्यक् मीमांसा यस सानो आलेखमा सम्भव छैन । यहाँ समानान्तर कविताको मुख्यतः वैचारिक-दार्शनिक पीठिकाको चर्चा गर्ने प्रयास गरिएको छ र त्यसै प्रयासमा लेख सीमावद्ध रहेको छ । यस सन्दर्भमा समानान्तर कविताका क्षेत्रमा प्रवेश गर्नुअघि सिंगो समसामयिक वा समकालीन कविताबारे समीक्षकहरू र सर्जकहरू कस्तो धारणा राख्तछन् ? त्यसको संक्षिप्त सिंहावलोकन गर्नु उपयुक्त देखिन्छ ।

## २. समकालीन कविता : विविध अवधारणा

समकालीन कविताबारे चर्चा गर्दै समालोचक अभि सुवेदी भन्छन्- "पाठकसँग सोझै सम्बन्ध राख्ने र चिन्ताहरू सोझै भन्ने नेपाली कविताको नयाँ प्रवृत्ति हो.... आधुनिकोत्तर (समसामयिक-ले.) कवितामा स्थानहीन भावना हुनु एउटा अनुभूतिको प्रतीक भएको छ....कुनै विम्वमाथि कवितात्मक सन्दर्भलाई प्रस्तुत गर्नु, ठूलाठूला विम्व र मिथकहरूको प्रयोग नगर्नु आधुनिकोत्तर नेपाली कविताको विशेषता हो (सुवेदी, २०४८ : १८,१९)।"

यस्तै कृष्ण गौतम भन्छन् : "समकालीन युवा कविहरू हामी र हाम्रा समस्यामा अधिक केन्द्रित भएका छन् र नेपाली राष्ट्रिय चेतनालाई मूर्तता दिइरहेछन् (गौतम, २०५६ : २२४) ।" वर्तमान (समकालीन) कविहरूले जीवन सत्यताको अनुसन्धान वैज्ञानिकले झैं अनुभवात्मक पद्धतिमा गरिरहेको बताउँदै गौतमले यस पिढीले आफ्नो कविता जीवनको निक्खरो पहरामा कपेको छ भन्ने धारणा व्यक्त गर्नुका साथै समकालीन नेपाली कवितामा विपठनवादी प्रवृत्ति प्रकट भइरहेको धारणासमेत प्रकट गरेका छन् । (गौतम, २०५६ : १२०) ।

> **२०५० यताको समानान्तर कवितामा पनि २०४६ पछिका आरम्भिक वर्षहरूमा देखापरेको नवस्तुतिको कुनै स्थान रहेन । अब समानान्तर कवितामा पनि उपरोक्त नागरिक पीडा, भग्न स्वप्नले आहत नागरिक मानसिकताले सरोकार पाउनै पर्ने स्थिति जन्मियो ।**

मोहनराज शर्मा भन्छन् : "आधुनिक नेपाली कविताले अब ढल्किने दिशा उत्तरआधुनिकता नै हो... कविताले बहुस्तरीय अर्थ व्यक्त गर्नु नेपाली समकालीन कविताका लागि आवश्यक छ ।" (शर्मा, २०५७ : १६०)

समकालीन कविताबारे धारणा राख्ने क्रममा डा. तारानाथ शर्मा भन्छन् : "आज त सरलता, गीतिमयता, पारदर्शिता, सामाजिक उत्थानको चेत र विश्वव्यापकता नेपाली कविताका गुण भएका छन् .....त्यसले आजका तरूण कविहरू विद्रोहात्मक, विप्लवी र आक्रोशयुक्त भाषाको प्रयोग गर्छन् ।" (शर्मा (डा.), २०५६ : च)

भाउपन्थीले समकालीनभित्रको प्रगतिवादी कवितामा 'वाम आग्रह वा चाप' अनुभव गरे पनि सिंगो समकालीन कविताबारे धारणा राख्दै भनेका छन् : "आजको विश्वमा कुनै पनि प्रकारले शोषित-उत्पीडित र दमित मानव समुदायको पक्ष लिएर कवि वा लेखक स्वतन्त्र अभिव्यक्ति दिन्छ । कवि वा लेखक हुनु भनेको समकालीन अवस्थामा मान्छेको सरोकारको हरेक मोर्चामा लड्नु हो ।" (भाउपन्थी, २०५६ : ९७) ।

समकालीन कविहरूमध्येका पहिचान प्राप्त कवि राजवको धारणा यस्तो छ : "आजका वास्तविक समकालीन कविहरू जीवनको प्रतिवद्धतासँग विमुख हुनसक्दैनन्, किनभने जीवनमूलक संघर्षको दबाव अत्यन्त घनत्वपूर्ण छ । आफ्नू लेखनमा ती सबै दबावको चापबाट उम्कन सक्दैनन्, जो यस चापबाट पृथक् लेख्न खोज्छ, त्यो समकालीन चेतनाको कवि हुनबाट पनि वञ्चित हुन्छ ।" (राजव, २०५६ : ४३)

नेपाली कविताका समीक्षक तथा सर्जकहरूका समकालीन कविताबारेका उपर्युक्त भनाइहरू समानान्तर कविताबारेकै भनाइ हुन् भनी बुझ्नु यहाँ अप्ठ्यारो छैन किनभने यहाँ उद्धृत विचारहरू अधिकांशतः समानान्तर धाराकै समीक्षकका भनाइहरू हुन् । यसरी समानान्तर धाराको समकालीन कवितासम्बन्धी समीक्षकहरूका विचारको साझा मर्म के देखिन आउँछ भने समकालीन (समानान्तर) नेपाली कविताले वर्तमान र वर्तमानको मान्छेप्रति सरोकार राखेको छ र उसका भोगाइका (राष्ट्रिय र विश्वव्यापी दुवै स्तरका) अनुभूतिको अभिव्यक्ति गरेको छ ।

कविका रूपमा स्थापित र परिचित राजवले पनि समकालीन कविता समकालीन हुनका लागि 'जीवनमूलक संघर्षको दबावको चापबाट मुक्त हुन नसक्ने' बताएर समकालीन कवितामा मानवीय सरोकार रहेकै कुरालाई समर्थन जनाएका छन् । यद्यपि जुन सिर्जनामा यो चाप छैन र पृथक् धरातलमा जो उभिएको छ, त्यो समकालीन हुन नसक्ने स्पष्ट विचार पनि उनले प्रस्तुत गरेका छन्, जुन आफैमा अत्यन्त सामयिक छ । यसबाहेक समकालीन कवितामा पश्चिमी उत्तरआधुनिक चेत पनि भित्रिन थालेको संकेतसमेत यहाँ कतिपय समीक्षकहरूले प्रकट गरेको पाइन्छ ।

मलाई के लाग्छ भने यी विचारहरू सतह-स्तरमा त ठीकै छन् तर अलिकता सूक्ष्मतामा र गहिराइमा गएर जब समानान्तर समकालीन कविताको अध्ययन गरिन्छ, तब तिनमा मान्छेको सरोकार फेला पार्दापार्दै पनि त्यस सरोकारलाई अनुभूत गर्ने तथा विश्लेषण गर्ने अथवा भनौं यथार्थलाई छिचोल्ने र त्यसका जटिलता र

अन्तर्विरोधलाई पर्गेल्ने सन्दर्भमा वैज्ञानिक- वस्तुवादी चेतभन्दा आदर्शवादी-अधिभौतिकवादी चेत ज्यादा सक्रिय रहेको भेटिन्छ । यही कारण हो- सिंगो समकालीन कवितामा मान्छेको, विशेषतः वर्तमानका मान्छेको सरोकार हुँदाहुँदै पनि समानान्तर कविताको दिशाबोध अस्पष्ट र आदर्शवादी हुनपुग्छ र त्यसले यथास्थितिको पर्खाललाई उधिन्न सक्तैन । वस्तुतः समानान्तर कविताको पीठिकाका रूपमा त्यहाँ आदर्शवादी विश्वदृष्टिकोण (जसभित्र शून्यवादसमेत निहित छ) सक्रिय रहेको छ र त्यसैकारण त्यस चेतद्वारा निर्दिष्ट र विरचित कविता यथास्थितिलाई उधिन्न अक्षम छ ।

अहिले यसलाई एउटा प्राक्कल्पना ठानौं । आलेखका आगामी पाठमा साक्ष्यहरूका माध्यमद्वारा यसलाई सत्यापित गरेरमात्र उपस्थापित गरौंला । साक्ष्यहरूले गर्ने सत्यापना बढी आधिकारिक हुनेछ ।

## ३. समानान्तर कविताको पीठिका : साक्ष्यहरूका आँखीभ्यालबाट

समकालीन समानान्तर कविताको चर्चा गर्दा समकालीनताले ओगट्ने समयसन्दर्भ पनि आफ्ना ठाउँमा महत्वपूर्ण रहन्छ । त्यस सम्बन्धमा लेखक-समीक्षकहरूबीच अनेक धारणाहरू पनि रहेका पाइन्छन् । तर त्यतापट्टिको झमेलामा नलागी समकालीनतालाई २०४६ यताका सन्दर्भमा हेर्नु बढी उपयुक्त र आफैंमा सामयिक हुने भएकाले यहाँ २०४६ यताकै कविताका बारेमा विमर्श गर्ने काम गरिएको छ ।

२०४६ को परिवर्तन अर्थात् बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै कविहरूभित्रको नागरिक-मानस पनि निक्कै प्रभावित बन्यो । उक्त परिवर्तनसँगै नागरिक-मानसमा उब्जेका सुखाकाङ्क्षाहरू, सुदिनका स्वप्नहरूले त प्रभाव पारे नै, साथसाथै विशेषतः समानान्तर धाराका कविमा बहुदलीय व्यवस्थाको पुनर्स्थापन पूर्वकल्पित आफ्नै लक्ष्यको प्राप्ति सन्दर्भ पनि बन्न गयो । फलतः अब काव्यको आलम्ब के हुने ? हिजोको आलोच्य पंचायत ढलिसकेको परिप्रेक्ष्यमा उक्त प्रश्नको उत्तर सहज भएन । परिवर्तित परिवेशमा व्याप्त अन्यौलताका बीच विषयाभाव अनुभव गरिरहेका ती स्रष्टाहरूमा वैयक्तिक लाभहानीको चेतले निक्कै हदसम्म सत्ता स्तुतिको प्रवृत्ति विकसित गरायो र त्यसले नवस्तुतिका कविताहरू जन्मायो । विभिन्न पुस्ताका कविले कवितामा स्तुतिको परम्परालाई नवारम्भ दिए । यो २०४६ को परिवर्तनलगत्तै समानान्तर कवितामा देखापरेको यो पहिलो नकारात्मकता थियो, जसको पीठिकामा यथार्थवादी चेत सक्रिय थिएन, विस्थापित पंचायतको विरासतस्वरूपको सांस्कृतिक चेत सक्रिय थियो । त्यसैले समानान्तर धाराकै कवि तथा समीक्षक वंशी श्रेष्ठले त्यसलाई 'कविता ओरालो झरेको' भनी आलोचना गरे (श्रेष्ठ : २०४९ : ३) । त्यसैगरी समीक्षक वासु रिमाल यात्रीले अझ कडा शब्दमा आलोचना प्रकट गर्दै लेखे- "वर्तमान समयका कविहरू राजनैतिक व्यक्तिहरूको कठपुतली बन्दै जाने र नव भाटहरू जन्मने आशंका पैदा भएको छ । भाटहरू पंचायतमा जन्मेका हुन् वा प्रजातन्त्रमा भाटै हुन् र दुवै उत्तिकै निन्दनीय छन् ।" (यात्री : २०५१ : १०६)

लोककल्याणको र स्वतन्त्रताको आदर्श बोकेर स्थापित भएको प्रजातन्त्रमा हिजो एउटा तन्त्रको स्तुतिगायक र भाट बन्ने प्रवृत्तिलाई आलोचना गर्नेहरूले आज अर्को शक्तिको स्तुतिगायन थाल्नु रिमाल प्रभृति केही आदर्शचेताहरूलाई बिझाउने कुरा थियो र त्यसैले उनले कठोर शब्दमै आलोचना गरे ।

समकालीन समानान्तर कविताले पाएको यस आलोचनाले के देखाउँछ भने २०४६ पछिका आरम्भिक वर्षहरूमा त्यसको वैचारिक पीठिका प्रदूषित बन्न गयो र कुरूपताको आलोचनाभन्दा त्यहाँ स्तुतिचेतले नवस्थापन पायो ।

२०४६ यताको हाम्रो ताजा विगतलाई भोग्नेहरूको साझा अनुभव के हो भने २०५० को समय वा बहुदल प्राप्तिको अर्धदशक बित्दा नबित्दै

> समानान्तर कविहरूले २०४६ यताको राष्ट्रिय परिवेशको यथार्थलाई पनि आफ्ना काव्यात्मक अनुभूतिमा समेट्ने प्रयास गरेका छन् । तर उनीहरूले गरेको त्यो अनुभूति र त्यसको कवितात्मक चित्रण कति यथार्थवादी छ ?

कुशासनका विकृतिहरू राष्ट्रिय जीवनमा छरपष्टै देखिन थाले । आम नागरिकहरूको सुखाकाङ्क्षा नराम्रोसँग हताहत हुने र सत्तामा पुगेका केही व्यक्ति छोटो अवधिमा कुबेर बन्दै जाने उपक्रम थालियो । लोककल्याण र स्वतन्त्रता- दुवै खुलाबजार, उपभोक्तावाद र कुशासनका चपेटामा यसरी चेपिएर मृतप्राय भए कि नैतिकवान नागरिकहरूलाई त्यसले विक्षुब्ध बनायो । त्यस्तो अनिच्छित परिवेशको जन्मपछि अब नवस्तुतितर्फ ओरालो झरेकै कविस्रष्टाको कविता आफ्नै सन्दर्भमा पनि अर्थहीन हुन पुग्यो भने आम नागरिक मानस पनि विचलित नभईरहन सकेन । आम समकालीन कवि स्रष्टाहरूमा त्यसले व्यापक क्षोभ, असन्तुष्टि र आक्रोश जन्मायो । मान्छे, नागरिक मान्छेको आकांक्षा कुण्ठित भएको, ऊ ठगिएको, उसको सपना भत्किएको, कुशासनको व्याप्तिले निरन्तरता पाइरहेको यी परिवेश र परिदृश्य स्वागतयोग्य कसैलाई भएनन्, यी तिरस्कारयोग्य ठहरिए सबैलाई । त्यस अर्थमा २०५० यताको समानान्तर कवितामा पनि २०४६ पछिका आरम्भिक वर्षहरूमा देखापरेको नवस्तुतिको कुनै स्थान रहेन । अब समानान्तर कवितामा पनि उपरोक्त नागरिक पीडा, भग्न स्वप्नले आहत नागरिक मानसिकताले सरोकार पाउने पर्ने स्थिति जन्मियो । यस अर्थमा मान्छेको सरोकार, वर्तमानमा भोगाइ र त्यसको अन्वेषण कविताको आलम्बन बन्न गएकै हो, तर त्यसको अभिव्यञ्जनाका सन्दर्भमा त्यसको वैचारिक पीठिकाचाहिँ यथार्थवादी बन्न सकेन । यथास्थितिलाई त्यसका मूलमा गएर उधिन्ने उन्नत यथार्थवादी दृष्टिचेतको अभाव रह्यो र आदर्शवादी-अधिभूतवादी वैचारिक पीठिकाद्वारा निर्दिष्ट भएर कवितामा मान्छेको सरोकारले अभिव्यक्ति पायो । व्यक्तिवादका धरातलमा उभिएको कवि निराशा र वितृष्णा बोध गर्दै शून्यवादी पनि बन्न पुग्यो र लेख्यो :

कहिले नभेटिने उचाइ उभिनु
र चुपचाप पहिरो झर्नु
फेरि पनि
हिउँ पहिरोमा पुरिएका
ढुंगा अनि पातहरूमा
परिचय खोज्दै हिंड्नु
बस् हिंडिरहनु
परिचय स्वयंको परिचय
*(मोमिला, 'परिचय' कविता- सन्दर्भ, २०५६, ९१-९२)*

अथवा,

स्वेच्छाका बन्धनहरू सिर्जेर
जीवनको भ्रम पाल्ने गर्छ मान्छे
... ...... .....
अप्रकट आँसुजस्तो मन
जीवन शून्य हो
म भोगिरहेकी छु ।
...... ....... ......
अक्षर व्यर्थ छन्
वाणी व्यर्थ छन्
घुमाउरा बाटाहरू व्यर्थ छन्
...... ....... ......
सोझै र प्रत्यक्ष/शून्यमा
म ब्रम्हको आदि अन्त देखिरहेकी छु
*(शारदा शर्मा, 'सीमाबद्ध', कविता ५०, २०५१ : ४८-४९)*

अथवा,

सम्पूर्ण उमेरको सारांश
अन्यौलमात्र हात लागेको छ
प्रश्नमाथि प्रश्नै प्रश्न
द्विविधाग्रस्त छु ।
.... ....... ......
नवीनताले शून्य भएको छ जीवन
आयुको यस प्रहरमा
पुनरावृत्त भोगका मृत आभासदेखि त्रस्त
जीवनका खोजीमा म पछाडि पछाडि हिंड्दै छु ।
*(शारदा शर्मा, 'पुनरावृत्ति' कविता, ५२, २०५२ : ७६-७७)*

'सिसिफस'को असफलताजन्य अभिशप्त नियति बनेको छ वर्तमानमा मान्छेको परिचय-खोज । मोमिला यस्तो ठान्छिन् । तर प्रश्न उठ्छ- उभिनु र झर्नुको कहिल्यै सफल हुन नसक्ने सिसिफस नियमित नै हो त वर्तमान ? एउटा खास क्षणमा त्यस्तो अनुभूति भए पनि सिसिफस नियतिका विरुद्ध खै मोमिलाले धावा बोलेको ? मोमिलासँग अर्को वैकल्पिक र सकारात्मक उत्तर छैन । कवयित्री शारदासँग पनि यसको सकारात्मक उत्तर छैन । माथिको पहिलो उद्धतांशमा उनी जीवनलाई शून्यमा

सीमावद्ध रहेको देखिछन् । जीवन केवल भ्रम रहेको ठान्ने शारदा शून्यमा ब्रम्हको आदि र अन्त्य देखिरहेको घोषणा गरेर अन्ततः पूर्वीय शून्यवादलाई आफ्नो दार्शनिक पीठिका बनाउन पुग्छिन् । माथि उद्धृत दोस्रो कवितामा जीवनमा अगाडि बढ्दा प्राप्त नवीनताले शून्य भएको बोध भएको छ कवयित्रीलाई । अझ, विडम्बनाको कुरा के छ भने जीवनमा मृततुल्य पुनरावृत्तिको भोगको अभासदेखि त्रस्त भएपछि उनी अगाडि अगाडि होइन, पछाडि पछाडि हिंड्न थालेकी छिन् । तर पछाडि पनि त उही पुनरावृत्ति छ, छैन र ? पछाडि भन्नु त आफ्नै र अन्यका भोगाइसमेतको भारी पुनरावृत्ति हो । वस्तुतः कवयित्रीलाई नवीनता प्राप्तिप्रति विश्वास छैन र त्यसका लागि चुनौती स्वीकार गर्ने साहस पनि छैन । यसो हुनुको कारण उनले दार्शनिक पीठिकाका रूपमा 'ब्रम्ह सत्य जगत् मिथ्या'को पूर्वीय शून्यवादलाई आत्मसात् गर्नु नै हो जसको खोलुवा उनले अघिल्लो कवितामा गरेकी छन् ।

यथार्थवादबाट कविता लेखनको आरम्भ गर्ने युवा कवि विप्लव छिटै शून्यवादलाई सुन्दर ठान्ने परिवेशमा आइपुगेका छन् । भविष्यप्रति अत्यन्त नकारात्मक रहेका विप्लव लेख्छन् :

**यो उज्यालो चिच्याउँछ, काँप्छ**
**र हिउँको ऐनामा ठोक्किएर मूर्छा पर्छ**

...... ......... ..........

**रजस्वलाका रगतहरू किस्तीमा बोकेर**
**मुस्कुराइरहेछ- हाम्रो शास्त्रीय दुःखको मन्दाकिनी**
*('कालो मध्यान्तर', कविता सन्दर्भ, पृ ८८)*

विप्लवका दृष्टिमा अहिले भएको शताब्दीको मध्यान्तर कति विघ्न कालो छ भने यहाँ उज्यालो पनि चिच्याउन र काँप्न विवश छ । त्यसैले प्रायः सर्वत्र शोकधुन बजिरहेको अनुभव गर्छन् उनी । यथार्थको एउटा पाटो हो यो, समग्रता त्यही होइन । तर विप्लव यथार्थलाई समग्रतामा र अन्तर्विरोधलाई द्वन्दात्मक ऐतिहासिकतामा हेर्न चाँहदैनन् । यही कारण हो- वर्तमानमात्रै होइन भविष्य पनि उनी माङ्गलिक देख्दैनन् । शब्द प्रयोगमा उनका समवयस्क कवि राजेन्द्र पराजुलीले उनलाई 'कविताका diplomat' भने पनि उनी अराजकताका अनुयायी हुन् र उनका कविताको वैचारिक पीठिकामा यथार्थवादविरोधी शून्यवाद हावी रहेको छ । यही कारण हो- उनका शैली प्रशंसक पराजुली यस्तो लेख्न बाध्य छन् : "उनी पाठकलाई डर देखाउँछन्, सभ्य भाषामा धम्की दिन्छन्, तर उपाय कहीं कतै बताउँदैनन्, शायद बाटो उनले पनि देखेका छैनन् ।" (पराजुली, कविता सन्दर्भ, पृ. ८९) । सम्भावना दुवै हुन सक्छन्- या त बाटो देखेर पनि त्यसमा हिंड्ने साहस विप्लवले गर्न सकेनन् या त साँच्चिकै उनले बाटो देखेका छैनन् । कुनचाहिँ सत्य हो, त्यसको किटान गर्नु जरूरी छैन, किनभने उनका कविताले बताइरहेका छन्- उनका कविताको पीठिकामा शून्यवादी दर्शन सक्रिय छ र उनले यथार्थवादसँग् साइनो तोडिसकेका छन् ।

यो बामियान बुद्ध ढालिएको कुरूप वर्तमान हो । तर के शून्यबोधले त्यो उपक्रम रोकिनु सम्भव छ ? सभ्यताको विकासलाई द्वन्दवादी आँखाले हेर्ने स्रष्टा यसको उत्तरमा निषेधको टाउको हल्लाउँछ तर कवि उपेन्द्र श्रेष्ठ लेख्छन् :

**बमले डढेको छ मेरो बौद्धमय**
**क्षत-विक्षत भएको मेरो वर्तमान**

...... ....... ......

**अब यो हिंसा र अशान्तिका क्षणहरूमा**
**ए मेरो मित्र !**
**कसले गाउने शान्तिको गीत ?**
**कसले बाल्ने करूणाको चिराग ?**
*('क्षत-विक्षत भएको छ मेरो वर्तमान', गरिमा, कार्तिक २०५३, पृ. ३४)*

वर्तमान क्षत-विक्षत भएकोमा अरूलाई भैं कवि उपेन्द्र र उनीभित्रको नागरिक दुवैलाई पीडा छ, तर उनको आदर्श बुद्ध बमले डढाइएपछि अब शान्तिको गीत कसले गाउने हो ? त्यसको जानकारी उनलाई छैन । विप्लवभैं उनलाई पनि बाटो र बाटोको अभियन्ताबारे थाहा छैन । के मान्छे र यही मान्छेबाहेक कुनै अर्को जीवावतार सम्भव छ र ? शान्तिको गीत मान्छेले नगाई सुख छ र ? तर मान्छेले त्यसो गर्ला भन्ने कुरामा उनलाई विश्वास छैन । वस्तुतः आदर्शवादबाट आरम्भ गरेर शून्यवादमा उपेन्द्रको कविता सीमावद्ध रहेको छ । उनका अन्य कविताको वैचारिक-दार्शनिक पीठिका पनि आदर्शवादी-शून्यवादी नै छ ।

समानान्तर कविहरूले २०४६ यताको राष्ट्रिय परिवेशको यथार्थलाई पनि आफ्ना काव्यात्मक अनुभूतिमा समेट्ने प्रयास गरेका छन् । तर उनीहरूले गरेको त्यो अनुभूति र त्यसको कवितात्मक चित्रण कति यथार्थवादी छ ? केही साक्ष्यहरूका आँखीझ्यालबाट हेरौं :

मेरो बाटो- मेरो गन्तव्य- मेरो लक्ष्य
म स्वयं एउटा भ्रम
मेरो बाटो भ्रम ।

.... .... ......

बाटोमा मेरा मनहरू सर्प हुनथाले
घिस्रिन थाले, राक्षस हुनथाले, ड्रेगन हुनथाले

...... ........ .........

घिस्रिंदै गरेको यात्रा भ्रम
*(ईश्वर वल्लभ, 'ड्रेगनजस्तो देहभ्रम', गरिमा, २०५६ असोज)*

ड्रेगन न सर्प, न राक्षस न भैरव- एउटा क्रूर दन्त्यकथाको जीवावतार हो ड्रेगन, जो भ्रमपूर्ण शारीरिक अस्तित्व लिएर बाँचेको छ । कवि वल्लभ यही विम्ब आरोपित गर्छन् वर्तमानमाथि । नेपाली जनताले प्रजातन्त्रको कति अनुभूति गर्न सके ? कतिले सम्प्रभू बोध गर्न सके आफूलाई ? जवाफ खोज्ने क्रममा कवि ईश्वर वल्लभ भ्रममा फँसेका छन् । उनी अनिर्णित छन् । यो (मुख्यतः २०४६ यताको) यात्रा उनलाई भ्रम अनुभव भएको छ । यसले के देखाउँछ भने कवि यथार्थवादी भएर वर्तमानलाई अनुभव गर्न सकिरहेका छैनन् । उनको वैचारिक-दार्शनिक पीठिका निक्कै मात्रामा आदर्शवादी छ, त्यसैले उनी भ्रमलाई चिरेर वर्तमानको कुरूपतालाई त्यसको यथार्थतामा प्रस्तुत गर्न सक्तैनन् । यद्यपि बेलायती कविता-चिन्तक कडवेलका आँखाबाट हेर्दा ईश्वर वल्लभको यो अभिव्यक्ति निक्कै मात्रामा पूँजीवादी कविताको स्वरूपसँग मिल्दो मान्न पनि सकिन्छ । व्यक्तिगत स्वतन्त्रताको उच्चतम र पूर्ण प्राप्ति भिन्नीकृत पूँजीवादी समाजमा मात्रै सम्भव छ भन्ने ठानेर व्यक्ति त्यसको प्राप्तिका लागि जति पूँजीवादी उत्पादन प्रणालीलाई तीव्रता दिन्छ, त्यति ऊ आफूलाई बन्धनमा घेरिएको पाउँछ र फेरि ऊ त्यसको प्राप्तिका निमित्त त्यही प्रक्रियालाई तीव्रता दिन्छ । यसरी पूर्ण स्वतन्त्रताको उसको कामना अन्ततः एउटा विभ्रम ठहरिन्छ र पूँजीवादी कविता त्यसै विभ्रमको अभिव्यक्ति बन्दछ । कडवेलको प्रसिद्ध कृति 'इल्यूजन आयण्ड रियलिटी'को सार यही हो । सम्भवतः कवि ईश्वर वल्लभको उपर्युक्त कवितामा अभिव्यक्त विभ्रम यस्तै प्रकारको हो । वास्तवमै आदर्शको चाहना गर्ने एकथरि समानान्तर कविहरूका लागि वर्तमानले एउटा कन्फ्यूजनको स्थिति सिर्जना गरिदिएको छ । आफ्ना कतिपय कवितामा निक्कै मात्रामा आलोचनात्मक यथार्थवादी पहिचान लिएर देखापर्ने कवि दिनेश अधिकारी पनि वर्तमानलाई बोध गर्ने क्रममा निक्कै कनफ्युज्ड रहेको देखिन्छन् । आफ्नो 'बादलको तस्वीर' शीर्षक कवितामा उनी लेख्छन् :

मैले देखेको तस्वीरमा
हिमाल थियो
र, हिमालसँग चहक थियो
गुराँस थियो
र, गुराँसभरि महक थियो
देश थियो
तर अहिलेजस्तो
निर्लज्जतापूर्वक प्रयोग गरिएको
कोपराको रूपमा दुर्गन्धित थिएन

...... ......... ..........

खै के भयो ?
सपना जति पनि टिक्न सकेन मेरो विश्वास

...... ......... .........

कहीं हामीले देखेको तस्वीर बादलको त थिएन ?
*(अतिरिक्त अभिलेख, पृ. ११०)*

वि.सं. २०५० को पूर्वाद्धतिर लेखिएको यस कवितामा कवि ईश्वर वल्लभलाई जस्तै कवि दिनेशलाई पनि आफ्नै पूर्व विश्वासप्रति भ्रम भएको छ । उनले देखेको स्वतन्त्रताको सुन्दर तस्वीर केही वर्षमै बादलको तस्वीरमा परिणत हुन पुगेको अनुभूतिले के संकेत गर्छ ? वास्तविकता के हो भने उनको तस्वीर कोराइ र हेराइ यथार्थका द्वन्दात्मक धरातलसँग सम्बद्ध थिएन, त्यो निक्कै मात्रामा आदर्शवादी प्रकृतिको थियो । त्यसैले उनले कठोर यथार्थको सामना गर्नु पर्दा आफूलाई भ्रमित पाए । उनको अनुभूतिमा वर्तमानको चिन्ता र चासो पर्याप्त छ । कवि राजवले भनेभैं 'जीवनमूलक संघर्षको दबावको चाप'बाट कवि दिनेश मुक्त

> कविहरूको आदर्शवादी चेतले त्यसको छ्यानविचार नगरी मान्छेलाई एउटै घानमा हालेर यस्तो कोर्रा हिर्काएको छ :
> **कुकुर भनेको आखिर कुकुर नै हो**
> **उमेर पुगेपछि-**
> **आफ्नै आमासँग सम्भोग गर्छ !**

छैनन् तर त्यस सरोकारलाई कवितामा अभिव्यक्ति दिने क्रममा उनको वैचारिक पीठिका यथार्थवादी नभई आदर्शवादी बन्न गएको छ । यही कारण हो- विभ्रम र यथार्थका बीच स्पष्ट रेखाङ्कन कवितामा उपलब्ध छैन । कविद्वारा देखिएको तस्वीर पछि मात्र बादलमा रूपान्तरित भएको हो वा त्यो तस्वीर स्वयंमै (आफ्नो प्राकृतिक रूपमै) स्पष्ट थिएन । यसको जवाफ कवितामा छैन र यथार्थवादी नभई त्यसको प्राप्ति सम्भव पनि छैन ।

अघि मान्छेको सरोकारको कुरा आएको थियो । समानान्तर कवितामा मान्छेको सरोकार पाइनुका साथै मान्छेलाई नै आलम्बन बनाइएको पनि पाइन्छ । तर समानान्तर कविताको मान्छे समूहबाट पृथक् व्यक्तिवादी छ र त्यसप्रतिको कविको अनुभूति पनि वर्गीय नभई व्यक्तिवादी छ । त्यसैले मान्छेसम्बन्धी कविको धारणा र अनुभूति सामाजिक-सामुहिक र यथार्थवादी प्रकारको देखापर्दैन । वर्तमानमा मान्छेको चरित्रमा आएको ह्रास र देखापरेको पतनलाई कसरी हेर्ने ? सत्ता, सयल र समृद्धिका स्वामीहरूमा देखापरेको चारित्रिक ह्रास र पतन के खेत, कारखानामा काम गर्ने मजदूर र दुई छाक टार्नका निम्ति भारी बोकेर गुजारा गर्न विवश भरियामा पनि उसै गरी देखापरेको छ भन्न मिल्छ ? कविताबाटै साक्ष्य लिएर भनौं न- दिनेश अधिकारीको हर्कबहादुर अथवा अशेष मल्लकी नाम सोध्दा 'थाहा छैन' भन्ने पिठ्यूँमा घाँसको पहाड बोक्ने भर्खर बाह्र नाघेकी किशोरीहरूमा पनि त्यस्तै चारित्रिक पतन र ह्रास आएको भन्न मिल्छ जुन सत्ता र सम्पत्तिका स्वामीहरूमा आएको छ ? सम्भवतः यसको जवाफ नकारात्मक नै हुन्छ । तर कविहरूको आदर्शवादी चेतले त्यसको छ्यानविचार नगरी मान्छेलाई एउटै घानमा हालेर यस्तो कोर्रा हिर्काएको छ :

> कुकुर भनेको आखिर कुकुर नै हो
> उमेर पुगेपछि-
> आफ्नै आमासँग सम्भोग गर्छ !
> ..... .......... ..........
> सहरमा आजकाल
> कुकुरको सक्कली स्वभाव
> मान्छेले निर्वाह गर्न थालेको छ !
> *(दिनेश अधिकारी, 'कुकुर',*
> *अतिरिक्त अभिलेख, पृ. ३९)*

त्यस्तै अर्को,

> कुकुर भोकभोकै मर्न तयार होला
> तर बाँचुन्जेल आफ्नो स्वभावमा इमान्दार छ
> मान्छे कुकुर जस्तो पनि छैन ।
> *(विष्णुविभु घिमिरे, 'मानिसहरुसँग'*
> *कविता-सन्दर्भ, पृ. ३१)*

पहिलोमा मान्छे कुकुरको स्तरमा झरिसकेको र दोस्रोमा त मान्छे कुकुरजस्तो पनि नरहेको विचार व्यक्त गरिएको छ । निश्चय पनि मान्छेका स्वभाव, चरित्र र व्यवहारमा आएको ह्रास र पतनलाई यी कविताले कठोरतापूर्वक आलोचना तथा व्यंग्य गरेका छन् तर पनि मान्छेलाई यहाँ वर्गीय रूपमा हेर्न नसक्ता कविताको कथ्य र त्यसको आलोचना जोप्रति मूलतः लक्षित हुनुपर्थ्यो, त्यो पक्ष त्यति ठोस र मूर्त हुन सकेन र जो एउटा आदर्शका खातिर अझै पनि क्रियाशील छन्, जसले श्रमको

**समानान्तर कविताको कुरा गर्दा सबै समानान्तर कविहरूको स्थिति एउटै देखिँदैन । समानान्तर कवि वैयक्तिक छ, त्यसैले प्रत्येकका कथ्यको चयन र त्यसको कवितात्मक अभिव्यञ्जनामा पनि वैयक्तिकताको प्रभाव छ ।**

भट्टीमा खारिएर चरित्रको चमक प्राप्त छन्, ती मान्छेलाई कविताले न्याय गर्न सकेका छैनन् ।

समानान्तर कवितामा नारी-सन्दर्भको अभिव्यक्ति पनि छ । कतिपय त्यस्ता कवितामा पितृसत्तात्मक उत्पीडनका सन्दर्भहरू, पुरूषलैङ्गिक उत्पीडनका सन्दर्भहरू पनि आएका छन् । निक्कै हदसम्म त्यस्ता कवितामा नारी-विद्रोहको स्वर पनि प्रकट भएको पाइन्छ । तर जब तिनको वैचारिक पीठिकाको सन्दर्भ आउँछ, अधिकांशमा के देखिन्छ भने आदर्शवादलाई केन्द्र बनाएरै तिनले नारी सन्दर्भको प्रस्तुति गरेका छन् । चेलीबेटी बेचबिखनको समस्यासँग सम्बन्धित रहेको समकालीन प्रतिनिधि कवयित्री वानिरा गिरीको कविता 'मेलाम्ची एउटा नदीको नाम हो' यस सन्दर्भमा उल्लेख्य छ । जसरी मेलाम्ची र त्यसको पानी विदेशिने क्रम जारी छ, त्यसरी नै मेलाम्ची-नारीहरू बेचिने र विदेशिने क्रम पनि जारी छ । यो क्रम नरोकिने हो भने मेलाम्ची-नारी आफ्ना फुपू दिदीहरूझैं बेपत्ता हुन्छे र महासागर (भारतीय भूगोल र जनसंख्याको)मा विलीन भएपछि उसको पहिचान समाप्त हुन्छ भन्ने कुरामा कवयित्रीलाई चिन्ता छ तर त्यो महत् नारीवादीले सर्वप्रथम यस चिन्ता-निवारणका लागि वा त्यो महत् कार्य गर्नका लागि अग्रभागमा नारीलाई नै प्रस्तुत गर्छ । तर वानिरा त्यसो गर्दिनन् । उनी एक्काइसौं शताब्दीको आरम्भमा हुन लागेको महापौरूष परीक्षामा संलग्न पुरूषलाई नै मेलाम्ची-मुक्तिका लागि आह्वान गर्दछिन् :

> बीसौं शताब्दीको पुछार र एक्काइसौं शताब्दीको टाउकामा
> आयोजना हुन लागेको
> यो अन्तिम महापौरूष-परीक्षा हो
> समग्र पौरूषलाई
> 'स्पेक्ट्रम' सरह एक विन्दूमा केन्द्रित गरेर
> ....... ..........
> मेलाम्चीलाई वरण गर्नुपर्‍यो !
> *(गरिमा, २०५५ फागुन, पृ. १०)*

मेलाम्ची-विक्रय र त्यसको महासागर-विलयलाई समाप्त पार्न र आफ्नो स्वत्व वा अस्मिताको रक्षा गर्न स्वयं मेलाम्ची-नारीको भूमिका के हुने ? वानिरा आफ्नो कवितामा त्यसबारे मौन बस्छिन् । मेलाम्ची बन्न विवश नारीहरूले कविताबाट कुनै विशष्ट ऊर्जा प्राप्त गर्दैनन् । यही कविताको सीमा हो र यसको वैचारिक पीठिका आदर्शवादी हुनुका कारणले यो सीमा सिर्जित भएको हो ।

## ४. समानान्तर कविताको सीमा र प्राप्ति-सन्दर्भ

समानान्तर कविताको पीठिकाका सन्दर्भमा गरिएको उपर्युक्त चर्चाबाट के कुरा स्पष्ट हुन्छ भने समानान्तर कवितामा यथार्थवादी पीठिकाको अभाव छ । २०४६ यताको परिवेशमा विकसित र व्याप्त भएका विसंगति, नागरिकले भोग्नु परेका पीडा र समस्या, कुशासनले जन्माएको विकृति, नैतिकताले बेहोर्नु परेको पराजयजस्ता अनेकन सामयिक सन्दर्भहरू सामयिक समानान्तर कविताका सरोकारभित्रै देखा पर्छन् तर कवि तिनका कारकलाई उधिन्न असमर्थ छ, किनभने उसँग यथार्थवादी दृष्टिको अभाव छ । यही कारण हो- वर्तमानको कुरूपतालाई त्यसको वास्तविकतामा चिन्ने र चिनाउने सन्दर्भ आउँदा कवि भ्रमका चपेटामा पर्दछ र विभ्रमको शिकार हुन्छ । समानान्तर कवि निक्कै हदसम्म व्यक्तिवादी पनि छ । त्यसैले उसको आदर्श यथार्थ स्थितिका कठोर धरातलसम्म ठोक्किएपछि ऊ शून्यवादको परिसरमा आश्रय लिन पुग्छ । वस्तुतः यसरी नै समानान्तर कविताको पीठिकाको निर्माण भएको छ र यही समानान्तर कविताको सीमा पनि हो ।

उपर्युक्त सीमाका परिप्रेक्ष्यमा समानान्तर कविताको प्राप्ति सन्दर्भ के हो त ? अन्त्यमा यस प्रश्नको उत्तर खोज्दै यस आलेखको उपसंहार गर्नु उपयुक्त हुने ठान्दछु । समानान्तर कविताको कुरा गर्दा सबै समानान्तर कविहरूको स्थिति एउटै देखिँदैन । समानान्तर कवि वैयक्तिक छ, त्यसैले प्रत्येकका कथ्यको चयन र त्यसको कवितात्मक अभिव्यञ्जनामा पनि वैयक्तिकताको प्रभाव छ । यही कारण हो कतिपय कविका कवितामा वर्तमानका विकृति र विडम्बनाको अभिव्यक्ति तीखो पनि बन्न गएको छ । त्यस क्रममा वैचारिक पीठिका पूर्णतः यथार्थवादी नभए पनि यथार्थवादका निकट-निकट पुगेर अथवा आदर्शवाद र यथार्थवादका साँधमा उभिएर कतिपय कविले वर्तमानको कुरूपतालाई उद्घाटित गर्ने प्रयास पनि गरेका छन् र त्यस्तो प्रयासलाई समानान्तर कविताको प्राप्ति सूचकका रूपमा लिन सकिन्छ । साक्ष्यका रूपमा कवि हेमन्त श्रेष्ठको यो कविता हेरौं :

> भोज निरन्तर/दशैंजस्तै
> मार हानिएको छ देशलाई
> भतेर छ यत्रतत्र/बिहेजस्तै
> शिकार बनाइएको छ देशलाई
> भोकाहरूको कोलाज छ ...../देश
> *(देश भोकाहरुको रोटी होइन', कविता सन्दर्भ पृ. ७०)*

वि.सं. २०४६ यता आम नागरिकले अनुभव गरेको राष्ट्रिय यथार्थ हो यो । देशलाई नायकत्व दिनेहरूले नै देशलाई भोकाको रोटी बनाएको पीडाले हेमन्तलाई प्रश्न गर्न लगाएको छ :

कति खाने/के देश खानकै लागि हो ?

देश हाँक्नेहरूले एकातिर देशलाई 'भोकाहरूको रोटी' बनाएको पीडा त छँदैछ, डलर कमाएर जिन्दगी सम्पन्न बनाउन अमेरिका पलायन गर्ने बढ्दो युवा नागरिक प्रचलनले राष्ट्रकै परिचयलाई धुलीसात गरेको पीडा पनि अर्कातिर त्यत्तिकै तीव्र छ । कवि शैलेन्द्र साकार यस पीडाको अभिव्यक्ति

यसरी गर्छन् :

देश खर्चका वैधानिक वेश्यावृत्तिमा छ
कर्णधारहरू आ.स.च.पु.बाट
विदेशमा उपचार गराउन तल्लीन छन् ।
*('प्रत्येक पल्ट कोलम्बसहरु अमेरिकामा', कविता सन्दर्भ पृ. ६)*

आर्थिक अनियमितताको यो दुर्नियति एकातिर छ भने अर्कातिर जाँगरिलो पुस्ता आफ्नै राष्ट्रसमेत बिर्सिने आजको नयाँ बदनाम 'कोलम्बस' बन्न यसरी पङ्क्तिबद्ध छ :

प्रत्येक पल्ट
कोलम्बसहरू अमेरिका गइरहेछन् ।
आफूलाई बारम्बार र हरेकपल्ट
खोज्न/डलरको स्पर्शसुख/अमेरिकामा
*(पूर्वोक्त, पृ.४)*

देशभित्र देशलाई 'भोका'हरूको रोटी बनाउने प्रवृत्ति र त्यसको विरोध गरेर देशलाई दिशानिर्देश गर्नसक्ने युवाशक्तिको बढ्दो अमेरिका (विदेश) पलायनको यो दोहोरो उपक्रमले अब देशको पहिचान के हुने हो ? कविलाई चिन्ता छ र त्यसैले उनको आक्रोशपूर्ण प्रश्न छ : "के गुन्द्रुक, सिन्की र भुसे तिलमात्र हो नेपाल ?" अथवा "धुँवाले नदेखिने भैसकेको हरियो स्टीकर हो नेपाल ?"

देशभित्र मौलाइरहेको यस प्रवृत्तिले सम्वेदनासमेत हराइरहेको अनुभूति गर्छन् कवि राजेन्द्र पराजुली । सम्वेदनाहीन बन्न पुगेको यो राष्ट्रिय परिवेश सुन्दर र सुखद छैन कविका लागि, त्यसैले कवि प्रेयसीलाई यता नआउनका लागि अनुरोध गर्छन् :

नयाँ शताब्दीको सुरूवात नहुँदै
पानी बेचेर तिर्खा पिउनेहरूको यहाँ
पर्दाबाहिर होड चलेको छ
भो, नआऊ यता/सम्वेदना मरेको छ ।
*('भो, नआऊ यता/सम्वेदना मरेको छ', कविता सन्दर्भ, पृष्ठ ७४)*

विगत दशकमा राष्ट्रियता निक्कै मात्रामा घाइते भएको अनुभव गर्नुपरेको छ । सीमामा थुप्रै घाउहरू बल्झेका छन् । यी घाउहरू समकालीन प्रगतिवादी कविताका प्रमुख सरोकार बनेका देख्न पाइन्छन् । समानान्तर कवितामा त्यो सरोकार त्यही तीव्रता र त्यही ओजसाथ नपाइए पनि कतिपय कविले यस प्रसंगलाई महत्वका साथ उठाएको कुरालाई भने समानान्तर कविताको प्राप्ति-सूचक नै मान्नु पर्दछ । माथिको कवितामा राजेन्द्र पराजुलीले यसै सरोकारलाई उठाएका छन् । समानान्तर धाराका तीव्र गीतिचेतका कवि क्षेत्र प्रताप अधिकारीका कवितामा यस अवधिमा मर्माहत राष्ट्रियताको सन्दर्भ अपेक्षाकृत अझ सबल रूपले व्यक्त भएको पाइन्छ । 'जानेदेखि सधैं स्ट्याण्डवाइ बस्नुपर्ने' हो तर त्यसो गर्न नसक्दा नै देश तलतिर हराइरहेको अवस्था सिर्जना भएको हो । कविको अनुभव यस्तो छ । त्यसैले उनी कवितामा देश खोज्ने उपक्रम गरिरहेका छन् :

मान्छेले भुल्न नहुने कुरो भुलेको छ
त्यै भुलेको लालुपाते खोजिरहेछु म
त्यै भुलेको लालुपातेमा
देश खोजिरहेछु म ।
*('हाम्रो देश खोजिरहेछु म', गरिमा, २०५४ साउन पृ. ३७)*

## कविलाई चिन्ता छ र त्यसैले उनको आक्रोशपूर्ण प्रश्न छ : "के गुन्द्रुक, सिन्की र भुसे तिलमात्र हो नेपाल ?" अथवा "धुँवाले नदेखिने भैसकेको हरियो स्टीकर हो नेपाल ?"

देश हराउनुको, देश बेचिनुको र देश बिर्सिनुको पीडाबोध समानान्तर कविहरूमध्ये कवि क्षेत्रप्रताप अधिकारीलाई अपेक्षाकृत ज्यादा रहेको पाउँछु म । उनका यस अवधिका कविता र गीतसमेतको एउटा प्रमुख स्वर बनेको छ- मर्माहत राष्ट्रियताको पीडाबोध । राष्ट्र किन्न खोज्नेलाई उनको स्पष्ट जवाफ छ :

तिमीले मेरो पसिना किन्न खोज्यौ, बेचें
मेरो रगत किन्न खोज्यौ
त्यो पनि बेचें
अब ढुंगो, माटो र पानी किन्छु भन्छौ
त्यो त नेपालीको साझा सम्पत्ति हो
म बेच्न सक्तिनँ
जिन्दगी त दिएँ तर
गण्डकी दिन सक्तिँन ।
*(पूर्वोक्त, पृ. ३९)*

मैले अघि नै भनें - समानान्तर कविता निकै मात्रामा वैयक्तिक छ र त्यो वैयक्तिक अनुभूतिको अभिव्यक्ति ज्यादा बन्न गएको छ । त्यसैले त्यो बहुलतायुक्त पनि छ । सामूहिक आवेगको नैसर्गिक स्वभाव त्यसमा कम भएकाले अनुभूतिको काँट त्यसमा यथार्थवादी कवितामा जस्तो छैन । अझ त्यसको वैचारिक पीठिका आदर्शवादी र शून्यवादीसमेत रहेकाले समग्रमा त्यसको वर्तमानताबोध र त्यसको कवितात्मक अभिव्यक्ति (कलात्मक रहे पनि) ठोस र यथास्थितिलाई भेदनयोग्य छैन । यही नै समानान्तर कविताको सीमा हो । जहाँसम्म त्यसका प्राप्ति-सन्दर्भको कुरा छ- माथि साक्ष्यहरूले संकेत गरिरहेझैं कतिपय कविका कवितामा यथार्थवादका निकट-निकटको अथवा आदर्शवाद र यथार्थवादका साँधको वैचारिक पीठिकाले निक्कै हदसम्म वर्तमानको कुरूपतालाई उद्घाटित गर्न सघाएको छ र त्यस सन्दर्भमा तिनमा वर्तमानको सरोकार व्यक्त छ । जुन हदसम्म तिनले वर्तमानका कुरूपतालाई उद्घाटित गरेका छन्, यथार्थवादी परिप्रेक्ष्यमा त्यसका सीमा रहे पनि, त्यही समकालीन कविताको प्राप्ति-सूचक हो, अस्तु ।

*सन्दर्भ सामग्री सूची*


- अधिकारी, दिनेश, अतिरिक्त अभिलेख, ललितपुर : साझा प्रकाशन, २०५६ ।
- गौतम, कृष्ण, सिर्जनाको सुवास, ललितपुर : साझा प्रकाशन, २०५६ ।
- त्रिपाठी, वासुदेव र अरुहरु (सम्पा.), नेपाली कविता भाग ५, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५३ ।
- पराजुली, राजेन्द्र (सम्पा.), कविता सन्दर्भ, काठमाण्डौ : तन्नेरीका निम्ति विदुर गौतम, २०५६
- भाउपन्थी, 'शताब्दीको आरम्भमा समकालीन नेपाली कविता', कविता सन्दर्भ, (सम्पा. राजेन्द्र पराजुली), २०५६
- राजव, दिनेश अधिकारीका कविताबारे राजवको प्रतिक्रिया, कविता सन्दर्भ, (सम्पा. राजेन्द्र पराजुली) २०५६ ।
- शर्मा, तारानाथ (डा.) 'तन्नेरी कविता', कविता-सन्दर्भ, (सम्पा. राजेन्द्र पराजुली), २०५६ ।
- शर्मा, मोहनराज, 'आधुनिक नेपाली कविताको प्रवृत्ति र दिशाबोध', कविता, पूर्णाङ्क ७२, २०५७
- सुवेदी, अभि, 'नेपाली भाषाका समकालीन कविताका सन्दर्भमा', नेपाली समसामयिक कविताहरु, (सम्पा. कृष्ण प्रसाई, सिलीगढी : भक्त राई स्मृति मण्डप, २०४८ ।



**विजया दशमी २०५९ को**
**उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा**
**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

लुम्बिनी बैंक लिमिटेड
**Lumbini Bank Limited**

**कर्पोरेट कार्यालय** : दरवारमार्ग, काठमाडौं
फोन : २४३१६५,२४३१५८ फ्याक्स : २२७५९०

**नारायणगढ शाखा :**
प्रगतिपथ, नारायणगढ, चितवन, नेपाल
फोन : ०५६-२१९१९, २४१५०, २४९३१
फ्याक्स् : ०५६-२४२५०
ईमेल : lumbini@mos.com.np

**हेटौंडा शाखा :**
मेनरोड, हेटौंडा
फोन : ०५७-२१२१८, २१४५५
फ्याक्स : ०५७-२३०५५
ईमेल : lblhtd@mos.com.np

**दरबारमार्ग शाखा :**
दरबार मार्ग, काठमाडौं
फोन : २४३१६५, २४३१५८
फ्याक्स : २२७५९०
ईमेल : lumbiniktm@mos.com.np

**बुटवल शाखा :**
सिद्धार्थ मार्ग, बुटवल
फोन : ०७१-४५०५३
फ्याक्स : ०५७-४०८९७
ईमेल : lblbtw@mos.com.np

# संस्कृतिसम्बन्धी उल्लेखनीय कृति




**नेपाली** संस्कृतिका वैचारिक तथा व्यवहारिक क्षेत्रमा सक्रिय वामपन्थी व्यक्तित्व निनु चापागाईंको पुस्तक 'सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण' हालै प्रकाशनमा आएको छ । संस्कृतिसँग सम्बन्धित आजका जल्दाबल्दा प्रश्नहरूमाथि गम्भीर रूपमा प्रकाश पारिएका एघारवटा लेखहरू संलग्न यो पुस्तक यस विषयवस्तुको क्षेत्रमा आजसम्म प्रकाशित सबै पुस्तकहरूभन्दा सटीक, सान्दर्भिक र व्यवहारोपयोगी समेत रहेको छ । यस पुस्तकमा हाम्रो समाजमा संस्कृतिसम्बन्धी सैद्धान्तिक बुझाइमा रहेको विद्यमान अस्पष्टतालाई चिर्ने गम्भीर कोशिस लेखकले गरेका छन् ।

विभिन्न विचार गोष्ठीहरूमा आफूले प्रस्तुत गरेका कार्यपत्र र प्रवचनहरूसमेत संलग्न गरी तयार भएको यस पुस्तकमा लेखक निनु चापागाईंले 'वर्तमान सांस्कृतिक आन्दोलनको प्रवृत्ति र दिशा' शीर्षकमा हाम्रो समाजमा संस्कृति भनेर अत्यन्त सीमित गतिविधि- विशेषलाई मात्र बुझिने गरिएको सन्दर्भमा त्यसको बृहद् अर्थ र क्षेत्रलाई स्थापित गरेका छन् । संस्कृतिको परिभाषादेखि भौतिक संस्कृति र आत्मिक संस्कृतिको आपसी सम्बन्ध, संस्कृति र राजनीतिबीचको सम्बन्ध हुँदै उनले यसमा सांस्कृतिक क्रान्तिको आवश्यकताका कारणहरू समेत केलाएका छन् । आज हाम्रो समाजमा पूँजीवादी-साम्राज्यवादी र सामन्तवादी सामाजिक मूल्यमा आधारभूत विरोध देखा नपरिरहेको सन्दर्भ र कारण खोतल्दै उनी नयाँ जनवादी संस्कृतिको छोटो रूपरेखा मात्रै खिच्दैनन्, हालको नेपाली सांस्कृतिक आन्दोलनमा विद्यमान प्रवृत्तिहरूको समेत चिरफार गर्छन् । "भाषा आन्दोलनका सन्दर्भ केही गम्भीर सवालहरू" लेखमा लेखकले नेपालको भाषा-आन्दोलनको औचित्य र सीमाबारे उल्लेख्य प्रकाश पारेका छन् । यसमा भाषा आन्दोलनबाट राजनीति पृथक भैदेओस्, र यो आन्दोलनमा खसभाषीहरू चाहिँ सहभागी हुन जरूरी हुन्न भन्ने सोचको उनले आलोचना गरेका छन् । र, साम्प्रदायिकताका बारेमा आफ्ना गहन विचारहरू पस्केका छन् ।

"आन्दोलनमा आएको विचलन र विश्वासको प्रश्न" लेखमा हाम्रो सांस्कृतिक आन्दोलनसँग सम्बन्धित विचार, निष्ठा अनि विश्व-दृष्टिकोणसँग सम्बन्धित विषयलाई विश्वमा समाजवादी शिविरमाथि आएका संकटहरूको परिप्रेक्षसँग जोडेर विवेचना गरिएको छ । निवर्गीय र आत्मसर्मपणवादी चिन्तनको पनि यसमा चिरफार गरिएको छ । 'पार्टी प्रतिवद्धता' बारेको विवादास्पद बहसप्रति लेखकको गम्भीर ध्यानाकर्षण भएको छ । कुनै व्यक्तिले पार्टीमा आवद्ध नरहेर पनि समाजवादी यथार्थवादी साहित्य-संस्कृतिको निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने तर उसले पार्टी प्रतिवद्धताको सिद्धान्तमाथि नै आक्रमण गर्नु चाहिँ गलत हुने मत लेखकले प्रस्तुत गरेका छन् । लेखमा व्यक्तिवादी अराजकतावादी र उपभोक्तावादी प्रवृत्तिलाई आजको सन्दर्भसँग जोड्ने काम गरिएको छ ।

'विवाह र नारी उत्पीडन'ले विवाह र नारी विषयलाई ऐतिहासिक रूपले केलाएर प्रेम र यौन विषयमा अनि 'विवाह गर्दा हामीले ख्याल राख्नुपर्ने सवालहरू' जस्ता व्यवहारिक विषयमा समेत प्रकाश पारेको छ भने 'ओशोका विचारहरूमाथि आलोचनात्मक दृष्टि' मा रनजीशका विचारहरूलाई विश्लेषण गरिएको छ । 'संस्कृति र विषाक्त संस्कृतिमा रहेका भिन्नताहरू' मा पूँजीवादी संस्कृतिका सकारात्मक पक्षहरूदेखि लिएर सामन्ती संस्कृतिका विशेषतासम्मको विवेचना गरिएको छ । पहिलो लेखमा प्रस्तुत कतिपय सैद्धान्तिक पक्षहरू यस लेखमा दोहोरिएर आएका पनि छन् तर पनि यसमा लेखको विषयवस्तु विस्तारित पाइन्छ ।

'मृत्यु संस्कारका सम्बन्धमा केही कुराहरू' लेखले यो संस्कारको सैद्धान्तिक र व्यवहारिक पक्षमा उपयोगी चर्चा चलाएको छ भने 'सुन्दरी प्रतियोगिता के हो र किन गरिन्छ ?' मा सुन्दरी प्रतियोगिताको पाखण्डको सैद्धान्तिक पर्दाफास गरिएको छ । सुन्दरताका बारेमा यसले प्रस्तुत गरेको विवेचना थप महत्वपूर्ण रहेको छ । 'संस्कारहरू र तिनको प्रगतिशीलकरणको प्रश्न'मा हाम्रा प्रचलित षोडशसंस्कारको विवेचना गरी तिनलाई प्रगतिशील ढंगमा कसरी रूपान्तरण गर्ने भन्ने विषयमा चर्चा गरिएको छ । 'अश्लीलता र त्यस विरूद्धको संघर्षको प्रश्न'मा अश्लीलता र यौनसम्बन्धी पूँजीवादी धारणाको चिरफार गरिएको छ । अन्तिम लेख 'प्रगतिशील आन्दोलन र सांस्कृतिक रूपान्तरणको प्रश्न' लेखले अघिल्ला सन्दर्भहरूमा उठाएका यससम्बन्धी प्रसंगहरूलाई विस्तारित रूप दिएको छ ।

पुस्तकको भूमिका लेख्नुभएको छ- वामपन्थी नेता तथा चिन्तक सोनामले । यो भूमिका आफैंमा एउटा उल्लेखनीय र विचारोत्तेजक रचना हो । यसले वामपन्थी आन्दोलनमा सिद्धान्त र व्यवहारबीचको खाडलदेखि लिएर 'कम्युन'को विषयमा गरिएको वेवास्ता, मृतक मरेपछि लाशलाई नमस्कार गर्ने कि नगर्ने भन्ने प्रश्न, प्रेम र विवाह अनि धर्मका बारेमा हाम्रा धारणाहरू आदिबारे सटीक टिप्पणीहरू गरेको छ ।

समग्रमा, निनु चापागाईंको यो पुस्तक सोनामले भूमिकामा भन्नुभएझैं 'यदि कसैले संस्कृतिसम्बन्धी मार्क्सवादी अवधारणा, दृष्टिकोण र व्यवहारहरू के के हुनुपर्दछ भनेर जान्न चाहन्छ भने उसलाई यस संगालोले बहुतै ठूलो टेवा पुऱ्याउन सक्नेछ' भनी धेरै हदसम्म स्वीकार गर्न सकिन्छ । पृष्ठ संख्या २१० र मूल्य रू. १००/- रहेको यो प्रकाशनका निम्ति 'विवेक सिर्जनशील प्रकाशन' धन्यवादको पात्र बन्न पुगेको छ ।

❑ *हरिगोविन्द लुइँटेल*

उल्लेख्य ■




हनुम्यान
विधा : हास्यव्यंग्य संङ्ग्रह
लेखक : मनोज गजुरेल
प्रकाशक : सिस्नुपानी नेपाल, काठमाण्डौ
पृष्ठ : १००
मूल्य : रु. ५०/-
संस्थागत मूल्य : रु. १००/-



मैले कसरी लेख्न सिकें
विधा : संस्मरण
लेखक : म्याक्सिम गोर्की
अनुवादक : निनु चापागाई
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : ४०
मूल्य : रु. १५/-




मिडियाको अन्तर्वस्तु विविध विश्लेषण
संपादक : प्रत्यूष वन्त
रमेश पराजुली
रमा पराजुली
प्रकाशक : मार्टिन चौतारी काठमाण्डौ, नेपाल
पृष्ठ : १५३+६
मूल्य : रु. १५०/-

विश्वको चौथो ठूलो राष्ट्र ब्राजिल फेरि एक पटक चर्चामा छ । यतिखेर ब्राजिल चर्चित हुनुको कारण पेले वा रोनाल्डोको करिश्मापूर्ण फुटबल पक्कै होइन, न त उत्तेजक साम्बा नृत्य र निराशाजनक गरीबीको ताण्डव नाच नै हो । बीसौं शताब्दीका अन्तिम दुई दशकदेखि पाउलो फ्रेरेको क्रान्तिकारी शैक्षिक चिन्तन र अभियान, उहाँको समेत सक्रियतामा गठित 'वर्कर्स पार्टी अफ ब्राजिल' (पीटीबी)को भूईतहको प्रभावशाली सामाजिक, आर्थिक र राजनीतिक आन्दोलन र 'मुभमेन्ट अफ ल्याण्डलेस वर्कर्स' (एमएसटी)को जुझारू भूमिसुधार अभियानका कारणले यो देश चर्चित हुँदै आइरहेको छ । तर यतिखेर भने राष्ट्रपति पदको चुनावमा पाउलो फ्रेरेको वामपन्थी पार्टी- वर्कर्स पार्टी अफ ब्राजिलका करिश्मापूर्ण अध्यक्ष 'लुइस इनासियो लुला दा' सिल्भाको सुनिश्चित विजयले गर्दा ब्राजिल चर्चित भइरहेको छ ।

एक्काइसौं शताब्दीको शुरूवातसँगै ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो पूँजीवादी राष्ट्रमा एकजना समाजवादी आदर्श बोकेका वामपन्थी नेता लुला राष्ट्रपति पदमा अत्याधिक बहुमतका साथ निर्वाचित हुनु भनेको निश्चित रूपमा चर्चित हुन्छ र विश्वभरिका न्यायप्रेमी जनताका लागि यो निक्कै महत्वपूर्ण पनि हुन्छ । त्यसमाथि पनि विगतमा विश्वविख्यात क्रान्तिकारी शिक्षाविद् पाउलो फ्रेरे उपाध्यक्ष रहेको वामपन्थी पार्टीको अध्यक्षता गरिरहेका, कुनै औपचारिक शिक्षा नपाएका खराज मजदूर (धातुसंवन्धी काममा संलग्न मजदूर) विश्वकै चौथो ठूलो मुलुकका राष्ट्रप्रमुख हुनु कुनै पनि हिसावले कम गौरवपूर्ण कुरा होइन ।

यही महत्ता र गौरवबोधका साथ यहाँ ब्राजिलका वामपन्थी राष्ट्रपति लुलाको विजयको पृष्ठभूमिमा क्रियाशील रहेको वर्कर्स पार्टी अफ ब्राजिलको प्रभावशाली सामाजिक, आर्थिक र



पाउलो फ्रेरे




# पाउलो फ्रेरेको नयाँ प्रकारको पार्टी सत्ताको नजिक कसरी पुग्यो ?



वर्कर्स पार्टी अफ ब्राजिलका अध्यक्ष 'लुइस इनासियो लुला दा' सिल्भा

राजनैतिक आन्दोलनको प्रकृति र प्रवृत्तिबारे खोतलखातल गर्ने प्रयास गरिनेछ, जुन नेपालका लागि अत्यन्त शिक्षाप्रद हुनेछ । यस पार्टीको निक्कै लचिलो र खुला सांगठनिक ढाँचा, अति प्रजातान्त्रिक अन्तरपार्टी प्रक्रिया, यसले चलाइरहेका परिणाममुखी भुइँतह (ग्रास रूट)का आन्दोलनहरू र यसको शासनमा चलिरहेका नगरपालिका र राज्यहरूमा प्रयुक्त सहभागितामूलक प्रजातन्त्र (पार्टीसिपेटोरी डेमोक्रेसी) प्रत्येक नेपाली न्यायप्रेमीहरूका लागि पक्कै पनि गहन अध्ययन र चिन्तनको विषय हुनेछ । सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको पराजयका कारणहरूबाट पाठ सिकेर 'यहीं र अहिलेदेखि नै गरीखानेहरूको दैनिक जीवन-संघर्षमा समाजवादको अभ्यास' गर्न थालेको यस पार्टीको मुख्य ध्येय हो- जनता, देश र विश्वको जीवनको नियामक क्षेत्र- राजनीतिको केन्द्रविन्दुमा काम गरीखाने जनतालाई कर्म वा पात्रको रूपमा होइन, आलोचनात्मक विवेकसहितका शक्तिशाली कर्ताको रूपमा उभ्याउनु । र, यही ध्येय अनुरूपको पार्टीगत ढाँचा, प्रक्रिया र पद्धति सिर्जना गरिरहेको तथा जन संघर्षहरू संचालन गरिरहेको यस पार्टीका चिन्तन र कर्महरू विश्वका सबैजसो मुक्तिकामीहरूका लागि मननयोग्य देखिन्छन् ।

सर्वविदितै छ, विश्वमा केही समयका लागि समाजवाद पराजित हुनुको मूल कारण हो- सोभियत संघ, चीन र पूर्वी यूरोपका कम्युनिष्ट पार्टी र समाजवादी सत्तामा प्रजातन्त्रको अभाव हुनु । अर्थात् गरीखाने वर्गको लागि निर्मित पार्टी र गरीखाने वर्गकै सक्रियतामा स्थापित सरकारको चिन्तन, चिन्तनपद्धति, संगठनात्मक ढाँचा, कार्यपद्धति र प्रक्रियामा गरीखाने वर्ग केन्द्रमा नहुनु र पार्टी एवं सरकारमा उनीहरूको

आलोचनात्मक सहभागिता नहुनु अनि उनीहरूलाई शक्तिशाली कर्ताको रूपमा होइन, कर्म या पात्रको रूपमा मात्रै बनाइराख्नु । त्यसैले सर्वत्र प्रजातन्त्र अभाव नहोस् भन्नाका लागि पार्टीको निर्माणदेखि जनसंघर्षको उत्थानसम्ममा प्रजातान्त्रिक अभ्यास गर्नु जरूरी हुन्छ । त्यो कसरी प्रत्याभूत गर्ने भन्ने सवालमा वर्कर्स पार्टी अफ ब्राजिल एउटा ठोस र मजबूत उदाहरण हुनसक्छ ।

## पार्टी निर्माण प्रक्रिया

### तलबाट माथि

संसारका सबैजसो पार्टीहरूको निर्माणको प्रक्रिया माथिबाट (टप टु बटम) भइरहेको छ । माथि केही व्यक्तिहरूको केन्द्र वा केन्द्रजस्तो देखिने संरचना निर्माण गरेपछि तलतल उपग्रहहरूजस्ता उपकेन्द्रहरू वा स्थानीय निकायहरू बनाइन्छन् । यसले भुइँफुट्टे पार्टीहरूमा केन्द्रमुखी मानसिकता र केन्द्रीय नेतृत्व हडप्ने प्रवृत्ति बढ्ने, बढाउने संरचना र प्रकृया सजिलै निर्माण गर्छ । तर वर्कर्स पार्टी भने यो प्रक्रियाको ठीक उल्टो ढंगले निर्माण गरिएको छ- तलबाट माथि अर्थात् बटम टु टप ! ब्राजिलमा अत्यन्त क्रियाशील ट्रेड यूनियनहरू भुइंतहका सामाजिक आन्दोलनहरू, टोलटोलमा रहेका छिमेकी सहयोग समितिहरू (नेबोरहूड कमिटीज), क्याम्पसका विद्यार्थीहरूदेखि चर्चहरूमा रहेका वामपन्थीहरूको सहमति र समझदारीमा यसलाई राजनैतिक पार्टीको रूप दिइएको हो । ती सबै आन्दोलन र संगठनहरूको बलियो आधारभित्र भित्रभित्रसम्म जरा गाडेर हुर्केको यो पार्टी अरू दक्षिणपन्थीदेखि वामपन्थी पार्टीहरूजस्तो भूइँफुट्टे नहुनुको कारण पनि यही हो ।

अहिले ती सबै आन्दोलन र संगठनहरूको राजनीतिक शक्ति र आवाज भइरहेको यो पार्टी सन् १९६४ देखि १९८४ सम्मको कठोर सैनिक शासनकालमा जन्मेका हुर्केका भुइंतहका संगठनहरू र आन्दोलनहरूको जगमाथि सन् १९७९ मा स्थापना भएको हो । बेलायतका लागि वर्कस पार्टीका प्रतिनिधि रोवर्टो मादरका अनुसार, १९६२ मा जोआओ गोलार्टको जनपक्षीय सुधारवादी सरकारको पालामा ट्रेड यूनियनदेखि लिएर विद्यार्थी संगठनहरूले जनजीविका र प्रजातन्त्रसँग सम्बन्धित मागमा संघर्षहरू थालेका थिए, जसप्रति सरकारको पनि समर्थन थियो । सडकदेखि लिएर सरकारबाटसमेत जनमुखी सुधारका कार्यक्रमहरू लागू गर्ने, गराउने अभियान चलेपछि ब्राजिलका प्रभुत्वशाली शासक वर्ग र अमेरिकाले सैनिक विद्रोहमार्फत् गोलार्टको सरकारलाई पदच्यूत गरे । त्यसपछि सैनिक शासकहरूले यातना, हत्या, हिंसा र वेपत्ताको लामो अभियान चलाए अनि भुइंतहका संगठनहरूका आन्दोनलहरूलाई जरैदेखि निर्मूल गर्ने दुश्कर्महरू अगाडि बढाए ।

सैनिक शासकहरूको हिंसात्मक उत्पीडनविरूद्ध सन् १९६५ देखि १९७५ को



> **संसारका सबैजसो पार्टीहरूको निर्माणको प्रक्रिया माथिबाट (टप टु बटम) भइरहेको छ । तर वर्कर्स पार्टी भने यो प्रक्रियाको ठीक उल्टो ढंगले निर्माण गरिएको छ- तलबाट माथि अर्थात् बटम टु टप !**

दशकभित्र चर्चित नायक चे-ग्वेभारा समर्थकहरूले 'फोसी' (Foci) छापामार अभियान चलाए भने माओवादीहरूले मुक्त क्षेत्र घोषणा गर्दै जनयुद्ध चलाए । तर ती दुवै सशस्त्र संघर्षहरू अत्यन्त शहरीकृत ब्राजिलको विशिष्ट स्थिति अनुकूल नभएका कारणले कठोर दमनपश्चात् लगभग निर्मूल भए । धेरैजसो राजनैतिक पार्टीहरू लाचारी र जुझारूहीनताका शिकार थिए भने वामपन्थी पार्टीहरू भने वैचारिक अस्पष्टता, संकीर्णता र विभाजनको कारणले शक्तिहीन थिए ।

## भुइँतहका आन्दोलनको

### राजनीतिक आवाज

यस्तो अवस्थामा सन् १९७० को दशकको मध्यतिरदेखि विभिन्न कुनामा विशेषतः शहरी इलाकामा अनेक रूप-रंगका जन संगठनहरू अस्तित्वमा आउन थाले र जनताको विभिन्न तप्काका स-साना सवालहरूमा आवाज उठाउन थाले । 'मुभमेन्ट फर एम्नेष्टी' र 'नेबोरहूड अर्गनाइजेशन' आदि नामका यस्ता संगठनहरूले जनतालाई सचेत र संगठित गर्ने तथा सैनिक शासनलाई गुप्त रूपमा क्षति पुऱ्याउने काममा महत्वपूर्ण भूमिका खेले । यी संगठनहरूले जनतासँग एकाकार भई खानेपानी, विद्युत, बाटोघाटो, रोजगारी र जीविकाजस्ता जनजीवनका अति नै आधारभूत सवालहरूमा सुधारका लागि संगठित रूपमा मागहरू गर्न थाले । झट्ट हेर्दा राजनीतिभन्दा अलग्गजस्ता लाग्ने यस्ता जनजीविका सवालहरूमा 'अराजनीतिक ढंग'ले संघर्ष गरियो । वर्षौवर्षसम्म पनि ती माग र संघर्षहरूको उचित सुनवाई नभएपछि, जीविका र जीवन स्तर झन् झन् खस्किन थालेपछि र राजनीतिक स्वतन्त्रता झन् झन् कुण्ठित भएपछि धेरैजसो संगठनका नेता-कार्यकर्ताहरू र जनताहरू सैनिक शासन नफ्याँकिकन केही नहुने निष्कर्षसहित राजनीतिक संघर्षमा होम्मिए । सशस्त्र संघर्ष, राजनैतिक पार्टीहरूको आन्दोलन र जनजीविकासम्बन्धी जुझारू अभियानहरूबाट सैनिक शासन फरक फरक ढंगले प्रभावित भयो । र, विभिन्न नामका नागरिक संगठनहरूको निर्माण र राजनीतिक-अराजनीतिक संघर्षहरूको बाढी आएपछि सैनिक शासकहरू चुनाव गराउनसम्म तयार हुनुपऱ्यो ।

सन् १९७० को दशकको अन्त्यतिर व्यापक रूपमा संघर्षकै सिलसिलामा नयाँ ढंगले निर्माण भएका विभिन्न खाले भुइँतहका संगठनहरूको एउटा सशस्त्र राजनैतिक मोर्चाबन्दी हो- वर्कर्स पार्टी अफ ब्राजिल । सन् १९७९ मा गठित यस पार्टीको राजनैतिक घोषणा-पत्रले आफ्नो आधारभूत जराबारे स्पष्ट रूपमा भनेको छ- "पार्टीदो दोस त्राबाल्डादोरेस (गरिखानेहरूको पार्टी) निर्माण गर्ने धारणा विस्तृत रूपमा फैलिएको भुइँतहका नयाँ सामाजिक आन्दोलनहरूको व्यापक विकास र सुदृढीकरण सँगसँगै विकसित भएको हो । प्रत्येक कल-कारखानादेखि टोलटालेका छिमेकीहरूसम्म, यूनियनहरूदेखि आधारभूत इसाई समुदायसम्म, खातेहरूको संगठनदेखि डेरावालहरूको एशोसियनसनसम्म, विद्यार्थी आन्दोलनदेखि व्यवसायिक संघ-संस्थाहरूसम्म, काला जातिका जनताको आन्दोलनदेखि महिला आन्दोलनसम्म र आदिवासीहरूको अधिकारका लागि संघर्षरत समूहहरूसम्म व्यापक विस्तार भएका भुइँतहका सामाजिक आन्दोलनकै राजनैतिक अभिव्यक्ति हो- वर्कर्स पार्टीको निर्माण ।

चर्चदेखि ट्रेड युनियनसम्मका कार्यकर्ताहरू विगतमा सशस्त्र छापामार भएर क्रियाशीलहरूदेखि सडक र सदनका संघर्षमा लागेका आमूल परिवर्तनवादीहरूको राजनैतिक सहकार्य त्यति सजिलै भएको होइन । ब्राजिलभरि चलिरहेको भुइँतहका सामाजिक आन्दोलहरूलाई समर्थन, सहयोग र दिशा दिन यो पार्टी निर्माण गरिँदा केही ट्रेड युनियनहरूले त पार्टी स्थापना गर्न नहुने बलियो अडान राखेका थिए । यसमा रोचक कुरा के छ भने यस पार्टीका संस्थापक अध्यक्ष लुलाको कार्य क्षेत्र रहेको अनि बलियो साओ

पाउलो ट्रेड युनियनले समेत शुरूमा भनेको थियो- अहँ, पार्टी चाहिँदैन । पार्टी निर्माणले ट्रेड युनियन आन्दोलनलाई घाटा पार्छ, पार्टीको नीति, निर्णय र निर्देशनको बोझिलो भारी बोक्न सकिँदैन ।

लामो समयको संघर्ष र निरन्तर वैचारिक मन्थनको क्रममा जब आफ्ना माग र संघर्षलाई विस्तृत बनाउन, राष्ट्रव्यापी तुल्याउन र राजनैतिक प्रभाव पार्नमा पटक पटक कठिनाइ महसूस गरियो, तब परम्परागत वामपन्थी पार्टीहरूदेखि वाक्क भइसकेका जुझारू आमूल परिवर्तनवादीहरूले बलियो वर्कर्स पार्टी बनाए । स्थापना कालमा यस पार्टीले राजनीति र पार्टीको विरोध गर्ने र ट्रेड युनियन आन्दोलन एवं भुइँतहको संघर्षमा मात्रै डुबुल्की मारिरहने प्रवृत्ति पोर्चुगीज भाषामा भन्दा Basism विरूद्ध संघर्ष गर्नुपर्‍यो र, अन्ततः राजनीति र पार्टीको निर्माण पनि आन्दोलनका लागि सकारात्मक हुनसक्छ भन्ने धारणा बन्न थाल्यो । यसै क्रममा ट्रेड युनियन वा भुइँतहका अन्य सामाजिक आन्दोलनहरूसँगको पार्टीको सम्बन्धको प्रकृति पूर्णतः स्वायत्त र प्रजातान्त्रिक बनाउनुपर्ने शिक्षा प्राप्त गरिएको देखिन्छ ।

### थरिथरि वैचारिक प्रवृत्तिहरूको सहकार्य

वर्कर्स पार्टी भुइँतहका सामाजिक आन्दोलनहरूको राजनीतिक आवाजमात्रै होइन, थरिथरिका वैचारिक प्रवृत्ति र राजनीतिक धारहरूको सहकार्य पनि हो । यो कुनै कम्युनिष्ट नामधारी परम्परागत पार्टीको जस्तो एउटै वैचारिक प्रवृत्ति र राजनीतिक धार भएको पार्टी होइन । न त परम्परागत वामपन्थी पार्टीहरूको जस्तो कडा सैनिक अनुशासन भएको र वैचारिक बहस गुम्सिएर मर्ने खालको आन्तरिक प्रजातन्त्रविहीन पार्टी हो । यो पार्टी भनेको लेनिनवादी, त्रात्स्कीवादीदेखि स्तालिनवादीसम्म अनि सशस्त्र संघर्ष गरिरहेका चे-ग्वेभारावादी र माओवादीदेखि संसदीय संघर्ष गरिरहेका कम्युनिष्ट पार्टी अफ ब्राजिलका 'विद्रोही कार्यकर्ता' सम्मिलित वामपन्थी पार्टी हो, करिब करिब हामीकहाँका संयुक्त मोर्चाहरूजस्तै । चर्चहरूदेखि मानवअधिकार र स्वास्थ्य क्षेत्रमा समेत क्रियाशील भुइँतहका संगठनका विद्रोही वामपन्थीहरूको पार्टी भएकोले यसलाई **विद्रोही वामपन्थीहरूको** पार्टी पनि भनिन्छ ।

वर्कर्स पार्टीको राष्ट्रिय कमिटीका सदस्य तथा पोर्टो अलेग्रे शहरका उपमेयर राउल पोन्टले 'लिङ्कस' पत्रिकालाई दिएको अन्तर्वार्तामा स्पष्ट शब्दमा भनेका छन्- "यो पार्टी सधैं विद्रोही वामपन्थीको रूपमा परिचित छ, जसले समाजवाद, प्रजातन्त्र र दलीय बहुलता (Party Plurality) लाई अभिभाज्य ठान्छ । हामीहरू एक पार्टी समाज अथवा पार्टी- राज्यको अवधारणासँग कहिले पनि सहमत हुन सक्दैनौं ।

सन् १९७० को दशकको अन्त्यतिरै जनतालाई समेत पार्टी र राज्यमा प्रजातन्त्रविहीन पारिएका सोभियत संघलगायत पूर्व यूरोपेली समाजवादी शासनहरूको कुनै भविष्य नभएको ठानेर जनआन्दोलन, राजनैतिक परियोजना, संगठनात्मक ढाँचा र आन्तरिक प्रजातान्त्रिक प्रक्रिया आदिबारे नयाँ वैकल्पिक उपायको खोजीको क्रममा वर्कर्स पार्टी निर्माण गरिएको तथ्य वर्कर्स पार्टीका प्रतिनिधि रोबर्टो मादरले स्वीकारेका छन् । उनका अनुसार, पुराना ढाँचा र शैलीका कम्युनिष्ट पार्टीहरूभन्दा सार र रूपमै अलग र उन्नत स्तर प्राप्त गर्नका लागि पनि यसको नाम कम्युनिष्ट पार्टी नराखिएको हो । शुरूमा पोर्चुगीज भाषामा मास पार्टी वा

> ब्राजिलभरि चलिरहेको भुइँतहका सामाजिक आन्दोलहरूलाई समर्थन, सहयोग र दिशा दिन यो पार्टी निर्माण गरिँदा केही ट्रेड युनियनहरूले त पार्टी स्थापना गर्न नहुने बलियो अडान राखेका थिए

जन पार्टीको अर्थ आउने 'पपुलर पार्टी'को नाममा लामो बहस भएतापनि अन्ततः वर्कर्स पार्टी नामाकरण गर्ने पक्षमा समझदारी बनाइएको स्वीकार्दै रोबर्टो मादर भन्छन्- "हाम्रो पार्टी मार्क्सवादी पार्टी हो र हामी सबै मार्क्सवादी पार्टी र शक्तिहरूसँग सहकार्य गरिरहेका छौं । तर परम्परागत मार्क्सवादी पार्टीहरूको जस्तो कठोर ढाँचा र आन्तरिक प्रजातन्त्र नहुने प्रक्रियाभन्दा फरक र उन्नत ढंगले मार्क्सवादी पार्टी बनाउने क्रममा हामीले वर्कर्स पार्टी स्थापना गरेका हौं । यसलाई काम गरिखाने सबै श्रमिकहरू, चाहे ती औद्योगिक मजदूर होऊन् या बौद्धिककर्मी र संस्कृतिकर्मीहरू किन नहोउन्, श्रम, सीप, कला र बुद्धि बेचेर खाने सबै श्रमिकहरूको पार्टीको रूपमा विकसित गरेका छौं ।"

विभिन्न वैचारिक प्रवृत्ति र राजनैतिक धारहरूबीच सहकार्य गर्नु-गराउनु निश्चित रूपमा सहज र सुगम हुन सक्दैन । वर्कर्स पार्टीको एउटै छानामुनि बसेर गरिएको सहकार्यको कठिन शुरूवातको घडीमा पनि अन्त्यहीन बहस र निर्णयहीन छलफलहरूले सहकार्यमा जटिलता नथपेका होइनन् । तर भुइँतहका संगठन र आन्दोलनको लामो अनुभव भएका वामपन्थी नेताहरूले समाजवादी प्रजातन्त्रलाई आफ्नो एउटै ध्येय र त्यही अनुकूलको पार्टी-जीवनशैली बनाउने दृढ संकल्प गरेपछि नयाँ संरचना र शैली सिर्जना गर्ने ढोका खुल्यो ।

### समूह बनाएर चुनाव लड्न पाउने प्रक्रिया

समाजवादी ध्येयसहितको वैधानिक र प्रजातान्त्रिक मास पार्टी बनाउने क्रममा वर्कर्स पार्टीभित्र एउटा अनौठो र सहज प्रक्रिया निर्माण गरिएको छ । त्यो प्रक्रिया हो- विभिन्न विचार र प्रवृत्ति भएका व्यक्तिहरूले समूहहरू सिर्जना गरी महाधिवेशनमा बहस, पैरवी र चुनाव लड्न पाउने व्यवस्था । ब्राजिललगायत सबैजसो देशका कम्युनिष्ट र वामपन्थी पार्टीहरूभित्र समूह वा गुट बनाउने वा अलग अलग वैचारिक प्रवृत्तिहरूद्वारा संगठित व्यवहार गर्न पाइँदैन, चाहे ती पार्टीहरू जतिसुकै प्रजातान्त्रिक वा समाजवादी प्रजातन्त्रले लैश किन नभनियून् । बहुदलीय जनवादलाई नै आफ्नो क्रान्तिको सिद्धान्त मान्नेहरूले समेत यस्तो प्रावधानलाई नकार्दै 'गुटवादविरूद्ध संघर्ष गर्ने घोषणा' गरिरहेको यथार्थ हाम्रासामु टड्कारो छ । तर विभिन्न थरि वैचारिक प्रवृत्तिहरू र राजनीतिक



*वर्कर्स पार्टी अफ ब्राजिलका अध्यक्ष 'लुइस इनाशियो लुला दा' सिल्भा क्यूबाका राष्ट्रपति फिडेल क्यास्ट्रोसँग हवानामा*

धारहरूलाई जवर्जस्त ढंगले वहसमा ल्याउन र गम्भीर वाद-विवाद-संवादद्वारा समाजवादी प्रजातन्त्रअनुकूलका नीति र कार्यक्रम तय गर्न वर्कर्स पार्टीले यस्तो प्रावधान लागू गर्दै आइरहेको बताइन्छ ।

रियो डि जेनेरियोको विश्वविद्यालयमा पढाउने वर्कर्स पार्टीकी नेतृ मारिया हेलेना एम. अल्भेजले यस पार्टीको नौलो र भिन्न प्रावधानबारे लेखेकी छिन्- वर्कर्स पार्टीमा प्रोटेस्टेन्ट र क्याथोलिक चर्चका प्रगतिशीलहरू, मार्क्सवादी-लेनिनवादी समूहका सदस्यहरू, पहिले सशस्त्र संघर्ष गरेका संगठनहरूका पूर्व सदस्यहरू, ब्राजिलियन कम्युनिष्ट पार्टीका पहिलेका सदस्यहरू, स्वतन्त्र रूपमा क्रियाशील समाजवादी र त्रात्स्कीवादीहरू तथा विभिन्न रूपरंगका सामाजिक आन्दोलनका लडाकूहरू आ-आफ्ना धारणाका साथ आवद्ध र सक्रिय छन् । यी विविधतापूर्ण धारणाहरू र भिन्नभिन्न अनुभवहरूलाई आन्दोलनको सम्पत्ति ठानेर यस पार्टीले सकेसम्म वैचारिक मन्थनः गर्ने ढाँचा र प्रक्रियालाई अगाडि बढाइरहेको बनाउने र चुनावी घोषणा-पत्र तयार गर्ने कार्यसहित आफ्नो विचार वा धारणा मान्ने वा आफ्नो प्रवृत्ति रूचाउनेहरूको शक्ति पनि देखाउने अवसर पनि यस पार्टीमा सहज रूपमा पाइन्छ । र, ती उम्मेदवारहरू समानुपातिक मतदान (proportional voting) जस्तो जटिल व्यवस्थामार्फत् संचालित आन्तरिक प्रजातन्त्रमा विजयी हुन्छन् ।"

उनका अनुसार, समानुपातिक मतदानको व्यवस्था र 'टेण्डेन्सिया'को प्रावधानले पार्टीको आन्तरिक प्रक्रियालाई कमजोर पार्नुको सट्टा झन् मजबुत पार्दछ । यसबाट आन्तरिक पार्टी बहस प्रोत्साहित हुन्छ र विभिन्न पदहरूमा विभिन्न थरिका प्रवृत्तिहरू बोक्ने कार्यकर्ताहरूको समुचित प्रतिनिधित्व हुन्छ । यसबाट राजनीतिक नेतृत्व र पार्टी पदहरूमाथि कार्यकर्ताहरूको नियन्त्रण अझ सशक्त हुन्छ । पदहरूमा माथि केन्द्रबाट छान्ने संभावना नै रहँदैन । हो, यसले गर्दा निश्चित रूपमा टेण्डेन्सियाहरूबीचको प्रतिस्पर्धा उत्कर्षमै पुग्छ र बहस, प्रचार-प्रसार

**वर्कर्स पार्टीका प्रतिनिधि रोबर्टो मादरले स्वीकारेका छन् । उनका अनुसार, पुराना ढाँचा र शैलीका कम्युनिष्ट पार्टीहरूभन्दा सार र रूपमै अलग र उन्नत स्तर प्राप्त गर्नका लागि पनि यसको नाम कम्युनिष्ट पार्टी नराखिएको हो ।**

छ । ती सबै धारणा र अनुभवहरूको समुचित योगदान प्राप्त गर्न सकेसम्म ठीक ढंगले बहस गराउने, ती बहसहरूलाई व्यवस्थित र संगठित रूपमा अभिव्यक्त गराउने र ती फरक फरक वैचारिक-राजनैतिक धारहरूको स्थिति पार्टीको पद र पार्टी प्लेटफर्महरूमा सही ढंगले प्रतिविम्बित गराउने उद्देश्यले यस्तो प्रावधान लागू गरिएको हो । यो प्रावधानअन्तर्गत फरक फरक वैचारिक-राजनैतिक प्रवृत्ति भएका शक्ति वा समूहले पार्टीभित्र अलग ढंगले अझ संगठित हुन पाउने र संगठित ढंगले क्रियाशील हुन पाउने प्रक्रिया लागू गरिएको छ, जसलाई 'टेण्डेन्सिया' (tendencia) भनिन्छ ।"

उनले थप लेखेकी छिन्- "ती टेण्डेन्सियाहरूले आफ्ना मत-फरक विचार राख्न पाउने, सहमति-असहमतिका विन्दूहरू खोज्ने र संगठित रूपमै पार्टीका पदहरूको चुनावमा उम्मेदवारी दिनसक्ने प्रक्रिया प्रचलित छ । महाधिवेशनभन्दा अगाडि ती टेण्डेन्सियाहरूद्वारा छलफलका लागि संगठित रूपमा प्रस्तुत गरिने दस्तावेजहरूमध्ये जुन चाहिँले बहुमत प्राप्त गर्छ, त्यसैलाई महाधिवेशनले सहर्ष स्वीकार्छ र पार्टी नेतृत्वले व्यवहारमा लागू गर्छ । कतिसम्म भने पार्टीका पदहरूको निर्वाचनमा प्यानल-प्यानल र लबीडको कारणवश हुने सक्रियताले महाधिवेशन सिंगै सरोवर हुन्छ, विभिन्न समूहहरूबीचको अनौपचारिक खालको वार्ता र सहमति, महाधिवेशनको हलभित्र चर्काचर्की हुने हदसम्मको बहस र संगठित रूपमा गरिने मतदानबाट प्रजातान्त्रिक वातावरण अझ गहन र घनीभूत हुन्छ ।

यी सबै कामहरू तब समाप्त हुन्छन्, जब मतगणनासँगै पदहरूको बाँडफाँड सकिन्छ । कहिलेकाहीं समूह-समूहमा समानुपातिक ढंगले पदहरू विभाजित नहुँदा असमझदारी र विवाद नभएका होइनन् । तर ती सबै कुराहरूले प्रजातान्त्रिक प्रक्रियामा खारिएका नेता-कार्यकर्ताहरूलाई धेरै विचलित पारिराख्न सक्दैनन् । अतः प्रतिद्वन्दीता र विभाजनहरू महाधिवेशनको हलबाहिर कहींकतै महशूस गर्न गाह्रो हुन्छ र हल भित्र र बाहिर जुझारू र लडाकू कार्यकर्ताहरूले घन्काउने कोरस एवं समवेत नारासँगै, हावासरी हल्लिने राता झण्डाहरूसँगै विवादहरू हराउन थाल्छन् । र, महाधिवेशनद्वारा पारित प्रस्तावहरू आ-आफ्नो जीवन, सामाजिक जीवन र राजनीतिक मैदानमा लागू गर्न नेता-कार्यकर्ताहरू सडकमा निस्कन्छन् । ❑ **(क्रमशः ...)**


देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीब्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग




महत्वपूर्ण
वैज्ञानिकहरूको
जीवनीहरू
समावेश
भएको
उपयोगी
पुस्तक
बजारमा
उपलब्ध छ ।

(लोकसेवा आयोगका
परीक्षार्थीहरूको निम्तिसमेत
विशेष उपयोगी)

मूल्य : रु.४५/-

अन्तर्क्रिया प्रकाशन प्रा.लि.



२०५९ सालको बडादशैंले सबैलाई शक्ति र क्रियाशीलता प्रदान गरोस् ।
दुर्गा भवानीले सबै नेपालीको रक्षा गरुन् ।
साथै लक्ष्मीले सबैको घरमा वास गरुन् ।
सबै नेपालीमा संविधान दिवसको शुभ-कामना ।

कृषि विकास बैंक
परिवार
फोन : २५२३५९ २५२३६० २५५७०५
फ्याक्स : ९७७-१-२६२९२९ २६२६१६
E-mail: agrbnk@infoclub.com.np
URL: www.adbn.gov.np



विश्व सम्पदा सूचीमा परेका ऐतिहासिक
धरोहरहरूको संरक्षण, संवर्द्धन र विकास गरौं

मेरो गौरव, मेरो पौरख,
मेरो काठमाण्डौ

काठमाडौं महानगरपालिका
नेपाल
NEPAL
KATHMANDU METROPOLITAN CITY 1919 A.D.

काठमाण्डौ महानगरपालिका

## मूल्यांकनको मूल्य

वैचारिक अन्तर्क्रियामूखी मासिक मूल्यांकनले आफ्नो प्रकाशनको सयौं अंक निकाल्ने जमर्को गरेदेखि नै मूल्यमा पनि वृद्धि ल्याउने अपेक्षा लिएको रहेछ । यसले हामी पाठकलाई दुःख पुऱ्यायो । कुरा के भने, विशेषाङ्कको रूपमा मूल्यांकन १०० औं अंक स्वभावतः २५/- भयो । यसमा वेखुसी हुने कुरा छैन । तर लगत्तै महिनादिन वितेपछि अर्को प्रकाशित अंक १०१ पनि रू. २५ नै कायम भइआयो । यसो किन भयो ? रू. २० मा यस मूल्यांकन परिवार टिक्नसक्ने सामर्थ्य थिएन भने पहिल्यैदेखि २५ नै मूल्य राखेको भए पनि भैहाल्थ्यो । पाठकलाई अर्थगत भार थोपरेर किन भुक्याउने ? उसै पनि नेपालमा पत्र-पत्रिकाहरूको मूल्य विदेशीका तुलनामा स्तरगत रूपमा माथि नउठे पनि मूल्य भने चर्को रहेको हुन्छ । त्यसमा पनि 'मूल्यांकन' त नीति, लगानी र प्रयासको एउटा ज्वलन्त नमूना हो । तापनि यसरी पटके रूपमा पुस्तकाकारको पत्रिकाको मूल्य बढ्नु दुःखद् कुरो हो । गुदीपूर्ण विचारहरू र राजनैतिक चिन्तन पस्किने मूल्यांकनको मूल्य कति ? अब यसका पाठकहरूको भीडमा यो प्रश्न उभिन्छ । बरू केही पानाहरू थप गरी अर्थोआर्जन गर्न विज्ञापनहरू राखिएर भए पनि मूल्यांकनलाई पहिलेकै मूल्यमा बजारमा उपलब्ध गराउन सके यसका पाठकहरू खुसी हुन्थे कि ?

**- केशव क्षितिज,**

***क्षितिज स्टेशनरी, रौतहट ।***

## उल्लेख्य १०० औं अंक

मूल्यांकनको १०० औं अंक पढ्न पाउँदा हर्षित भएँ । केही विशिष्ट पाठक महानुभावहरूले सय अंकको बारेमा गर्नुभएको मूल्यांकनको मूल्यांकन पनि ध्यानपूर्वक हेरें । साँच्चै नै यो जुन उद्देश्यको लागि समर्पित भएको हो त्यसबाट विचलित भएजस्तो लाग्दैन । प्रगतिशील यात्रामा 'मूल्यांकन मासिक बौद्धिक मन्थनको थलो' पनि हो । यसले 'आन्दोलनका सकारात्मक पक्षलाई चिन्हित गर्दै प्रोत्साहित गर्न खोज्नु यसको विशिष्टता' रहेको छ । यसले '...... थुप्रै पत्र-पत्रिकाहरूको भीडमा आफ्नो विशिष्ट पहिचानसहित प्रकाशनको १०० औं अंक पूरा गर्नुलाई ठूलो सफलता मान्नुपर्दछ । .....।' महानुभावहरू मूल्यांकनले 'नेपाली समाजका साथै अन्तर्राष्ट्रिय जनताका विभिन्न पक्षहरूबारे मार्क्सवादी वैज्ञानिक दृष्टिकोण अनुसारका समीक्षा, मूल्यांकन, विश्लेषणहरू प्रस्तुत गर्ने' सत्प्रयासको 'सराहना' गर्नुहुन्छ । लेखहरूको सन्दर्भमा 'कुनै लेख वस्तुगतभन्दा मनोगत हुनेगर्छ' भन्ने भनाइप्रति चाहिं म सहमत छैन । परन्तु श्यामजीकै लेखाइमा पाइने विदेशी शब्दहरूको प्रयोगलाई भने चुपचाप सहन सकिन्न । त्यतिमात्र हैन, अन्तर्क्रिया कार्यक्रममा कतिपय विज्ञहरूले सम्बन्धित विषयमा सर्वसाधारणलाई बढीभन्दा बढी कुराहरूको जानकारी दिनुभन्दा अंग्रेजीमा विद्वताको प्रदर्शन गर्नु नै आफ्नो सौभाग्य ठान्नु भएजस्तो लाग्छ । मूल्यांकनलाई 'सबैको निम्ति' बनाउन यस्तै कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ ।

विश्वकम्युनिष्ट आन्दोलन लगायत प्रकाशित सामग्रीको पुस्तक प्रकाशन भए राम्रो हुने थियो । तर एउटा विचार र दृष्टिकोण प्रधान पत्रिकाको नाताले मूल्यांकनले खेलकूद र साहित्य स्तम्भ हटाउने धृष्टता चाहिं गर्ने छैन भन्ने कुरामा म विश्वस्त छु ।

"स्तरीय र विशिष्ट पत्रिकाका रूपमा इतिहास निर्माण गरेको" पत्रिका "मूल्यांकन" असहमत पक्षका लागि पनि सन्दर्भ सामग्री बन्न पुगेको छ ।

**- खडानन्द झापाली**

***ले.न.पा.- १३, तल्लो गगनगौंडा, कास्की ।***

## भ्रष्टहरूको पर्दाफास

मूल्यांकन मासिकका सबैजसो अंकहरू अध्ययन गर्दै जाँदा २०५९ भदौको पूर्णाङ्क १०० औं विशेष अंक थप रंगीन ४ पृष्ठमा विशेष थप सामाग्रीहरू पढ्न पाउँदा खुशी लाग्यो ।

त्यस अंकको आवरण कथामा देशमा बसेर देशका गरीब नेपाली जनताहरूकै सम्पत्ति सजिलै खाएर मोटाइरहेका भ्रष्टहरूको पर्दाफास भएको छ । त्यहाँ उनीहरू नाङ्गिएका छन्, बेइज्जतिमा परेका छन्- यतिखेर भ्रष्टाचार गर्ने नेताहरू । बल्लपरे माकुरी जालैमा । १२ वर्षमा बल्ल यस्ताविरूद्ध अख्तियारले सकारात्मक काम गरेको छ ।

१०० औं अंकसँगै राजनीतिक नेता र बुद्धिजीविहरूले गरेका मूल्यांकनको मूल्यांकन राम्रा छन् । साथसाथै कृष्ण सेन 'इच्छुक' को बन्दी छोराको पत्र कविताले आशु झाऱ्यो । जेलमा बसेका सपुत छोराले नेपाल आमालाई लेखेको पत्र उत्कृष्ट र मन भिज्ने खालको छ । मूल्यांकनको त्यस विशेष अंकले सबै पाठकहरूलाई मन रमाइदिएको छ ।

**- गान्धी गौतम 'कंगाल',**

***चन्द्रनिगाहपुर- १, रौतहट ।***

## साहित्यिक विषय

'मूल्यांकन' मासिकले सगौरव १०० औं अंक पार गरिसकेको छ । यो हाम्रो लागि र सम्पूर्ण प्रगतिशील देशभक्त र जनवादीहरूका लागि खुशीको कुरा हो । यसले धेरै बौद्धिक खुराकहरू पस्कन सफल भएको मैले महशूस गरेको छु । यो पत्रिका कुनै पनि पार्टीप्रति झुकाव नराखेर निष्पक्ष र स्वतन्त्र विचार सम्प्रेषण गर्नु र विश्वमा नै कम्युनिष्ट घटकहरूबीच रहेको अन्तरविरोधको दूरी कम गरी विश्व समाजवादतर्फ केन्द्रित गर्न सुझाव दिन खोज्नुलाई मैले यसको गहनताको रूपमा मानेका छु । हामी सम्पूर्ण पाठक भविष्यमा पनि यसै कुरालाई विशेष जोड दिइयोस् भन्ने चाहन्छौं । लाग्छ, अहिले विश्वले नै एउटा यस्तो शक्ति खोजिरहेछ, जसले कम्युनिष्ट घटकहरूबीचको दूरी कम गरी सबैलाई एकताको सूत्रमा बाँधेर अघि बढाओस् । यति हुँदाहुँदै पनि यस पत्रिकामा साहित्यिक खुराक अझै कम भएजस्तो लाग्छ । एउटा कविता प्रकाशित गरेर मात्र साहित्यिक सामाग्री पूर्ण हुँदैन । यसमा विश्व जनसाहित्यकारहरूका जीवनी, कृतिचर्चा, कथा, उपन्यासजस्ता विधा पनि कुनै न कुनै प्रकारले प्रकाशित गर्नसके उत्तम हुने थियो । अहिले ती विधाहरूको अभाव खड्किए छ ।

**- बन्धु विक्रम 'विजात',**

***दोलखा ।***




**स्व. मानकुमारी श्रेष्ठ**
जन्मस्थान : ओखलढुंगा
जन्म : वि.सं. १९७४ मंसीर २ गते
मृत्यु वि.सं. २०५९ असोज २५ गते
सन्तानहरू : तीन छोरा, एक छोरी

# समवेदना

इसासका संस्थापक अध्यक्ष तथा वरिष्ठ गायक- संगीतकार रायन श्रेष्ठकी आमा मानकुमारी श्रेष्ठको दुःखद् निधन भएकोमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दै समस्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**इन्द्रेणी सांस्कृतिक समाज, कीर्तिपुर**


FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१


# हिमाल स्टील

## NS - Quality Award - 2001
## द्वारा सम्मानित




*विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप*
*हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा*
*हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि*
**ISO 9002** *प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित*
**Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)**
*फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि*

## NS - Quality Award - 2001

*प्राप्त गर्न सफल भएका छौं ।*



**हिमाल आयरन एण्ड स्टील (प्रा) लि.**
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४